# प्रदेश सभा दर्पण

अंक ४, २०८०, माघ




लुम्बिनी प्रदेश सभा सचिवालय

राप्ती उपत्यका (देउखुरी), नेपाल


प्रदेश मामिला तथा कानून समितिको बैठक ।


कृषि, वन तथा वातावरण समितिको बैठक ।


भौतिक पूर्वाधार विकास समितिको बैठक ।


सार्वजनिक लेखा समितिको बैठकमा उपस्थित मा. सभामुख श्री तुलाराम घर्ती मगर, मा. उपसभामुख श्री मेनुका खाँड केसी. लगायत ।

# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।।

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।।

*यस प्रदेश सभा दर्पणमा प्रकाशित लेख रचनाहरुमा अभिव्यक्त भएका विचारहरू सम्बन्धित लेखकको निजी विचार भएकोले त्यस्तो लेख रचनामा प्रस्तुत् भएका विषयप्रतिका विचारहरु प्रदेश सभा तथा प्रदेश सभा सचिवालयसँग नभई लेखक स्वयंसँग सम्बन्धित छन् ।*


| | |
|---|---|
| प्रकाशक | : लुम्बिनी प्रदेश सभा सचिवालय, राप्ती उपत्यका (देउखुरी), नेपाल |
| टेलिफोन नं. | : फोन : ०८२-५९०४२७,२८,२९,३० |
| Website | : www.assembly.lumbini.gov.np |
| Email | : assembly.state5@gmail.com,info.pradeshsabha@p5.gov.np, |
| प्रकाशन प्रति | : १३०० प्रति |
| प्रकाशन मिति | : २०८०, माघ |


| | |
|---|---|
| सर्वाधिकार | : प्रदेश सभा सचिवालयमा सुरक्षित |


| | |
|---|---|
| ले-आउट/डिजाईन | : विवश बोहरा -कम्प्यूटर अपरेटर |

मा. तुलाराम घर्ती मगर
सभामुख

लुम्बिनी प्रदेश सभा
राप्ती उपत्यका (देउखुरी) नेपाल

Hon. Tularam Gharti Magar
Speaker
9857811222
www.assembly.lumbini.gov.np

# शुभकामना

संघीय शासन प्रणालीमा प्रदेश संरचना नयाँ र नौलो संरचना हो । त्यसकारण प्रदेश संघीयताको मुल मर्मसँग औपचारिकता मात्र होईन वास्तविक संघीयताकै मुलभूत तत्व हो । केन्द्रिकृत शासन व्यवस्थालाई विकेन्द्रीकरण गरी शासन व्यवस्थालाई जनमुखी बनाउने उद्देश्य अनुरुप स्थापित प्रदेश संरचना अन्तर्गतको प्रदेश सभा, प्रदेश कानुन निर्माण गर्ने एक महत्वपूर्ण स्वायत्त संस्था हो । प्रचलित संसदीय अभ्यास र अनुभव अनुरूप नै प्रदेश सभाले पनि प्रदेश स्तरमा प्रदेश सरकार निर्माण गर्ने, प्रदेश कानुनहरु निर्माण गर्ने, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गर्ने, सरकार तथा सरकारी निकायहरूको संसदीय निगरानी तथा नियमन गर्ने जस्ता संवैधानिक दायित्व पुरा गर्ने कार्यहरू गर्दछ ।

२०७४ सालमा स्थापित प्रदेश सभाको पहिलो बैठक माघ २१ मा बसेको थियो । प्रदेश सभा स्थापना भएको ६ वर्ष पुरा भएको छ । प्रदेश सभाले आफ्नो जिम्मेवारी पुरा गर्नमा धेरै चुनौतीहरूको सामना गर्दै आएको छ । विभिन्न चुनौतिका बाबजुद प्रदेशले राप्ती उपत्यका (देउखुरी), मा स्थायी राजधानी निमार्ण गर्‍यो । त्यस्ता चुनौतीका बिचमा पनि प्रदेश सभाले जिम्मेवारी बहन गर्ने क्रममा आफ्नो कार्य सम्पादन चुस्तदुरूस्त गर्ने प्रयास गरिरहेको यहाँहरूलाई विदितैछ ।

संघीयता कार्यान्वनमा प्रदेश सभालाई स्थापित गर्नु महत्वपूर्ण अवसर र चुनौती दुवै हो । चुनौती र अवसरका बीच प्रदेश सभामा भए गरेका कार्यहरूको व्यवस्थित अभिलेख राख्ने उद्देश्यले सचिवालयबाट नियमित रूपमा प्रदेश सभा दर्पण प्रकाशन भईरहेको छ । प्रदेश स्थापना दिवसको अवसरमा प्रकाशन गर्न लागिएको प्रदेश सभा दर्पणको चौंथो संस्करण प्रकाशनको लागि म सफलताको शुभकामना दिन चाहन्छु । प्रकाशनले प्रदेश सभा र सचिवालयमा भए गरेका कार्यहरूको जानकारी लिन, अभिलेखिकरण गर्न माननीय सदस्यज्यूहरू तथा कर्मचारीहरूको अनुभव, अनुभूति र प्रतिभा प्रस्फूटन गर्न महत्वपूर्ण माध्यम बन्नेमा म विश्वस्त छु । साथै यसमा समावेश भएको प्राज्ञिक लेख, रचना सहितको प्रदेश सभाको गतिविधि समेटिएको पुस्तक प्रदेश सभा दर्पणले प्रदेश सभा सम्बन्धी जानकारी राख्न, अध्ययन, अनुसन्धान गर्न तथा सर्वसाधारणको लागि पनि "प्रदेश सभा दर्पण" उपयोगी बन्नेछ । जसरी लुम्बिनी प्रदेश सामाजिक, सांस्कृतिक र भौगोलिक रूपले पनि विविधतायुक्त छ । त्यसै गरी यो पुस्तकमा पनि विविधता समेटिनेछ । पुस्तक प्रकाशनमा अहोरात्र खट्नुहुने कर्मचारीहरू तथा लेख, रचना उपलब्ध गराउनुहुने माननीय सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू सबैलाई धन्यवाद सहित प्रदेश स्थापना दिवसको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

तुलाराम घर्ती मगर
सभामुख

मा. मेनुका खाँण के.सी.
उपसभामुख

Hon. Menuka Khand K.C.
Deputy Speaker

9857811333
menukakhand75@gmail.com
www.assembly.lumbini.gov.np

लुम्बिनी प्रदेश सभा
राप्ती उपत्यका (देउखुरी) नेपाल

# शुभकामना

नेपालको संविधानको धारा ५६ ले राज्यको संरचना सम्बन्धी व्यवस्था गरी तीन तह अन्तर्गत दोस्रो तहको रूपमा रहेको प्रदेश सभाले संविधानका विभिन्न धारा र अनुसूचीमा उल्लेख भएबमोजिम कानून निर्माण गर्न सक्ने व्यवस्थापकीय अधिकार प्रदेश सभाको महत्वपूर्ण अधिकार हो ।

नेपालको संविधानले प्रत्याभूत गरेको सङ्घीयतालाई कार्यान्वयन गर्ने क्रममा आज हामीले छैठौं वर्ष पार गरिसकेका छौं । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणापश्चात् स्थापित भएका सात प्रदेशमध्ये विश्वशान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको नामबाट लुम्बिनी प्रदेश नामकरण भएको लुम्बिनी प्रदेश आफैमा एक धार्मिक, सांस्कृतिक, प्राकृतिक, भौगोलिक तथा ऐतिहासिक महत्व बोकेको तपोभूमि एवं देवभूमि प्रदेश हो ।

लुम्बिनी प्रदेश सभाले आफ्नो पहिलो पाँच वर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरी दोस्रो कार्यकाल सञ्चालन भइरहेको अवस्थामा लुम्बिनी प्रदेश सभाले आफ्नो स्थापना कालको छैठौं वर्ष पूरा गरी सातौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा सम्पूर्ण प्रदेशवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु ।

लुम्बिनी प्रदेश सभामा सम्पन्न भएका गतिविधिहरूलाई सङ्ग्रह गरी प्रकाशित गर्दै जाने कार्यलाई निरन्तरतास्वरूप सचिवालयले प्रदेशसभा दर्पणको चौथो अङ्क प्रकाशित गर्न लागेकोमा अत्यन्तै हर्षित छु । जनप्रतिनिधिहरूले प्रदेश सभामा बसेर के कति काम गरेका छन् भनेर थाहा पाउनु जनताको नैसर्गिक अधिकार हो भन्ने विषयलाई मध्यनजर गर्दै प्रदेश सभामा गरिएका कार्यहरूलाई समेटेर पुस्तकको रूपमा सार्वजनिक गरिएको विषय स्वागतयोग्य छ ।

वर्तमान सन्दर्भमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामाथि देखिएका चरम असन्तुष्टि तथा चुनौतीहरूको सामना गर्न सङ्घीयताको मर्मलाई सार्थक र औचित्यपूर्ण पुष्टि गर्न प्रदेश सभाका कार्यहरू एवं गतिविधिलाई के कसरी थप व्यवस्थित, प्रभावकारी एवं पारदर्शी बनाउँदै जनभावनाअनुसार कार्य गर्न सकिन्छ भन्ने कार्यमा यो प्रदेश सभा दर्पणले खोजमूलक अनुसन्धान गर्नेछ । प्रदेशसभाले विगतमा गरेका कार्यहरू, वर्तमानमा गरेका कार्यहरु तथा भविष्यमा गर्नुपर्ने जनमुखी कार्यहरूको लागि यस प्रदेशसभा दर्पणले मार्ग निर्देशनको रूपमा कार्य गर्ने अपेक्षा गरेकी छु ।

अन्तमा, लुम्बिनी प्रदेश सभा सचिवालयले प्रकाशन गर्न लागेको लुम्बिनी प्रदेश सभा दर्पणले लुम्बिनी प्रदेश सभाका हालसम्मका सम्पूर्ण गतिविधिहरू तथा प्रदेश सभाका पदाधिकारीहरू, प्रदेश माननीयज्यूहरू तथा सचिवालयका कर्मचारीहरूको लेख, रचना तथा अनुसन्धानमूलक कार्यहरूलाई समेटेर प्रकाशन हुने यो लुम्बिनी प्रदेश सभा दर्पण सम्बन्धित सरोकारवालाहरूका लागि ज्ञान तथा धारणा विकास गर्न, अध्ययन, अध्यापन र अनुसन्धान गर्न एउटा महत्वपूर्ण र उपयोगी दस्तावेजको रूपमा हुनेछ भन्ने विश्वासकासाथ प्रदेश सभा दर्पण प्रकाशनका लागि खटिनु हुने सम्पूर्ण सचिवालय परिवारलाई हार्दिक धन्यवादका साथ शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

मेनुका खाँड के.सी.
उपसभामुख

# प्रकाशकीय



नेपालको संविधान घोषणा पश्चात लागु भएको संघीयता कार्यान्वयनको क्रममा २०७४ सालमा पहिलो प्रदेश सभाको निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचन पछि पहिलो लुम्बिनी प्रदेश सभाको पहिलो बैठक बसेको मिति २०७४ साल माघ २१ गते बसेको आधारमा लुम्बिनी प्रदेश सभा सचिवालयले 'प्रदेश सभा स्थापना दिवस' मनाउँदै आएको थियो । यो वर्ष भने लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषद्) ले मिति २०७९।१२।१७ मा माघ २१ गतेलाई प्रदेश स्थापना दिवसको रूपमा मनाउने निर्णय गरेको छ । अघिल्ला वर्षहरूमा प्रदेश सभा स्थापना दिवसको अवसरमा प्रदेश सभा र सचिवालयका गतिविधिहरू समेटिएको प्रदेश सभा दर्पणको तेस्रो अंकसम्म प्रकाशन र विमोचन गर्ने गरिएकोमा यस वर्ष भने लुम्बिनी प्रदेश सरकारको सहकार्यमा आयोजना हुने प्रदेश स्थापना दिवसको मूल समारोहमा प्रदेश सभा दर्पणको चौथो अंक विमोचन गर्ने योजना रहेको छ । गत वर्षको प्रदेश सभा सदस्यको निर्वाचन कार्यक्रम चलिरहँदादेखि नै प्रदेश सभा परिसरलाई मुकामः बुटवलबाट लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी)मा स्थानान्तरण गर्ने र दोस्रो लुम्बिनी प्रदेश सभाको भौतिक पूर्वाधार लगायतका सम्पूर्ण तयारी गर्ने पक्रियामा व्यस्त रहनु परेकोले प्रकाशित गर्न छुटेको यो चौथो अंक गत वर्ष नै समेटिनुपर्ने विषयवस्तु सहित प्रकाशन तथा विमोचन हुन गइरहेको अवसरमा हर्षित छौं ।

प्रदेश सभा दर्पणको यस अंकमा तेस्रो अंकले समेट्न बाँकी रहेको पहिलो लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशन र दोस्रो लुम्बिनी प्रदेश सभाको पहिलो र दोस्रो अधिवेशनहरूका क्रममा प्रदेश सभा, विषयगत समिति र सचिवालयमा भए गरेका गतिविधिहरूलाई अभिलेख र जानकारीका लागि प्रकाशित गरिएको छ । यस अंकमा प्रदेश सभा परिसरलाई स्थायी राजधानीमा स्थानान्तरण गर्दाका गतिविधिहरूलाई पनि अभिलेखका लागि समेटिएको छ । यसका साथै दोस्रो खण्डमा प्रदेश सभाका पदाधिकारी तथा सदस्यज्यूहरू र सचिवालयका कर्मचारी साथीहरूको बौद्धिक तथा अनुभवजन्य लेखहरूलाई पनि समावेश गरिएको छ । यस अंकले प्रदेश सभा, विषयगत समिति र प्रदेश सभा सचिवालयका गतिविधिहरूको जानकारी उपलब्ध गराउनुका साथै संघीयता कार्यान्वयन र संसदीय अभ्यासका महत्वपूर्ण विषयवस्तुहरूमा बौद्धिक बहसको सिर्जना गर्नेछ भन्ने आशा लिएका छौं ।

यस प्रदेश सभा दर्पणको चौथो अंक प्रकाशित गर्ने सम्बन्धमा महत्वपूर्ण निर्देशन प्रदान गर्नुहुने माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यूप्रति आभारी छौं । यसका साथै यस अंक प्रकाशनको लागि गठित सम्पादन समितिका सदस्यहरूलाई धन्यवाद छ । उक्त समितिमा सदस्य भई नेपाली भाषा हेर्ने महाविद्यालयको शिक्षक प्रतिनिधिको रूपमा आमन्त्रित श्री ऐरावती आदर्श बहुमुखी क्याम्पस, लालमटिया, दाङका क्याम्पस प्रमुख श्री विक्रान्त ज्ञवालीलाई विशेष धन्यवाद व्यक्त गर्दछौं । यस दर्पणको डिजाइन तथा सेटिङ् गर्ने कम्प्युटर अपरेटर श्री विवश बोहरालाई पनि धन्यवाद छ ।

अन्तमा, जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभाको स्थापना गर्ने दीर्घकालीन सोंच राख्दै प्रदेश सभालाई जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित बनाई कानून निर्माण तथा संसदीय निगरानी प्रक्रियालाई प्रभावकारी बनाउने लुम्बिनी प्रदेश सभाको उद्देश्यलाई सफल पार्न अपिल गर्दछौं । लुम्बिनी प्रदेश स्थापना दिवसको शुभ उपलक्ष्यमा प्रदेश सभा दर्पणको चौथो अंक मार्फत् सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**दुर्लभ कुमार पुन मगर**
**प्रदेश सभा सचिव**

# विषय सूची


| क्र.सं. | शिर्षक | पृष्ठ |
|---|---|---|
| | **प्रदेश सभा र सचिवालयका गतिविधिहरु** | |
| १. | पहिलो प्रदेश सभाको दशौँ अधिवेशनका गतिविधिहरू | १ |
| २. | दोस्रो प्रदेश सभाको पहिलो अधिवेशनका गतिवविधिहरू | २९ |
| ३. | दोस्रो प्रदेश सभाको दोस्रो अधिवेशनका गतिवविधिहरू | ५२ |
| ४. | विषयगत समितिका गतिविधिहरू | ८१ |
| ५. | प्रदेश सभा सचिवालयका गतिविधिहरू | ९० |
| | **लेख रचनाहरु** | |
| ६. | सङ्घीय शासन प्रणालीमा प्रदेश र स्थानीय तहसँग प्रदेश सभा कार्यक्रम *-मा. तुलाराम घर्ती मगर* | १०५ |
| ७ | सङ्घीयतालाई समृद्धिको साधन बनाऔं *-मा. लिला गिरी* | ११० |
| ८. | नेपालको सन्दर्भमा सङ्घीयता, समानुपातिक र समावेशिता *-मा. जन्मजय तिमिल्सिना* | ११३ |
| ९. | सङ्घीयता कार्यान्वयनमा चुनौती र सम्भावना *-मा. भोज प्रसाद श्रेष्ठ* | ११६ |
| १०. | लुम्बिनी प्रदेश सभा र मेरो अनुभव *-मा. निमा गिरी* | १२० |
| ११. | शिक्षा विकासमा प्रदेशको भूमिका *-मा. खड्ग बस्नेत* | १२३ |
| १२. | दलित सवालमा लुम्बिनी प्रदेश सरकार र प्रदेश सभा सदस्यको भूमिका*-मा. यम बहादुर नेपाली सार्की* | १२७ |
| १३. | संसदीय बजेट परामर्श केन्द्रः अवधारणा र आवश्यकता *-दुर्लभ कुमार पुन मगर* | १३२ |
| १४. | स्थानीय तहको कानून निर्माणका आधार र विचार गर्नुपर्ने विषयहरू *-इश्वरी प्रसाद आचार्य* | १४० |
| १५. | प्रदेश सभामा स्वास्थ्य सेवाको आवश्यकता, अभ्यास र अनुभव *-डिलाराम भुसाल* | १४७ |
| १६. | संसदीय पत्रकारिता र प्रदेश सभामा पहुँच *-रूद्रलाल कुँवर* | १४९ |
| १७. | सचिवालयको रेडियो तथा टेलिभिजन कार्यक्रम *-विजय पोखरेल* | १५४ |
| १८. | संसदमा कृत्रिम बौद्धिकता (AI) को प्रयोग *- विजय कुमार के. सी.* | १५६ |
| १९. | प्रदेश सभा सचिवालयमा विद्युतीय शासनको प्रयोग र अभ्यास *-विवश बोहरा* | १५८ |

# प्रदेश सभाका गतिविधिहरू

## (क) पहिलो प्रदेश सभाको दशौं अधिवेशनका गतिविधिहरुः

**२०७९ साल वैशाख २० गते मंगलबार**ः

प्रदेश सभाको दशौं अधिवेशनको प्रथम बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १ः१२ बजे प्रारम्भ भयो।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले आज इस्लाम धर्मावलम्वीहरूको महान पर्व, ईद उल फित्रको अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्वी समुदायमा हार्दिक शुभ-कामना व्यक्त गर्दै बैठकको कार्यसूचीलाई अगाडि बढाउनु भयो ।

माननीय सभामुखज्यूको अनुमति तत्पश्चात माननीय भूमिश्वर ढकालले लामो समयपछि सदन सञ्चालनका सन्दर्भमा बैठकमा उपस्थित भएको र नेकपा एमालेले लामो समयदेखि राखिरहेको माग तथा आवाजलाई सुन्ने, संवाद गर्ने र छलफलको माध्यमबाट समस्या समाधान गर्नुपर्ने विचार व्यक्त गर्दै नेकपा एमालेको तर्फबाट निर्वाचित भई आफ्नो पार्टीको विधान विपरित कार्य गरी पार्टीले कारवाही गरेका दुई जना माननीयहरूलाई प्रदेश सभाभित्र राखेर सभा सञ्चालन गर्ने कार्यप्रति आफ्नो दलको निरन्तर विरोध रहेको र संवैधानिक इतिहासमा एउटा पार्टीबाट निर्वाचित हुने र बीचमा दल बदल्ने नीतिले भविष्यमा सबै दल आक्रान्त बन्न सक्ने हुँदा दलहरूलाई स्थापित गर्न तथा दलहरूलाई बलियो बनाउनका लागि लामो समय देखि ती दुई जना माननीयहरूलाई कारवाहीको माग राख्दा समेत कारवाही नगरिएको व्यहोरा जनाई आजको सभा सञ्चालनलाई आफूहरूले अवरोध गर्ने विचार व्यक्त गर्नु भयो ।

प्रतिपक्ष दलको अवरोध नरोकिएपछि माननीय सभामुखज्यूले अर्को बैठक आजै दिनको ठिक २ः०० बजे बस्ने गरी  बैठक स्थगित गर्नु भयो ।

माननीय सभामुखज्यूले स्थगित बैठकलाई दिनको २ः१२ बजे पुनः निरन्तरता दिनु भयो ।

तत्पश्चात माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको अधिवेशन आह्वान सम्बन्धी प्राप्त हुन आएको पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

तदुपरान्त नवौं अधिवेशनबाट पारित भई प्रदेश प्रमुखको कार्यालयबाट प्रमाणीकरण भएका विधेयक सम्बन्धी प्राप्त २ (दुई) वटा पत्रहरूको व्यहोरा क्रमशः पढेर सुनाउनु भयो ।

त्यसपछि बर्दिया जिल्ला निर्वाचन क्षेत्र नं. २(२) बाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट प्रदेश सभा सदस्य पदमा निर्वाचित माननीय सदस्य श्री दिपेश थारूले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १३ को खण्ड (ग) को कारण दर्साइ मिति २०७८ बैशाख ९ गते शुक्रबार देखि लागू हुने गरी प्रदेश सभा सदस्य पदबाट लिखित राजीनामा पेश गर्नु भएकोले नेपालको संविधानको धारा १८० को खण्ड (क) एवं प्रदेश सभा नियमावली, २०७४ को नियम १८५ को उपनियम (१) बमोजिम माननीय सदस्यहरूको प्रदेश सभा सदस्य पद रिक्त भएको व्यहोरा सभालाई जानकारी गराउन भयो ।

तत्पश्चात प्रदेश सभा नियमावली, २०७४ को नियम ६ को उपनियम (५) बमोजिम सभाको बैठकमा दलको तर्फबाट बोल्न देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु भयो ।

**माननीय सदस्य श्री तारा जि.सी.ः-**

राष्ट्रिय जनमोर्चाको तर्फबाट र आफ्नो तर्फबाट दशौं अधिवेशनको सफलताको शुभ-कामनाका साथै मुस्लिम समुदायको महानपर्व इदको पनि हार्दिक शुभ-कामना व्यक्त गर्नु भयो । देश संघियताकै कारण आर्थिकरूपमा संकटको अवस्थामा पुगेको, प्रदेश सेतो हात्ती सावित भइसकेको, महंगी बढेको, योजनाहरू बेवारिसे भएको, भ्रष्टाचारले सिमा नाघेको र संसदीय समितिहरू सुस्ताएको विचार राख्दै वर्तमान सरकार गठवन्धनको मर्म अनुरूप चल्नुपर्ने विचार व्यक्त गर्नु भयो ।



**माननीय सदस्य श्री निर्मला मुडभरी भट्टराईः-**

दशौं अधिवेशनको सफलताका साथै इदको शुभ-कामना व्यक्त गर्दै पाँच दलिय गठवन्धनले महिलाको समानुपातिक प्रतिनिधित्वमा जोड दिनुपर्ने विचार व्यक्त गर्नु भयो ।

**माननीय सदस्य श्री निर्मला क्षेत्रीः-**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको सफलताको साथै मुस्लिम समुदायको चाड इदको शुभकामना व्यक्त गर्नु भयो । प्रदेशको विकासमा सत्तापक्ष मात्र नभै प्रतिपक्षको पनि उत्तिकै भूमिका रहने हुँदा प्रदेशको समृद्धिको लागि सबै दल मिलेर अगाडि बढ्नु पर्ने र जनताको आशा र भरोसा पुरा गर्न वर्तमान सरकारले केन्द्र सरकारको समन्वयमा उत्कृष्ठ बजेट ल्याउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

**माननीय सदस्य श्री तुलाराम घर्ती मगरः-**

नेपाल कम्यूनिष्ठ पार्टी माओबादी केन्द्र, संसदीय दल लुम्बिनी प्रदेशको तर्फबाट दशौं अधिवेशनको पूर्ण सफलताका साथै मुस्लिम समुदायको राष्ट्रिय पर्व इद उल फित्रको अवसरमा सबैमा शुभकामना व्यक्त गर्नु भयो । प्रमुख प्रतिपक्षले ६ महिनासम्म सदन अवरूद्ध गर्ने, बैठक चल्न नदिएर सदनलाई बन्धक बनाउने

र अदालतमा विचाराधीन मुद्दामा सदनमा छलफल गर्न आवस्यक नरहेको विचार व्यक्त गर्दै यो बजेट अधिवेशनमा गठबन्धन सरकारले सबै दलको मर्म र भावना बुझेर बजेट निर्माण गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम ६ को उपनियम (५) बमोजिम दलको तर्फबाट माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको व्यहोरा जानकारी गराउदै नेपालको संविधानको धारा २०२ को उपधारा २(क) र प्रदेश सभा नियमावली, २०७४ को नियम ९४ को उपनियम (१) बमोजिम "प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश" सभामा पेश गर्न माननीय शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्री श्री वसीउद्दीन खाँलाई अनुमति दिनुभई माननीय शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्री श्री वसीउद्दीन खाँले आजको विशेष दिनको सन्दर्भमा देश विदेशमा रहेका सम्पूर्ण मुस्लिम समुदायमा शुभकामना व्यक्त गर्दै उक्त अध्यादेश जारी गर्नुपर्नाको परिस्थिति र कारण सहित "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) अध्यादेश, २०७८" सभामा पेश गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम ९५ बमोजिम उपर्युक्त अध्यादेश अस्वीकारको प्रस्ताव पेश गर्न चाहने माननीय सदस्यले अध्यादेश पेश भएको २ (दुई) दिन भित्र अस्वीकृत गर्नुपर्नाको कारण सहितको सूचना सचिवलाई दिनु पर्ने व्यवस्था रहेको जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी दोस्रो बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको १० गते मंगलबार दिनको ठीक १:०० बजे बस्ने गरी दिनको २:३० बजे आजको यो बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल जेष्ठ १० गते मंगलबार**

प्रदेश सभाको दशौं अधिवेशनको दोस्रो बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १:१८ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले दलको तर्फबाट विशेष समयमा बोल्न विपक्षी दलका नेता माननीय सदस्य श्री शंकर पोखरेललाई समय दिनु भयो ।

माननीय सदस्य श्री शंकर पोखरेलले संवैधानिक व्यवस्था अनुरूप स्थानीय तहको निर्वाचनमा विजय हासिल गर्ने विजेताका साथै सभ्यता पूर्वक निर्वाचनमा सहभागी भई लोकतान्त्रिक प्रकृयाको उत्सबको रूपमा रहेको स्थानीय तहको निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने सबैमा आफ्नो पार्टीको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । लोकतान्त्रिक अभ्यास जित वा हारको विषय मात्र नभई प्रणालीको विकाससंग सम्बन्धित रहेकोले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित ढंगबाट सम्पन्न हुने वातावरण तयार गर्दै कुनै पनि अवाञ्छित कृयाकलाप हुन नदिई लोकतान्त्रिक संस्कारको रूपमा विकास गर्दै जानु पर्ने विचार व्यक्त गर्नु भयो । राष्ट्र निर्माणका लागि एउटा बलियो राष्ट्रिय राजनीतिक शक्तिको आवश्यकता रहने अन्यथा राजनीतिक अराजकताको जन्म हुने सन्दर्भ उल्लेख गर्दै दलीय प्रणालीमा दल प्रति विस्वास राख्नु पर्ने, जनादेशको सबैले सम्मान गर्नुपर्ने र सत्तापक्ष सदैव संविधान, नीति, राजनीतिक प्रणाली र दलीय व्यवस्थाप्रति जिम्मेवार हुनु पर्ने विचार व्यक्त गर्नु भयो । नीति तथा कार्यक्रमभित्र रहेर बजेट निर्माण गरिनु पर्ने, बजेट र कार्यक्रमबीच तादम्यता कायम राख्नु पर्ने, पुँजीगत खर्च बृद्धि गर्न प्रदेश सरकार दिगो र परिणाममुखी काममा लाग्नु पर्ने, नेतृत्वको परिवर्तन गर्ने विषयले काममा प्रत्यक्ष प्रभाव पार्ने, संघीयतालाई स्थापित गर्न तथा प्रदेशलाई बलियो बनाउन प्रदेश राजधानी निर्माणको कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि

बढाउनु पर्ने, मिनी संसदको क्रियाशिलताले सरकारको कार्य सम्पादनलाई प्रभावकारी बनाउन सकिने, बजेट कार्यक्रमलाई सिद्धान्तमा आधारित बनाउनु पर्ने, कर्मचारी प्रशासनलाई विश्वासमा लिएर उनीहरूको मनोबल उच्च पार्न सके कार्यसम्पादनमा चुस्तता आई सु-शासन कायम गर्न सकिने र यो अधिवेशन वर्तमान प्रदेश सभाका माननीय सदस्यहरूको अन्तिम बजेट अधिवेशन पनि भएकोले आगामी आ.व.को नीति तथा कार्यक्रम र बजेटले संघीयता कार्यान्वयनका साथै जनतामाझ गरिएका प्रतिबद्धताहरू कार्यान्वयन समीक्षाको वर्ष पनि हुने भएकोले माननीय सांसदहरूको आवाजहरूलाई बदी भन्दा बढी सुन्न सके सरकारले आफ्नो प्रभावकारिता र भूमिका स्थापित गर्न सफल हुने विचार व्यक्त गर्दै आफ्नो पार्टीले जनादेशलाई आत्मसात गर्दै अगाडि बढिरहेको सन्दर्भमा सत्तापक्षलाई समेत इतिहासले सत्य सावित गर्ने गरी अगाडि बढ्न सुझाव दिनु भयो ।

त्यसपछी माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ "प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" र "सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सभामा पेश गर्न माननीय आन्तरिक मामिला तथा सञ्चार मन्त्री श्री तिलकराम शर्माज्यूलाई अनुमति दिनुभई माननीय आन्तरिक मामिला तथा सञ्चार मन्त्री श्री तिलकराम शर्माज्यूले उक्त विधेयकहरू सभा समक्ष पेश गर्नु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी तेस्रो बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको ११ गते बुधबार दिनको १:०० बजे बस्ने गरी दिनको १:५१ बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

**२०७९ साल जेष्ठ ११ गते बुधबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको तेस्रो बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १:५१ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले शून्य समयमा बोल्न देहायका माननीय सदस्यहरूलाई समय दिनु भयो ।

**माननीय सदस्य श्री विष्णु प्रसाद पन्थीः-**

भरखरै सम्पन्न स्थानीय तहको निर्वाचनमा यस प्रदेश सहित देशै भरिबाट निर्वाचित जनप्रतिनिधिहरूलाई बधाई तथा सफलताको शुभकामना व्यक्त गर्नु भयो । चालु आ.व.का कार्यक्रमहरूको प्रगतिको अवस्था, ठेकदारहरूको भुक्तानी र कोरोना विमा भुक्तानी बाँकीको जानकारी माग गर्दै जगदिशपुर तालसँग सम्बन्धित बजेट कटौतिको विषय उठाउदै कपिलबस्तुमा भत्केका दुई वटा पुल एवम् कपिलबस्तु र अर्घाखाँची जोडने भलवाड - डोहोटे सडकको बाँकी कामलाई निरन्तरता दिन अनुरोध गर्नु भयो ।

**माननीय सदस्य श्री दीपा बि.क.:-**

भरखरै सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूलाई हार्दिक बधाई तथा शुभकामना दिंदै डिजेल, पेट्रोल, ग्यास लगायत खाद्य सामाग्रीमा भएको मूल्य बृद्धिले दैनिक जन-जीविका कठिन अवस्थामा पुगेको र उचित मूल्य पाउन नसकेका श्रमजिवी जनताले श्रमको उचित मूल्य पाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

त्यसपछि माननीय सभामुखज्यूले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउदै विशेष समयमा बोल्न देहायका माननीय सदस्यहरूलाई समय दिनु भयो ।

**माननीय सदस्य श्री तारा जि.सी.ः-**

प्रदेश सभाको प्रथम ५ वर्षे कार्यकालको यो अन्तिम बजेट अधिवेशनसम्म आइपुग्दा प्रदेश सरकारले वृहत योजना निर्माण, भ्रष्टाचार, सेटिङ र माफियातन्त्र नियन्त्रण गर्न र सन्तुलित विकास नीति एवम् महंगी नियन्त्रण गर्न गठवन्धन सरकारलाई व्यवस्थित रूपमा अगाडि बढाउनु पर्ने सुझाव दिनु भयो ।

**माननीय सदस्य श्री इन्द्र प्रसाद खरेलः-**

ढिलै भएपनि विना शर्त संसद अवरोधलाई खुला गर्दै लामो समयपछि जनताका कुराहरू सभामा राख्न पाएकोमा प्रतिपक्षलाई धन्यवाद दिनु भयो । पद्धति र निष्ठालाई सबैले आत्मसात गर्दै जनताले मागेको स्वास्थ्य, शिक्षा, सुरक्षा र पार्टीहरूको जनताप्रतिको उत्तरदायित्व निर्वाह गर्दै परिणाम आउने गरी छिटो छरितो तवरबाट काम सम्पन्न गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

**माननीय सदस्य श्री कुल प्रसाद पोखरेलः-**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो आवधिक निर्वाचनमा निर्वाचित सबैलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो । मौजुदा प्रदेश सरकारबाट वर्दिया जिल्लामा कटौति गरिएका योजनाहरू उल्लेख गर्दै प्रस्तावित योजनाहरू कार्यान्वयन र प्रगतिको जानकारी निश्चित अवधी भित्र सभालाई दिनु पर्ने माग राख्नु भयो ।

**माननीय सदस्य श्री तुलाराम घर्ती मगरः-**

स्थानीय तहको निर्वाचन २०७९ मा निर्वाचित हुने सबैमा आफ्नो दलको तर्फबाट हार्दिक बधाई सहित सफलताको शुभकामना दिंदै लामो समयदेखि अवरूद्ध सदनलाई बजेट अधिवेशनमा मैत्रीपूर्ण सहकार्यको निम्ति वातावरण बनाउने प्रमुख प्रतिपक्ष दललाई पनि हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । बजेट निर्माण मात्र नभएर यसको कार्यान्वयनमा सरकार गम्भिर हुनु पर्ने, आम जनताले भोगिरहेको महंगी नियन्त्रण, प्रतिपक्षको सकारात्मक सुझावको सम्मान र मैत्रीपूर्ण सहकार्य मार्फत गठबन्धन सरकार पनि अगाडि बढ्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै प्रदेश सभा नियमावली बमोजिम माननीय सदस्यहरूले शून्य र विशेष समयमा उठाउनु भएको विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले ७ (सात) दिन भित्र सभामुख मार्फत सभालाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको जानकारी गराउनु भयो ।

त्यसपछि प्रदेश सभा नियमावली, २०७४ को नियम ९५ को उपनियम (४) बमोजिम "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) अध्यादेश, २०७८" स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्री श्री वसीउद्दीन खाँलाई अनुमति दिनु भई माननीय सभामुखज्यले निर्णयार्थ प्रस्तुत गर्नु भई उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नु भयो ।

तदनन्तर प्रदेश सभा नियमावली, २०७४ को नियम १३ को उपनियम (१) बमोजिम बैठकलाई सुव्यवस्थित ढंगले संचालन गर्ने सम्बन्धमा कार्यव्यवस्था परामर्श समितिको सुझाव एवं दलको सिफारिस अनुसार कार्यव्यवस्था परामर्श समिति पुनर्गठन गरी निम्नलिखित माननीय सदस्यहरूलाई मनोनयन गरेको र उपर्युक्त मनोनयनलाई सहमति जनाइदिनु हुन अनुरोध गरी लुम्बिनी प्रदेश सभाको प्रस्तावित कार्यव्यवस्था परामर्श समितिको मनोनयन सभाद्वारा सहमति भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| माननीय सदस्य श्री भूमिश्वर ढकाल | माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ |
| माननीय सदस्य श्री नारायण प्रसाद आचार्य | माननीय सदस्य श्री सरस्वती गौतम |
| माननीय सदस्य श्री निर्मला क्षेत्री | माननीय सदस्य श्री रमा अर्याल |
| माननीय सदस्य श्री तुलाराम घर्ती मगर | माननीय सदस्य श्री पार्वती पुन गहतराज |
| माननीय सदस्य श्री निर्मला मुडभरी भट्टराई | माननीय सदस्य श्री तारा जि.सी. |

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी चौथो बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको १३ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी दिनको २:३० बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

**२०७९ साल जेष्ठ १३ गते शुक्रबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको चौथो बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १:५६ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम "प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफलमा माननीय सदस्य श्री कुल प्रसाद पोखरेल, माननीय सदस्य श्री भुवनेश्वर चौधरी र माननीय सदस्य श्री ईन्द्र प्रसाद खरेलले भाग लिनु भयो र माननीय सभामुखज्यूले सैद्धान्तिक छलफल समाप्त भएको जानकारी दिई विधेयकमा संशोधन पेश गर्न चाहने कुनै माननीय सदस्यले सामान्य छलफल समाप्त भएको ७२ (बहत्तर) घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्ने व्यवस्था रहेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसै गरी "सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफलमा माननीय सदस्य श्री चेतनारायण आचार्य र माननीय सदस्य श्री दीपा बि.क. सहभागी हुनु भई माननीय सभामुखज्यूले सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउदै विधेयकमा संशोधन पेश गर्न चाहने कुनै माननीय सदस्यले सामान्य छलफल समाप्त भएको ७२ (बहत्तर) घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्ने व्यवस्था रहेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम आ.व. २०७९।०८० को "विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता" माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनु भई माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले आ.व. २०७९।०८० को "विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता" वाचन गरी छलफलको प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भयो।

तदनन्तर माननीय सभामुखज्यूले आ.व. २०७९।०८० को "विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता" सम्बन्धमा गरिने छलफल प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (३) बमोजिम आगामी बैठकमा हुने र छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले मिति २०७९।०२।१४ गते बिहान ११ बजे सम्म सम्बन्धित दल मार्फत आफ्नो नाम सचिवालयमा उपलब्ध गराउनु पर्ने जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी पाँचौं बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको १४ गते शनिबार मध्यान्ह १२:०० बजे बस्ने गरी दिनको २:४८ बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

**२०७९ साल १४ गते शनिबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको पाँचौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १२:१७ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (३) बमोजिम आर्थिक वर्ष २०७९/०८० को "विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता" माथि छलफल प्रारम्भ भएको जानकारी गराउदै निर्धारित समय सिमा भित्र छलफलमा भाग लिन देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु भयो ।

| | |
|---|---|
| माननीय सदस्य श्री बैजनाथ चौधरी (थारू) | माननीय सदस्य श्री कमलराज श्रेष्ठ |
| माननीय सदस्य श्री आरती पौडेल | माननीय सदस्य श्री गीता थापा |
| माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी | माननीय सदस्य श्री निर्मला मुडभरी भट्टराई |
| माननीय सदस्य श्री भूवनेश्वर चौधरी | माननीय सदस्य श्री विष्णु प्रसाद पन्थी |
| माननीय सदस्य श्री पुष्पा थरूनी | माननीय सदस्य श्री तारा जि.सी. |
| माननीय सदस्य श्री दामा कुमारी शर्मा | माननीय सदस्य श्री इन्द्र प्रसाद खरेल |
| माननीय सदस्य श्री लिला गिरी | माननीय सदस्य श्री सुदर्शन बराल |
| माननीय सदस्य श्री अष्टभुजा पाठक | |

त्यसपछि माननीय सभामुखज्यूले आर्थिक वर्ष २०७९/०८० को "विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता" माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनु भयो र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले जवाफ दिनु भयो ।

तदुपरान्त आर्थिक वर्ष २०७९/०८० को "विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता" माथिको छलफल समाप्त भएको जानकारी गराउदै माननीय सभामुखज्यूले भोली जेष्ठ १५ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना दिवस भएकोले यस ऐतिहासिक दिनको अवसरमा हार्दिक शुभकामना दिंदै सो अबसरमा प्रदेश सरकारद्वारा आयोजित कार्यक्रममा सहभागी हुन सबै माननीय सदस्यहरूलाई जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी छैठौं बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको २३ गते सोमबार दिनको १:०० बजे बस्ने गरी दिनको ४:२० बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

**२०७९ साल जेष्ठ २५ गते बुधबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको छैठौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १:१७ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूलाई लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको गरिमामय सदनमा हार्दिक स्वागत गर्दै माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यू समक्ष लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रमको प्रति पेश गर्न माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के.सी.ज्यूलाई अनुरोध गर्नु भयो र माननीय मुख्यमन्त्री श्री कुल

प्रसाद के.सी.ज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यू समक्ष लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रमको प्रति पेश गर्नु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूले नेपालको संविधानको धारा १८४ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूलाई लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम सभामा सम्बोधनका लागि हार्दिक अनुरोध गर्नु भयो ।

तत्पश्चात माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सभालाई सम्बोधन गर्नु भयो ।

तदनन्तर माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूबाट लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रमको सम्बोधन सम्पन्न भएको जानकारी गराउदै माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूलाई हार्दिक आभार सहित सम्मानपूर्वक विदाई गर्न माननीय सदस्यहरूलाई आ–आफ्नो स्थानमा उभिन आग्रह गर्नु भयो।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी सातौं बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको २६ गते बिहिबार मध्यान्ह १२:०० बजे बस्ने गरी दिनको २:५८ बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

## २०७९ साल २६ गते बिहिबार

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको सातौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १२:२१ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले सम्वत् २०७९ साल जेष्ठ २५ गते बुधबार प्रदेश सभामा सम्बोधन गर्नु भएको लुम्बिनी प्रदेश सरकारको आ. व. २०७९।०८० को नीति तथा कार्यक्रमको एक प्रति प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (१) बमोजिम माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के.सी.ज्यूलाई सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के.सी.ज्यूले लुम्बिनी प्रदेश सभाको स्थापनाको ५ वर्षको दौरानमा यो वर्ष समिक्षाको वर्षको रूपमा रहेको विचार व्यक्त गर्नुभयो । अघिल्लो सरकारको सुखी जनताको नारा बमोजिम जनता सुखी रहन आत्मनिर्भर हुनुपर्ने र सोही कुरालाई केन्द्रमा राखेर वर्तमान सरकारले "संम्वृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश" को नारालाई ध्यानमा राखेर आगामी आ.व.को नीति तथा कार्यक्रम ल्याएको विचार व्यक्त गर्दै हालसम्म आइपुग्दा ६८ वटा ऐन र २९ वटा नियमावली निर्माण सम्पन्न भएको, राजधानीको नामाकरण, स्थायित्व र निर्माण कार्यलाई तीव्रता दिइएको, सडक, पुल, कृषि तर्फ उल्लेख्य पूर्वाधार निर्माण गरिएको, शिक्षामा अभियानात्मक सुधारका साथै स्वास्थ्यको क्षेत्रमा नमुना योग्य संरचना निर्माणसंगै सेवा प्रवाहमा महत्वपूर्ण उपलब्धी हासिल गरिएको, कोभिड–१९ जस्तो महामारी रोगको रोकथाममा सराहनीय भूमिका खेलेको, स्थानीय तहको निर्वाचन सम्पन्न भएको र निकट भविष्यमा प्रदेश र संघको निर्वाचन पनि सम्पन्न हुनेमा आफू विश्वस्त रहेको जस्ता कारणले प्रदेश सरकारको महत्व र निर्णायक भूमिका बढेको विचार व्यक्त गर्दै गर्नुभयो । सरकारको ५ वर्षे कार्यकालको समिक्षा र समोलचनाको रूपमा आˆनै मौलिकता, नविनता, साझा उद्धेश्य र महत्वपूर्ण लक्ष्यकासाथ १६८ बुँदामा समेटिएको नीति तथा कार्यक्रममा प्रदेशकै गौरवमय चार वटा योजनाहरूः प्रदेशको राजधानी निर्माणले गति लिएको, लुम्बिनी प्रादेशिक अस्पताललाई नमुना विशेषज्ञ अस्पतालमा स्तरोन्नति, पाल्पाको रामपुर–रोल्पा–कपुरकोट प्रदेश

मार्ग निर्माण र लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई अन्तरराष्ट्रिय स्तरको विद्यालयको रूपमा अगाडि बढाउने योजना रहेको उल्लेख गर्दै नौमुरे परियोजना निर्माण, अर्गानिक मल कारखानासंगै टिस्यू कल्चर उत्पादन तथा प्रदेश विकास बैंक स्थापना मार्फत कृषिलाई प्रोत्साहन जस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको विचार व्यक्त गर्नुभयो । वन क्षेत्रलाई प्रदेशकै स्थायी र सबैभन्दा ठूलो आर्थिक स्रोतको रूपमा परिचालन गर्ने, यातायात क्षेत्रतर्फ विद्युतीय बस र ट्राम रेलको अध्ययन प्रकृया र कार्यान्वयनका साथै निर्माणधीन प्रदेश राजधानीसम्म सुगमतापूर्वक आवागमनका लागि सुरूङ निर्माणको अध्ययन गर्ने तथा बुटवल र नेपालगञ्जलाई आर्थिक केन्द्र र कपिलवस्तुलाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्ने योजना सहित आगामी कार्यकालको लागि आधार प्रदान गर्ने र अन्य प्रदेशका लागि सिकाइको आधार बन्ने गरी आगामी आ.व.को नीति तथा कार्यक्रम आएको विचार व्यक्त गर्नुभई माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले सम्वत् २०७९ साल जेष्ठ २५ गते बुधबार प्रदेश सभामा सम्बोधन गर्नु भएको लुम्बिनी प्रदेश सरकारको आ. व. २०७९।०८० को नीति तथा कार्यक्रमको एक प्रति सभा समक्ष पेश गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले सम्वत् २०७९ साल जेष्ठ २५ गते बुधबार लुम्बिनी प्रदेश सभामा प्रस्तुत गर्नु भएको लुम्बिनी प्रदेश सकारको आ. व. २०७९।०८० को नीति तथा कार्यक्रम सम्बोधनको लागि प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय सदस्य श्री फखरूद्दीन खानलाई धन्यवाद ज्ञापन प्रस्ताव पेश गर्ने अनुमति दिनु भई माननीय सदस्य श्री फखरूद्दीन खानले उक्त धन्यवाद ज्ञापन प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम माननीय सदस्य श्री पार्वती पुन गहतराजलाई उक्त धन्यवाद ज्ञापन प्रस्तावको समर्थन गर्ने अनुमति दिनु भई माननीय सदस्य श्री पार्वती पुन गहतराजलाई उक्त धन्यवाद ज्ञापन प्रस्तावको समर्थन गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले सम्वत् २०७९ साल जेष्ठ २५ गते बुधबार लुम्बिनी प्रदेश सभामा प्रस्तुत गर्नु भएको लुम्बिनी प्रदेश सकारको आ. व. २०७९।०८० को नीति तथा कार्यक्रम सम्बोधनको लागि माननीय सदस्य श्री फखरूद्दीन खान प्रस्तावक र माननीय सदस्य श्री पार्वती पुन गहतराज समर्थक भई पेश गर्नु भएको धन्यवाद ज्ञापनको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरी सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ बमोजिम माननीय प्रदेश प्रमुखज्यूको सम्बोधनमा उल्लिखित लुम्बिनी प्रदेश सरकारको आ. व. २०७९।०८० को नीति तथा कार्यक्रम माथि संशोधन पेश गर्न सकिने प्रावधान अनुसार संशोधन सहितको सूचना दर्ता गराउन चाहनुहुने माननीय सदस्यले मिति २०७९ साल जेष्ठ २७ गते बिहान ११:०० बजेसम्म सचिवालयमा दर्ता गराउनु हुन र आ. व. २०७९।०८० को नीति तथा कार्यक्रम माथिको छलफल आगामी बैठकमा हुने र सो छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरूले आ–आफना दलका वक्ता माननीय सदस्यहरूको नाम मिति २०७९ साल जेष्ठ २७ गते बिहान ११:०० बजेसम्म कार्यव्यवस्था शाखामा उपलब्ध गराउपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ बमोजिम "प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" र "सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न माननीय आन्तरिक मामिला तथा सञ्चार मन्त्री श्री तिलकराम शर्मालाई अनुमति दिनुभई माननीय आन्तरिक मामिला तथा सञ्चार मन्त्री श्री तिलकराम शर्माले उक्त विधेयकलाई

दफावार छलफलका लागि प्रदेश मामिला तथा कानून समितिमा पठाइयोस् भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम "प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" र "सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफलका लागि विधेयकलाई प्रदेश मामिला तथा कानून समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नु भई उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी आठौं बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको २७ गते शुक्रबार मध्यान्ह १२:०० बजे बस्ने गरी दिनको १२:५५ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**<u>२०७९ साल जेष्ठ २७ गते शुक्रबार</u>**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको आठौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १२:१८ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम "औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" सभामा पेश गर्न माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री अजय शाहीलाई अनुमति दिनुभई माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री अजय शाहीले उक्त विधेयक सभामा पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम ३८ को उपनियम (१) बमोजिम प्रदेश सरकारको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम र सो उपर संशोधन माथिको छलफल प्रारम्भ भएको जानकारी गराउदै आजको छलफलमा देहायका माननीय सदस्यहरूलाई बोल्न समय दिनुभयो र सोही बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

माननीय सदस्य श्री बैजनाथ चौधरी
माननीय सदस्य श्री विष्णु प्रसाद पन्थी
माननीय सदस्य श्री कविराम थारू
माननीय सदस्य श्री भगवती देवी भण्डारी
माननीय सदस्य श्री सरस्वती गौतम
माननीय सदस्य श्री पार्वती पुन गहतराज
माननीय सदस्य श्री विमला शर्मा पन्थी
माननीय सदस्य श्री सुदर्शन बराल
माननीय सदस्य श्री दीपा बि.क.
माननीय सदस्य श्री पुष्पा थरूनी
माननीय सदस्य श्री थान कुमारी थापा चापागाई
माननीय सदस्य श्री भूवनेश्वर चौधरी
माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी
माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ
माननीय सदस्य श्री दामा कुमारी शर्मा

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम र सो उपर संशोधन माथिको छलफललाई आगामी बैठकमा निरन्तरता दिइने जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी नवौं बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको २८ गते शनिबार दिनको १:०० बजे बस्ने गरी दिनको ३:०० बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल जेष्ठ २८ गते शनिबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको नवौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १:११ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०७९।०८० को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथिको छलफललाई निरन्तरता दिंदै आजको छलफलमा देहायका माननीय सदस्यहरूलाई बोल्न समय दिनुभयो र सोही बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

माननीय सदस्य श्री भूमिश्वर ढकाल
माननीय सदस्य श्री आरती पौडेल
माननीय सदस्य श्री रेवतीरमण शर्मा
माननीय सदस्य श्री लौटी थारू
माननीय सदस्य श्री जाल्पा भुसाल
माननीय सदस्य श्री दीपेन्द्र कुमार पुन मगर
माननीय सदस्य श्री रमा अर्याल
माननीय सदस्य श्री कमला देवी बि.क.
माननीय सदस्य श्री इन्द्र प्रसाद खरेल
माननीय सदस्य श्री निर्मला क्षेत्री
माननीय सदस्य श्री तुलाराम घर्ती मगर
माननीय सदस्य श्री वैजनाथ कलवार
माननीय सदस्य श्री तारा जि.सी.
माननीय सदस्य श्री कुल प्रसाद पोखेल
माननीय सदस्य श्री खड्ग बहादुर खत्री
माननीय सदस्य श्री शंकर गिरी
माननीय सदस्य श्री कृष्ण प्रसाद न्यौपाने .
माननीय सदस्य श्री निर्मला मुडभरी भट्टराई
माननीय सदस्य श्री हरि प्रसाद रिजाल
माननीय सदस्य श्री अष्टभुजा पाठक
माननीय सदस्य श्री नारायण प्रसाद आचार्य

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम माथीको छलफलमा माननीय सदस्यहरूले बोल्नेक्रम सकिएको जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी दशौं बैठक सम्वत् २०७९ साल जेष्ठ महिनाको २९ गते आइतबार दिनको १:०० बजे बस्ने गरी दिनको ४:५९ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल जेष्ठ २९ गते आइतबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको दशौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ माननीय सदस्य श्री भूवनेश्वर चौधरीले बोल्न समय माग गर्नु भयो र माननीय सभामुखज्यूले समय दिनुभयो । माननीय भूवनेश्वर चौधरीले हिजो ज्येष्ठ २८ गतेका दिन बर्दिया जिल्लामा आएको विनासकारी हावाहुरी तथा आंधिवेहरीका कारण १२ बर्षीया नाबालकको मृत्यु भएको, दुई जना गंभिर रूपमा र १५/१६ जना सामान्य घाइते भएको, करिब १ हजार जनाको घरमा आंशिक वा पूर्णरूपमा क्षति पुग्नुका साथै पशु चौपाया लगायत विद्युत तारपोल समेतमा नोक्सान पुगेकोले पिडित परिवारलाई शीघ्र क्षतिपूर्तिको साथै क्षतिग्रस्त भौतिक संरचनाको निर्माणका लागि प्रदेश सभा समक्ष माग राख्नु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले माननीय सदस्य श्री भूवनेश्वर चौधरीले बोलेको विषयमा सरकारलाई ध्यानाकर्षण गराउदै प्रदेश सभा नियमावली, २०७४ को नियम २८ को उपनियम (२) बमोजिम आ. व. २०७९/०८० को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथि भएको छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के. सी. ज्यूलाई अनुमति दिनुभयो ।

तदुपरान्त माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के. सी. ज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (६) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभयो र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले उक्त विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (६) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को विभिन्न मन्त्रालय एवं सो सँग सम्बन्धित निकायका विभिन्न शीर्षकहरूमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि मिति २०७९ साल आषाढ १० गते देखि १४ गतेसम्मको अवधि निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो । मन्त्रालयगत एवम् शीर्षकगत छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले दलीय प्रतिनिधित्वको आधारमा सम्बन्धित मन्त्रालय एवं सो सँग सम्बन्धित निकायको विनियोजन शीर्षकहरू माथि छलफल हुने दिन बैठक बस्नु अगावै सचिवालयको कार्यव्यवस्था शाखामा नाम उपलब्ध गराउन र प्रदेश सभा नियमावली, २०७४ को नियम १३४ बमोजिम खर्च कटौतीको प्रस्ताव पेश गर्न चाहनु हुने माननीय सदस्यहरूले मिति २०७९ साल आषाढ ९ गते अपरान्ह ५:०० बजेसम्म प्रस्तावको सूचना कानून तथा विधेयक शाखामा दर्ता गराउन सकिने व्यहोरा समेत जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी चौधौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको १० गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी आजको बैठक दिनको ३:०९ सम्पन्न गर्नुभयो ।

**<u>२०७९ साल आषाढ १ गते बुधबार</u>**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको एघारौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भमा माननीय सभामुखज्यूले आज परेको मगर समुदायको महत्वपूर्ण चाड "भुम्या पर्व" को अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने मगर समुदायमा हार्दिक शुभ-कामना व्यक्त गर्दै बैठकको कार्यसूचीलाई अगाडि बढाउनु भयो ।

तत्पश्चात प्रमुख प्रतिपक्ष दलका प्रमुख सचेतक माननीय सदस्य श्री भूमिश्वर ढकालले बोल्न समय माग गर्नु भयो र माननीय सभामुखज्यूले समय दिनुभयो । माननीय सदस्य श्री भूमिश्वर ढकालले प्रदेश सरकारका एक जना मन्त्रीका बारेमा हिजो दिनभर सामाजिक सञ्जालमा सुनिएको घटनाको निन्दा गर्दै प्रदेश सरकारका मन्त्रीले जनताको जीउ धन र सम्पत्तीको सुरक्षा गर्नुपर्ने, पुलिस र प्रशासनले पीडित पक्षको आवाज सुन्नु पर्ने र सो घटनाप्रति सरकारको कुनै आधिकारिक धारण नआएको प्रति चिन्ता व्यक्त गर्दै प्रष्ट धारणा नआएसम्म यो सदन अगाडि बढ्न नदिने आफ्नो पार्टीको निर्णय रहेको जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूले माननीय सदस्य श्री भूमिश्वर ढकालले उठाउनु भएको विषयमा सरकारलाई ध्यानाकर्षण गराउँदै सम्मानित सदनलाई सरकारको धारणा पेश गर्न निर्देशन दिई २५ मिनेट पछि पुनः बस्ने गरी दिनको ४:१४ बजे बैठक स्थगित गर्नु भयो ।

माननीय सभामुखज्यूले दिनको ५:३१ बजे स्थगित बैठकको कारवाही पुनः सुरू भएको जानकारी गराउँदै स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्री माननीय श्री विमला कुमारी खत्रीको विषयमा उठेको प्रश्नको सम्बन्धमा सरकारको धारणा राख्न माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री तिलक राम शर्मालाई समय दिनु भयो ।

तत्पश्चात् माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री तिलक राम शर्माले प्रमुख प्रतिपक्ष दलका प्रमुख सचेतकले उठाउनु भएको तथा हिजो सामाजिक सञ्जालमा व्याप्त भएको विषयमा सरकार गम्भिर रहेको, सरकार जनताप्रति जवाफदेही रहेको र आज बसेको मन्त्री परिषद्को निर्णयले माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा कानून महिला, बालबालिका तथा परिवार कल्याण मन्त्री र मुख्य न्यायाधिवक्ता रहेको ३ सदस्यीय छानबिन समिति गठन गरिसकेको र उक्त समितिले यथासक्य छिटो सत्य तथ्य छानबिन गरी प्रतिवेदन पेश गर्ने र सोको जानकारी सभा तथा आम जनतालाई गराउने सरकारको धारणा राख्नु भयो ।

तदनन्तर माननीय सभामुखज्युले नेपालको संविधानको धारा २०७ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १२९ को उपनियम (१) बमोजिम आर्थिक वर्ष २०७९।०८० को "राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य)" सभामा प्रस्तुत गरी सो को एक प्रति सभामा पेश गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभई माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले उक्त "राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य)" सभामा प्रस्तुत गरी सो को एक प्रति सभामा पेश गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (१) बमोजिम आर्थिक वर्ष २०७९।०८० को "राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य)" माथि सामान्य छलफल गर्न र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्रीले जवाफ दिनका लागि मिति २०७९ साल आषाढ ३ गते शुक्रबारलाई दिन निर्धारण गरेको साथै उक्त छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आफ्नो नाम कार्यव्यवस्था शाखामा उपलब्ध गराई दिनु जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (१) बमोजिम "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" सभामा पेश गर्न अनुमति दिनु भई माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले उक्त विधेयक सभा समक्ष पेश गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी बाह्रौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको ३ गते शुक्रबार मध्यान्ह १२:०० बजे बस्ने गरी अपरान्ह  ७:०६ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ ३ गते शुक्रबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको बाह्रौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १२:१० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भमा माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (३) बमोजिम आर्थिक वर्ष २०७९।०८० को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य) माथिको सामान्य छलफलको प्रारम्भ आफ्नो वक्तव्यबाट गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभयो र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले आर्थिक वर्ष २०७९।०८० को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य) माथिको सामान्य छलफल प्रारम्भ गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले आर्थिक वर्ष २०७९।०८० को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य) माथि सैद्धान्तिक छलफल मात्र हुने र मन्त्रालयगत विभिन्न शिर्षकहरू माथिको विस्तृत छलफल पछि गरिने व्यहोरा जानकारी गराउदै आर्थिक वर्ष २०७९।०८० को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य) माथिको छलफलमा देहायका माननीय सदस्यहरूलाई बोल्न समय दिनुभयो र सोही बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

| | |
|---|---|
| माननीय सदस्य श्री बैजनाथ चौधरी | माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी |
| माननीय सदस्य श्री रमा अर्याल | माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ |
| माननीय सदस्य श्री वैजनाथ कलवार | माननीय सदस्य श्री दिपेन्द्र कुमार पुन मगर |

तदुपरान्त माननीय सभामुखज्यूले आर्थिक वर्ष २०७९।०८० को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य) माथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउदै छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभयो र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले आर्थिक वर्ष २०७९।०८० को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य) माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउदै प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सभामा पेश गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभयो र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले उक्त विधेयक सभामा पेश गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश सभाको छैठौं अधिवेशको सत्ताइसौं बैठकबाट गठित प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिले नियमावली माथि विस्तृत छलफल र विमर्श गर्दा नियमावलीमा उल्लेख भएका नियमहरूको ५० प्रतिशत भन्दा बढी संशोधन गर्नुपर्ने आवश्यकता देखी नियमावलीलाई प्रतिस्थापन गर्दा सहज र प्रभावकारी हुने ठानी मिति २०७७।१२।२० गते उक्त नियमावलीलाई प्रतिस्थापन गर्ने गरी बाधा अड्काउ फुकाउनका लागि सभामुख समक्ष अनुरोध भई सोही बमोजिमको निर्देशन भएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम २१३ बमोजिम सो निर्देशनलाई सभाबाट अनुमोदन हुने प्रावधान अनुसार माननीय सदस्यहरूलाई अनुमोदनको लागि आग्रह गर्नुभई सभाबाट अनुमोदन भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी तेह्रौं बैठक आजै दिनको ठीक ३:०० बजे बस्ने गरी दिनको २:३८ बजे आजको यो बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ ३ गते शुक्रबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको तेह्रौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको ३:०४ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (६) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभयो र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले उक्त विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (६) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को विभिन्न मन्त्रालय एवं सो सँग सम्बन्धित निकायका विभिन्न शीर्षकहरूमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि मिति २०७९ साल आषाढ १० गते देखि १४ गतेसम्मको अवधि निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो । मन्त्रालयगत एवम् शीर्षकगत छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले दलीय प्रतिनिधित्वको आधारमा सम्बन्धित मन्त्रालय एवं सो सँग सम्बन्धित निकायको विनियोजन शीर्षकहरू माथि छलफल हुने दिन बैठक बस्नु अगावै सचिवालयको कार्यव्यवस्था शाखामा नाम उपलब्ध गराउन र प्रदेश सभा नियमावली, २०७४ को नियम १३४ बमोजिम खर्च कटौतीको प्रस्ताव पेश गर्न चाहनु हुने माननीय सदस्यहरूले मिति २०७९ साल आषाढ ९ गते अपरान्ह ५:०० बजेसम्म प्रस्तावको सूचना कानून तथा विधेयक शाखामा दर्ता गराउन सकिने व्यहोरा समेत जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी चौधौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको १० गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी आजको बैठक दिनको ३:०९ सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ १० गते शुक्रबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको चौधौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १२:३४ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (७) बमोजिम "आ. व. २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि समूहीकृत रूपमा छलफल प्रारम्भ भएको जानकारी गराउनु भयो ।

तत्पश्चात पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय र कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि संयुक्त रूपमा माननीय सदस्यहरूबाट प्रदेश सभा नियमावली, २०७४

को नियम १३४ को उपनियम (१) को खण्ड (क) बमोजिम खर्च कटौतीको प्रस्तावहरू प्राप्त हुन आएको र खर्च कटौतीको प्रस्तावका प्रस्तावकहरू माननीय सदस्य श्री सरस्वती गौतम, माननीय सदस्य श्री भूमिश्वर ढकाल र माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी मध्येबाट माननीय सदस्य श्री सरस्वती गौतमलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय दिनुभयो र माननीय सदस्य श्री सरस्वती गौतमले विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिंदै पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालयको खर्च शीर्षक नं. ३११३५ को रकमलाई घटाई एक रूपियाँ कायम गरियोस् भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

यसै गरी माननीय सभामुखज्यूले खर्च कटौती प्रस्तावका प्रस्तावकहरू माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी, माननीय सदस्य श्री भूमिश्वर ढकाल र माननीय सदस्य श्री कुल प्रसाद पोखरेल मध्येबाट माननीय सदस्य श्री तुलसी प्रसाद चौधरीलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय दिनुभयो र माननीय सदस्य श्री तुलसी प्रसाद चौधरीले विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिंदै कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयको खर्च शीर्षक नं. २६४२३ को रकमलाई घटाई एक रूपियाँ कायम गरियोस् भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयको विनियोजन शीर्षकहरू माथि छलफलमा भाग लिन दलीय प्रतिनिधित्वको आधारमा देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोहि बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

| | |
|---|---|
| मा. सदस्य श्री लिला गिरी | मा. सदस्य श्री विष्णु प्रसाद पन्थी |
| मा. सदस्य श्री निर्मला मुडभरी भट्टराई | मा. सदस्य श्री आरती पौडेल |
| मा. सदस्य श्री चेत नारायण आचार्य | मा. सदस्य श्री आशा स्वर्णकार |
| मा. सदस्य श्री तारा जि.सी. | मा. सदस्य श्री खड्ग बहादुर खत्री |
| मा. सदस्य श्री भोज प्रसाद श्रेष्ठ | मा. सदस्य श्री कृष्ण प्रसाद न्यौपाने |
| मा. सदस्य श्री हरि प्रसाद रिजाल | मा. सदस्य श्री दीपा बि.क. |

तदनन्तर माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात "आ. व. २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि आजको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिनका लागि र मन्त्रालयगत छलफल अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको समूहीकृत छलफल गर्नका लागि भोलिको दिन निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी पन्ध्रौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको ११ गते शनिबार बिहान ११:०० बजे बस्ने गरी दिनको ३:०३ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ ११ गते शनिबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको पन्ध्रौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको ११:२९ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (८) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमा भएको समूहीकृत छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिने क्रम प्रारम्भ भएको जानकारी गराउनु भयो ।

तत्पश्चात माननीय पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्री श्री डिल्ली बहादुर चौधरी, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री अजय शाही र माननीय कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्री श्री सुमन शर्मा रायमाझीलाई क्रमशः आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभई माननीय मन्त्रीज्यूहरूले आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि भएको समूहीकृत छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (७) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि समूहीकृत रूपमा छलफल प्रारम्भ भएको जानकारी गराउदै भौतिक पूर्वाधार विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि संयुक्त रूपमा माननीय सदस्यहरूबाट प्रदेश सभा नियमावली, २०७४ को नियम १३४ को उपनियम (१) को खण्ड (क) बमोजिम खर्च कटौतीको प्रस्ताव प्राप्त हुन आएको र खर्च कटौती प्रस्तावका प्रस्तावकहरू माननीय सदस्य श्री कुल प्रसाद पोखरेल, माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ र माननीय सदस्य श्री सरस्वती गौतम मध्येबाट माननीय सदस्य श्री कुल प्रसाद पोखरेललाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय दिनुभयो र माननीय सदस्य श्री कुल प्रसाद पोखरेलले विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिंदै भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च शीर्षक नं. ३११३५ को रकमलाई घटाई एक रूपियाँ कायम गरियोस् भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले भौतिक पूर्वाधार विकास मन्त्रालय र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयको विनियोजन शीर्षकहरू माथि छलफलमा भाग लिन दलीय प्रतिनिधित्वको आधारमा देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोहि बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

मा. सदस्य श्री रामजी प्रसाद घिमिरे
मा. सदस्य श्री जाल्पा भुसाल
मा. सदस्य श्री कृष्ण प्रसाद न्यौपाने
मा. सदस्य श्री आशा स्वर्णकार
मा. सदस्य श्री अष्टभुजा पाठक
मा. सदस्य श्री भगवती देवी भण्डारी
मा. सदस्य श्री हरि प्रसाद रिजाल
मा. सदस्य श्री नारायण प्रसाद आचार्य
मा. सदस्य श्री युवराज खनाल
मा. सदस्य श्री तारा जि.सी.
मा. सदस्य श्री गीता थापा
मा. सदस्य श्री तुलसी प्रसाद चौधरी
मा. सदस्य श्री रेवती रमण शर्मा
मा. सदस्य श्री आरती पौडेल
मा. सदस्य श्री चेत नारायण आचार्य

तदुपरान्त माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तदनन्तर "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि आजको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिनका लागि र मन्त्रालयगत छलफल अन्तर्गत उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि समूहीकृत छलफल गर्नका लागि भोलिको दिन निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी सोह्रौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको १२ गते आइतबार बिहान ११:०० बजे बस्ने गरी दिनको ३:०९ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ १२ गते आइतबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको सोह्रौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको ११:३९ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (८) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमा भएको समूहीकृत छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिने क्रम प्रारम्भ भएको जानकारी गराउनु भयो ।

तत्पश्चात माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री सहसराम यादव र माननीय शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्री श्री वसीउद्दीन खाँलाई क्रमशः आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभई माननीय मन्त्रीज्यूहरूले आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि भएको समूहीकृत छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (७) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि समूहीकृत रूपमा छलफल प्रारम्भ भएको जानकारी गराउदै उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि संयुक्त रूपमा माननीय सदस्यहरूबाट प्रदेश सभा नियमावली, २०७४ को नियम १३४ को उपनियम (१) को खण्ड (क) बमोजिम खर्च कटौतीको प्रस्तावहरू प्राप्त हुन आएको जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावकहरू माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी, माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ र माननीय सदस्य श्री खड्ग बहादुर खत्री मध्येबाट माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी, माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ, माननीय सदस्य श्री कुल प्रसाद पोखरेल र माननीय सदस्य श्री खड्ग बहादुर खत्री मध्येबाट माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ र माननीय सदस्य श्री खड्ग बहादुर खत्री, माननीय सदस्य श्री भूमिश्वर ढकाल र माननीय सदस्य श्री कुल प्रसाद पोखरेल मध्येबाट माननीय सदस्य श्री खड्ग बहादुर खत्रीलाई आ-आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय दिनुभयो र माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी, माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ र माननीय सदस्य श्री खड्ग बहादुर खत्रीले क्रमिक रूपमा विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिंदै उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको खर्च शीर्षक नं. ३११३५, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय को खर्च शीर्षक नं. ३११५७ र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयको खर्च शीर्षक नं. ३११२१ को रकमलाई घटाई एक रूपियाँ कायम गरियोस् भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि छलफलमा भाग लिन दलीय प्रतिनिधित्वको आधारमा देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोहि बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

| | |
|---|---|
| मा. सदस्य श्री विष्णु प्रसाद पन्थी | मा. सदस्य श्री अर्जुन कुमार के.सी. |
| मा. सदस्य श्री धमकली चौधरी | मा. सदस्य श्री कुल प्रसाद पोखरेल |
| मा. सदस्य श्री तारा जि.सी. | मा. सदस्य श्री रेवती रमण शर्मा |

मा. सदस्य श्री नारायण प्रसाद आचार्य | मा. सदस्य श्री निर्मला मुडभरी भट्टराई
मा. सदस्य श्री सरस्वती गौतम | मा. सदस्य श्री युवराज खनाल
मा. सदस्य श्री रामजी प्रसाद घिमिरे | मा. सदस्य श्री जाल्पा भुसाल
मा. सदस्य श्री भगवती देवी भण्डारी | मा. सदस्य श्री तुलाराम घर्ती मगर

तदनन्तर माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि आजको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिनका लागि र मन्त्रालयगत छलफल अन्तर्गत स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, आन्तरिक मामिला तथा संचार मन्त्रालय र कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि समूहीकृत छलफल गर्नका लागि भोलिको दिन निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी सत्रौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको १३ गते सोमबार मध्यान्ह १२:०० बजे बस्ने गरी दिनको ३:१८ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ १३ गते सोमबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको सत्रौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १२:३७ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (८) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमा भएको समूहीकृत छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिने क्रम प्रारम्भ भएको जानकारी गराउँदै माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री विर बहादुर रानालाई आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभई माननीय मन्त्रीज्यूहरूले आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात, माननीय सभामुखज्यूले ठिक २:०० बजे बस्ने गरी दिनको १:०१ बजे यो बैठक स्थगित गर्नुभयो ।

स्थगित बैठकलाई माननीय सभामुखज्यूले दिनको २:०५ बजे पुनः निरन्तरता दिंदै माननीय वन, वातावरण तथा भू-संरक्षण मन्त्री श्री सुरेन्द्र बहादुर हमाल र माननीय श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्री श्री पुर्मती ढेंगालाई क्रमशः आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभई माननीय मन्त्रीज्यूहरूले आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि भएको समूहीकृत छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (७) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, आन्तरिक मामिला तथा संचार मन्त्रालय र कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि समूहीकृत रूपमा छलफल प्रारम्भ भएको जानकारी गराउदै कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि संयुक्त रूपमा माननीय सदस्यहरूबाट प्रदेश सभा नियमावली, २०७४ को नियम १३४ को उपनियम (१) को खण्ड (क) बमोजिम खर्च कटौतीको प्रस्ताव प्राप्त हुन आएको जानकारी गराउनु भयो ।

तत्पश्चात् खर्च कटौती प्रस्तावका प्रस्तावकहरू माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ, माननीय सदस्य श्री भूमिश्वर ढकाल र माननीय सदस्य श्री कुल प्रसाद पोखरेल मध्येबाट माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय दिनुभयो र माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठले विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिंदै कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको खर्च शीर्षक नं. ३११२१ को रकमलाई घटाई एक रूपियाँ कायम गरियोस् भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, आन्तरिक मामिला तथा संचार मन्त्रालय र कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि छलफलमा भाग लिन दलीय प्रतिनिधित्वको आधारमा देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोहि बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

मा. सदस्य श्री कृष्ण प्रसाद न्यौपाने
मा. सदस्य श्री धर्म बहादुर लाल श्रीवास्तव
मा. सदस्य श्री सुनिता कुमारी ठठेर
मा. सदस्य श्री धमकली चौधरी
मा. सदस्य श्री कमला देवी बि.क.
मा. सदस्य श्री पार्वती पुन गहतराज
मा. सदस्य श्री विष्णु प्रसाद पन्थी
मा. सदस्य श्री आशा स्वर्णकार
मा. सदस्य श्री निर्मला क्षेत्री
मा. सदस्य श्री पुरनमान बज्राचार्य
मा. सदस्य श्री नारायण प्रसाद आचार्य

तदनन्तर माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" स्वास्थ्य,

जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, आन्तरिक मामिला तथा संचार मन्त्रालय र कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात् "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, आन्तरिक मामिला तथा संचार मन्त्रालय र कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि आजको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिनका लागि र मन्त्रालयगत छलफल अन्तर्गत आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि समूहीकृत छलफल गर्नका लागि भोलिको दिन निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो ।

संघीय लोकतान्त्रिक गणतान्त्रिक अभ्यासमा आफ्नो भनाई राख्ने मात्र नभई अरूका भनाईहरू पनि सुन्ने संस्कारले नै संसदीय मर्यादा र गरिमालाई उचो बनाउने भएकाले विशेष गरी सरकारका मन्त्रीहरू तथा सांसदहरूलाई सो गरिमा कायम राख्न माननीय सभामुखज्यूले ध्यानाकर्षण गराउनुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी अठारौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको १४ गते मंगलबार मध्यान्ह १२:०० बजे बस्ने गरी दिनको ५:१५ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ १४ गते मंगलबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको अठारौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १२:३६ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (८) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, आन्तरिक मामिला तथा संचार मन्त्रालय र कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमा भएको समूहीकृत छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिने क्रम प्रारम्भ भएको जानकारी गराउनु भयो ।

तत्पश्चात माननीय स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्री श्री इन्द्रजीत थारू, माननीय आन्तरिक मामिला तथा संचार मन्त्री श्री तिलकराम शर्मा र माननीय कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्री रमा घर्तीलाई क्रमशः आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभई माननीय मन्त्रीज्यूहरूले आ-आफ्नो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, आन्तरिक मामिला तथा संचार मन्त्रालय र कानून, महिला,

बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि भएको समूहीकृत छलफल समाप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (७) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि समूहीकृत रूपमा छलफल प्रारम्भ भएको जानकारी गराउदै आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग सम्बन्धी विनियोजन शीर्षकमाथि संयुक्त रूपमा माननीय सदस्यहरूबाट प्रदेश सभा नियमावली, २०७४ को नियम १३४ को उपनियम (१) को खण्ड (क) बमोजिम खर्च कटौतीको प्रस्ताव प्राप्त हुन आएको जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावकहरू माननीय सदस्य श्री भूमिश्वर ढकाल, माननीय सदस्य श्री सरस्वती गौतम र माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ मध्येबाट माननीय सदस्य श्री भूमिश्वर ढकाल, माननीय सदस्य श्री खड्ग बहादुर खत्री, माननीय सदस्य श्री सरस्वती गौतम र माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ मध्येबाट माननीय सदस्य श्री खड्ग बहादुर खत्री र माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी, माननीय सदस्य श्री सरस्वती गौतम र माननीय सदस्य श्री कुल प्रसाद पोखरेल मध्येबाट माननीय सदस्य श्री तुलसी प्रसाद चौधरीलाई आ-आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय दिनुभयो र माननीय सदस्य श्री भूमिश्वर ढकाल, माननीय सदस्य श्री खड्ग बहादुर खत्री र माननीय सदस्य श्री तुलसी प्रसाद चौधरीले क्रमिक रूपमा विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिंदै आर्थिक मामिला तथा सहकारी मन्त्रालयको खर्च शीर्षक नं. ३११२१, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको खर्च शीर्षक नं. २२५२२ र ३११२१ र प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयको खर्च शीर्षक नं. ३११२१ को रकमलाई घटाई एक रूपियाँ कायम गरियोस् भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरू माथि छलफलमा भाग लिन दलीय प्रतिनिधित्वको आधारमा देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोहि बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

| | |
|---|---|
| मा. सदस्य श्री बैजनाथ चौधरी | मा. सदस्य श्री तारा जि.सी. |
| मा. सदस्य श्री आरती पौडेल | मा. सदस्य श्री दामा कुमारी शर्मा |
| मा. सदस्य श्री कमलराज श्रेष्ठ | मा. सदस्य श्री भूवनेश्वर चौधरी |
| मा. सदस्य श्री युवराज खनाल | मा. सदस्य श्री शंकर गिरी |
| मा. सदस्य श्री विष्णु प्रसाद पन्थी | मा. सदस्य श्री दीपेन्द्र कुमार पुन मगर |
| मा. सदस्य श्री रेवतीरमण शर्मा | मा. सदस्य श्री सुदर्शन बराल |
| मा. सदस्य श्री कुल प्रसाद पोखरेल | मा. सदस्य श्री तुलाराम घर्ती मगर |

तदनन्तर माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत आर्थिक

मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि आजको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिनका लागि भोलिको दिन निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो । अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी उन्नाइसौं बैठक सम्वत् २०७९ साल आषाढ महिनाको १५ गते बुधबार विहान ११:०० बजे बस्ने गरी दिनको ५:४७ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ १५ गते बुधबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको उन्नाइसौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको १:२२ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात प्रमुख प्रतिपक्ष दलका प्रमुख सचेतक माननीय सदस्य श्री भूमिश्वर ढकालले बोल्न समय माग गर्नु भयो र माननीय सभामुखज्यूले समय दिनुभयो । माननीय सदस्य श्री भूमिश्वर ढकालले ज्येष्ठ ३१ गते प्रदेश सरकारको एक जना मन्त्रीको घटनाको बारेमा आफूहरूले सरकारलाई ध्यानाकर्षण गराएको र सरकारले छानविन आयोग गठन गर्ने र सोको प्रतिवेदन सभामा प्रस्तुत गर्ने प्रतिवद्धता जनाए बमोजिम सरकारको धारणा स्पष्ट पार्न माग गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रमुख प्रतिपक्ष दलका प्रमुख सचेतकबाट प्रदेश सरकारका माननीय राज्य मन्त्री श्री विमला वलीको सन्दर्भमा भएका घटना प्रकरणको बारेमा प्रदेश सरकारको धारणा व्यक्त गर्नको लागि प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के. सी. लाई अनुमति दिनुभयो र माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के. सी. ले प्रदेश सरकारका माननीय स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण राज्य मन्त्रीको घटनाबारे सत्य तथ्य छानविनकालागि प्रदेश सरकार मन्त्रिपरिषद्बाट माननीय आन्तरिक मामिला तथा सञ्चार मन्त्रीको नेतृत्वमा ३ सदस्सीय समिति गठन गरिएको र उक्त समितिले आफ्नो प्रतिवेदन पेश गर्ने क्रममा रहेको र यसै बिचमा प्रदेश सरकारका माननीय राज्यमन्त्री श्री विमला कुमारी खत्रीले मिति २०७९/०३/१२ गते छानविनको सहजताको लागि राजिनामा गर्नु भएकोमा हार्दिक धन्यवाद सहित राजिनामा स्वीकृत गरेको व्यहोरा सम्मानित सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिका जेष्ठ सदस्य माननीय श्री भोज प्रसाद श्रेष्ठलाई "प्रदेश सभा नियमावली, २०७९ को परिमार्जित मस्यौदा" सभामा पेश गर्न अनुमति दिनुभई माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठले उक्त मस्यौदा सभामा पेश गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम "खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" सभामा पेश गर्न माननीय शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्री श्री वसीउद्दीन खाँलाई अनुमति दिनुभई माननीय शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्री श्री वसीउद्दीन खाँले उक्त विधेयक सभा समक्ष पेश गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले सचिवालयमा दर्ता भएका "प्रदेश सभा नियमावली, २०७९ को परिमार्जित मस्यौदा" र "खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" को कारवाही अगाडि बढाउने सन्दर्भमा प्रदेश सभा नियमावली, २०७४ को नियम २१२ बमोजिम नियमावलीको केही नियमहरू निलम्बन गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय सदस्य श्री तुलाराम घर्ती मगरलाई अनुमति दिनुभई माननीय सदस्य श्री तुलाराम घर्ती मगरले पेश गर्नु भएको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ लाई र नियम ११० को उपनियम (१) बमोजिमको संशोधनको सूचनाको ७२ घण्टा समयावधीलाई २ (दुई) घण्टा कायम हुने गरी निलम्बन गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त प्रदेश सभा नियमावली, २०७४ को नियम ११० को उपनियम (१) बमोजिम "प्रदेश सभा नियमावली, २०७९ को परिमार्जित मस्यौदा" र "खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" मा संशोधन पेश गर्न चाहने माननीय सदस्यले आजै दिनको ३:३० बजे भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिन सकिने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमा भएको समूहीकृत छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीले दिने क्रम प्रारम्भ भएको जानकारी गराउदै माननीय सभामुखज्यूले माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्का खड्कालाई आˆनो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो र माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्का खड्काले आˆनो मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन भयो ।

यसै क्रममा माननीय सभामुखज्यूले माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के.सी.ज्यूलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्याधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभई माननीय मुख्यमन्त्री श्री कुल प्रसाद के.सी.ज्यूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्याधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षक माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले , "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत आर्थिक मामिला तथा सहकारी मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथि भएको समूहीकृत छलफल यहीं समाप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अन्तर्गत विभिन्न मन्त्रालयसँग सम्बन्धी विभिन्न माननीय सदस्यहरूको तर्फबाट प्रस्तावक भई सभा समक्ष पेश गर्नु भएको खर्च कटौतीका प्रस्तावकहरू क्रमशः माननीय सदस्य श्री सरस्वती गौतम, माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी, माननीय सदस्य

श्री कुल प्रसाद पोखरेल, माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ, माननीय सदस्य श्री खड्ग बहादुर खत्री र माननीय सदस्य श्री भूमिश्वर ढकाललाई आफुले प्रस्तुत भर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय दिनुभयो र कुनै पनि प्रस्तावकले उक्त प्रस्तावहरू फिर्ता नलिएपछि माननीय सभामुखज्यूले निर्णयार्थ प्रस्तुत गर्नुभई सबै खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (१२) बमोजिम "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभई माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नु भयो ।

तदनन्तर माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त विधेयक बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (३) बमोजिम "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभई माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले उक्त प्रस्ताव सभामा पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरी उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नु भयो ।

त्यसपछि प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (३) बमोजिम "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथि छलफल गर्ने र सम्बन्धित माननीय मन्त्रीले जवाफ दिने समय आगामी बैठकलाई निर्धारण गरेको र छलफलमा भाग लिनहुने माननीय सदस्यहरूले दलीय प्रतिनिधित्वको आधारमा बैठक बस्नु भन्दा ३० (तीस) मिनेट अगावै सचिवालयको कार्यव्यवस्था शाखामा नाम उपलब्ध गराउन जानकारी गराउनु भयो ।

तत्पश्चात प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम "प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" र "संचार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदन सहितको विधेयक" सभामा पेश गर्न प्रदेश मामिला तथा कानून समितिका माननीय सभापति श्री दामा कुमारी शर्मालाई अनुमति दिनुभयो र प्रदेश मामिला तथा कानून समितिका माननीय सभापति श्री दामा कुमारी शर्माले उक्त विधेयक सभामा पेश गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम गठन गरिएका ६ वटै विषयगत समितिका सदस्यहरूको संख्या र नामावली हेरफेर तथा थपघट गर्नुपर्ने भएकोले नियमावलीको नियम १४८ को उपनियम (१) बमोजिम कार्यव्यवस्था परामर्श समितिको बैठकबाट विषयगत समितिमा रहनु हुने तपसिल बमोजिमका माननीय सदस्यहरूलाई मनोनयन गरेको व्यहोरा जानकारी गराई सभाबाट अनुमोदन भएको घोषणा गर्नुभयो ।

**१) सार्वजनिक लेखा समितिः**

मा. सदस्य श्री विमला शर्मा पन्थी, मा. सदस्य श्री धमकली चौधरी, मा. सदस्य श्री विष्णु प्रसाद पन्थी, मा. सदस्य श्री रामजी प्रसाद घिमिरे, मा. सदस्य श्री भोज प्रसाद श्रेष्ठ, मा. सदस्य श्री रेवती रमण शर्मा,मा. सदस्य श्री वैजनाथ कलवार, मा. सदस्य श्री रमा अर्याल, मा. सदस्य श्री पार्वती पुन गहतराज, मा. सदस्य श्री गीता थापा

**२) भौतिक पूर्वाधार तथा विकास समितिः**

मा. सदस्य श्री आशा स्वर्णकार, मा. सदस्य श्री फौजिया नसिम, मा. सदस्य श्री बैजनाथ चौधरी, मा. सदस्य श्री भूमिश्वर ढकाल, मा. सदस्य श्री धर्म बहादुर लाल श्रीवास्तव, मा. सदस्य श्री फखरूद्दीन खान, मा. सदस्य श्री माला गोतामे सुनार, मा. सदस्य श्री इन्द्र प्रसाद खरेल

**३) अर्थ, उद्योग तथा पर्यटन समितिः**

मा. सदस्य श्री थान कुमारी थापा चापागाई, मा. सदस्य श्री भगवती देवी भण्डारी, मा. सदस्य श्री दिपेन्द्र कुमार अधिकारी, मा. सदस्य श्री तुलसी प्रसाद चौधरी, मा. सदस्य श्री लिला गिरी, मा. सदस्य श्री युवराज खनाल, मा. सदस्य श्री भूवनेश्वर चौधरी, मा. सदस्य श्री निर्मला क्षेत्री, मा. सदस्य श्री मोहम्मद याकुव अन्सारी, मा. सदस्य श्री कृष्णा के.सी., मा. सदस्य श्री तुलाराम घर्ती मगर, मा.सदस्य श्री निर्मला मुडभरी भट्टराई, मा. सदस्य श्री तारा जि.सी.

**४) प्रदेश मामिला तथा कानून समितिः**

मा. सदस्य श्री दामा कुमारी शर्मा , मा. सदस्य श्री सुनिता कुमारी ठठेर, मा. सदस्य श्री सरस्वती गौतम, मा. सदस्य श्री नारायण प्रसाद आचार्य, मा. सदस्य श्री खड्ग बहादुर खत्री, मा. सदस्य श्री कृष्ण प्रसाद न्यौपाने, मा. सदस्य श्री शंकर गिरी, मा. सदस्य श्री शान्ती देवी स्वर्णकार, मा. सदस्य श्री सुदर्शन वराल

**५) सामाजिक विकास समितिः**

मा. सदस्य श्री कमला देवी बि.क., मा. सदस्य श्री चिन्तावती कुर्मी, मा. सदस्य श्री अर्जुन कुमार के.सी., मा. सदस्य श्री पुरनमान बज्राचार्य, मा. सदस्य श्री बाबुराम गौतम, मा. सदस्य श्री हरि प्रसाद रिजाल, मा. सदस्य श्री विरेन्द्र कुमार कानोडिया, मा. सदस्य श्री पुष्पा थरूनी , मा. सदस्य श्री तेज बहादुर ओली, मा. सदस्य श्री दीपा बि.क.

**६) कृषि, वन तथा वातावरण समितिः**

मा. सदस्य श्री आरती पौडेल, मा. सदस्य श्री जाल्पा भुसाल, मा. सदस्य श्री कमलराज श्रेष्ठ, मा. सदस्य श्री कविराम थारू, मा. सदस्य श्री चेतनारायण आचार्य, मा. सदस्य श्री कुल प्रसाद पोखरेल, मा. सदस्य श्री अष्टभुजा पाठक, मा. सदस्य श्री रून्धावती शर्मा, मा. सदस्य श्री दिपेन्द्र कुमार पुन मगर, मा. सदस्य श्री लौटी थारू

अन्त्यमा, माननीय सभामुखज्यूले दशौं अधिवेशनको आगामी बीसौं बैठक आजै दिनको ठीक ४:३० बजे बस्ने गरी दिनको ३:२२ बजे यो बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल आषाढ १५ गते बुधबार**

लुम्बिनी प्रदेश सभाको दशौं अधिवेशनको बीसौं बैठकको कारवाही माननीय सभामुख श्री पूर्ण बहादुर घर्तीज्यूको अध्यक्षतामा दिनको ४:४८ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथिको छलफल प्रारम्भ भएको जानकारी गराउदै प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (४) बमोजिम माननीय सदस्यहरूले प्रदेश सरकारको जवाफदेही क्षेत्रभित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा प्रदेश सरकारको आर्थिक नीतिसँग सम्बन्धित विषयहरूमा मात्र छलफल गर्नुपर्ने व्यहोरा जानकारी गराउदै माननीय सदस्य श्री तुलाराम घर्ती मगरलाई बोल्न समय दिनुभयो र माननीय सदस्य श्री तुलाराम घर्ती मगरले सो समयभित्र आफ्नो भनाइ राख्नु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (४) बमोजिम माननीय सदस्यहरूले बोल्नेक्रम समाप्त भएको जानकारी गराउदै "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिन माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्कालाई अनुमति दिनुभई माननीय आर्थिक मामिला तथा सहकारी मन्त्री श्री कृष्ण ध्वज खड्काले छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (४) बमोजिम "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो ।



# (ख) दोस्रो प्रदेश सभाको पहिलो अधिवेशनका गतिवविधिहरु

**२०७९ साल पौष १८ गते सोमबार**

माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूबाट आह्वान भएबमोजिम लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको पहिलो अधिवेशनको प्रथम बैठकको कार्यवाही माननीय ज्येष्ठ सदस्य श्री डिल्लीराज भुसालज्यूको अध्यक्षतामा दिनको १३:२५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात सभाले राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गऱ्यो ।

तत्पश्चात माननीय जेष्ठ सदस्यज्यूले प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको अधिवेशन आह्वान सम्बन्धी प्राप्त हुन आएको पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

तदुपरान्त लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) को नव-निर्मित प्रदेश सभा भवनमा दोस्रो प्रदेश सभाको पहिलो बैठकका लागि उपस्थित प्रदेश सभा सदस्यमा निर्वाचित सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

तदनन्तर नेपाली जनताको अथक संघर्ष र बलिदानको गौरवपूर्ण इतिहासबाट जन्मिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका मूल्यहरूलाई नागरिक तहमा अनुभूत हुने गरी र प्रदेशवासी नागरिकको सुख, शान्ती र समृद्धि प्राप्तीका लागि सम्पूर्ण माननीय सदस्यहरूको योगदान महत्वपूर्ण हुने अपेक्षा र विश्वास लिदैं पहिलो प्रदेश सभाले प्रदेशको मजबुत जग स्थापना गरेको र त्यही आधारभूमिमा टेकेर दोस्रो

प्रदेश सभाले प्रदेश संरचनाको सार्थकता र प्रभावकारिताको पूनर्पुष्टि गर्नुका साथै नागरिक मैत्री कानून निर्माण र प्रभावकारी कार्यान्वयन गरी प्रदेशका नागरिकहरूको समृद्धि, सन्तुलित तथा दिगो विकास र सुशासन कायम गर्ने सन्दर्भमा प्रदेश सभाका माननीय सदस्यहरूको महत्वपूर्ण भूमिका रहोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात माननीय जेष्ठ सदस्यज्यूले नेपालको संविधानको धारा १८४ बमोजिम माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूलाई लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको बैठकमा सम्बोधन गर्न अनुरोध गर्नु भयो र माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको पहिलो बैठकलाई सम्बोधन गर्नुभयो ।

तदुपरान्त माननीय जेष्ठ सदस्यज्यूले माननीय प्रदेश प्रमुखज्यूको हार्दिक आभार सहित सम्मानपूर्वक बिदाईका लागि माननीय सदस्यहरूलाई आ-आफ्नो स्थानमा उभिइ बिदाई गर्न अनुरोध गर्नु भयो र सोहि बमोजिम माननीय सदस्यहरूले आ-आफ्नो स्थानमा उभिइ स-सम्मान बिदाई गर्नुभयो ।

अन्त्यमा, माननीय जेष्ठ सदस्यज्यूले पहिलो अधिवेशनको आगामी दोस्रो बैठक सम्वत् २०७९ साल पौष महिनाको १८ गते सोमबार अर्थात आजै अबको आधा घण्टा पछि बस्ने गरी दिनको १३:५६ बजे आजको यो बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल पौष १८ गते सोमबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको दोस्रो बैठकको कार्यवाही माननीय ज्येष्ठ सदस्य श्री डिल्लीराज भुसालज्यूको अध्यक्षतामा दिनको १४:५१ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात प्रदेश सभाको कार्य सञ्चालन, बैठकमा सु-व्यवस्था कायम राख्दै अन्य काम कार्यवाहीहरू नियमित एवम् प्रभावकारी बनाउन, पहिलो प्रदेश सभा सञ्चालनका क्रममा भएका सिकाइहरूलाई समेत समावेश गरी कार्यकालको अन्त्यतिर मिति २०७९/०३/१५ मा २३२ नियम र १० अनुसूची रहेको "लुम्बिनी प्रदेश सभा नियमावली, २०७९" पारित भएको र नियमावली संशोधनको आवश्यकता महसुस भएमा मस्यौदा समिति गठन गरी संशोधन गर्न सकिने व्यहोरा जानकारी गराउँदै दोस्रो प्रदेश सभाको कार्य सञ्चालनलाई नियमित, मर्यादित र सु-व्यवस्थित गराउन विद्यमान "लुम्बिनी प्रदेश सभा नियमावली, २०७९" लाई सभाबाट पारित गरिदिन अनुरोध गर्नुभई उक्त नियमावली सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात ऐतिहासिक दोस्रो प्रदेश सभाको बैठकमा दलको तर्फबाट शुभकामना मन्तव्य राख्न समय दिनुभई देहायका माननीय सदस्यहरूले क्रमशः शुभकामना मन्तव्य राख्नु भयो ।

**देहाय**

| | |
|---|---|
| माननीय सदस्य श्री भगवती अधिकारी | माननीय सदस्य श्री तारा थापा |
| माननीय सदस्य श्री चन्द्रकेश गुप्ता | माननीय सदस्य श्री सन्तोष कुमार पाण्डेय |
| माननीय सदस्य श्री भण्डारी लाल अहिर | माननीय सदस्य श्री धर्म बहादुर चौधरी |
| माननीय सदस्य श्री आशिष कुमार चौधरी | माननीय सदस्य श्री जोख बहादुर महरा |
| माननीय सदस्य श्री डिल्ली बहादुर चौधरी | माननीय सदस्य श्री लिला गिरी |

अन्त्यमा, माननीय जेष्ठ सदस्यज्यूले पहिलो अधिवेशनको आगामी तेस्रो बैठक सम्वत् २०७९ साल माघ महिनाको ०३ गते मंगलवार दिनको १३:०० बस्ने गरी दिनको १५:३६ बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

**२०७९ साल माघ ३ गते मंगलबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको तेस्रो बैठकको कारवाही माननीय ज्येष्ठ सदस्य श्री डिल्लीराज भुसालज्यूको अध्यक्षतामा दिनको १३:४३ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात प्रदेश प्रमुखको कार्यालयबाट लुम्बिनी प्रदेशको मुख्यमन्त्री नियुक्तिको पत्रका साथै लुम्बिनी प्रदेशको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजन सम्बन्धी प्राप्त पत्रहरू पढेर सुनाउनुभयो ।

तत्पश्चात माननीय जेष्ठ सदस्यज्यूले लुम्बिनी प्रदेश सभाको सभामुख पदको निर्वाचन कार्यक्रमलाई अगाडि बढाउँदै लुम्बिनी प्रदेश सभाको सभामुख पद माननीय सदस्य श्री तुलाराम घर्ती मगरलाई निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्ताव दर्ता हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय सदस्य श्री तुलाराम घर्ती मगरलाई लुम्बिनी प्रदेश सभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव पेश गर्न माननीय सदस्य श्री भूमिश्वर ढकाल र उक्त प्रस्तावको समर्थन गर्न माननीय सदस्य श्री आशिष कुमार चौधरीलाई अनुमति दिनुभयो र सोही बमोजिम माननीय सदस्य श्री भूमिश्वर ढकालले उक्त प्रस्ताव प्रस्तुत र माननीय सदस्य श्री आशिष कुमार चौधरीले उक्त प्रस्तावको समर्थन गर्नु भयो ।

तदनन्तर माननीय जेष्ठ सदस्यज्यूले "लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ७ को उपनियम (३)" बमोजिम माननीय सदस्य श्री तुलाराम घर्ती मगर लुम्बिनी प्रदेश सभाको सभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो र सभामुख पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात लुम्बिनी प्रदेश सभाको उपसभामुख पदको निर्वाचन कार्यक्रम अनुसार उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने तीनवटा प्रस्तावहरू दर्ता हुन आएकोमा माननीय सदस्य श्री वसीउद्दीन खाँ प्रस्तावक तथा माननीय सदस्य श्री राजु खनाल समर्थक भई माननीय सदस्य श्री विश्वप्रेम पाठकलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव र माननीय सदस्य श्री नरमाया ढकाल प्रस्तावक तथा माननीय सदस्य श्री धर्म बहादुर चौधरी समर्थक भई माननीय सदस्य श्री निर्मला देवी थारू (चौधरी) लाई उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने २ वटा प्रस्तावहरू आजको कार्यसूचीबाट हटाउन भनी सम्बन्धित दलको कार्यालयको तर्फबाट सचिवालयमा पत्र दर्ता भएकोले उक्त दुवै प्रस्तावहरू कार्यसूचीबाटै हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय सदस्य श्री मेनुका खाँड के. सी. लाई लुम्बिनी प्रदेश सभाको उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव पेश गर्न प्रस्तावक माननीय सदस्य श्री इन्द्रजीत थारू र प्रस्तावको समर्थन गर्न माननीय सदस्य श्री चन्द्रकेश गुप्तालाई अनुमति दिनुभयो र सोही बमोजिम माननीय सदस्य श्री इन्द्रजीत थारूले प्रस्ताव प्रस्तुत र माननीय सदस्य श्री चन्द्रकेश गुप्ताले उक्त प्रस्तावको समर्थन गर्नु भयो ।

तत्पश्चात माननीय जेष्ठ सदस्यज्यूले माननीय सदस्य श्री विश्वप्रेम पाठक र माननीय सदस्य श्री निर्मला देवी थारू (चौधरी) लाई उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने दुवै प्रस्तावहरू कार्यसूचीबाट हटाइएकोले उक्त प्रस्तावहरू फिर्ता भएको ठहर गरी "लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम

७ को उपनियम (३)" बमोजिम माननीय सदस्य श्री मेनुका खाँड के. सी. लुम्बिनी प्रदेश सभाको उपसभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो र उपसभामुख पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो ।

तदुपरान्त माननीय जेष्ठ सदस्यज्यूले यस अधिवेशनमा ज्येष्ठ सदस्यको रूपमा अध्यक्षता गर्न पाएकोमा ज्यादै खुशी र गौरवान्वित महशुस गर्दै अध्यक्षता अवधिभर बैठक सञ्चालनमा सहयोग पुर्याउनुहुने सभाका सदस्यहरू, प्रदेश सभा सचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्त्यमा, माननीय जेष्ठ सदस्यज्यूले पहिलो अधिवेशनको आगामी चौथो बैठक सम्वत् २०७९ साल माघ महिनाको ५ गते बिहीवार दिनको १३:०० बस्ने गरी  दिनको १४:०४ बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

**२०७९ साल माघ ५ गते बिहीबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको चौथो बैठकको कार्यवाही माननीय सभामुख श्री तुलाराम घर्तीज्यूको अध्यक्षतामा दिनको १३:३७ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले नागरिक उन्मुक्ति पार्टी संसदीय दलका नेता माननीय सदस्य श्री धर्म बहादुर चौधरीलाई दलको तर्फबाट बोल्न विशेष समय दिनु भयो ।

माननीय सदस्य श्री धर्म बहादुर चौधरीले नागरिक उन्मुक्ति पार्टी जेलबाट जन्मिएको पार्टी भएको, देश संघीयता तर्फ जाँदै गर्दा भूमिपुत्र आदीवासी थारू जातीले पनि आवाज उठाउने क्रममा टिकापुरमा दुखद दुर्घटना घटेको र त्यसबाट भएको क्षतिप्रति आफूहरू अत्यन्तै दुखी रहेको विचार व्यक्त गर्नु भयो । संघीयतामा सबै समुदायलाई न्याय दिलाउँदै हामी भन्ने भावनाकासाथ अगाडि बढ्नु पर्ने र नेपाली नागरिकले आफ्ना मागहरूलाई अनुमोदन गरी संसदमा समेत पठाइसकेकोले आफूहरू अत्यन्तै जिम्मेवार एवम् परिपक्व ढंगले अगाडि बढ्ने प्रण गर्दै टिकापुर घटना राजनीतिक घटना भएकोले विगत ५ वर्षदेखि जेलमा रहनु भएका आफ्ना अगुवा नेतालाई निसर्त रिहाईको माग राख्दै सदनमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरूको साथ र सहयोग रहने अपेक्षा सहित आजको यो सदन स्थगित गर्न सभामुख समक्ष अपिल गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले विशेष छलफलका लागि १५ मिनेट पछि पुनः बस्नेगरी दिनको १३:५३ बजे यो बैठक स्थगित गर्नु भयो ।

स्थगित बैठकलाई दिनको १४:१८ मा पुनः प्रारम्भ गर्दै माननीय सभामुखज्यूले संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले मिति २०७९।१०।०३ गतेको पत्रबाट सचिवालयमा सूचना दिनु भएकोले नेपालको संविधानको धारा १८८ को उपधारा (१) तथा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (४) बमोजिम माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूलाई वक्तव्य सहित आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले उपस्थित सबै दलका माननीय सदस्यज्यूहरूलाई साझा समस्या र चुनौतीलाई फेस गर्न तथा ती चुनौतीका बिचबाट आउने सम्भावनालाई स्थापित गरेर प्रदेशलाई समृद्ध बनाउने कुरामा हातेमालो गरेर अगाडि बढ्न र प्रदेश सभामा उठेका कतिपय विषयहरूलाई राजनीतिक

हिसाबले सम्बोधन गर्न संघीय सरकारसँग संयुक्त रूपमा धारणा बनाएर अगाडि बढाउने विचार व्यक्त गर्नुभयो । २०५१ सालको मनमोहन अधिकारीले निर्माण गरेको सरकार र उहाँले प्राप्त गरेको विश्वासको मत, भर्खरै संघीय सरकारका साथै मधेस प्रदेशमा प्राप्त विश्वासको मतले पनि सबै पार्टीहरू यो प्रदेश सभामा एक ठाउँमा उभिनका लागि कुनै बाधा नभएको र एउटा नजिर बनिसकेको सन्दर्भमा सबै दलका माननीयज्यूहरूलाई माननीय सभामुखमार्फत् आफ्नो नेतृत्वमा बनेको प्रदेश सरकारलाई समर्थन गर्न, यसको पक्षमा मतदान गर्न हार्दिक आह्वान गर्दै आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यू माथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव माथि लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (५) बमोजिम छलफल हुने व्यहोरा जानकारी गराउँदै छलफलमा भाग लिन देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोहि बमोजिम माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

मा. सदस्य श्री तारा थापा
मा. सदस्य श्री अम्विका काफ्ले
मा. सदस्य श्री राजकुमार चौधरी
मा. सदस्य श्री इन्द्रजीत थारू
मा. सदस्य श्री भूमिश्वर ढकाल
मा. सदस्य श्री सुमन सर्मा रायमाझी
मा. सदस्य श्री सन्तोष कुमार पाण्डेय
मा. सदस्य श्री आशिष कुमार चौधरी
मा. सदस्य श्री डिल्ली बहादुर चौधरी

तदनन्तर माननीय सभामुखज्यूले माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यू माथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव माथि माननीय सदस्यहरूले बोल्नेक्रम समाप्त भएको जानकारी गराउदै छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूलाई समय दिनुभई माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली,२०७९ को नियम १४५ को उपनियम (६) बमोजिम माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यू माथि विश्वास छ भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा हस्ताक्षर सहितको मत विभाजन गरी मत संकलन गरिने र सोका लागि अपनाइने कार्यविधिका सम्बन्धमा माननीय सदस्यहरूलाई जानकारी गराउनु भयो ।

मतदान कार्य सम्पन्न भइसकेपछि मत विभाजनको परिणाम घोषणा गर्दै माननीय सभामुखज्यूले प्रदेश सभामा हाल ८७ जना माननीय सदस्यहरू रहेकोमा आजको मतदानमा उपस्थित माननीय सदस्यहरूको संख्या सभामुख बाहेक ८५ (पचासी) जना रहेको र नेपालको संविधानको धारा १८८ को उपधारा (१) र प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (४) बमोजिम माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले आफूमाथि प्रदेश सभाको विश्वास छ भनी पेश गर्नु भएको प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ५७ (सन्ताउन्न ) मत, प्रस्तावको विपक्षमा अर्थात "हुन्न" भन्ने पक्षमा जम्मा २८ (अट्ठाईस) मत परेको र तटस्थमा ० (शुन्य) जना रहनुभएको विवरण सुनाउनु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ५७ (सन्ताउन्न) मत परेको र सो मत लुम्बिनी प्रदेश सभामा हाल कायम रहेको कुल सदस्य संख्या ८७ जनाको बहुमत भएकोले माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले आफूमाथि प्रदेश सभाको विश्वास छ भनी पेश गर्नु भएको प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले पहिलो अधिवेशनको आगामी पाँचौं बैठकको मिति र समय सूचनापत्रद्धारा जानकारी गराउने गरी  दिनको  १६:११ बजे आजको बैठक सम्पन्न गर्नु भयो ।

**२०७९ साल माघ २० गते शुक्रबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको पाँचौँ बैठकको कार्यवाही माननीय सभामुख श्री तुलाराम घर्तीज्यूको अध्यक्षतामा दिनको १३:२९ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले नागरिक उन्मुक्ति पार्टी संसदीय दलका नेता माननीय सदस्य श्री धर्म बहादुर चौधरीलाई दलको तर्फबाट बोल्न विशेष समय दिनुभयो ।

माननीय सदस्य श्री धर्म बहादुर चौधरीले सिता, गौतम बुद्ध र पृथ्वीनारायण शाह जन्मेको यो देशमा नागरिक उन्मुक्ति पार्टीले न्यायको मुद्दा लिएर अगाडि बढिरहेको तर रेशमलाल चौधरी, माननीय अरूण चौधरीलगायतका थारूलाई सम्झौता विपरित विभिन्न बाहनामा जेल राख्ने तथा हाल्ने प्रयास भइरहेकोले यो कदमप्रति नागरिक उन्मुक्ति पार्टीको विरोध रहेको व्यहोरा जानकारी गराउँदै नेपाल सरकार र थरूहट संघर्ष समितिको बिचमा भएको सहमतीपत्रलाई सभा समक्ष पढेर सुनाउनु भयो । सरकारको यस निर्णय प्रति विमति जनाउँदै जबसम्म माननीय अरूण चौधरीलाई स-सम्मान रिहाइ गरिन्न तबसम्म सदन चल्न नदिने ब्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले दिनको १४:०० बजे पुनः बैठक बस्ने गरी दिनको १३:४२ बजे यो बैठक स्थगित गर्नु भयो ।

स्थगित बैठकलाई दिनको १४:०६ मा पुनः प्रारम्भ गर्दै माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (३) बमोजिम विशेष समयमा बोल्न देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो ।

माननीय सदस्य श्री राजकुमार चौधरीः  दश वर्षे जनयुद्ध र १९ दिने जन–आन्दोलनपछि संविधान सभाद्वारा विभिन्न समुदायले पहिचान सहितको प्रदेश राज्य मागगर्ने क्रममा नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय र थारू संयुक्त संघर्ष समितिबिच दश बुँदे सम्झौता भएको तर आज त्यो सम्झौतालाई नेपाल सरकारले उल्लङ्घन गर्दै माननीय अरूण चौधरीलाई प्रदेश प्रमुख, सभामुख र उपसभामुखको निर्वाचनमा मतदान गरिसकेपछि पक्राउ गरेको प्रति आ ˆनो पार्टीको विरोध रहेको जानकारी गराउनु भयो । बर्दिया र बाँके जिल्लामा प्रयाप्त बजेटको माग गर्दै राष्ट्रिय भूमि आयोगमार्फत मुक्तकमैया र भूमिहिनहरूलाई व्यवस्थित बनाउन प्रदेश सरकारले विशेष ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठः  लुम्बिनी प्रदेशको दोस्रो कार्यकालकालागि विजयी गराउनुहुने सम्पूर्ण मतदातालाई धन्यवाद दिदैँ राष्ट्र र जनताप्रति समर्पित सम्पूर्ण वीर सहिदहरू, पोखरा एयरक्र्यासदेखि लिएर सुस्ताका अभियन्ता गोपाल गुरूङप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै प्रदेश सरकार स्वभाविक रूपमा सुस्ताको क्षेत्रमा संवेदनशिल हुनुपर्ने विचार व्यक्त गर्नुभयो । प्रदेश सरकारमा निर्वाचित हुनुहुने माननीय मुख्यमन्त्री, मन्त्रीज्यूहरू र सभामुखज्यू लगायत सबैलाई बधाई दिँदै दलगत स्वार्थभन्दा माथि उठेर बेथितिहरूको अन्त्य गर्दै संघीयतालाई सफल बनाउन मन्त्रालयको संख्या घटाउने, शासन व्यवस्थालाई मितव्ययी, पारदर्शी र जवाफदेही  बनाउँदै जनमैत्री शासन व्यवस्था लागू गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

माननीय सदस्य श्री विष्णु प्रसाद पन्थीः  लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकालमा निर्वाचित गराउनु हुने सम्पूर्ण मतदाताहरूहरूलाई हार्दिक धन्यवाद तथा निर्वाचित सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना दिनुभयो । शून्यबाट शुरू भएको प्रदेश सभा पाँच वर्ष पछाडि आइपुग्दा यसले आधार टेकिसकेको र आगामी पाँच वर्षको समय प्रदेश सभाकोलागि धेरै महत्वपूर्ण रहेको

विचार व्यक्त गर्नुभयो । परिपक्व ढँगले कानून निर्माण हुनुपर्ने, फिनिसिङ्ग हुन बाँकी आयोजनाहरूलाई पूर्णता दिनुपर्ने, प्रदेशको मुख्य लाइफलाइन बर्दघाटदेखि चिसापानी सडकको बर्दघाटदेखि बुटवल र एमसीसी मार्फत निर्माण हुने सडक  निर्माण गरिनुपर्ने, भौगोलिक र भावनात्मक एकता जोड्ने ठूला आयोजनामा बजेट विनियोजन गर्नुपर्ने र सेवाग्राहीलाई सहज र सर्वसुलभ तरिकाले सेवा प्रवाह गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री भुनवेश्वर चौधरीः**

दोस्रो प्रदेश सभाको पहिलो अधिवेशनको यो पाँचौ बैठकमा लोकतन्त्र प्राप्तीका लागि बलिदानी दिने सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नव-निर्वाचित माननीय सदस्यहरू, नवगठित मन्त्रीमण्डल, सभामुख एवम् उपसभामुखलाई बधाईका साथै सफल कार्यकालको शुभकामना दिनुभयो । कानून निर्माण र यसको कार्यान्वयनमा सरकार गम्भीर हुनुपर्ने, रोजगारी श्रृजना, व्यवसायमूलक कृषिका लागि मल र बिउको उचित प्रबन्ध, प्राविधिक शिक्षा मार्फत देशको आर्थिक अवस्थामा सुधारका साथै अपराधिक कृयाकलापको कानूनी उपचार हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री आदेश कुमार अग्रवालः**

यति एयरलाइन्सको विमान दुर्घटनाबाट मृत्यु हुनु भएका र आत्मदाह गर्नु भएका प्रेम प्रसादप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभयो । कोरोना र आर्थिक मन्दीका कारण विगत ३ वर्ष देखि व्यवसायीहरू अत्यन्तै मर्कामा रहेकोले बैंकहरूको मनोमानी ब्याज असुलीको नियन्त्रण, नेपालगञ्ज औद्योगिक क्षेत्र लगायत सुख्खा बन्दरगाह समयभित्रै निर्माण सम्पन्न गर्नुपर्ने, खुल्ला सिमानालाई व्यवस्थित गरी राजश्व चुहावट नियन्त्रण र कृषिप्रधान देश नेपालमा कृषिकालागि अपरिहार्य साधन टेक्टरमा लाग्ने कर घटाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री बैजनाथ कलवारः**

माघ १ गतेको जहाज दुर्घटना, सुस्ता बचाउ अभियानका अभियन्ता गोपाल गुरूङकासाथै नेकपा माओवादी केन्द्रको दलका नेता माननीय जोख बहादुर महराकी ममतामयी माताको श्रूवर्गारोहणप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो । प्रदेश सरकार मन्त्रीमण्डल, सभामुख एवम् उपसभामुखका साथै माननीय सदस्यहरूलाई सफल कार्यकालको शुभकामना दिनुभयो । देवकुलका मतदाताले आफूलाई सुम्पेको जिम्मेवारी शिरोधार्य गर्ने, प्रदेशको आफ्नो शासन र आफ्नै प्रशासन हुनुपर्ने, प्रदेश प्रहरी ऐनको कार्यान्वयनका साथै प्रदेश निजामती सेवा ऐनको निर्माण हुनुपर्ने, प्रदेशलाई अगाडि बढाउन पूँजीगत बजेटलाई यथासमयमै खर्च गर्ने व्यवस्था हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री कन्हैया बनियाः**

यो सदन आफ्नोलागि नौलो अनुभूति भएको तर देश विकासकालागि एउटा महत्वपूर्ण अवसर रहेको विचार व्यक्त गर्नुभयो । एउटा छुट्टै पहिचान बोकेको मर्चवार विभिन्न कालखण्ड वितिसक्दा पनि विकासमा पछाडि परेको, रूपन्देहीकै पिछडिएको क्षेत्रकारूपमा चित्रित भएको भन्दै किसानमात्र भएको सो क्षेत्रको विकासकालागि कृषकलाई मल, विउ समयमा उपलब्ध गराउनु पर्ने, मर्चवारमा छोटी भन्सार कार्यालय स्थापना गर्नुपर्ने, पिछडिएका क्षेत्रमा प्रयाप्त बजेटको व्यवस्था गरी देश विकासलाई अगाडि बढाउन सकिने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री सरोज थापाः**

सम्पूर्ण शहिदहरूको स्मरण गर्दै आफूलाई यो संसदसम्म पुर्याउन मतदान गर्नुहुने मतदाताहरूलाई नमन् र जनप्रतिनिधिका विषयहरूलाई जनतासामु पुर्याउनुहुने प्रेसकर्मीप्रति आभार व्यक्तगर्दै सँगै यात्रा गर्ने वचनबद्धता

प्रकट गर्नुभयो । नेपाल कृषि प्रधान देश भएपनि किसानले मल, बिउबिजन समयमा पाउन नसकेको, बैंक तथा सहकारीको ऋणले आत्महत्याका घटना बढिरहेको, सरल र सहज तरिकाले व्यवसाय सञ्चालन गर्न कठिनाई भएको, संघियतालाई कम खर्चिलो तथा मितव्ययी बनाउनुपर्ने, पर्यटकीय केन्द्रहरूको प्रवर्द्धन मार्फत राष्ट्रिय आम्दानीमा बढोत्तरी, विषयगत क्षेत्रहरूमा बजेट बढाउनुपर्ने, युवाशक्ति पलायन रोक्ने योजना निर्माण र सरकारको स्थिरताको लागि प्रदेश सरकारको ध्यानाकर्षण गर्नुभयो ।

**माननीय सदस्य श्री सन्तोष कुमार पाण्डेः**

प्रदेश सरकारले गरेका कुरा जनतामा अनुभूति गराउन सकेमा मात्र प्रदेश सरकारको औचित्य पुष्टि गर्न सकिने, कृषि योग्य भूमिकालागि आवश्यक मल उत्पादन कारखाना स्थापना गर्नुपर्ने, सिमित सरकार र व्यापक सेवाप्रवाहमा जोड दिनुपर्ने, भैरहवामा अवस्थित गौतम बुद्ध अन्तरराष्ट्रिय एयरपोर्ट सञ्चालनबाट मात्रै पनि प्रदेश सरकार आत्मनिर्भर हुनसक्ने, प्रदेशभित्रका उद्योगी व्यवसायीको संरक्षण गर्नुपर्ने र आम जनताको गास, बास र कपासको व्यवस्था गरेर आत्महत्यालाई रोक्न प्रदेश सरकारले विशेष जिम्मेवारी लिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री कृष्णा कुश्मा थारूः**

नेपालको राजनीति र राज्य व्यवस्थामा परिवर्तन ल्याउने महान वीर सहिद लगायत सम्पूर्ण आन्दोलनमा सहादत प्राप्त र वेपत्ता नागरिकहरूप्रति गहिरो समवेदना व्यक्त गर्नुभयो । प्रदेश भित्रका सम्पूर्ण मतदाताहरूलाई धन्यवाद दिँदै निर्वाचित सम्पूर्ण माननीय सदस्यहरूको सफल कार्यकालको शुभकामना दिनुभयो । प्रदेशको अन्तिम र पिछडिएको बर्दिया जिल्लाको आरूरूरूनै नाका नभएकोले आर्थिक तथा पर्यटकीय क्षेत्रसँग जोड्न पर्यटन मार्ग निर्माण गर्नुपर्ने, सिकलसेल एनिमिया, थालेस्मिया जस्ता रोगको निःशुल्क उपचारका साथै थारू समुदायसँग भएको सम्झौताको कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनु भयो ।

**माननीय सदस्य रामजी प्रसाद घिमिरेः**

दोस्रो कार्यकालकालागि आफूलाई निर्वाचित गरी पठाउने मतदातालाई धन्यवाद दिँदै दोस्रो प्रदेश सभालाई प्राप्त जनादेश बमोजिम लुम्बिनी प्रदेशको सरकार गठनलाई यथाशीघ्र पूर्णता दिनुपर्ने, सरकारका अगाडि विभिन्न समस्या र चुनौती रहेकोले ती चुनौतीहरूको सामना गर्नुपर्ने, उद्योगहरू समस्याग्रस्त रहेको समाचारलाई इङ्गित गर्दै तिनको संरक्षणको दायित्व पूरा गर्नुपर्ने, प्रदेशको विकास निर्माण, सुशासन र समृद्धिलाई गतिदिनु पर्ने विचार व्यक्त गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले विशेष समयमा माननीय सदस्यहरूले बोल्नेक्रम समाप्त भएको र माननीय सदस्यहरूले विशेष समयमा उठाउनु भएका विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले ७ (सात) दिनभित्र सभामुख मार्फत सभालाई उपलब्ध गराउनु पर्ने ब्यवस्था रहेको जानकारी गराउनु भयो ।

तदुपरान्त "महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ र २०७९" सभामा पेश गर्न माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूलाई अनुमति दिनुभई माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले उक्त प्रतिवेदनहरू सभा समक्ष पेश गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूबाट सभामा पेश भएको "महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ र २०७९" अध्ययन, छलफल र सुझावका लागि सार्वजनिक लेखा समितिमा स्वतः जाने प्रावधान रहेको व्यहोरा अवगत गराउनु भयो ।

तत्पश्चात लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४ को उपनियम (१) बमोजिम प्रदेश सभाको बैठकमा पेश हुने विषयहरूको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको

अध्यक्षतामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका सदस्यहरूको समानुपातिक प्रतिनिधित्व हुने गरी सभामुख-अध्यक्ष, उपसभामुख- पदेन उपाध्यक्ष र प्रदेश सभा मामिला हेर्ने मन्त्री- पदेन सदस्य समेत बढीमा १३ (तेह्र) जना सदस्य रहेको एक कार्यव्यवस्था परामर्श समिति गठन गर्न सकिने व्यवस्था भए बमोजिम संसदीय दलहरूको कार्यालयले सिफारिस गरी पठाएको नामावली अनुसार कार्यव्यवस्था परामर्श समिति गठन गर्न देहायका माननीय सदस्यहरूलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउदै उक्त मनोनयन सभाबाट अनुमोदन भएको घोषणा समेत गर्नुभयो ।

माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी
माननीय सदस्य श्री रत्न बहादुर खत्री
माननीय सदस्य श्री वसीउद्दीन खाँ
माननीय सदस्य श्री जन्मजय तिमिल्सिना
माननीय सदस्य श्री इन्द्रजीत थारू
माननीय सदस्य श्री मिना कुमारी श्रेष्ठ
माननीय सदस्य श्री राजकुमार चौधरी
माननीय सदस्य श्री अम्बिका काफ्ले
माननीय सदस्य श्री सुमन सर्मा रायमाझी
माननीय सदस्य श्री सन्तोष कुमार पाण्डेय

अन्त्यमा, माननीय सभामुखज्यूले पहिलो अधिवेशनको आगामी छैठौँ बैठकको मिति र समय सूचनापत्रद्धारा जानकारी गराउने गरी दिनको १५:४९ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल फाल्गुण १७ गते बुधबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको छैठौँ बैठकको कार्यवाही माननीय सभामुख श्री तुलाराम घर्तीज्यूको अध्यक्षतामा दिनको १३:२० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त मिति २०७९/१०/२९ गतेको लुम्बिनी प्रदेशको मन्त्रिपरिषद् पुनर्गठन तथा कार्यविभाजन सम्बन्धमा माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मौजुदा मन्त्रिपरिषद्रूमा देहाय बमोजिम नियुक्ति र कार्यविभाजन गरी पुनर्गठन गर्नु भएको व्यहोराको पत्र पढेर सुनाउनु भयो ।

| क्र. सं. | नाम, थर | पद नाम | कार्य विभाजन |
|---|---|---|---|
| १ | मा. लिला गिरी | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | मा. जोख बहादुर महरा | मन्त्री | आर्थिक मामिला मन्त्रालय |
| ३ | मा. चेत नारायण आचार्य | मन्त्री | खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय |
| ४ | मा. इन्द्रजीत थारु | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ५ | मा. विष्णु प्रसाद पन्थी | मन्त्री | स्वास्थ्य मन्त्रालय |
| ६ | मा. कृष्णा के.सी. | मन्त्री | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |
| ७ | मा. दुर्गा प्रसाद चौधरी | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| ८ | मा. जानकी प्रसाद यादव | मन्त्री | उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय |
| ९ | मा. तुलसी राम शर्मा | मन्त्री | कृषि तथा भूमि व्यवस्था मन्त्रालय |
| १० | मा. चन्द्रकेश गुप्ता | मन्त्री | सामाजिक विकास मन्त्रालय |

प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त मिति २०७९/११/०८ गतेको जिम्मेवारी हेरफेर र नियुक्ति गरी मन्त्रिपरिषद् विस्तार सम्बन्धमा माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूको सिफारिसमा माननीय प्रदेश प्रमुख

श्री अमिक शेरचनज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम  मौजुदा मन्त्रिपरिषद्रूमा तपसिल बमोजिमको जिम्मेवारी हेरफेर र नियुक्ति गरी मन्त्रिपरिषद् विस्तार गर्नु भएको व्यहोराको पत्र पढेर सुनाउनु भयो ।

| क्र. सं. | नाम, थर | पद नाम | कार्य विभाजन |
|---|---|---|---|
| १ | मा. श्री तुल्सी राम शर्मा | मन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | मा. श्री भण्डारी लाल अहिर | मन्त्री | कृषि तथा भूमि व्यवस्था मन्त्रालय |

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को  उपनियम (३) बमोजिम विशेष समयमा बोल्न देहायका माननीय सदस्यहरूलाई समय दिनु भयो ।

**माननीय सदस्य श्री तारा थापाः**

गणतन्त्र, धर्मनिरपेक्षता र राष्ट्रियताको रक्षा गर्दै संस्थागत गर्न राष्ट्रपतिको निर्वाचनमा अधिकतम ध्यान पुर्याउनु पर्ने, राजधानी दाङ देउखुरी क्षेत्रको जग्गा खरिद बिक्रीका लागि खुल्ला गर्नुपर्ने, प्रदेशको प्राकृतिक श्रोत र साधनको संरक्षणमा सरकारलाई ध्यानाकर्षण गराउदै आफ्नो पार्टीले कपिलवस्तु र रूपन्देहीलाई बौद्ध पुरातात्विक ऐतिहासिक सहर निर्माण गर्ने अभियान चलाएकोले सम्पूर्ण राजनीतिक दलहरू पनि एकजुट भई अगाडि बढ्न अपिल गर्नुभयो ।

**माननीय सदस्य श्री मिना कुमारी श्रेष्ठः**

देश आर्थिक मन्दीको अवस्थाबाट गुज्रिरहेकोले यो अवस्थाबाट देशलाई निकास दिन सभा समक्ष जोडदार माग  गर्नुभयो ।

**माननीय सदस्य श्री खेम बहादुर सारूः**

पहिलो पटक सम्मानीत सदनमा उभिएर बोल्ने अवसर प्रदान गर्नहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिंदै प्रदेश गौरवको आयोजनाको रूपमा रहेको रामपुर- आर्यभञ्याङ् सडकमा प्रयाप्त बजेट र शीघ्र स्तरोन्नतीको ब्यवस्था गर्नुपर्ने, प्रदेश सरकारको करोडौ लगानीमा रहेको पाल्पाको साँस्कृतिक डबली सञ्चालन र व्यवस्थापन कार्यविधि निर्माण हुनुपर्ने, स्वास्थ्य विमा सुविधा कार्यक्रम सहजरूपमा सञ्चालन गर्नुपर्ने, तानसेन-झडेवा-नवलपरासी-काठमाण्डौं वैकल्पिक मार्गकोलागि बजेटको उचित व्यवस्था गर्न माग गर्नुभयो ।

**माननीय सदस्य श्री यम बहादुर नेपालीः**

राजनीतिक ब्यवस्था परिवर्तन भएतापनि जनताको अवस्थामा परिवर्तन नआएकोले आम श्रमजिवी वर्ग, आर्थिक तथा सामाजिक बहिष्करणमा परेका सिमान्तिकृत समुदायले लोकतन्त्रको अनुभूति गर्न सक्नेगरी उनीहरूको हित रक्षाका लागि कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, चेतना र ज्ञानको वैज्ञानिक एवम् विकसित यस युगमा विभेद र बहिष्करणका घटनामा पिडितलाई न्याय र अपराधीलाई कारवाही गरी दण्डहिनताको अन्त्य हुनुपर्ने, मानवता विरूद्धको गम्भीर अपराधका घटना हेर्ने कार्यालयहरूमा छुवाछुत भेदभाव हेर्ने डेस्कको ब्यवस्था, शीघ्र न्याय ब्यवस्था, प्रदेशमा राष्ट्रिय दलित आयोगको कार्यालयको स्थापना र सञ्चालन, दलित बिकास बोर्डका साथै  दलित अधिकार ऐनको निर्माण र सोहि अनुसारका संरचनाको स्थापना गर्दै नीति, कार्यक्रम र बजेट निर्माण गर्दा  विकासमा सबैभन्दा पछाडि परेका समुदायको पक्षमा विशेष ध्यान दिन लुम्बिनी प्रदेश सभा मार्फत सरकारको ध्यानाकर्षण गराउनु भयो  ।

**माननीय सदस्य श्री यमुना रोका तामाङः**

आत्म सम्मानकासाथ बाँच्न आधारभूत अधिकारबाट बञ्चित गरिन्छ भने लडेर भएपनि अधिकार प्राप्त गर्नु पर्छ भन्ने दर्शनलाई पहिलोपटक नेपाली माटोमा प्रयोग गर्ने लखन थापा लगायत खास खास आन्दोलनमा बलिदान दिनुहुने महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूप्रनि उच्च सम्मान प्रकट गर्नुभयो । रोल्पा र रूकुम जिल्लाका दुर्गम बस्तीहरूमा प्रजनन् स्वास्थ्य, आत्स्ने, क्यान्सर लगायतका समस्या रहेको, स्वास्थ्य केन्द्रमा औषधी, स्वास्थ्य उपकरणका साथै एम्बुलेन्सको प्रयाप्त सुविधा हुनुपर्ने र जिल्ला भित्रका सडकका साथै अन्य जिल्ला जोड्ने सडकको निर्माण तथा स्तरोन्नतिका लागि सभामार्फत सरकारको ध्यानाकर्षण गराउनु भयो ।

**माननीय सदस्य श्री विर बहादुर रानाः**

संविधानको रक्षा र लोकतान्त्रीक पद्धतिको विकासकालागि जिम्मेवारीपूर्वक भूमिका वहन गर्दै उत्साहपूर्ण सहभागिताकासाथ प्रस्तुत हुनुहुने आम मतदाताप्रति हार्दिक सम्मानका साथै धन्यवाद व्यक्त गर्नुभयो । आवधिक निर्वाचन र त्यसको परिणाम स्वरूप निर्माण भएको सरकारका मुख्यमन्त्री लगायत सम्पूर्ण मन्त्रीहरूलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना दिनुभयो । पहिलो कार्यकालका केही तिता घटनाको स्मरण गराउँदै यो कार्यकाल प्रदेशको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको बाटोमा अगाडि बढनुपर्ने, राजनीतिप्रतिको आकर्षण र ब्यवस्थाप्रतिको विश्वास जगाउँन हरेकले आफ्नो चरित्र निर्माणमा लाग्नुपर्ने, कृषि, वन, उद्योग, लगायतका विषयगत क्षेत्रमा उपयुक्त नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने, निजी क्षेत्रको साझेदारीमा पर्यटकीय क्षेत्रको विकास गरी अर्थतन्त्रलाई मजबुद बनाउन सकिने, गाउँ गाउँमा सिंहदरवारको अवधारणालाई साकार पार्न अधिकारको विकेन्द्रिकरणका साथै सबैको सिकाई र अनुभवलाई ग्रहण गर्दै अगाडि बढ्नु पर्ने र त्यसमा आफूहरूको सकारात्मक सहयोग रहने विचार व्यक्त गर्नु भयो ।

**माननीय सदस्य श्री अम्विका काफ्लेः**

ठूला भन्दा जनताको सहज पहुँच हुने र कार्यान्वयनयोग्य योजनाको छनौटमा प्रदेश सरकारले ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो । आधारभूत स्वास्थ्य सुविधाको यथाशिघ्र प्रवन्ध, बैंकको चर्को ब्याजदर नियन्त्रण र तरलता ब्यवस्थापन, कृषि उपजको बजारिकरण, निर्यातमा आधारित अर्थतन्त्रमा जोड, मौलिक हकको निर्वाध कार्यान्वयन, रोजगारी श्रृजनामा जोड, नागरिकता प्राप्तिमा सहजिकरण, बजेट विनियोजनमा सांसदहरूबीच समानता जस्ता विषयमा लुम्बिनी प्रदेश सरकार उदाहरणीय र सिकाइको रूपमा रहोस् भन्ने विचार व्यक्त गर्नु भयो ।

**माननीय सदस्य श्री राज कुमार चौधरीः**

सभामा उपस्थित सम्पूर्ण माननीयहरूको एउटै उद्देश्य जनताको सुख, दुःख, पिडा र विभेदलाई ऐन कानून निर्माण गरी अन्त्य गर्ने, समृद्ध र आत्मनिर्भर लुम्बिनी प्रदेश निर्माण गर्ने रहेको विचार व्यक्त गर्नुभयो । शून्य भेदभाव दिवसको आजको दिनमा समाजमा जरा गाडेर रहेको विभेद तथा थारू समुदायमाथि शिक्षा, स्वास्थ्य र न्याय प्रणालीमा रहेको भेदभावको अन्त्य गर्नुपर्ने, राष्ट्रिय भूमि आयोगलाई कृयाशिल तुल्याई वास्तविक गरिब, दलित, भूमिहिन र सुकुम्बासीलाई लालपूर्जा वितरण गर्नुपर्ने, नव-सामन्तका रूपमा उदाएका लघुवित्तको चर्को ब्याजलाई नियन्त्रण गर्न सम्पूर्ण माननीयहरूको ध्यानाकर्षण गराउनु भयो ।

**माननीय सदस्य श्री भगवती अधिकारीः**

२०४६ सालको पञ्चायती ब्यवस्थाको अन्त्यसँगै बहुदलीय ब्यवस्थाको प्रारम्भ एवम् २०६३ सालको संघीय गणतन्त्रको स्थापना पश्चात पनि अन्याय, अत्याचार, भ्रष्टाचार र बेथितिको अन्त्य हुन नसकेको विचार व्यक्त गर्नुभयो । "निशुल्क स्वास्थ्य उपचार जनताको मौलिक अधिकार" भन्ने नारालाई साकार पार्न अस्पतालहरूको सरसफाई व्यवस्थापन, प्रयाप्त वेड एवम् डाक्टरहरूको सुविधाका साथै विरामीको शीघ्र स्वास्थ्य उपचार र विमा सविधा लिएका विरामीहरूलाई प्रयाप्त औषधीको व्यवस्था गर्न र सामयिक अनुगमन एवम् निरीक्षणको व्यवस्था गर्न सभा मार्फत प्रदेश स्वास्थ्य मन्त्रालयको ध्यान जानुपर्ने विचार व्यक्त गर्नु भयो ।

**माननीय सदस्य श्री राजु प्रसाद श्रेष्ठः**

सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै पहिलो पटक सम्मानीत सदनमा उभिएर बोल्ने अवसर प्रदान गर्नहुने मतदाता र नेकपा एमाले पार्टीलाई हार्दिक धन्यवाद दिनुभयो । लुम्बिनी प्रदेशकै सबैभन्दा पूर्वमा अवस्थित मगर जातिको बाहुल्यता रहेको पाल्पा जिल्ला विकास र जनचेतनाका दृष्टिमा पिछडिएको, प्रदेशकै गौरवको योजनाको रूपमा रहेको रामपुर-कपुरकोट सडक खण्डको रामपुर-आर्यभञ्याङ् सडक बेवारिसे भएको, खानेपानी आयोजनाहरू अधुरो रहेको, रामपुर अस्पतालमा कर्मचारी व्यवस्थापन र सञ्चालनका साथै रामपुर बेलडाँडा- मित्याल- आरूत्तेला सडक खण्डमा पुल निर्माण लगायत पूर्वी पाल्पाको समग्र विकास र सु-शासनमा प्रदेश सरकारको ध्यान जाओस् भन्ने कामना गर्नुभयो ।

**माननीय सदस्य श्री दिपेन्द्र कुमार पुन मगरः**

अब्राहम लिंकन, माओ र अब्दुल कलामले दिएको प्रजातन्त्रको परिभाषाको चर्चा गर्दै वास्तवमा जनताबाट लिने र जनतालाई नै दिने कार्य प्रजातन्त्र हो भन्ने आ ँनो तर्क राख्नुभयो । भ्रष्टाचार मुक्त देश डेनमार्क र शिक्षामा सबै भन्दा ख्याती प्राप्त देश भनेर फिनल्याण्डलाई चिनिन्छ भने नेपाललाई पनि सकारात्मक विषयमा नमुना राष्ट्र बनाउनु पर्ने, भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अपनाउनुदै सुशासनमा खरो उत्रिनुपर्ने र राजनीति तमाम समस्याहरूको जवाफदिने उच्च निकाय हुनुपर्ने विचार व्यक्त गर्नुभयो । बजेट कार्यान्वयनका समस्या समाधान गर्दै राजश्व संकलन र पूँजिगत खर्च बृद्धि गर्नुपर्ने र सबै माननीयहरू जागरूक भएर तमाम समस्याको समाधान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री जन्मजय तिमिल्सिनाः**

नेपाली नागरिकको स्वतन्त्रता र सर्वोच्चताको पैरवी गरिने गरिमामय सदनमा पहिलो पटक मन्तव्य राख्दै गर्दा नेपालको स्वन्त्रता, स्वाधीनता र सामाजिक न्यायकालागि संघर्ष गर्ने सम्पूर्ण सहिद र योद्धाहरूप्रति सम्मान व्यक्त गर्नुभयो । बर्दियाली जनताको माया र सद्भावले आफूमा समाज रूपान्तरणको हुटहुटी जागेको र शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत विकासका पूर्वाधारको वर्तमान अवस्थामा क्रमभंगता आफ्नो प्राथमिकता रहेको धारणा व्यक्त गर्नुभयो । मानव र वन्यजन्तुबिचको अन्तर सम्बन्ध कायम गर्नुपर्ने, धार्मिक पर्यटकीय करिडोरको विकास, प्रदेशका गौरवपूर्ण आयोजनाको कार्यान्वयन, उत्पादनको बजारीकरण, राजनैतिक इमान्दारिता र क्षमतामार्फत रूपान्तरण, नविन शैलीको अनुसरण, विचारको विविधताको सम्मान, लोकतान्त्रीक संस्थाहरूको सुदृढीकरण र लिखित दस्तावेज भन्दा पनि त्यसको व्यवहारिक कार्यान्वयनमा जोड दिनुपर्ने विचार राख्दै मतदाताहरूको आशा र भरोसालाई सदैव शिरोधार्य गर्ने विचार व्यक्त गर्नभयो ।

**माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठः**

संवैधानिक मर्म र भावना अनुरूप मुलुकलाई अगाडि बढाउन तथा शहिदहरूको सपनालाई साकार पार्न सार्वजनिक विदा कटौति गर्दै सार्वजनिक सेवा प्रवाह र उत्पादनमूलक कार्यमा जोड दिनुपर्ने, राजधानी

तोक्ने र सार्ने विषय पुरानो भईसकेकोले प्रदेश सरकारले नविनतम् कार्यलाई उपलब्धी देखाउन उद्दत हुनुपर्ने, विषयगत समितिहरूको गठनमा ढिलाई गर्न नहुने, संसदप्रति सरकारको जवाफदेहिता प्रवर्द्धन, कानून कार्यान्वयनमा अग्रसरता र मन्त्रालय एवम् मन्त्रीहरूको संख्यामा स्थिरता कायम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको र माननीय सदस्यहरूले विशेष समयमा उठाउनु भएको विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले ७ (सात) दिनभित्र सभामुख मार्फत सभालाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको जानकारी गराउनु भयो ।

तदुपरान्त "मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७८।०७९" सभामा पेश गर्न माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूको तर्फबाट माननीय स्वास्थ्य मन्त्री श्री विष्णु प्रसाद पन्थीलाई अनुमति दिनुभई माननीय स्वास्थ्य मन्त्री श्री विष्णु प्रसाद पन्थीले उक्त प्रतिवेदन सभा समक्ष पेश गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ९४ को उपनियम (१) बमोजिम "स्वास्थ्य संस्था स्थापना, संचालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश" सभामा पेश गर्न माननीय स्वास्थ्य मन्त्री श्री विष्णु प्रसाद पन्थीलाई अनुमति दिनुभई माननीय स्वास्थ्य मन्त्री श्री विष्णु प्रसाद पन्थीले उक्त संशोधन अध्यादेश सभा समक्ष पेश गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले पहिलो अधिवेशनको आगामी सातौँ बैठकको मिति र समय सूचनापत्रद्धारा जानकारी गराउने गरी दिनको १४:५९ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल चैत्र २० गते सोमबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको सातौँ बैठकको कार्यवाही माननीय सभामुख श्री तुलाराम घर्तीज्यूको अध्यक्षतामा दिनको १३:३५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (३) बमोजिम विशेष समयमा बोल्न देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो ।

**माननीय सदस्य श्री तारा थापाः**

सरकार ढाल्ने र बनाउने खेलमा आफूहरूलाई साक्षी बन्नुपर्ने बाध्यता भएको, सरकारले गणतन्त्र, धर्मनिरपेक्षता र राष्ट्रियतालाई कत्यालमा उभ्याउने प्रवल संभावना रहेको, अघिल्लो बैठकमा पनि उठाएको दाङ देउखुरी राजधानी क्षेत्रको जग्गा किनबेचको समस्या तत्काल समाधान गर्न पुनः माग गर्दै फलफूल तथा तरकारीको आयात बन्द गरी स्वदेशी उत्पादनलाई प्रश्रय दिनुपर्ने र स्मार्ट कृषि कार्यक्रमको पूर्ण कार्यान्वयनमा जोड दिनुभयो ।

**माननीय सदस्य श्री हेमा बेल्वासे (के.सी.):**

नेपाली जनताको स्वतन्त्रता र स्वाधिनताको पैरवी गरिने यो गरिमामय सदनमा पहिलो पटक मन्तव्य राख्दै गर्दा स्वतन्त्रता र स्वाधिनताको लागि संघर्ष गर्ने सहिदहरूप्रति सम्मान व्यक्त गर्नुभयो । सत्ता चढ्यो वाचा बिर्स्यो गर्न नहुने, शिक्षा, पर्यटन र कृषि क्षेत्रको विकास, आर्थिक संकटको निराकरणका लागि व्यापक बहस गर्नुपर्ने, नीतिगतका साथै सरकारको स्थिरतामा जोड दिनुपर्ने र अब बन्ने सरकारले पूर्ण कार्यकाल काम गर्न सफल होस् भन्ने शुभकामना दिनुभयो ।

**माननीय सदस्य श्री सुधाकर पाण्डेयः**

आफूलाई निर्वाचित गराउने मतदाताप्रति सम्मान व्यक्त गर्दै मुख्यमन्त्री अल्पमतमा परिसकेकोले अब बन्ने सरकारलाई मार्ग प्रसस्त गर्नुपर्ने, विश्वकै सबैभन्दा सम्भावित अग्लो गौतम बुद्धको मूर्ति तिलौराकोट मै राख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री यमुना रोका तामाङः**

रोल्पाको वडाचौर विमानस्थल पुनः सञ्चालनमा ल्याउनुपर्ने, जन-आन्दोलनका घाइते, अपाङ्गहरूको शीघ्र उपचारको व्यवस्था, बेपत्ता, ज्यान गुमाएका परिवारको लालनपालन, शिक्षा दिक्षाको व्यवस्था, द्वन्द्वको केन्द्र रोल्पा रूकुमलाई राज्यले विशेष प्राथमिकताका साथ हेरिनुपर्ने, काम पूरा नगर्ने ठेकेदारको कारवाही, ऋण लिएर ब्याज समेत तिर्न नसकेका ऋणीहरूका लागि सरकारले विशेष ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री सुरूल पुनः**

दोस्रो कार्यकालका लागि निर्वाचित सम्पूर्ण माननीयहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिनुभयो । व्यवस्था परिवर्तन भएपनि जनताको अवस्था उस्तै रहेको, पूर्वी रूकुममा २०३६ सालमा स्थापित शिकार आरक्षबाट जनता पिडित रहेको, जंगली जनावरले मानिसमाथि आक्रमण गरिरहेको तर त्यसलाई व्यवस्थित गर्ने कानूनको अभाव रहेकोले विश्व श्रम संगठनले नागरिक हकको सम्बन्धमा गरेको व्यवस्था पालना हुनुपर्ने, पूर्वी रूकुम प्राकृतिक श्रोत साधनले भरिपूर्ण रहेको र सोको प्रयोगमा सरकारले ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री निमा गिरीः**

लोकतन्त्र प्राप्तिकालागि ज्यानको आहुति दिनुभएका सम्पूर्ण सहिदहरूप्रति श्रद्धाञ्जली दिनुभयो । आफूलाई निर्वाचित गरी पठाउने मतदाताप्रति कृतज्ञता सहित सम्मान प्रकट गर्दै प्राप्त मतको उच्च कदर गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । विगतमा के काम गर्यौँ र अब के गर्ने भन्ने लुम्बिनी विशेष पत्र जारी गर्नुपर्ने प्रस्ताव राख्दै टुक्रे बजेटको व्यवस्था गर्न नहुने, अधिकारको खोजिभन्दा पनि प्राप्त अधिकारको उपयोगमा बढी जोड दिनुपर्ने, राजश्व संकलन बृद्धिको नाममा जनतालाई जहर बिक्री वितरण गर्न नहुने र प्रदेश सभाले क्यालेण्डर निर्माण गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

**माननीय सदस्य श्री भण्डारीलाल अहिरः**

सरकार निर्माण गरेका दलहरूले समर्थन फिर्ता लिइसकेकोले सरकार अल्पमतमा परेको हुँदा नयाँ सरकार निर्माणका लागि मार्ग प्रसस्त गर्नुपर्ने, ठोस निर्णयबाट विकासका कार्यहरू गर्नुपर्ने, भ्रष्टाचारीको छानबिन हुनुपर्ने, विनियोजित बजेटको शीघ्र कार्यान्वयन हुनुपर्ने र कार्यान्वयन नगर्नेलाई कडा कारवाहीको दायरामा ल्याउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री चन्द्रकेश गुप्ताः**

तोकिएकै समयमा सदन सुचारू हुनुपर्ने, पूर्ववत् जनप्रतिनिधिहरूले गरेका कार्यहरूको भागिदार आफूहरू बन्नुपरेको प्रसंग उल्लेख गर्दै आगामी दिनमा सम्पूर्ण माननीयहरू असल कार्यमा लाग्नुपर्ने, यो देशको बोर्डरको रक्षा मधेशी समुदायले गरेको, सरकारको गठन तथा परिवर्तनमा जति महत्व दिइन्छ विकास निर्माणका कार्यमा पनि उति नै महत्व दिइनुपर्ने, जनप्रतिनिधिले पार्टी भन्दा माथि उठेर र कर्मचारीले पनि सदासयताकासाथ कार्यसम्पादनमा लाग्नुपर्ने विषयमा जोड दिनुभयो ।

**माननीय सदस्य श्री मिना कुमारी श्रेष्ठः**

जनताको अवस्था परिवर्तन हुन नसक्नुको कारण व्यवस्थामा नै समस्या रहेर हो त्यसैले आफ्नो पार्टीले व्यवस्थाको विकल्प खोजिरहेको, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, संघीयताको खारेजी र अभिभावकीय संस्थाको रूपमा राजसंस्था हुनुपर्ने, लोकतन्त्रमा जनताले निर्वाध बोल्न पाउनुपर्ने, धर्म मेटिए संस्कृति मेटिने र सम्पदाको मूल मेटिने त्यसपछि देशको पहिचान र अस्थित्व नै नजोगिने विचार राख्दै विकासका नाममा सिमित व्यक्तिलाई पोस्न नहुने धारणा राख्नुभयो ।

**माननीय सदस्य श्री बसन्ती न्यौपानेः**

पहिलो अधिवेशनको सातौँ बैठकमा पहिलो पटक बोल्दा गर्दा नीति निर्माण गर्ने यस थलोमा बनेका कानूनको कार्यान्वयन र अत्यावश्यक कानूनको निर्माण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । राष्ट्रिय निकुञ्ज निर्माण पूर्वदेखि बस्दै आएका बाँकै राष्ट्रिय निकुञ्जभित्रका अव्यवस्थित भूमिहिन सुकुम्बासीलाई जग्गाको लालपूर्जा दिन सम्बन्धित निकायसँग पहल गर्नुपर्ने, गरिब नागरिकको अधिकार खोसिएको ऐन नियम खारेज हुनुपर्ने माग राख्दै प्रदेश निजामती सेवा ऐन तथा नियमावली तत्काल संसदमा टेबल गर्न र स्वास्थ्य विमाको सेवा र सुविधालाई व्यवस्थित बनाउन जोडदार माग राख्नुभयो ।

**माननीय सदस्य श्री राज कुमार चौधरीः**

मिटरब्याजको समस्यालाई समाधान गर्न प्रदेश सरकारले कानून निर्माण गर्नुपर्ने, प्रदेश निजामती सेवा ऐन र प्रदेश लोकसेवा ऐन निर्माण गर्नुपर्ने, राजनीतिमा नैतिकता प्रदर्शन गर्नुपर्ने, जंगली जनावरबाट जीउ धनको सुरक्षा गर्ने क्रममा बाँके र बर्दियामा धेरै मानिस जेल जिवन बिताइरहेकोले यसको उचित निकासका लागि प्रदेश सरकारले ऐन कानून निर्माणमा लाग्नुपर्ने विचार राख्नु भयो ।

**माननीय सदस्य श्री भगवती अधिकारीः**

राष्ट्रिय परिस्थिति फरक ढंगले अगाडि बढिरहेको सन्दर्भमा प्रदेशको गरिमालाई उच्च राख्न र उदाहरणीय प्रदेशको रूपमा अगाडि बढ्न अल्पमतमा परिसकेको सरकारले मार्ग प्रसस्त गर्नुपर्ने, बुटवल-नारायण सडकखण्डका साथै बुटवल उप-महानगरपालिका भित्रका सडकको निर्माण कार्य अत्यन्तै सुस्त गतिमा सञ्चालन भएकोले यथाशीघ्र निर्माण सम्पन्न गर्न सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउनु भयो ।

**माननीय सदस्य श्री वैजनाथ कलवारः**

लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो निर्वाचन पश्चात संघियताको औचित्यमाथि थुप्रै प्रश्नहरू उठेकोले पूँजिगत खर्चमा बृद्धि गर्दै सञ्चालन खर्च घटाई जनताको करको सदुपयोग गर्नुपर्ने र संघियताको औचित्य पुष्टि नभएसम्म प्रदेश सरकारबाट आफूले १(एक) रूपैंया पनि सेवा सुविधा नलिने जानकारी गराउनु भयो । विषयगत योजनाहरूको कार्यान्वयनमा जोड, तोकिएको समयमा मात्र कर्मचारीको सरूवा, विषयगत समितिहरू यथाशीघ्र गठन मार्फत संसदलाई बिजिनेस दिँदै समग्रमा सबै माननीयको उद्देश्य प्रदेशको विकास र समृद्धि रहेकोले अल्पमतमा परिसकेको यो सरकारले मार्ग प्रसस्त गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री जानकी न्यौपानेः**

वर्तमान गठबन्धनको राजनीतिले संविधानको मर्म र भावनालाई कुल्चिएको, महिलाको हक र अधिकारमाथि नै धावा बोलेको र उपराष्ट्रपतिको निर्वाचन संवैधानिक मर्म र भावना अनुरूप हुन नसकेको विचार व्यक्त गर्दै वर्षौं देखि जोतभोग गरिआएका यस प्रदेश लगायत देशै भरीका सुकुम्बासीहरूलाई तत्काल लालपूर्जा उपलब्ध गराउनु पर्ने माग राख्नु भयो ।

**माननीय सदस्य श्री यम बहादुर नेपालीः**

लामो समयको संघर्ष र आन्दोलन पश्चात प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रदेशका जनताका समस्या र आवश्यकताको सम्बोधन गर्न नीति निर्माण गर्ने थलोमा आफूहरू पुगेको, जनताको आँगनमा राज्य व्यवस्थाको उपस्थिति, उत्पिडित र दलित समुदायलाई बहिष्करण र विभेदबाट उन्मुक्तिका साथै सम्पूर्ण जनताले सुख र न्याय मिलोस् भन्ने अपेक्षा राखेको विचार व्यक्त गर्नुभयो । संघीयतालाई जनताको चासो र सरोकारको विषय बनाउँदै आम जनतालाई राज्य व्यवस्था परिवर्तनको अनुभूति हुनेगरी काम गर्न प्रदेशको नीति तथा कार्यक्रमले नै सुनिश्चितता प्रदान गर्न अपिल गर्नुभयो । संघीय सरकारको राजनीतिक परिवर्तनको असर प्रदेशमा पर्नु अश्वभाविक नहुने, शैक्षिक, आर्थिक, मिटरव्याज एवम् लघुवित्तको समस्या लगायत राज्यले अंगिकार गरेको समावेशी व्यवस्थाको पूर्ण कार्यान्वयनमा जोड दिनुभयो।

**माननीय सदस्य श्री सन्तोष कुमार पाण्डेयः**

वर्तमान सरकार थाकिसकेको अवस्थामा पुगेकोले नयाँ सरकार निर्माणको ढोका खोलि दिनुपर्ने, नयाँ बन्ने सरकारले यस प्रदेशलाई पर्यटनको प्रदेश बनाउनु पर्ने, संवैधानिक व्यवस्थालाई पर्खिनु भन्दा पनि विकास सबैको हो भन्ने कुरालाई मनन् गर्नुपर्ने विचार राख्दै आउदै गरेको नयाँ वर्ष २०८० को सबैलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री भुवनेश्वर चौधरीः**

बदलिंदो परिस्थिति अनुरूप वर्तमान सरकारले नयाँ सरकार निर्माणका लागि मार्ग प्रसस्त गर्नुपर्ने, २०७७/०७८ सालको बजेट अनुरूप निर्माण सम्पन्न मन्दिरहरूको भुक्तानी बाँकी रहेकोले व्याज सहित भुक्तानी गरिदिन माग गर्नुभयो । प्रदेशको सिमामा अवस्थित जनताले ऋण लिने पाउने व्यवस्था मिलाउनु पर्ने, बन्द भएका छोटी भन्सार नाकाहरूलाई व्यवस्थित गरेर भन्सार चुहावट नियन्त्रण गर्नुपर्ने र बर्दिया जिल्लामा अवस्थित तालहरूको संरक्षणमा सरकारले विशेष ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री रत्न बहादुर खत्रीः**

सदनमा पहिलो पटक आफ्ना विचार राख्न अवसर प्रदान गर्नुहुने विर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सभामा प्रतिनिधित्व गर्नकालागि आफ्नो अभिमत जाहेर गर्ने मतदाताहरूप्रति हार्दिक नमन प्रकट गर्नुभयो । संघियताप्रति जनताको आशालाई पूरा गर्न सबै माननीयहरूले गम्भिरतापूर्वक सोच्नुपर्ने, लुम्बिनी प्रदेश सभाको मौलिकतालाई सृजनात्मक रूपले लागू गरिनुपर्ने, बर्दिया जिल्लाको मानखोला तटबन्धको गुरूयोजना निर्माण र बैजनाथ नौवस्तामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र तत्काल निर्माण गरिनुपर्ने विषयमा जोड दिनुभयो ।

**माननीय सदस्य श्री कृष्णा कुश्मा थारूः**

बर्दिया जिल्लाबाट अन्तरराष्ट्रिय खोखो खेलमा विजयी टिमलाई हार्दिक वधाई तथा शुभकामना दिँदै राष्ट्रको गहनारूपी ति खेलाडीहरूलाई प्रदेश स्तरबाट सम्मानका साथै पुरस्कृत गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । बाघ आक्रमणबाट मूत्यु हुनुभएकालाई राहत दिँदै बाघ आक्रमणको समस्यालाई दिगो रूपमा समाधान गर्नुपर्ने, जनतालाई सहज र सरलरूपमा सेवा प्रवाह गर्नकालागि आवश्यक कानून निर्माण एवम् संशोधन गर्न जोड दिनुभयो ।

**माननीय सदस्य श्री प्रचण्ड विक्रम न्यौपानेः**

दोस्रो प्रदेश सभाको पहिलो अधिवेशनको सातौँ बैठकमा पहिलो पटक बोल्दै गर्दा आˆनो क्षेत्रका मतदातालाई धन्यवाद दिँदै यो व्यवस्था ल्याउनका लागि सहादत प्राप्त गर्ने सम्पूर्ण सहिदहरूप्रति हार्दिक नमन व्यक्त गर्नुभयो । राजनीतिक परिस्थितिले कोल्टे फेरेको वर्तमान अवस्थामा संविधानका अक्षर अक्षरलाई कोट्याउनु भन्दापनि संघीयताप्रतिको जनताको आशंकालाई बोझको रूपमा नभई आम जनताको भविष्य निर्माण गर्ने ओजपूर्ण संस्थाको रूपमा पुष्टि गर्नुपर्ने सम्पूर्ण माननीयहरूको दायित्व रहेको विचार व्यक्त गर्नुभयो । भोगोलिक र साँस्कृतिक विविधताको प्रदेशको रूपमा रहेको यस प्रदेशलाई पर्यटकीय, कृषि लगायतका विषयगत क्षेत्रको विकास मार्फत अगाडि बढाउन सकिने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री गिरधारीलाल न्यौपानेः**

राजतन्त्र अन्त्य गरेर गणतन्त्र स्थापनाका लागि लडाई लड्ने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो । संवैधानिक व्यवस्था अनुरूपनै आफ्नो पार्टी सरकारमा रहने, कृषि मल केन्द्र सरकारकै पहलमा मात्र आउन सक्ने, प्रदेश सरकार स्वायत्त हुनुपर्ने, भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने, विषादी रहित फलफूल तथा तरकारी जनतालाई उपलब्ध गराउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै माननीय सदस्यहरूले विशेष समयमा उठाउनु भएको विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले ७ (सात) दिनभित्र सभामुख मार्फत सभालाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १०७ को उपनियम (२) बमोजिम "लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सभामा पेश गर्न माननीय मुख्यमन्त्री श्री लिला गिरीको तर्फबाट माननीय स्वास्थ्य मन्त्री श्री विष्णु प्रसाद पन्थीलाई अनुमति दिनुभई माननीय स्वास्थ्य मन्त्री श्री विष्णु प्रसाद पन्थीले उक्त विधेयक सभा समक्ष पेश गर्नुभयो।

अन्त्यमा, माननीय सभामुखज्यूले पहिलो अधिवेशनको आगामी आठौं बैठकको मिति र समय सूचनापत्रद्धारा जानकारी गराउने गरी दिनको १५:३२ बजे सातौँ बैठक सम्पन्न गर्नुभयो ।

**२०७९ साल चैत्र २१ गते मंगलबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको आठौँ बैठकको कारवाही माननीय सभामुख श्री तुलाराम घर्तीज्यूको अध्यक्षतामा दिनको ११:२० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (३) बमोजिम विशेष समयमा बोल्न देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो ।

**माननीय सदस्य श्री बादशाह कुर्मीः**

प्रदेश सभामा पहिलो पटक बोल्दै गर्दा आफूलाई निर्वाचित गराउनु हुने मतदाताहरूलाई धन्यवाद दिनुभयो । विकास निर्माणका कार्यमा आफूहरू लाग्न ढिला भइसकेको र सरकारलाई दिएको समर्थन अधिकांश दलहरूले फिर्ता लिइसकेकाले नयाँ सरकार निर्माणकालागि मार्ग प्रसस्त गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । विनियोजित बजेटको खर्च बढाउदै पारदर्शिता कायम गर्नुपर्ने, मानखोलाको तटबन्धको निर्माणका लागि प्रयाप्त बजेटको ब्यवस्था र निर्माणमा शीघ्रता, सिक्टा सिँचाई योजनाको पूर्णताका साथै डुडुवा सिँचाई कुलोको मर्मत सम्भार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री लोकी कुमारी वि.क.:**

प्रदेश सभाको गरिमामय सदनसम्म आउन महत्वपूर्ण भूमिका खेल्नुहुने मतदाताहरूप्रति हार्दिक धन्यवाद दिँदै ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो । नेपाललाई जातीय भेदभाव तथा छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको १६ वर्ष बितिसक्दा पनि भेदभाव कायमै रहेको, जनताको प्रतिनिधि भएर आफूहरू जनताका आवश्यकता, विकास निर्माण लगायत सु-शासन कायम गर्नकालागि प्रदेश सभामा आएकोले काम गर्ने वातारण बन्नु पर्ने, घोराही-कुइरेपानी-तुल्सीपुर सडकको निर्माणमा तिव्रता, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्थापन जस्ता पक्षमा सरकारको ध्यानाकर्षण गराउनु भयो ।

**माननीय सदस्य श्री अम्बिका काफ्ले:**

द्वन्द्व पीडित, बाल योद्धा, कोख रित्तिएका बुवा आमाको हक, हजारौँ सिँउदो पुछिएका महिलाको हक, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा आदिको संरक्षणको पूर्ण जिम्मा राज्यले लिनुपर्ने, सरकारी एवम् गैरसरकारी निकायमा स्तनपान कक्षको व्यवस्था, महिला हिँसाको अन्त्यका लागि महिला अदालतको व्यवस्था, वर्तमान जटिल आर्थिक समस्याको समाधान मार्फत व्यवसायीहरूको माग सम्बोधन, गैर सरकारी संस्था एवम् सहकारी संस्थाको दर्ता एवम् नविकरण सरल र सहज बनाउनु पर्ने, बर्दिया र बाँके राष्ट्रिय निकुञ्जमा जंगली जनावरबाट भइरहेको मानवीय एवम् खेतीबाली क्षतिको समस्या समाधान र सरकारी अस्पतालहरूको सरसफाई व्यवस्थापन, कृषिका लागि मल बिउबिजन एवम् पर्याप्त सिँचाईको व्यवस्था पुऱ्याउन प्रदेश सभा मार्फत सरकारको ध्यानाकर्षण गराउनु भयो ।

**माननीय सदस्य श्री रेखा कुमारी शर्मा:**

लुम्बिनी प्रदेश सभाको गरिमामय सदनमा पहिलो पटक बोलिरहँदा १२ वटै जिल्लाका मतदातालाई धन्यवाद दिनुभयो । गणतान्त्रिक मुलुकमा जनताले विरोध गर्न पाउनु पर्ने, मिटरब्याजको समस्या समाधान गर्न कडा कानूनको व्यवस्था गर्नुपर्ने, महिला र पुरूषबिचको भेदभाव अन्त्य हुनुपर्ने, महिलामैत्री बजेटको व्यवस्था, महिला उद्यमशिलताको विकास, स्वदेशी कपडा लगायत उत्पादनको प्रयोगलाई बढावा दिन जोड दिनुभयो ।

**माननीय सदस्य श्री धन लक्ष्मी श्रेष्ठ:**

संविधानको रक्षा र लोकतान्त्रिक पद्धतिको विकास र संरक्षणकालागि जिम्मेवारी पूर्वक आ-आफ्नो भूमिका निर्वाह गर्दै निर्वाचित गरी पठाउनुहुने प्यूठानबासी लगायत सबै जिल्लाका मतदाताहरूप्रति धन्यवाद ज्ञापन गर्दै यो व्यवस्था ल्याउनका लागि ज्यान अर्पण गर्नुहुने वीर सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुभयो । व्यवस्थाप्रतिको विश्वास माथि नै प्रश्न चिन्ह खडा भइरहेको वर्तमान अवस्थामा जिम्मेवार व्यक्तिहरूले नीति र विधिको पूर्णपालना गर्नुपर्ने, जवाफदेही बन्नुपर्ने, निराशालाई आशामा परिणत गरिनुपर्ने र २०७९ सालमा प्यूठान जिल्लामा परेको अविरल वर्षाबाट पिडित परिवारलाई सुरक्षित आवासका साथै राहतको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री चन्द्रकेश गुप्ता:**

बैठक तोकिएकै समयमा सञ्चालन गरिनुपर्ने, केहि समय अगाडि परेको अविरल वर्षाका कारण किसानहरूको गहुँबालीमा ठूलो क्षति पुगेकोले क्षतिपूर्तिको व्यवस्था गरिनुपर्ने, कृषि उपजको उचित मूल्य तोकिनुपर्ने, सरकार गठनमा मात्रै राजनीतिक दलहरू अल्झिनु भन्दा जनता समक्ष गरिएका बाचाको परिपूर्तितिर लाग्नुपर्ने, सरकार जवाफदेही हुनुपर्ने, नागरिकता विहिनहरूको समस्या तत्काल समाधान गर्नुपर्ने, भ्रष्चारीको सम्पत्ती छानबिन हुनुपर्ने र युवा माथिको जनताको आशा र भरोसालाई पूरा गरेरै छाड्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री वसीउद्दीन खाँः**

दोस्रो कार्यकालकालागि निर्वाचित गरेर पठाउनुहुने आफ्ना मतदाताहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । सरकार बहुमतले चल्नुपर्ने, अल्पमतको सरकारले दीर्घकालिन महत्वका निर्णयहरू गर्न नहुने, प्रदेशको आर्थिक समृद्धिकालागि सरकारले विशेष ध्यान दिनपर्ने र जथाभावी बजेट विनियोजन गर्न बन्द गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री चिन्तामणि पाण्डेः**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभामा आफूलाई निर्वाचित गरेर पठाउनुहुने गुल्मीका जनताप्रति धन्यवाद तथा आभार प्रकट गर्नुभयो । आफ्ना मतदाताहरूलाई धेरै आश्वासनहरू बाँडिएको भएतापनि कार्य गर्न नपाएको, पढाईका लागि विदेशिनुपर्ने बाध्यताको अन्त्य गर्नुपर्ने, उद्योगहरूको संरक्षण गर्नुपर्ने, भ्रष्टाचारीको सम्पत्ती छानविन गर्नुपर्ने, सरकार अल्पमतमा परेमा कानून अनुसार नै बहिर्गमन हुने हुँदा हतारो गर्न जरूरी नरहेको विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री भगवती अधिकारीः**

विषादीयुक्त विदेशी तरकारी तथा फलफूलको आयातलाई निरूत्साहित गरिनुपर्ने, कृषियोग्य जमिन बाँझिदै जाँदा भयावहको स्थिति सृजना भएकोले माटोको परिक्षण गरी पहाडमा फलफूल र तरकारी तथा तराईमा पशुपालन एवम् उपयुक्त खेती बाली मार्फत किसानलाई प्रोत्साहित गर्नुपर्ने, चक्लाबन्दी खेती प्रणाली र अत्याधुनिक कृषि मेशिनको प्रयोग गर्दै वास्तविक किसानको प्रत्यक्ष सहभागितामा कृषि सम्बन्धी नीति नियम बनाई कार्यान्वयनमा ल्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री राजु खनालः**

प्रदेश सभाको संसद भवनभित्र पहिलो पटक जनताका समस्याहरू राखिरहँदा सरकार अल्पमतमा परिसकेकोले नयाँ सरकार गठनकालागि मार्ग प्रसस्त गर्ने वा विश्वासको मत लिएर निकास दिंदा सबै संसद सदस्य लगायत आफना समस्याहरूको सम्बोधन हुन सक्ने विचार व्यक्त गर्नुभयो । राप्ती विज्ञान प्रतिष्ठानको बजेट निकासासँगै भौतिक संरचनाको शिघ्र निर्माण, बंगलाचुली गाउँपालिका अस्पतालमा कर्मचारी एवम् मेशिनरी उपकरणहरूको व्यवस्थापन र महेन्द्र बहुमुखी क्याम्पसमा भौतिक एवम् कर्मचारी व्यवस्थापन गर्न माग गर्नुभयो ।

**माननीय सदस्य श्री तारा थापाः**

गुल्मी जिल्लामा स्मार्ट कृषि कार्यक्रम अन्तर्गतको बजेट तुरून्त निकासा हुनुपर्ने, राप्ती गाउँपालिकामा खरिदबिक्री बन्द गरिएको जग्गा फुकुवा गर्न पूनः माग गर्दै सरकारले अल्पमतमा पर्दा विधेयक ल्याउन नमिल्ने, गुल्मी जिल्लामा बाटो घाटो, एकघर एक धाराको व्यवस्था, खरको छाना पूर्णरूपमा विस्थापन र सरकारले एकतर्फी रूपमा जथाभावी बजेट विनियोजन र खर्च गर्न नहुने विचार सदन समक्ष राख्नु भयो।

**माननीय सदस्य श्री मालती सोडारीः**

लुम्बिनी प्रदेशभरीका जनताले आफ्नो पार्टीलाई मतदान गरी आफ्नो प्रतिनिधित्व सुनिश्चित गरिदिनु भएकोमा सबै मतदाताहरूलाई बधाई दिंदै आफ्नो पार्टीप्रति आभार प्रकट गर्नुभयो । दोस्रो प्रदेश सभामा आफ्नो धारण राख्ने अवसर पाउँदा आफू गौरवान्वित भएको र यो व्यवस्था ल्याउनकालागि जिवनको आहुती दिने सहिदहरूप्रति श्रद्धान्जली व्यक्त गर्दै जनताका विकास र समृद्धिका आकांक्षा र आवश्यकतालाई

मध्यनजर राख्दै समयानुकूल ऐन कानूनको निर्माण, दैनन्दिन समस्याको समाधान, स्थानीय सरकारको सवलीकरण, कार्यालयहरूमा जनशक्तिको व्यवस्थापन, सडक सञ्जालहरूको निर्माण, कृषि मल र बिउको व्यवस्थापन, पर्यटकीय क्षेत्रको विकास एवम् प्रचार प्रसार लगायत तत्काल सुकुम्वासी समस्याको समाधान गर्न प्रदेश सरकार समक्ष माग राख्नु भयो ।

**माननीय सदस्य श्री सन्तोष कुमार पाण्डेयः**

शासन व्यक्तिको नभई विधिको हुनुपर्ने कुरालाई व्यवहारमा उतार्नु पर्ने, प्रदेश भित्र भएका घटनाहरूको जस अपजस मुख्यमन्त्रीले नै लिनुपर्ने, व्यवस्थित सरकारको लागि वर्तमान सरकारले मार्ग प्रसस्त गर्नुपर्ने र यो आफ्नो लागि नभई आम जनताको लागि उत्तम कार्य हुने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य दिपेन्द्र कुमार पुन मगरः**

करिब २७०० वर्ष अगाडि भगवान गौतम बुद्धको पालामा विकसित बुद्धम् सरणम गच्छामी को अर्थ प्रष्ट पार्दै राजनीतिक इन्जिनियरहरू फेल हुनाको कारण राजनीतिक र आर्थिक पारदर्शिता हुन नसक्दा व्यवस्थामाथि प्रश्न उठेको, रोल्पाको विद्युतीय समस्या समाधान गर्न माग गर्दै प्रदेश सभामा विद्युतीय आपूर्तीको समस्याको विषयमा प्राधिकरण जवाफदेही हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**माननीय सदस्य श्री तुलसी प्रसाद चौधरीः**

सरकार कसरी बलियो बनाउने, प्रदेशलाई कसरी मजबुत बनाउने र विकास निर्माणलाई अगाडि बढाउनुपर्ने कोणबाट सबैले हेर्नुपर्ने, नैतिकताको प्रश्न उठाउनेले सबभन्दा पहिले आफूले नैतिकता प्रदर्शन गर्नुपर्ने, संवैधानिक व्यवस्था अनुरूप नै आफूहरू सरकारमा रहने वा छाड्ने निर्णय हुने, लोकप्रियताको राजनीति गर्न नहुने र आफ्नो सरकारले गलत निर्णय नगर्ने विचार सभा समक्ष राख्नु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै माननीय सदस्यहरूले विशेष समयमा उठाउनु भएको विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले ७ (सात) दिन भित्र सभामुख मार्फत सभालाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले पहिलो अधिवेशनको आगामी नवौं बैठक सम्वत् २०८० साल वैशाख महिनाको ९ गते शनिवार दिनको १:०० बजे बस्ने गरी दिनको १२:५३ बजे आठौं बैठक सम्पन्न गर्नुभयो ।

**<u>२०८० साल वैशाख ११ गते सोमबार</u>**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको नवौं बैठकको कार्यवाही माननीय सभामुख श्री तुलाराम घर्तीज्यूको अध्यक्षतामा दिनको ११:२४ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले नव वर्ष २०८० को पावन अवसरमा सम्पूर्ण माननीय सदस्यहरू तथा प्रदेशवासी एवं देश विदेशमा रहनु भएका आमा बुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै नयाँ वर्ष दिगो शान्ति, सुशासन, विकास र आर्थिक समृद्धिको पर्याय बन्न सकोस् भन्ने कामना गर्नुभयो । साथै आफूलाई सभामुखमा सर्वसम्मत निर्वाचित गर्नुहुने माननीयहरू प्रति हार्दिक आभार प्रकट गर्नुभयो ।

तत्पश्चात नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले मिति २०८०।१।८ गतेको पत्रबाट सचिवालयमा सूचना दिनु भएकोले नेपालको संविधानको धारा १८८ को उपधारा (२) तथा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को

नियम १४५ को उपनियम (४) बमोजिम माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूलाई वक्तव्य सहित आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले नेपाली जनताको लामो संघर्ष र बलिदानबाट देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भएकोले यस व्यवस्था स्थापनाकालागि सहादत प्राप्त गर्नुहुने सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्दै घाइते र बेपत्ता योद्धाहरूका साथै आन्दोलनमा सहभागी सम्पूर्ण जनताप्रति सम्मान व्यक्त गर्नुभयो । प्रदेश सभाको पहिलो कार्यकालमा आफ्नै पार्टीको नेतृत्वले शासन र समृद्धिको आधार तयार पार्ने महत्वपूर्ण जिम्मेवारी पूरा गरेको स्मरण गराउदै अहिले आफ्नै नेतृत्वमा राप्ती उपत्यका देउखुरीमा नदी सभ्यताका आधारमा व्यवस्थित राजधानीको प्रशासनिक संरचना निर्माण कार्य अगाडि बढिरहेको र सुन्दर एवम् व्यवस्थित राजधानीको गुरूयोजना अनुरूपमा थप कार्यहरू अगाडि बढिरहेको व्यहोरा जानकारी गराउनु भयो । स्थायी राजधानी स्थल देउखुरी उपत्यकामा शून्यबाट नै राजधानी व्यवस्थापनको कार्य थालनी गरिएको, सु-शासन र मितव्ययीता कायम, शासकीय सुधार र भ्रष्टाचार नियन्त्रण लगायतका कार्यसूची निर्माण मार्फत साधन स्रोतको परिचालन गरी प्रदेशको सामर्थ्य बढाउन र समृद्धी हासिल गर्नका लागि संस्थागत, सामाजिक एवम् आर्थिक विकास, आर्थिक सुशासन, कानून निर्माण, औद्योगिक ग्रामको पूर्वाधार निर्माण लगायतका कार्यहरूको थालनीले प्रदेशवासीमा सरकारप्रति विश्वास बढ्दै गएको वर्तमान समयमा अकारण सरकार फेरबदल गर्न नहुने र संघियताले अस्तित्वको चुनौती बेहोरिरहेको समयमा जनताको अवस्थामा सुधार गर्दै देशलाई समृद्ध बनाउन सबै राजनीतिक दललाई स्थिरता र स्थायीत्वको पक्षमा उभिन र आफूलाई विश्वासको मत दिन आग्रह गर्दै आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले मुख्यमन्त्री श्री लिला गिरीज्यू माथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव माथि लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (५) बमोजिम छलफल हुने व्यहोरा जानकारी गराउदै छलफलमा भाग लिन देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोही बमोजिम माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

☞माननीय सदस्य श्री जोख बहादुर महरा ☞माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी

तदनन्तर माननीय सभामुखज्यूले माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यू माथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव माथि माननीय सदस्यहरूले बोल्नेक्रम समाप्त भएको जानकारी गराउदै छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूलाई समय दिनुभई माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (६) बमोजिम माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यू माथि विश्वास छ भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा हस्ताक्षर सहितको मत विभाजन गरी मत संकलन गरिने र सोका लागि अपनाइने कार्यविधिका सम्बन्धमा माननीय सदस्यहरूलाई जानकारी गराउनु भयो ।

मतदान कार्य सम्पन्न भइसकेपछि मत विभाजनको परिणाम घोषणा गर्दै माननीय सभामुखज्यूले प्रदेश सभामा हाल ८७ जना माननीय सदस्यहरू रहेकोमा आजको मतदानमा उपस्थित माननीय सदस्यहरूको संख्या सभामुख बाहेक ८६ (छयासी) जना रहेको र नेपालको संविधानको धारा १८८ को उपधारा (१) र प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (४) बमोजिम माननीय मुख्यमन्त्री श्री लिला

गिरीज्यूले आफूमाथि प्रदेश सभाको विश्वास छ भनी पेश गर्नु भएको प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ३३ (तेत्तिस ) मत, प्रस्तावको विपक्षमा अर्थात "हुन्न" भन्ने पक्षमा जम्मा ५३ (त्रिपन्न) मत परेको विवरण सुनाउनु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा ५३ (त्रिपन्न) मत परेको र सो मत लुम्बिनी प्रदेश सभामा हाल कायम रहेको कुल सदस्य संख्या ८७ जनाको बहुमत भएकोले माननीय मुख्यमन्त्री श्री लिला गिरीज्यूले आफूमाथि प्रदेश सभाको विश्वास छ भनी पेश गर्नु भएको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले पहिलो अधिवेशनको आगामी दशौं बैठकको मिति र समय सूचनापत्रद्धारा जानकारी गराउने गरी दिनको १२:५० बजे नवौँ बैठक सम्पन्न गर्नु भयो ।

**<u>२०७९ साल वैशाख १९ गते मंगलबार</u>**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको प्रथम अधिवेशनको दशौँ बैठकको कार्यवाही माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको ११:१७ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले २०८०।१।१७ गतेको पत्रबाट सचिवालयमा सूचना दिनु भएकोले नेपालको संविधानको धारा १८८ को उपधारा (१) तथा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (४) बमोजिम माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूलाई वक्तव्य सहित आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीले आफू चुनौति र अवसरका बिचमा प्रदेश सभा सामु उभिराखेको, प्रजातन्त्रका लागि छिटो छिटो सरकार परिवर्तन हुनु दुःखद रहेको, प्रदेशको औचित्य पुष्टि गर्नुपर्ने चुनौति आफूहरू समक्ष रहेको र काम गरेर सावित गर्नुपर्ने बेला आएको विचार व्यक्त गर्नुभयो । प्रजातन्त्रको सुन्दरपक्ष भनेकै आफ्ना कुरा राख्ने र त्यसलाई सिद्ध गरेर देखाउने संसद हो भन्दै नेपाली कांग्रेसले सदैव प्रजातन्त्र र बहुलवादको वकालत गर्ने, पक्ष र प्रतिपक्षबिच वार्ता र संवादमार्फत नै समस्या र चुनौतिलाई हल गर्न सकिने संस्थापक नेता वि. पी. कोइरालाको आदर्शलाई स्मरण गर्नुभयो । पहिलो प्रदेश सभाका तिता अनुभवलाई बिर्सेर यो संसदलाई जनतासमक्ष खाएका कसम, विकास र समृद्धि मार्फत प्रदेशको मुहार फेर्ने वचनबद्धता पूरा गर्न सत्तापक्ष र प्रतिपक्ष दुबैलाई संगै लिएर हिड्ने, आर्थिक समृद्धि कसरी हासिल गर्न सकिन्छ भन्ने विषय नै आजको मूल ध्येय रहने र त्यसका लागि स्थानीय स्रोत र साधनको परिचालनका साथै स्रोत बाँडफाँडमा संघीय सरकारसँग आफ्नो अधिकार प्राप्तीका लागि लड्न सम्पूर्ण माननीयहरूको साथ र सहयोग पाइरहने अपेक्षा राख्दै आफूमाथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यू माथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव माथि लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (५) बमोजिम छलफल हुने व्यहोरा जानकारी गराउँदै छलफलमा भाग लिन देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो र सोहि बमोजिम माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

माननीय सदस्य श्री तुलसी प्रसाद चौधरी माननीय सदस्य श्री जन्मजय तिमिल्सिना

तत्पश्चात मन्त्रिपरिषद् गठन सम्बन्धी प्रदेश प्रमुखको कार्यालयको पत्र पढेर सुनाउनु पर्ने भन्दै प्रमुख प्रतिपक्ष दल एमालेले माग गरेपछि माननीय सभामुखज्यूले ३० मिनेट पछि पुनः बस्नेगरी दिनको १२:०४ बजे बैठक स्थगित गर्नुभयो ।

स्थगित बैठकलाई दिनको १२:४५ मा पुनः प्रारम्भ गर्दै माननीय सभामुखज्यूले प्रदेश प्रमुखको कार्यालयबाट लुम्बिनी प्रदेशको मुख्यमन्त्री नियुक्ति र लुम्बिनी प्रदेशको मन्त्रिपरिषद् गठन सम्बन्धी प्राप्त पत्रहरू पढेर सुनाउनु भयो ।

तदुपरान्त माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यू माथि प्रदेश सभाको विश्वास छ भन्ने प्रस्ताव माथि माननीय सदस्यहरूले बोल्नेक्रम समाप्त भएको जानकारी गराउँदै छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूलाई समय दिनुभई माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीले प्रश्नहरूको जवाफ दिनुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली,२०७९ को नियम १४५ को उपनियम (६) बमोजिम माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीमाथि विश्वास छ भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा हस्ताक्षर सहितको मत विभाजन गरी मत संकलन गरिने र सोका लागि अपनाइने कार्यविधिका सम्बन्धमा माननीय सदस्यहरूलाई जानकारी गराउनु भयो ।

मतदान कार्य सम्पन्न भइसकेपछि मत विभाजनको परिणाम घोषणा गर्दै माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभामा हाल ८७ जना माननीय सदस्यहरू कायम रहेको र नेपालको संविधानको धारा १८८ को उपधारा (१) र प्रदेश सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (४) बमोजिम माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले आफूमाथि प्रदेश सभाको विश्वास छ भनी पेश गर्नु भएको प्रस्तावको पक्ष अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ५३ (त्रिपन्न ) मत, प्रस्तावको विपक्ष अर्थात "हुन्न" भन्ने पक्षमा जम्मा २९ (उन्तिस) मत परेको विवरण सुनाउनु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले प्रस्तावको पक्ष अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ५३ (त्रिपन्न ) मत परेको र सो मत लुम्बिनी प्रदेश सभामा हाल कायम रहेको कुल सदस्य संख्या ८७ जनाको बहुमत भएकोले माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले आफूमाथि प्रदेश सभाको विश्वास छ भनी पेश गर्नु भएको प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले पहिलो अधिवेशनको आगामी एघारौँ बैठकको मिति र समय सूचनापत्रद्वारा जानकारी गराउने गरी दिनको १३:२५ बजे दशौँ बैठक सम्पन्न गर्नुभयो ।

## (ग) दोस्रो प्रदेश सभाको दोस्रो अधिवेशनका गतिवविधिहरु



**२०८० साल जेष्ठ १२ गते शुक्रबार**

लुम्बिनी प्रदेशको दोस्रो प्रदेश सभाको दोस्रो अधिवेशनको प्रथम बैठकको कार्यवाही माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १३:०६ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ पश्चात माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको अधिवेशन आह्वान सम्बन्धी प्राप्त हुन आएको पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

तत्पश्चात प्रदेश प्रमुखको कार्यालयबाट मौजुदा मन्त्रिपरिषद्रूमा नियुक्ति र कार्यविभाजन सम्बन्धमा मिति २०८०।२।८ को प्राप्त हुन आएको पत्रानुसार माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले मिति २०८०।१।१५ मा गठित मौजुदा मन्त्रिपरिषद्रूमा माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम लुम्बिनी प्रदेश मन्त्रिपरिषद्रूमा तपसिल बमोजिम नियुक्ति र कार्यविभाजन गरी पुनर्गठन गर्नु भएको व्यहोराको पत्र पढेर सुनाउनु भयो ।

**तपसिल**

| क्र. सं. | नाम, थर | पद नाम | कार्य विभाजन |
|---|---|---|---|
| १ | मा० श्री डिल्ली बहादुर चौधरी | मुख्यमन्त्री | • मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| | | | • खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय |
| | | | • वन तथा वातावरण मन्त्रालय |
| | | | • उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय |

| क्र. सं. | नाम, थर | पद नाम | कार्य विभाजन |
|---|---|---|---|
| २ | मा० श्री धन बहादुर मास्की | मन्त्री | • आर्थिक मामिला मन्त्रालय |
| ३ | मा० श्री राजु खनाल | मन्त्री | • स्वास्थ्य मन्त्रालय |
| ४ | मा० श्री सन्तोष कुमार पाण्डेय | मन्त्री | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |
| ५ | मा० श्री भण्डारी लाल अहिर | मन्त्री | • कृषि तथा भूमि व्यवस्था मन्त्रालय |
| ६ | मा० श्री चन्द्रकेश गुप्ता | मन्त्री | • सामाजिक विकास मन्त्रालय |
| ७ | मा० श्री धर्म बहादुर चौधरी | मन्त्री | • भौतिक पूर्वाधार विकास मन्त्रालय |

तदुपरान्त लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १२ को उपनियम (५) बमोजिम सभाको बैठकमा दलको तर्फबाट बोल्न देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु भयो र सोही बमोजिम माननीय सदस्यहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

माननीय सदस्य श्री नरमाया ढकाल
माननीय सदस्य श्री अम्बिका काफ्ले
माननीय सदस्य श्री सुमन सर्मा रायमाझी
माननीय सदस्य श्री मिना कुमारी श्रेष्ठ
माननीय सदस्य श्री इन्द्रजीत थारू
माननीय सदस्य श्री चेत नारायण आचार्य
माननीय सदस्य श्री जन्मजय तिमिल्सिना

तदनन्तर माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १०७ को उपनियम (२) बमोजिम "औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" सभामा पेश गर्न माननीय मुख्यमन्त्री एवं उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूको तर्फबाट माननीय आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्री श्री सन्तोष कुमार पाण्डेयलाई अनुमति दिनुभई माननीय आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्री श्री सन्तोष कुमार पाण्डेयले उक्त विधेयक सभा समक्ष पेश गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दोस्रो अधिवेशनको आगामी दोस्रो बैठक संवत् २०८० साल जेष्ठ महिनाको १४ गते आइतवार दिनको १३:०० बजे बस्ने गरी दिनको १४:२० बजे पहिलो बैठक सम्पन्न गर्नुभयो ।

**<u>२०८० साल जेष्ठ १४ गते आइतबार</u>**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १३:०६ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूको अनुमतिले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (३) बमोजिमको विशेप समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

माननीय श्री तारा थापा
माननीय श्री जानकी प्रसाद यादव
माननीय श्री सुशिला वादी
माननीय श्री जानकी न्यौपाने
माननीय श्री भगवती अधिकारी
माननीय श्री सुधाकर पाण्डेय
माननीय श्री इन्द्र कुमारी गहतराज
माननीय श्री सीता शर्मा

माननीय श्री मिना कुमारी श्रेष्ठ

माननीय श्री दिल कुमारी बुढा

माननीय श्री राजकुमार चौधरी

माननीय श्री सुरूल पुन

माननीय श्री कन्हैया वनिया

माननीय श्री निमा गिरी

माननीय श्री यमुना रोका

माननीय श्री भुवनेश्वर चौधरी

माननीय श्री रामजी प्रसाद घिमिर

माननीय श्री दिनेश पन्थी

माननीय श्री रत्न बहादुर खत्री

त्यसपछि माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (४) बमोजिम माननीय सदस्यहरूले विशेष समयमा उठाउनु भएको विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले ७ (सात) दिन भित्र सभामुख मार्फत सभालाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३५ को उपनियम (२) बमोजिम आ.व. २०८०।०८१ को "प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता" (कर प्रस्ताव बाहेक) सम्बन्धमा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई अनुमति दिनुभई माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि माननीय सभामुखले आ.व. २०८०।०८१ को लागि प्रदेश विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धी" पुस्तिका माननीय सदस्यहरूको पिजन होलमा राखिएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त आ.व. २०८०।०८१ को "प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता" (कर प्रस्ताव बाहेक) माथिको छलफल आगामी बैठकमा हुने जानकारी गराउदै छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले मिति २०८०।०२।१५ गते बिहान ११ बजे सम्म सम्बन्धित दल मार्फत सचिवालयको कार्यव्यवस्था शाखामा नाम उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले भोलि जेष्ठ १५ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भएको ऐतिहासिक दिनको स्मरणमा भोलि बिहान ८:०० बजे लुम्बिनी हल, राप्ती उपत्यका (देउखुरी) मा प्रदेश सरकारद्वारा आयोजित गणतन्त्र दिवसको मूल समारोह कार्यक्रममा सहभागी हुन सबै माननीय सदस्यहरूलाई जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले अधिवेशनको आगामी तेस्रो बैठक संवत् २०८० साल जेष्ठ महिनाको १५ गते सोमवार दिनको १३:०० बजे बस्ने गरी दिनको १६:०४ बजे दोस्रो बैठक सम्पन्न गर्नुभयो ।

## २०८० साल जेष्ठ १५ गते सोमबार

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १२:१६ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले आज परेको गणतन्त्र दिवस, २०८० को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण लुम्बिनी प्रदेशवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण माननीय सदस्यहरूमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो । व्यवस्था परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने सम्पूर्ण

सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै गणतन्त्र दिवसले सहिदका सपना र नागरिकका अपेक्षा परिपूर्तिका लागि हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनाका साथ पुनः गणतन्त्र दिवसको ऐतिहासिक अवसरमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

त्यसपछि लम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४ को उपनियम (१) बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा माननीय श्री दिपेन्द्र कुमार पुन मगरको स्थानमा माननीय श्री इन्द्रजीत थारूलाई मनोनयन गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त प्रारम्भ भएको आर्थिक वर्ष २०८०/०८१ को "प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता" माथिको छलफलमा निम्नानुसारका माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु भयो ।

| | |
|---|---|
| माननीय श्री भोज प्रसाद श्रेष्ठ | माननीय श्री इन्द्रजीत थारू |
| माननीय श्री दुर्गा प्रसाद चौधरी | माननीय श्री भगवती अधिकारी |
| माननीय श्री बादशाह कुर्मी | माननीय श्री धन बहादुर के.सी. |
| माननीय श्री दिपेन्द्र कुमार पुन मगर | माननीय श्री अर्जुन कुमार के.सी. |
| माननीय श्री दिनेश पन्थी | माननीय श्री विश्व प्रेम पाठक |
| माननीय श्री मिना कुमारी श्रेष्ठ | माननीय श्री जोख बहादुर महरा |
| माननीय श्री रत्न बहादुर खत्री | माननीय श्री अम्बिका काफ्ले |
| माननीय श्री विर बहादुर राना | माननीय श्री कन्हैया वनिया |
| माननीय श्री हेमा वेल्बासे | माननीय श्री तारा थापा |
| माननीय श्री सुमन सर्मा रायमाझी | |

त्यसपछि माननीय सभामुखज्यूको अनुमतिले आर्थिक वर्ष २०८०/०८१ को "प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता" माथि छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले दिनुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले आर्थिक वर्ष २०८०/०८१ को "प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता" माथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले आगामी चौथो बैठक संवत् २०८० साल जेष्ठ महिनाको १६ गते मंगलवार दिनको १३:०० बजे बस्ने गरी दिनको १६:०२ बजे तेस्रो बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल जेष्ठ १६ गते मंगलबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १३:१६ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूको अनुमतिले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (३) बमोजिमको विशेप समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

| | |
|---|---|
| माननीय श्री खड्ग बस्नेत | माननीय श्री चिन्तामणी पाण्डे |

माननीय श्री राज कुमार चौधरी
माननीय श्री यम बहादुर नेपाली
माननीय श्री जानकी न्यौपाने
माननीय श्री सन्जु कुमारी चौधरी
माननीय श्री बसन्ती न्यौपाने
माननीय श्री इन्द्र कुमारी गहतराज
माननीय श्री विष्णु प्रसाद पन्थी
माननीय श्री खेम बहादुर सारू
माननीय श्री कन्हैया वनिया
माननीय श्री अम्बिका काफ्ले
माननीय श्री मिना कुमारी श्रेष्ठ
माननीय श्री सुशिला वादी
माननीय श्री भगवती अधिकारी
माननीय श्री देवी प्रसाद चौधरी
माननीय श्री माया पुन
माननीय श्री कृष्णा कुश्मा थारू
माननीय श्री इन्द्रजीत थारू
माननीय श्री धनलक्ष्मी श्रेष्ठ

त्यसपछि माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (४) बमोजिम माननीय सदस्यहरूले विशेष समयमा उठाउनु भएको विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले ७ (सात) दिन भित्र सभामुख मार्फत सभालाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूको अनुमतिले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १०७ को उपनियम (२) बमोजिम माननीय स्वास्थ्य मन्त्री श्री राजु खनालले "स्वास्थ्य संस्था स्थापना, संचालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" सभामा पेश गर्नभयो ।

त्यसपछि लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १०८ को उपनियम (१) बमोजिम माननीय मुख्यमन्त्री एवं उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूको तर्फबाट माननीय आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्री श्री सन्तोष कुमार पाण्डेयले "औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले "औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको "औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथिको सैद्धान्तिक छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनुभयो ।

माननीय सदस्य श्री जानकी प्रसाद यादव
माननीय सदस्य श्री अर्जुन कुमार के.सी
माननीय सदस्य श्री दिपेन्द्र कुमार पुन मगर
माननीय सदस्य श्री निमा गिरी
माननीय सदस्य श्री जन्मजय तिमिल्सिना

तदनन्तर माननीय सभामुखज्यूको अनुमतिले "औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" माथिको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ

माननीय मुख्यमन्त्री एवं उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूको तर्फबाट माननीय आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्री श्री सन्तोष कुमार पाण्डेयले दिनुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १११ र ११२ बमोजिम उपर्युक्त विधेयकमा संशोधन पेश गर्न चाहने कुनै माननीय सदस्यले सैद्धान्तिक छलफल समाप्त भएको ७२ (बहत्तर) घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना अनुसूची-८ बमोजिमको ढाँचामा सचिवलाई दिनु पर्ने व्यवस्था रहेको जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले आगामी पाँचौँ बैठक संवत् २०८० साल जेष्ठ महिनाको २५ गते बिहीवार दिनको १३:०० बजे बस्ने गरी दिनको १६:२९ बजे चौथो बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल जेष्ठ २६ गते आइतबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको ११:४७ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूलाई लुम्बिनी प्रदेश सभाको दोस्रो अधिवेशनको गरिमामय सभामा हार्दिक स्वागत गर्दै माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यू समक्ष लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमको प्रति पेश गर्न माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूलाई अनुरोध गर्नुभयो र माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यू समक्ष लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमको प्रति पेश गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले नेपालको संविधानको धारा १८४ तथा प्रदेश सभा नियमावली, २०७९ को नियम ३६ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूलाई लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम सभामा सम्बोधनका लागि हार्दिक अनुरोध गर्नुभयो ।

तदुपरान्त माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सभालाई सम्बोधन गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूबाट लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमको सम्बोधन सम्पन्न भएको जानकारी गराउदै माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूलाई हार्दिक आभार सहित सम्मानपूर्वक बिदाइ गर्न माननीय सदस्यहरूलाई आ-आˆनो स्थानमा उभिन आग्रह गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले अधिवेशनको आगामी छैठौँ बैठक संवत् २०८० साल जेष्ठ महिनाको २८ गते आइतवार बिहान ११:०० बजे बस्ने गरी दिनको १३:२४ बजे पाँचौँ बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल जेष्ठ २८ गते आइतबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको ११:२२ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूद्वारा संवत् २०८० साल जेष्ठ २६ गते शुक्रवार प्रदेश सभामा सम्बोधन गर्नु भएको लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को

नीति तथा कार्यक्रमको एक प्रति लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३७ को उपनियम (१) बमोजिम सभा समक्ष पेश गर्न माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूलाई अनुमति दिनुभयो र माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूको अनुमतिले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूद्वारा संवत् २०८० साल जेष्ठ २६ गते शुक्रवार लुम्बिनी प्रदेश सभाको बैठकमा प्रस्तुत गर्नु भएको लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बोधनको लागि लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३७ को उपनियम (२) बमोजिम माननीय श्री जोख बहादुर महरालाई धन्यवाद ज्ञापन प्रस्ताव पेश गर्न अनुमति दिनुभई माननीय श्री जोख बहादुर महराले उक्त धन्यवाद ज्ञापन प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३७ को उपनियम (२) बमोजिम माननीय श्री जन्मजय तिमिल्सिनालाई उक्त धन्यवाद ज्ञापन प्रस्तावको समर्थन गर्न अनुमति दिनुभई माननीय श्री जन्मजय तिमिल्सिनाले सो धन्यवाद ज्ञापन प्रस्तावको समर्थन गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले संवत् २०८० साल जेष्ठ २६ गते शुक्रवार लुम्बिनी प्रदेश सभामा प्रस्तुत गर्नु भएको लुम्बिनी प्रदेश सरकारको आ. व. २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बोधनको लागि माननीय श्री जोख बहादुर महरा प्रस्तावक र माननीय श्री जन्मजय तिमिल्सिना समर्थक भई पेश गर्नु भएको धन्यवाद ज्ञापनको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरी सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको "वार्षिक नीति तथा कार्यक्रम" माथि छलफल गर्न तथा माननीय मुख्यमन्त्रीज्यूबाट जवाफ दिनका लागि मिति २०८० साल जेष्ठ २९, ३० र ३१ गतेका दिनहरू निर्धारण गरेकोले उक्त छलफलमा भाग लिन दलीय प्रतिनिधित्वको आधारमा माननीय सदस्यहरूको नाम बैठक प्रारम्भ हुनु भन्दा १ घण्टा अगावै सचिवालयको कार्यव्यवस्था शाखामा उपलब्ध गराउनु पर्ने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको "वार्षिक नीति तथा कार्यक्रम" माथि संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यले संशोधनको सूचना २०८० साल जेष्ठ २९, गते बिहान १० बजे भित्र सचिवालयको कानून तथा विधेयक शाखामा दर्ता गराउनु पर्ने व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले अधिवेशनको आगामी सातौँ बैठक संवत् २०८० साल जेष्ठ महिनाको २९ गते सोमवार दिनको १३:०० बजे बस्ने गरी दिनको ११:३२ बजे छैठौँ बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल जेष्ठ २९ गते सोमबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १३:०७ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले सम्वत् २०८० साल जेष्ठ महिनाको २६ गते शुक्रवार माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूबाट प्रदेश सभाको दोस्रो अधिवेशनको पाँचौं बैठकमा गर्नु भएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्न माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूलाई अनुमति दिनुभयो र माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले विपक्षी दलका नेता माननीय सदस्य श्री लिला गिरीलाई आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिन समय दिनुभयो र विपक्षी दलका नेता माननीय सदस्य श्री लिला गिरीले उक्त छलफलमा भाग लिनु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूको अनुमतिले आर्थिक वर्ष २०८०।०८१ को लागि लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रमको विभिन्न बुँदाहरूमा एकल ६ वटा संशोधनको सूचनाहरू प्राप्त हुन आएको व्यहोरा जानकारी गराउदै संशोधनकर्ता माननीय  श्री रत्न बहादुर खत्री, माननीय श्री भोज प्रसाद श्रेष्ठको तर्फबाट माननीय सदस्य श्री रत्न बहादुर खत्री, माननीय श्री अर्जुन कुमार के.सी., माननीय श्री नवराज लामिछाने, र माननीय श्री बसन्ती न्यौपानेलाई आ-आफ्नो संशोधन पेश गर्न अनुमति दिनुभयो र सोहि क्रममा माननीय सदस्यहरूले आ-आफ्नो संशोधन प्रस्तुत गर्नुभयो ।

त्यसपछि माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३९ को उपनियम (१) बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम र सो उपर प्राप्त संशोधनहरू माथिको छलफलमा देहायका माननीय सदस्यहरूले भाग लिनुभयो ।

माननीय श्री रामजी प्रसाद घिमिरे

माननीय श्री खेम बहादुर सारू

माननीय श्री बसन्ती न्यौपाने

माननीय श्री तारा थापा

माननीय श्री दिल कुमारी बुढा

माननीय श्री मिना कुमारी श्रेष्ठ

माननीय श्री विश्वप्रेम पाठक

माननीय श्री मिना बुढा मगर

माननीय श्री बादशाह कुर्मी

माननीय श्री कृष्णा कुश्मा थारू

माननीय श्री सुधाकर पाण्डे

माननीय श्री दिपेन्द्र कुमार पुन मगर

माननीय श्री जन्मजय तिमिल्सिना

माननीय श्री जानकी प्रसाद यादव

माननीय श्री भुवनेश्वर चौधरी

माननीय श्री निर्मला देवी थारू (चौधरी)

माननीय श्री अर्जुन कुमार के.सी.

माननीय श्री यमुना रोका तामाङ

माननीय श्री सायरा बानो

माननीय श्री मधुसुदन शरण चौधरी कुर्मी

माननीय श्री डिल्लीराज भुसाल

माननीय श्री दुर्गा प्रसाद चौधरी

माननीय श्री तुल्सी राम शर्मा

माननीय श्री दिनेश पन्थी

माननीय श्री विष्णु प्रसाद पन्थी

तदनन्तर माननीय सभामुखज्यूले आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूको बोल्ने क्रमलाई आगामी बैठकमा निरन्तरता दिइने व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले अधिवेशनको आगामी आठौँ बैठक संवत् २०८० साल जेष्ठ महिनाको ३० गते मंगलवार दिनको १३:०० बजे बस्ने गरी दिनको १७:०२ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल जेष्ठ ३० गते मंगलबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको ८:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३९ को उपनियम (१) बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम माथि छलफलमा भाग लिन निम्न लिखित माननीय सदस्यहरूलाई समय दिनुभयो ।

| | |
|---|---|
| माननीय सदस्य श्री चेत नारायण आचार्य | माननीय सदस्य श्री नरमाया ढकाल |
| माननीय सदस्य श्री खड्ग बस्नेत | माननीय सदस्य श्री मिना कुमारी श्रेष्ठ |
| माननीय सदस्य श्री सुधाकर पाण्डे | माननीय सदस्य श्री चिन्तामणी पाण्डे |
| माननीय सदस्य श्री राजु प्रसाद श्रेष्ठ | माननीय सदस्य श्री सुमन सर्मा रायमाझी |
| माननीय सदस्य श्री भगवती अधिकारी | माननीय सदस्य श्री नवराज लामिछाने |
| माननीय सदस्य श्री सुशिला वादी | माननीय सदस्य श्री हेमा बेल्वासे के.सी. |
| माननीय सदस्य श्री कृष्णा कुश्मा थारू | माननीय सदस्य श्री रत्न बहादुर खत्री |
| माननीय सदस्य श्री इन्द्र कुमारी गहतराज | माननीय सदस्य श्री दिपेन्द्र कुमार पुन मगर |
| माननीय सदस्य श्री लोकी कुमारी वि.क. | माननीय सदस्य श्री जन्मजय तिमिल्सिना |

तत्पश्चात माननीय सभामुखज्यूले आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूको बोल्ने क्रमलाई आगामी बैठकमा निरन्तरता दिइने व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा माननीय सभामुखज्यूले दोस्रो अधिवेशनको आगामी नवौँ बैठक आजै संवत् २०८० साल जेष्ठ महिनाको ३० गते मंगलवार दिनको १३:०० बजे बस्ने गरी दिनको ११:०५ बजे यो बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल जेष्ठ ३० गते मंगलबार**

लुम्बिनी प्रदेश सभाको आजको नवौँ बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३९ को उपनियम (१) बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम माथिको छलफललाई निरन्तरता दिँदै छलफलमा भाग लिन निम्न लिखित माननीय सदस्यहरूलाई समय दिनुभयो ।

| | |
|---|---|
| माननीय श्री भोज प्रसाद श्रेष्ठ | माननीय श्री दुर्गा प्रसाद चौधरी |
| माननीय श्री अम्बिका काफ्ले | माननीय श्री कन्हैया वनिया |
| माननीय श्री तुल्सीराम शर्मा | माननीय श्री कृष्णा के.सी. |
| माननीय श्री वैजनाथ कलवार | माननीय श्री राज कुमार चौधरी |
| माननीय श्री दिनेश पन्थी | माननीय श्री विष्णु प्रसाद पन्थी |
| माननीय श्री प्रचण्ड विक्रम न्यौपाने | माननीय श्री जानकी प्रसाद यादव |
| माननीय श्री भूमिश्वर ढकाल | माननीय श्री निमा गिरी |
| माननीय श्री यम बहादुर नेपाली | माननीय श्री जोख बहादुर महरा |

तत्पश्चात माननीय सभामुखज्यूले आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

अन्त्यमा माननीय सभामुखज्यूले दोस्रो अधिवेशनको आगामी दशौँ बैठक आजै संवत् २०८० साल जेष्ठ महिनाको ३० गते मंगलवार दिनको १७:३० बजे बस्ने गरी दिनको १६:३४ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल जेष्ठ महिना ३० गते मंगलवार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १७:३२ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३९ को उपनियम (२) बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम माथि भएको छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूलाई अनुमति दिनुभयो ।

त्यसपछि माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले लुम्बिनी प्रदेश सरकारबाट प्रदेश सभामा प्रस्तुत भएको लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभई माननीय सभामुखज्यूले छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम माथि संशोधनकर्ताहरू क्रमशः माननीय श्री भोज प्रसाद श्रेष्ठ, माननीय श्री विष्णु प्रसाद पन्थी, माननीय श्री अर्जुन कुमार के.सी., माननीय श्री रत्न बहादुर खत्री, माननीय श्री नवराज लामिछाने र माननीय श्री बसन्ती न्यौपानेलाई आ-आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन समय दिनुहुँदा कुनै पनि संशोधनकर्ता माननीय सदस्यले आफ्नो संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले माननीय सभामुखज्यूले उक्त संशोधन प्रस्तावहरू निर्णयार्थ प्रस्तुत गर्नुभई बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३९ को उपनियम (३) बमोजिम आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूलाई अनुमति दिनुभई माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीज्यूले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तदनन्तर माननीय सभामुखज्यूले आर्थिक वर्ष २०८०।०८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि माननीय सभामुखज्यूले माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई "लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९।८०" पेश गर्न अनुमति दिनुभई माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले र उक्त आर्थिक सर्वेक्षण सभा समक्ष पेश गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले अधिवेशनको आगामी एघारौँ बैठक संवत् २०८० साल आषाढ महिनाको १ गते शुक्रवार दिनको १५:०० बजे बस्ने गरी दिनको १८:४२ बजे दशौँ बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल आषाढ १ गते शुक्रबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १५:०९ बजे प्रारम्भ भयो । सर्वप्रथम माननीय सभामुखज्यूले आज परेको मगर समुदायको महत्वपूर्ण चाड "भूम्ये पर्व" को अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने मगर समुदाय लगायत सम्पुर्णमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

त्यसपछि माननीय सभामुखज्यूले नेपालको संविधानको धारा २०७ तथा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३१ को उपनियम (१) बमोजिम आर्थिक वर्ष २०८०/०८१ को "राजश्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य)" सहित सभामा पेश गर्न माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई अनुमति दिनुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले आर्थिक वर्ष २०८०/०८१ को "राजश्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य)" सहित सभामा पेश गर्नुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३२ को उपनियम (१) बमोजिम आर्थिक वर्ष २०८०/०८१ को "राजश्व र व्ययको वार्षिक अनुमान (बजेट बक्तव्य)" माथि सैद्धान्तिक छलफल गर्न र माननीय आर्थिक मामिला मन्त्रीले जवाफ दिनका लागि मिति २०८० साल आषाढ १० गते आइतवारको दिन निर्धारण गरेको व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

त्यसपछि माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४२ को उपनियम (१) बमोजिम "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक" सभामा पेश गर्न अनुमति दिनुभई माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले उक्त विधेयक सभा समक्ष पेश गर्नुभयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले अधिवेशनको आगामी बाह्रौं बैठक संवत् २०८० साल आषाढ महिनाको १० गते आइतवार दिनको १३:०० बजे बस्ने गरी दिनको १६:५६ बजे एघारौँ बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल आषाढ १३ गते बुधबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १६:५९ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभाका विपक्षी दलका नेता माननीय श्री लिला गिरीलाई दलको तर्फबाट बोल्न विशेष समय माग भए बमोजिम समय दिनु भयो ।

माननीय श्री लिला गिरीले पहिलो प्रदेश सभाले प्रदेशको नामाकरण र राजधानी तोक्ने लगायत विभिन्न महत्वपूर्ण कार्यहरू मार्फत जनताको जिवनस्तरमा आर्थिक उन्नति ल्याउने किसिमका योजनाहरू अगाडि बढाएको र आगामी आ. व. को बजेट निर्माण हुनुपूर्व पनि आफ्नो दलले वर्तमान सरकार एवम् सभामुखसँग जनताको जीवनस्तरमा परिवर्तन ल्याउन र प्रदेशलाई गतिशिल बनाउने विविध विषयमा सरकारलाई आफूहरूको साथ/सहयोग रहने प्रतिवद्धता जनाएको र त्यस किसिमको सम्झौता गरेको स्मरण गराउनु भयो । नीति तथा कार्यक्रमको सन्दर्भमा पनि आफूले सरकारलाई विविध विषयमा खबरदारी गरेको र बजेट वक्तव्य आइसकेपछि कतिपय सैद्धान्तिक विषय मेल नखाएको र रातो किताव पढिरहँदा पूर्व समझदारीलाई लत्याइएको, प्रतिपक्षसँग कुनै किसिमको सरसल्लाह नगरिएको तर्क गर्नुभयो । फजुल र अनुत्पादक क्षेत्रमा, आर्थिक रूपमा गन्तव्यहिन भएर सिंगो प्रदेश संरचनामाथि नै प्रश्न उठिरहेको बेलामा जनताका अगाडि

नाजवाफ हुने किसिमले बजेट विनियोजन गर्न नहुने, सार्वजनिक खरिद ऐन विपरित टुक्रे योजना सञ्चालन गर्न नहुने, निर्देशनालय खारेज गरेर प्रादेशिक संरचनालाई कमजोर बनाउन नहुने, जनता र सबै माननीयहरूको भावनालाई समेटेर अगाडि बढ्नुपर्ने विषय उठान गर्दै यो बजेटलाई आफूहरूले समर्थन गर्न नसक्ने विचार व्यक्त गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३२ को उपनियम (३) बमोजिम आर्थिक वर्ष २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमान माथि सैद्धान्तिक छलफल प्रारम्भ आफ्नो वक्तव्यबाट गर्न माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई समय दिनुभयो ।

यसैबिच प्रतिपक्ष दलका माननीय सदस्यहरू आ-आफ्नो स्थानमा उभिनुभयो र माननीय तुलसी प्रसाद चौधरीले बोल्नका लागि समय माग्नु भई बजेट वक्तव्य मार्फत निर्देशनालय खारेज गर्ने कुरा संशोधन हुनुपर्ने, २०७५/०७६ देखि सञ्चालनमा रहेका क्रमागत आयोजनाहरू कटौति गर्न नहुने र प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा २/२ वटा नयाँ क्रमागत योजना सञ्चालन गर्ने सम्बन्धमा आफूहरूसँग भएको नीतिगत सहमति बमोजिमका कार्यहरू गर्ने सम्बन्धमा लिखित प्रतिवद्धता नआएसम्म आफूहरूले सदन चल्न नदिने विचार राख्दै प्रतिपक्षका सम्पूर्ण माननीय सदस्यहरू विरोध स्वरूप आ-आफ्नो स्थानमा उभिइरहनु भयो ।

यसैबिच माननीय सभामुखज्यूले राजनीतिक दलको सहमति, सहकार्य र सद्भावको निमित्त बैठक भन्दा अगाडि पनि सरकार र विपक्षी दलकाबिच छलफल भएको कुरा सुन्नमा आएको हो, तपाईहरूको बिचमा जे जस्तो सहमति भएपनि विपक्षी दलका नेता एवम् प्रमुख सचेतकले समेत विषयवस्तु राखिसक्नु भएकोले विषय व्यहोरा अवगत भएको र सरकारले पनि सो सम्बन्धमा लिखित प्रतिवद्धता नै जाहेर गर्ला भन्दै आजको छलफलको प्रकृयालाई अगाडि बढाउन सहयोग गर्न विपक्षी दललाई आग्रह गर्नु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूको आग्रह पछि पनि विपक्षी दलका माननीय सदस्यहरू विरोध स्वरूप आ-आफ्नो स्थानमा उभिइरहनु भएकोले विपक्षी दल र सरकारबिचको आपसी परामर्श र छलफलका लागि दिनको १७:३१ बजे आधा घण्टापछि पुनः बस्ने गरी यो बैठक स्थगित गर्नुभयो ।

**२०८० साल आषाढ १७ गते आइतबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १५:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३२ को उपनियम (३) बमोजिम माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई वक्तव्य सहित आर्थिक वर्ष २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमान माथि सैद्धान्तिक छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले प्रदेश सरकारको आ. व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम बमोजिम प्रदेश सरकारको निकायबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यान्वयन र अनिवार्य भुक्तानीका लागि प्रदेश सञ्चित कोषबाट हुने व्ययभार तर्फ रू. ४० अर्ब ४६ करोड ८९ लाख ५७ हजार रकम र प्रदेश सञ्चित कोषबाट हुने व्ययभार तर्फ रू. १ करोड ७ लाख ४३ हजार रकम विनियोजन गरिएको र यस आर्थिक वर्षको आयव्ययको विवरणको सारांश बजेट वक्तव्यकै अनुसूचीमा उल्लेख भएको अवगत गराउँदै आ. व. २०८०/०८१ को बजेट वक्तव्यपछि सम्मानित सदनमा प्रतिपक्षका माननीय सदस्यहरूसँग सरकारको तर्फबाट आफूहरूले छलफल गरिराखेको, वादसंवादलाई अगाडि बढाइरहेको

तथा सहमति र सहकार्यकै बाटोबाट अगाडि बढ्ने सरकारको प्रयत्न रहिरहेकोले यस विषयलाई प्रतिपक्षका माननीय सदस्यहरूले गम्भीरतापूर्वक लिनुहुने विश्वास व्यक्त गर्दै आर्थिक वर्ष २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमान माथि सैद्धान्तिक छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

यसैबिच प्रतिपक्ष दलका माननीय सदस्यहरू आफ्नो स्थानबाट रोष्टम अगाडी आएर नारा लगाइरहनु भयो । प्रतिपक्षी दलका माननीय सदस्यहरूको लगातारको नाराबाजी नरोकिने संकेत देखिएपछि माननीय सभामुखज्यूले अधिवेशनको आगामी चौधौँ बैठक संवत् २०८० साल आषाढ महिनाको १८ गते सोमवार दिनको १३:०० बजे बस्ने गरी दिनको १५:२० बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १५:१० बजे प्रारम्भ भयो ।

**<u>२०८० साल आषाढ १८ गते सोमबार</u>**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १४:२३ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ माननीय सभामुखज्यूले प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक माननीय श्री तुलसी प्रसाद चौधरीले बोल्नका लागि समय माग गरे बमोजिम समय उपलब्ध गराउनु भयो । माननीय तुलसी प्रसाद चौधरीले यो महिनाको १३ गते बजेट वक्तव्य आएदेखि नै निर्देशनालय खारेज गर्ने कुरा फिर्ता हुनुपर्ने माग राख्दै सरकारका विभिन्न मन्त्रीहरूसँग छलफल गरिरहेको भएतापनि सरकारको आधिकारिक धारणा सार्वजनिक नभएको, २०७५/०७६  देखि सञ्चालनमा रहेका क्रमागत आयोजनाहरूको निरन्तरता र प्रत्येक निर्वाचन क्षेत्रमा २/२ वटा नयाँ क्रमागत आयोजना सञ्चालन गर्ने सम्बन्धमा आफूहरूसँग भएको नीतिगत सहमतिको पालना हुनुपर्ने, बहुवर्षीय योजनाहरूको भुक्तानी हुन बाँकी रकम भुक्तानी हुनुपर्ने तर अन्य विषयमा भने छलफल गरेर अगाडि बढ्न सकिने विचार जोडदार रूपमा राख्नुभयो । अन्ततः निर्देशनालय खारेजी फिर्ता र नीतिगत सहमती बमोजिमका कुराहरू पूरा नभएसम्म आफूहरूले सदन चल्न नदिने र त्यसका लागि यो सदन स्थगित गरेर छलफल र वार्ताबाट समस्या समाधान गर्नुपर्ने विचार राख्दै गर्दा प्रतिपक्षका सम्पूर्ण माननीय सदस्यहरू विरोध स्वरूप आ-आफ्नो स्थानमा उभिइरहनु भयो ।

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ९४ को उपनियम(१) बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा माननीय सदस्य श्री वसीउद्दीन खाँको स्थानमा माननीय सदस्य श्री निमा गिरीलाई मनोनयन गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त आ-आफ्नो स्थानमा उभिइरहनु भएका प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरूलाई प्रमुख सचेतकले आफ्नो कुरा राखिसक्नु भएकोले सरकारले पनि त्यसको जवाफ दिने विश्वास व्यक्त गर्दै आ-आफ्नो स्थानमा बसेर बैठक सञ्चालनमा सहयोग गर्न अनुरोध गर्नुभयो ।

माननीय सभामुखज्यूको पटक पटकको अनुरोध गर्दा पनि प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू यथास्थानमै उभिइरहेकोले बैठक सञ्चालन हुन सक्ने अवस्था नदेखेपछि माननीय सभामुखज्यूले विपक्षी र सरकारकोबिचमा छलफल र समझदारीको लागि १ (एक) घण्टापछि बैठक बस्ने गरी दिनको १३:१८ बजे यो बैठक स्थगित गर्नुभयो ।

माननीय सभामुखज्यूले दिनको १४:२३ बजे स्थगित बैठकको कार्यवाही पुनः सुरू भएको जानकारी गराउँदै आ. व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमान(बजेट वक्तव्य) माथि सैद्धान्तिक छलफलमा भाग लिन देहायका माननीय सदस्यहरूलाई समय दिनुभयो ।

माननीय श्री वैजनाथ कलवार माननीय श्री वसीउद्दीन खाँ

माननीय श्री खड्क बस्नेत माननीय श्री तारा थापा

माननीय श्री विष्णु प्रसाद पन्थी

सैद्धान्तिक छलफल प्रारम्भ हुनासाथ प्रतिपक्षी दलका माननीय सदस्यहरूले रोष्टम अगाडि आएर विरोधका नाराहरू लगाइरहनु भएको अवस्थामा माननीय सभामुखज्यूले माननीय विष्णु प्रसाद पन्थीलाई छलफलमा भाग लिन पटक पटक समय दिनु भयो तर माननीय विष्णु प्रसाद पन्थीले छलफलमा भाग नलिएपछि माननीय सभामुखज्यूले आ. व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य) माथि सैद्धान्तिक छलफलमा माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई अनुमति दिनुभयो र माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य) माथि सैद्धान्तिक छलफल समाप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३५ को उपनियम (५) बमोजिम आ. व. २०८०/०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनको विधेयक सभामा पेश गर्न माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई अनुमति दिनुभई माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले उक्त विधेयक सभा समक्ष पेश गर्नुभयो ।

अन्त्यमा अधिवेशनको आगामी पन्ध्रौं बैठक संवत् २०८० साल आषाढ महिनाको १९ गते मंगलवार दिनको १३:०० बजे बस्ने गरी दिनको १४: ५६ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल आषाढ १९ गते मंगलबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १३:२८ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३५ को उपनियम (६) बमोजिम "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई अनुमति दिनुभई माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले उक्त प्रस्ताव सभा समक्ष राख्नु भयो ।

यसैबिच प्रतिपक्ष दलका माननीय सदस्यहरूले रोष्टम अगाडि आएर विरोधका नाराहरू लगाउँदै गर्दा माननीय सभामुखज्यूले विपक्षी दलका माननीय सदस्यहरूलाई संसदीय मर्यादा कायम गर्दै आफ्नो स्थानमा बस्न र बोल्न चाहेमा आफूले समय उपलब्ध गराउने व्यहोरा जानकारी गराउनु भयो ।

माननीय सभामुखज्यूले आ–आफ्नो स्थानमा बस्न र बोल्नका लागि समय उपलब्ध गराउने पटक पटकको अनुरोधलाई प्रतिपक्षी दलका माननीय सदस्यहरूले बेवास्ता गर्दै नाराबाजी नरोकी बैठक सञ्चालनमा अवरोध पुऱ्याई राखेपछि माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

प्रतिपक्ष दलको सदन सञ्चालनमा अवरोध र नाराबाजी नरोकिएपछि माननीय सभामुखज्यूले प्रतिपक्ष र सरकारकाबिच छलफल र संवादका लागि १(एक) घण्टापछि पुनः बैठक बस्ने गरी दिनको १३:३८ बजे यो बैठक स्थगित गर्नुभयो ।

स्थगित बैठकलाई माननीय सभामुखज्यूले दिनको १४:२१ बजे पुनः प्रारम्भ गर्दै प्रतिपक्ष दलको माग बमोजिम माननीय श्री भोज प्रसाद श्रेष्ठलाई बोल्नका लागि समय दिनुभयो ।

माननीय श्री भोज प्रसाद श्रेष्ठले आफूहरू विनियोजन विधेयकको छलफलमा गम्भिरता र धैर्यताकासाथ माननीय मन्त्रीहरूसँग कुरा राखिरहको र माननीय मुख्यमन्त्रीसँग समेत संवाद हुनुपर्ने आ नो पार्टीको माग रहेको विचार व्यक्त गर्नुभयो । सभाका सम्पूर्ण दलहरूले पारित गरेर बनाएको आ नै नियमावलीको पालना सबैले गर्नुपर्ने, सभाभित्र सबै माननीयहरू समान हुने तर बहुमतको नाममा तानाशाही लाद्रूने काम आफूहरूलाई सह्रूय नहुने, विगतबाट सच्चिएर नयाँ गन्तव्य तय गरिनुपर्ने, संघीय स्वरूपको पहिचान बढाउने निर्देशनालय खारेज गर्न नहुने, नीति तथा कार्यक्रम अनुरूप बजेट निर्माण गरी कार्यान्वयन पक्षमा जोड दिनुपर्ने, लगानीलाई प्रतिफलसँगको आवद्धता, प्राथमिकता प्राप्त क्षेत्रमा लगानी, बाँकी बक्यौताको भुक्तानी, प्रदेश गौरवका आयोजनामा पर्याप्त बजेट विनियोजन, भ्रष्टाचार नियन्त्रण हुनुपर्ने लगायत साझा कुरामा सबैको सहमति मिलेको इतिहास स्मरण गराउँदै सभालाई संवादको थलो बनाउन कन्जुस्याई गर्न नहुने विचार व्यक्त गर्नुभयो ।

तत्पश्चात प्रतिपक्ष दलका माननीय सदस्यहरू आ–आ नो स्थानमा उभिनु भयो तर माननीय सभामुखज्यूले सौहार्दपूर्ण तरिकाले छलफल अगाडि बढिरहेकोले माननीयहरूलाई आफ्नो स्थानमा बस्न अनुरोध गर्दै आफूले अरू माननीयहरूलाई पनि बोल्नका लागि समय दिने कुरा राख्नु भयो ।

तदुपरान्त माननीय सभामुखज्यूले, "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफल मात्र हुने र मन्त्रालयको विभिन्न शिर्षकहरू माथिको विस्तृत छलफल पछि गरिने व्यहोरा जानकारी गराउदै "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफलमा भाग लिन निम्नानुसारका माननीय सदस्यहरूलाई समय दिनुभयो र क्रमैसँग माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो ।

माननीय श्री लोकी कुमारी वि.क.

माननीय श्री भगवती अधिकारी

माननीय श्री तारा थापा

माननीय श्री मिना कुमारी श्रेष्ठ

माननीय श्री सुरूल पुन

यसैबिच माननीय सदस्यहरूले छलफलमा भाग लिइरहँदा प्रतिपक्ष दलका माननीय सदस्यहरू रोष्टम अगाडि उभिएर नारा लगाइरहनु भयो ।

तदनन्तर माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको सैद्धान्तिक छलफलमा माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको व्यहोरा जानकारी गराउँदै छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई अनुमति दिनुभई माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले उक्त प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको सैद्धान्तिक छलफल समाप्त भएको व्यहोरा जानकारी गराउँदै लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३५ को उपनियम (७) बमोजिम "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा सबै मन्त्रालयहरूका विभिन्न शीर्षकहरू माथि समूहीकृत छलफल गर्न र सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि आगामी बैठकलाई निर्धारण गरेको र समूहीकृत छलफलमा भाग लिन अर्को बैठक बस्नुभन्दा ३० मिनेट अगावै नाम टिपाउन तथा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३६ बमोजिम खर्च कटौतीको प्रस्ताव पेश गर्न चाहनुहुने माननीय सदस्यहरूले आजै बेलुका ५ बजेसम्म प्रस्तावको सूचना कानून तथा विधेयक शाखामा दर्ता गराउन सकिने व्यहोरा समेत जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दोस्रो अधिवेशनको आगामी सोह्रौँ बैठक संवत् २०८० साल आषाढ महिनाको १९ गते मंगलवार बेलुका १७:३० बजे बस्ने गरी दिनको १५:४७ बजे यो बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल आषाढ १९ गते मंगलबार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १७:४४ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ प्रतिपक्ष दलका माननीय श्री विष्णु प्रसाद पन्थीले बोल्नका लागि समय माग गरेपछि माननीय सभामुखज्यूले उहाँलाई समय उपलब्ध गराउनु भयो ।

माननीय श्री विष्णु प्रसाद पन्थीले लुम्बिनी प्रदेश सभामा बजेट वक्तव्य आएदेखि नै केही असहजता पैदा भएकोले आफूहरूले उठाएका विषयहरूमा सरकार गम्भीर हुनुपर्ने, प्रदेश सभा स्थापनाकाल मै बनेका गौरवका आयोजनाहरू, क्रमागत योजनाहरू, खानेपानीका योजनाहरू लगायत प्राथमिकता प्राप्त आयोजनाहरूमा विनियोजित बजेटले प्रदेश छ भन्ने अनुभूति आम नागरिकमा हुनसक्ने विचार व्यक्त गर्नुभयो । बिना आधार र बिना पुष्ट्याइ सरकार सञ्चालनलाई सहयोग पुऱ्याउने संस्था/निर्देशनालय खारेज गर्न नहुने, प्रदेशका माननीयहरूले प्रस्ताव गरेका योजना/कार्यक्रममा बजेट विनियोजन गर्दा प्रदेशलाई स्थापित गर्न मद्दत पुग्ने, अबण्डा र खर्च गर्न नसक्ने गरी बजेट विनियोजन गर्न नहुने, प्रतिपक्षले विरोध नै गर्नुपर्छ भन्ने शैलीबाट आफूहरू माथि उठेको र प्रतिपक्षले उठाएका वास्तविक र यथार्थ विषय जनताको जिवनस्तर उकास्नेतर्फ नै लक्षित रहेको धारणा राख्नु भयो । नयाँ आयोजनाभन्दा सम्पन्न हुने चरणमा पुगेका आयोजनाको लगानीले छिटो प्रतिफल प्राप्त गर्न सकिने र माननीय मुख्यमन्त्रीले सभामा उपस्थित भएर यी विषयहरूमा जवाफ दिन अनुरोध गर्दै अन्ततः छलफल र संवादले वर्तमान सरकारको बजेट विनियोजन राम्रो बन्ने र त्यसको स्वामित्व पनि वर्तमान सरकारलाई नै हुने विचार व्यक्त गर्नुभयो ।

माननीय विष्णु प्रसाद पन्थीले बोलिसकेपछि प्रतिपक्ष दलका माननीय सदस्यहरू नारा लगाउदै सभाबाट बाहिर निस्कदै गर्दा माननीय सभामुखज्यूले प्रतिपक्ष दलका माननीय सदस्यहरूलाई आ–आफ्नो स्थानमा बस्न अनुरोध गरिरहनु भयो ।

तत्पश्चात लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३६ बमोजिमको कुनै पनि खर्च कटौतीको प्रस्ताव सचिवालयमा दर्ता नभएको व्यहोरा जानकारी गराउँदै लुम्बिनी प्रदेश सभा नियमावली २०७९ को नियम १३५ को उपनियम (७) बमोजिम "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सबै मन्त्रालयहरूका विभिन्न शीर्षकहरू माथि समूहीकृत छलफल प्रारम्भ भएको जानकारी गराउँदै छलफलमा भाग निम्नानुसारका माननीय सदस्यहरूलाई समय दिनुभयो ।

माननीय सदस्य श्री निमा गिरी

माननीय सदस्य श्री सञ्जु कुमारी चौधरी

माननीय सदस्य श्री कन्हैया वनिया

माननीय सदस्य श्री तारा थापा

माननीय सदस्य श्री दिल कुमारी बुढा

तदुपरान्त माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मन्त्रालयका विभिन्न शीर्षकहरू माथि समूहीकृत छलफलमा माननीय सदस्यहरूले बोल्नेक्रम समाप्त भएको जानकारी गराउँदै छलफलमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीहरूले दिनका लागि मिति २०८० साल आषाढ २० गतेको समय निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दोस्रो अधिवेशनको आगामी सत्रौँ बैठक संवत् २०८० साल आषाढ महिनाको २० गते बुधवार बिहान ११:०० बजे बस्ने गरी दिनको १८ः २६ बजे आजको बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल आषाढ २० गते बुधवार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १३:२२ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीले सभालाई विशेष सम्बोधन गर्न समय माग गर्नु भएकोले उहाँलाई सम्बोधनका लागि समय दिनुभयो ।

माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरीले सभालाई विशेष सम्बोधन गर्दै आज आ. व. २०८०।०८१ को वार्षिक बजेटमा छलफल गर्न गइरहेको, प्रतिपक्ष दलका माननीय सदस्यहरूले प्रजातान्त्रिक परिपाटीबाट सभामा आˆना आवाजहरू उठाइरहेको सन्दर्भलाई यसलाई गम्भीर रूपमा लिएको विचार व्यक्त गर्नुभयो । प्रजातन्त्रको सुन्दर पक्ष संवाद हो र आफूहरू प्रतिपक्षका माननीय सदस्यहरूसँग छलफल मार्फत सहमतिकै आधारमा अगाडि बढेको र यसको निरन्तरताले नै प्रदेशलाई अगाडि बढाउन सकिने विचार व्यक्त गर्नुभयो । निर्देशनालयको व्यवस्थापनका लागि प्रदेश सरकार मन्त्रिपरिषद्ले समिति गठन गरिसकेको, प्रदेश निजामती सेवा ऐन होस् या प्रदेशको औचित्यमाथिको प्रश्न लगायत विषयमा सत्ता पक्ष र प्रतिपक्षसँगै मिलेरै अगाडि बढ्ने वर्तमान सरकारको नीति रहेको कुरा राख्दै कास्कीको पोखरामा हालै सम्पन्न मुख्यमन्त्रीहरूको सम्मेलनले १७ (सत्र) बुँदे प्रतिबद्धता पत्र पारित गरेको र यसले संघियतालाई बलियो बनाउने आधार तय

गरेको प्रसंग जोड्दै आउने दिनहरूमा सबै दलहरू सँगको छलफल र सहकार्यका माध्यमबाट प्रदेश भित्रका समस्याहरूलाई समाधान गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखज्यूले लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ५८ को उपनियम (३) बमोजिम समसामयिक विषयमा विशेष समयमा माननीय श्री तुलसी प्रसाद चौधरीलाई बोल्न समय दिनुभयो । माननीय श्री तुलसी प्रसाद चौधरीले बोलिसकेपछि माननीय सभामुखज्यूले विद्युत आपूर्ति सम्बन्धी प्राविधिक समस्याका कारण १०(दश) मिनेटका लागि दिनको १३ः ४९ बजे बैठक स्थागित गर्नुभयो ।

स्थगित बैठकलाई पुनः सुचारू गर्दै माननीय सभामुखज्यूले दिनको १६ः०० बजे समसामयिक विषयमा विशेष समयमा बोल्नेक्रमलाई निरन्तरता दिँदै देहायका माननीय सदस्यहरूलाई बोल्न समय दिनुभयो ।

| | |
|---|---|
| माननीय श्री विष्णु प्रसाद पन्थी | माननीय श्री बसन्ती न्यौपाने |
| माननीय श्री खेम बहादुर सारू | माननीय श्री अर्जुन कुमार के.सी. |
| माननीय श्री तुल्सी राम शर्मा | माननीय श्री रामजी प्रसाद घिमिरे |
| माननीय श्री नवराज लामिछाने | माननीय श्री दिनेश पन्थी |
| माननीय श्री राजु प्रसाद श्रेष्ठ | माननीय श्री चिन्तामणी पाण्डे |
| माननीय श्री डिल्लीराज भुसाल | माननीय गिरीधारीलाल न्यौपाने |
| माननीय श्री रत्न बहादुर खत्री | माननीय श्री भोज प्रसाद श्रेष्ठ |

तत्पश्चात माननीय सभामुखज्यूले विशेष समयमा माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको व्यहोरा जानकारी गराउँदै लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १३५ को उपनियम (८) बमोजिम "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सबै मन्त्रालयहरूको विभिन्न शीर्षकहरू माथि भएको समूहीकृत छलफलका क्रममा माननीय सदस्यहरूबाट उठाइएका प्रश्नहरूको जवाफ दिनका लागि माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीलाई अनुमति दिनुभई माननीय आर्थिक मामिला मन्त्री श्री धन बहादुर मास्कीले प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सबै मन्त्रालयहरूका विभिन्न शीर्षकहरू माथि भएको समूहीकृत छलफल समाप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि माननीय सभामुखज्यूले "आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गरी बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गरी उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४२ को उपनियम (४) बमोजिम "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथि छलफल र मन्त्रीले जवाफ दिने

समय आगामी बैठकमा हुने व्यहोरा जानकारी गराउँदै छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम सोही दिन अर्को बैठक बस्नुभन्दा १५ मिनेट अगावै कार्यव्यवस्था शाखामा उपलब्ध गराई दिनुहुन समेत जानकारी गराउनु भयो ।

अन्त्यमा, माननीय सभामुखज्यूले दोस्रो अधिवेशनको आगामी अठारौँ बैठक संवत् २०८० साल आषाढ महिनाको २० गते बुधवार बेलुका १९:३० बजे बस्ने गरी दिनको १९:१४ बजे यो बैठक सम्पन्न गर्नुभयो ।

**२०८० साल आषाढ २० गते बुधवार**

लुम्बिनी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री तुलाराम घर्ती मगरज्यूको अध्यक्षतामा दिनको १९:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सभामुखज्यूले "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" माथिको छलफल प्रारम्भ गर्दै लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १४२ को उपनियम (५) बमोजिम माननीय सदस्यहरूले बोल्दा प्रदेश सरकारको जवाफदेही क्षेत्रभित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा प्रदेश सरकारको आर्थिक नीतिसँग सम्बन्धित विषयहरूमाथि मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउँदै छलफलमा भाग लिन देहायका माननीय सदस्यलाई समय दिनुभयो ।

माननीय श्री सुधाकर पाण्डेय

माननीय श्री विष्णु प्रसाद पन्थी

माननीय श्री तारा थापा

माननीय श्री कन्हैया वनिया

माननीय श्री अर्जुन कुमार के.सी.

माननीय श्री जमु ना ढकाल

माननीय श्री दीपेन्द्र कुमार पुन मगर

६. मिति २०७९/१२/२४ मा लुम्बिनी प्रदेश सभा सचिवालयका श्रीमान् सचिवज्यूको नेतृत्वमा रहेको कर्मचारीहरूको टोली र गण्डकी प्रदेश सभाका श्रीमान् सचिवज्यूको नेतृत्वमा रहेको गण्डकी प्रदेश सभा सचिवालयका कर्मचारीहरूको टोली बिच संसदीय कार्यप्रक्रिया एवं कार्यपद्धति, प्रादेशिक संसदको मौलिकता एवं बिशिष्टता, आ-आफ्नो प्रदेशमा गरिएका अभ्यास, संसदीय सिद्धान्त एवं अन्तर्राष्ट्रिय अभ्यास लगायतका विषयवस्तुमा आधारित रही अन्तरक्रिया तथा अनुभव आदानप्रदान कार्यक्रम पोखरामा सम्पन्न भएको । यसै प्रकृतिको कार्यक्रम मिति २०७९/१२/२६ मा बाग्मती प्रदेशको हेटौंडामा पनि सम्पन्न ।

७. लुम्बिनी प्रदेश सभा तथा लुम्बिनी प्रदेश सभा सचिवालयबाट भएका कार्यहरूको समिक्षा तथा नयाँबर्ष २०८० को शुभकामना आदान-प्रदान कार्यक्रम २०८०/०१/०१ मा सम्पन्न ।

८. लुम्बिनी प्रदेश सभाका माननीय सभामुखज्यूको नेतृत्वमा रहेको पदाधिकारी एवं कर्मचारीहरूको टोली र चिनको स्वशाशित प्रान्त तिब्बतका प्रान्तिय सभाका स्थायी समिति उपाध्यक्ष Mr. Jiang Bai को नेतृत्वमा रहेको पदाधिकारी एवं कर्मचारीहरूको टोली बिच आ-आफ्नो देशको कार्यअनुभव, दुई देशको पृथकता एवं बिशिष्टता, दुई फरक शासन व्यवस्थाले संसदीय पद्धतिमा आउने पृथकता, प्रादेशिक संसदको मौलिकता एवं बिशिष्टता, संसदीय सिद्धान्त एवं अन्तर्राष्ट्रिय अभ्यास लगायतका विषयवस्तुमा आधारित रही शिष्टाचार भेटघाट २०२३ जुन २८ मा लुम्बिनीमा सम्पन्न ।

९. सचिवालयको दैनिक कार्य सञ्चालनको लागि आवश्यक दरबन्दीको ब्यवस्था नहुँदा सेवा करार सम्झौता गरी सेवा प्रवाह भैरहेको अवस्थामा आ.व.२०८०/८१ को लागि यस सचिवालयले आवश्यक समन्वय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अस्थायी दरबन्दी स्वीकृत भएको ।

१०. हरितालिका तीजको अवसरमा परम्परा एवं संस्कृति जगेर्ना गर्ने उद्देश्य सहित २०८०/०५/२१ मा तीज मिलन एवं शुभकामना आदान-प्रदान गर्ने कार्यक्रम सम्पन्न ।

११. माथी उल्लेख भएका अतिरिक्त मानव संशाधन व्यवस्थापनका कार्यहरू, दैनिक कर्मचारी प्रशासन, जिन्सी व्यवस्थापन, पत्रव्यवहार, अभिलेख व्यवस्थापन, वेभसाइट अधावधिक गर्ने, सम्पत्ति विवरण अधावधिक गर्ने/गराउने तथा अभिलेख गर्ने लगायतका कामहरू निरन्तर हुदै आएका छन् ।

**(ख) स्वास्थ्य शाखाः**



स्वास्थ्य शाखाबाट मिति २०७९ बैशाख देखि हालसम्म सम्पादन भएका कार्यहरूको विवरण देहाय बमोजिम रहेको छः

- ☞ स्वास्थ्य उपचार बापत जम्मा ४९ जना (२०७९ बैशाख पहिलो प्रदेश सभाको कार्यकालयमा २९ जना र दोस्रो प्रदेश सभाको कार्यकालयमा २० जना) माननीय प्रदेश सभा सदस्यज्यूहरूलाई नियमानुसार रकम उपलब्ध गराउने प्रयोजनार्थ आवश्यक कागजात तथा विवरण प्राप्ती, दर्ता, परीक्षण र व्यवस्थापन गरिएको,
- ☞ स्वास्थ्य शाखाबाट विभिन्न रोगका ६५ प्रकारका औषधीहरू वितरण गरिँदै आईरहेको,
- ☞ महिला माननीय सदस्यज्यूहरू, कर्मचारी तथा पदाधिकारीहरूलाई मासिक रूपमा निशुल्क रूपमा जम्मा ३२ जनालाई सेनेटरी प्याड उपलब्ध गराएको र सो अवधिमा ७६२ जना पदाधिकारी र कर्मचारीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराएको,
- ☞ बजेट अधिवेशन चलिरहेको समयमा २ जना दिर्घ रोगी माननीय सदस्यज्यूहरूको स्वास्थ्यमा आकस्मीक समस्या देखि स्वास्थ्य शाखाले उहाँहरूको तत्काल आकस्मीक उपचार गरी अस्पताल पठाईएको,
- ☞ दिवस समारोह लगाएतका कार्यक्रमहरूमा स्वास्थ्य सहायता कक्षा (हेल्थ हेल्प डेस्क) स्थापना गरी कार्यक्रममा सहभागी पदाधिकारीहरू तथा अन्य महानुभावहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराईएको ।

## (ग) आर्थिक प्रशासन तथा सुविधा शाखाः

प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ ले व्यवस्था गरेको पदाधिकारी तथा सदस्यहरूको सुविधाको विवरणः

| क.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख | विपक्षी दलको नेता | सत्ता पक्षको प्रमुख सचेतक | सभापति / सत्ता पक्षको प्रमुख सचेतक /विपक्षी दलको प्रमुख सचेतक /दलको नेता र दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ६१४८० | ५८००० | ५८००० | ५६६८० | ५५६८० | ५२२०० |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १००० | १००० | १००० | १००० | १००० | १००० |
| ३ | आवास सुविधा | प्रति महिना रु. | | | २५००० | १७००० | १७००० | १७००० |
| ४ | फर्निचर खर्च ( सरकारी घरको बन्दोवस्त नभएमा) | एकमुष्ट रु. | ० | ० | ४५००० | ४५००० | ४५००० | ४५००० |
| ५ | सवारी ईन्धन | प्रति महिना लिटर | २४० | २०० | २०० | १५० | १५० | ० |
| ६ | मोबिल | त्रैमासिक लिटर | १० | १० | १० | १० | १० | ० |
| ७ | बिजुली धारा | प्रति महिना रु. | विल अनुसार | विल अनुसार | १५०० | १५०० | १५०० | १५०० |
| ८ | संचर सुविधा (टेलिफोन, ईन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | विल अनुसार | २००० | २००० | २००० | २००० | २००० |
| ९ | आन्तरिक भ्रमण खर्च | प्रति दिन रु. | २५०० | २००० | २००० | २००० | २००० | २००० |
| १० | वैदेशिक भ्रमण खर्च | प्रति दिन रु. | २२५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| ११ | बैठक यातायात खर्च | प्रति दिन रु. | - | - | - | - | - | ५०० |
| १२ | निजी सचिवालयको बन्दोवस्त | प्रति महिना रु. | २००० | ३००० | ३००० | ३००० | १२०० | ० |
| १३ | अतिथि सत्कार | प्रति महिना रु. | १०००० | ५००० | ३००० | ३००० | ३००० | ० |

प्रदेश सभा स्थापना भएको आ.व. २०७४/७५ देखि आ.व.२०८०/८१ सम्म प्रदेस सभा तथा सचिवालयसमेतका लागि विनियोजित वार्षिक बजेट तथा खर्चको विवरण:

| आर्थिक वर्ष | चालु खर्च तर्फ | | | पूँजिगत खर्च तर्फ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक बजेट | निकासा | खर्च | वार्षिक बजेट | निकासा | खर्च | वार्षिक बजेट | निकासा | खर्च |
| २०७४/७५ | ७५७५९५०० | ४५५९०१२९.७३ | ४५५९०१२९.७३ | १४३९८३८५ | १२१९६२८१ | १२१९६२८१ | ९०१५७८८५ | ५७७८६४१०.७३ | ५७७८६४१०.७३ |
| २०७५/७६ | १९४१७६४०० | १४६४११३४८.४ | १४६४११३४८.४ | १२२४०५००५ | १०९१९३८०५.५ | १०९१९३८०५.५ | ३१६५८१४०५ | २५५६०५१५३.८ | २५५६०५१५३.८ |
| २०७६/७७ | २३११०३००० | १८६८६११९८.९ | १८६८६११९८.९ | २७०२४००० | २५२६२७३३ | २५२६२७३३ | २५८१२७००० | २१२१२३९३१.९ | २१२१२३९३१.९ |
| २०७७/७८ | १९४०३३००० | १५१७९३४३९.९ | १५१७९३४३९.९ | ४८४४००० | ५७७६९८५ | ५७७६९८५ | १९८८७७००० | १५७५७०४२४.९ | १५७५७०४२४.९ |
| २०७८/७९ | १९६९८२००० | १४७७८१३४०.५ | १४७७८१३४०.५ | ६९५६१००० | १९५६६८८२.७३ | १९५६६८८२.७३ | २६६५४३००० | १६७३४८२२३.३ | १६७३४८२२३.३ |
| २०७९/८० | १९१९८५००० | १३९३३१७५७.३ | १३९३३१७५७.३ | १०९४९४१५४ | ८४३७९८२७ | ८४३७९८२७.०० | ३०१४७९१५४.०० | २२३७११५८४.३ | २२३७११५८४.३ |
| २०८०/८१ | २३६५८८००० | ८२२७६७६५.३ | ८२२७६७६५.३ | ७२२५०००० | ९१७७५५३ | ९१७७५५३ | ३०८८३८००० | ९१४५४३१८.३ | ९१४५४३१८.३ |
| | | | | | | | ० | ० | |
| | | | | | | | ० | | |
| जम्मा | १३२०६२६९०० | ९०००४५९८० | ९०००४५९८० | ४१९९७६५४४ | २६५५५४०६७ | २६५५५४०६७ | १७४०६०३४४४ | ११६५६०००४७ | ११६५६०००४७ |

प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधिको ब्यवस्था बमोजिम प्रदेश स्थापनाकालदेखि हालसम्मको आम्दानी तथा खर्च विवरण:

| आर्थिक वर्ष | जम्मा आम्दानी | जम्मा खर्च | मौज्दात | उपचार सुविधा प्राप्त गर्ने पदाधिकारी तथा सदस्यहरको संख्या |
|---|---|---|---|---|
| २०७४/७५ | ० | ० | ० | |
| २०७५/७६ | ० | ० | ० | |
| २०७६/७७ | १३८९१००० | १४४९५५०.५ | १२४४१४४९.५ | |
| २०७७/७८ | १५५२२४४९.५ | ३०८०८४६ | १२४४१६०३.५ | |
| २०७८/७९ | १४२०५९९८.५ | १७६४४५१ | १२४४१५४७.५ | |
| २०७९/८० | १२४४१५४७.५ | १५४०८४२ | १०९००७०५.५ | |
| २०८०/८१ | १०९००७०५.५ | | १०९००७०५.५ | |

आ.व.२०७४/०७५ देखि हालसम्मको बेरूजु, फर्छ्यौट र बाँकीको विवरण:

| आर्थिक वर्ष | बाँकी बेरुजु | | | बेरुजु | | | | | | पेश्की | | ०७९/८० सम्म फछ्यौंट | | | ०८०/८१ मा फछ्यौंट | | | बाँकी बेरुजु | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | | | | | | | | | | | | | | | | | | | |
| | सैद्धान्तिक | लगति | रकम | असुल हुनु पर्ने | अनियमित भएको | प्रमाण कागजात व्यहोरा नभएको | राजस्व लगत जिम्मेवारी | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | असुल | अनियमित | प्रमाण कागजात | असुल | अनियमित | प्रमाण कागजात | असुल | अनियमित | प्रमाण कागजात | जम्मा |
| २०७४/७५ | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०७५/७६ | ९ | १ | ५३९० | ५३९० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५३९० | ० | ० | ५३९० |
| २०७६/७७ | ९ | ६ | १२०१४४८२.७९ | ० | १२०१४४८२.७९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२०१४४८२.७९ | ० | १२०१४४८२.७९ |
| २०७७/७८ | २० | १५ | ९२९००९ | ११६३५० | ८१२६५९ | ० | ० | ० | ० | ० | ० | ८१५०० | ० | ० | २१२५० | ० | ० | १३६०० | ८१२६५९ | ० | ८२६२५९ |
| २०७८/७९ | २२ | ३ | ६३६६१८० | ० | ३४९२१५८ | २८७४०२२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३४९२१५८ | २८७४०२२ | ६३६६१८० |
| जम्मा | | | १९३१५०६१.८ | १२१७४० | १६३१९२९९.८ | २८७४०२२ | ० | ० | ० | ० | ० | ८१५०० | ० | ० | २१२५० | ० | ० | १८९९० | १६३१९२९९.८ | २८७४०२२ | १९२१२३११.८ |

**(ग) सूचना प्रविधि शाखाः**

सम्पादित मुख्यमुख्य कार्यहरूः

- प्रदेश सभा, प्रदेश सभा सचिवालय र संसदीय समितिले गरेका गतिविधिहरूलाई समेटिएर आफ्नै स्टुडियोबाट सचिवालयकै जनशक्ति परिचालन गरी "प्रदेश सभा सेरोफेरो" कार्यक्रम उत्पादन तथा प्रशारण ।



*"प्रदेश सभा सेरोफेरो कार्यक्रम" छायाङ्कन गर्दै भिडियो ग्राफर सिएल चौधरी र कार्यक्रम प्रस्तोता तथा कानून अधिकृत श्री राधा रोक्काज्यू सचिवालयको आफ्नै स्टुडियोमा।*

**२. कार्यव्यवस्था महाशाखाः**

**(क) कार्यव्यवस्था शाखाः** कार्यव्यवस्था महाशाखा प्रदेश सभा सचिवालयको विद्यमान तीन महाशाखाहरू मध्ये एक महत्वपूर्ण महाशाखा हो । हाल यस महाशाखाको जिम्मेवारी समेत हेर्ने गरी अधिकृत आठौं श्री सम्झना सुवेदीलाई तोकिएको छ ।

**(क) सभाको बैठक सञ्चालनसँग सम्पादित कार्यहरूः-**

(अ) पहिलो प्रदेश सभाको १० औ अधिवेशन

कार्यव्यवस्था परामर्श समितिको बैठक बसेको संख्या-१

निर्माण तथा वितरित दैनिक कार्यसूची संख्या-२०

निर्माण तथा वितरित रिडिङ पेपर संख्या- २०

**(आ) दोस्रो प्रदेश सभाको पहिलो र दोस्रो अधिवेशन**

कार्यव्यवस्था परामर्श समितिको बैठक बसेको संख्या-८

निर्माण तथा वितरित दैनिक कार्यसूची संख्या-३५

निर्माण तथा वितरित रिडिङ पेपर संख्या- ३५

**(ख) शैक्षिक संस्थाहरूमा अभ्यास संसद कार्यक्रम संचालनः-**

(अ) रूपन्देहीको कालिका मानवज्ञान मा. वि. मा सञ्चालित कार्यक्रममा सहभागी सामुदायिक विद्यालय संख्या-५, लाभान्वित कानून संकायका विद्यार्थी संख्या- २००

(आ) बाँकेको नेपालगन्ज स्थित जि. स. स. हलमा सञ्चालित कार्यक्रममा सहभागी सामुदायिक विद्यालय संख्या- २ लाभान्वित कानून संकायका विद्यार्थी संख्या- १४०




*प्रदेश सभा र स्थानीय तहबीच कानून निर्माण र सभा संचालन सम्बन्धी बुटवलमा आयोजित अन्तरक्रिया कार्यक्रम*

(इ) रोल्पाको लिवाङ स्थित जि. स. स. हलमा सञ्चालित कार्यक्रममा सहभागी सामुदायिक विद्यालय संख्या-१ लाभान्वित विद्यार्थी संख्या-१५०

(ग) प्रदेश सभा र स्थानीय तहहरू बीच कानून निर्माण र सभा संचालन प्रक्रिया सम्बन्धी अन्तरक्रियात्मक **विचार गोष्ठी तथा प्रेस मिट कार्यक्रम सञ्चालनः-**

यस कार्यक्रममा देहाय बमोजिमका स्थानीय तहका प्रमुख/ उप प्रमुख, वडा अध्यक्ष र सदस्यहरू, विधायन समिति संयोजक तथा कार्यपालिका सदस्यहरू र सम्बन्धित स्थानीय तहका अधिकृत कर्मचारीहरू लगायत पत्रकारहरूसँग अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ ।

प्रदेश राजधानी दाङ, देउखुरीमा सहभागी स्थानीय तह संख्या- ४ (लमही न.पा., राप्ती गा.पा., गढवा गा.पा. र राजपुर गा.पा.) ।

बर्दिया जिल्लाको ठाकुरबाबामा सहभागी स्थानीय तह संख्या- ३ (ठाकुरबाबा न.पा., मधुवन न.पा., राजापुर न.पा. र गेरूवा गा.पा.) ।

बाँके जिल्लाको नेपालगन्ज उपमहा न.पा.मा सहभागी स्थानीय तह संख्या- ३ (नेपालगञ्ज उपमहानगरस्थानीय तह, जानकी गा.पा. र डुडुवा गा.पा.) ।

रूपन्देही जिल्लाको बुटवल उपमहान.पा. मा सहभागी स्थानीय तह संख्या- ३ (बुटवल उपमहा न.पा., सियारी गा.पा. र शुद्धोधन गा.पा.) ।

कपिलवस्तु जिल्लाको शिवराज/चन्द्रौटामा सहभागी स्थानीय तह संख्या- ३ (शिवराज न.पा., कृष्णनगर न.पा र विजयनगर गा.पा.) र नवलपरासी जिल्लाको भूमहीमा सहभागी स्थानीय तह संख्या- ३ (सुनवल न.पा., रामग्राम न.पा. र पाल्हिनन्दन गा.पा) गरी ६ वटा जिल्लाहरूका स्थानीय तहहरूसँग अन्तरक्रिया गरेको ।



बुटवलमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उपस्थित संचारकर्मीहरू ।

**(२) प्रश्नोत्तर तथा सम्पूर्ण विवरण शाखाः**

प्रश्नोत्तर तथा सम्पूर्ण विवरण शाखाले सभाको बैठकमा माननीय सदस्यहरूद्वारा मन्त्रीहरूलाई सोधिने प्रश्नहरू सम्पादन गरी बैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाउने तथा माननीय सदस्यहरूले बैठकमा बोल्नुभएको सम्पूर्ण विवरण रेकर्डिङ्ग र उतार गरेर सम्पूर्ण विवरण (भर्वेटिम) तयार गर्ने कार्य गर्दछ । यस शाखाले सम्पादन गरेका कार्यहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् ।

**(अ) प्रश्नोत्तर सम्बन्धी सम्पादित कार्यहरूः-**

माननीय सदस्यहरूद्धारा माननीय मन्त्रीहरूलाई सोधिने प्रश्नोत्तरको फारम वितरण गर्ने, ल्याइएका प्रश्नहरू दर्ता गर्ने, प्रश्नको मुख्य आशय परिवर्तन नहुने गरी भाषा मिलाएर टिप्पणी तयार पारी पेश गर्ने, सभामुखज्यूबाट प्रश्नहरू अस्वीकृत भएमा सम्वन्धित माननीय सदस्यहरूलाई जानकारी गराउने र स्वीकृत भएमा सम्वन्धित मन्त्रालयमा उत्तर प्राप्त गर्न पत्राचार गर्ने, सम्बन्धित मन्त्रालयबाट उत्तर प्राप्त भएपछि कार्यव्यवस्था परामर्श समितिले निर्धारण गरे अनुसार माननीय सदस्य र सम्वन्धित मन्त्रीलाई जानकारी गराई बैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइएको ।

प्रश्न र उत्तरका प्रतिहरू एकीकृत गरी प्रश्नोत्तरको विवरण भएको पुस्तिका तयार गरिएको ।

प्रदेशसभा बैठकको विशेष समय, शून्य समय, ध्यानाकर्षण प्रस्ताव अन्य रूलिङ भएका विषय र सभामा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न तथा प्रस्तावहरूको टिपोट गरी सचिवज्यू समक्ष पेश गरिएको । आवश्यकता अनुसार प्रदेश सरकारमा जवाफका लागि लेखी पठाइएको ।

**(३ ) सम्पूर्ण विवरण सम्बन्धी सम्पादित कार्यहरूः**

**(अ) सूचनापत्रको तयारी, स्वीकृती र वितरणः-**

बैठक चलेको दिनमा बैठक कक्षमा उपस्थित भई माननीय पदाधिकारी तथा माननीय सदस्यहरूबाट बोलेका कुराको सारसंक्षेप उतार गरेको ।

सूचनापत्र-२ तयार गरी रूजु गराई श्रीमान् सचिवज्यू समक्ष स्वीकृतिका लागि पेश गरेको । स्वीकृत भएपछि सूचना पाटीमा प्रकाशन गरेको र माननीय सदस्य तथा संचारकर्मीलाई वितरण गरेको ।
पहिलो प्रदेश सभाको दशौं अधिवेशनपछि हालसम्म तयार गरेको सूचनापत्र-२ को संख्या- ५५
सूचनापत्र-२ लाई e–egislation मा अपलोड गरी सर्वसाधारण नागरिकको पहुँलाई सुनिश्चित गरिएको ।

**(आ) सम्पूर्ण विवरणको तयारी स्वीकृती र अभिलेखिकरण सम्बन्धी कार्यहरूः-**

सभामुखज्यू र माननीय सदस्यहरूले बैठकमा बोलेका सबै विवरणहरू रेकर्ड गर्ने व्यवस्था मिलाइएको । माननीय सदस्यहरूले बैठकमा आफूले बोलेका कुराहरू नियमानुसार सचिवालयमा निवेदन दिई माग गरेमा निर्धारित म्यादभित्र उतार गरी उपलब्ध गराइएको ।
रेकर्डिङ्ग सिष्टमवाट प्राप्त सम्पूर्ण विवरण कम्प्यूटरद्धारा लिपिबद्ध गर्ने कामको सहजीकरणको लागि सभामा उपस्थित भै बैठकको संक्षिप्त विवरण उतार गरिएको ।
पहिलो प्रदेश सभाका माननीय सदस्यहरूलाई पेन ड्राइभमा सम्पूर्ण विवरण उपलब्ध गराएको ।
अन्तिम रूप दिइएको सम्पूर्ण विवरणलाई प्रदेशसभा सचिववाट सहिछाप/प्रमाणित गराई छपाई कार्य समेत सम्पन्न गरिएको । छापिएका सम्पूर्ण विवरणका पुस्तक सम्बन्धित पदाधिकारी तथा निकायलाई (सचिव, सम्बन्धित महाशाखा प्रमुख, सभाको पुस्तकालय, मन्त्रीपरिषद् कार्यालयमा) उपलब्ध गराइएको ।
सम्पूर्ण विवरणको एक प्रति शाखाको अभिलेखको लागि सुरक्षित गरी राखेको ।

**(४) अन्य भूमिकाः**

**(अ) सूचना अधिकारीको रूपमा सम्पादित कार्यहरूः-**

मौखिक रूपमा उपलब्ध गराइएको सूचना संख्याः ४३
लिखित रूपमा उपलब्ध गराइएको सूचना संख्याः ११
अन्त्यमा, यस महाशाखा अन्तर्गतका शाखाहरूको सम्पूर्ण कार्यहरू सम्पादन, सूचना अधिकारीको भूमिकाका साथै प्रदेश सभा बैठक सञ्चालनका लागि माननीय सभामुखज्यूलाई आवश्यकता अनुसारको कागजपत्र तयार गर्ने, सभामा पेश हुने प्रस्तावहरू तयार गर्ने, सभामा प्रत्यक्ष सहभागी भई सभामुखज्यूबाट सभा सञ्चालन भइरहँदा महत्वपूर्ण विषयको टिपोट राख्ने र बैठकको पश्चात उक्त टिपोट श्रीमान् सचिवज्यू समक्ष पेश गर्ने, बैठकमा पेश हुने प्रस्तावलाई प्रस्तावक माननीय मन्त्री वा माननीय सदस्यहरू समक्ष पेश गर्ने, मतदानद्धारा निर्णय गरिने प्रस्तावका लागि मतदान र सोको नतिजा सम्बन्धी व्यवस्था मिलाउने, e– legislation documentation लगायत आम जनमानसमा प्रदेश सभाको आवश्यकता र औचित्य पुष्टि हने विविध कार्यक्रमहरू यस महाशाखाबाट सम्पादन हुँदै आइरहेको छ ।

## ३. कानून तथा विधेयक महाशाखाः

प्रदेश सभा सचिवालयमा रहेका महाशाखाहरू मध्ये कानून तथा विधेयक महत्वपूर्ण महाशाखा हो । यस महाशाखामा हाल महाशाखा प्रमुखमा कानून उपसचिव श्री इश्वरी प्रसाद आचार्य, शाखा प्रमुखमा कानून अधिकृत श्री राधा रोक्का हुनुहुन्छ र सहायक कर्मचारीका रूपमा कम्प्यूटर अपरेटर श्री विवश बोहरा कार्यरत रहनु भएको छ ।

**(क) कानून तथा विधेयक शाखा**

**(अ) विधेयक सम्बन्धी कार्यहरूः**

प्रदेश सभा सचिवालयमा दर्ता हुन आएका देहायका विधेयकको लुम्बिनी प्रदेश सभा नियामवलीले तोकेका आवश्यक शर्त र प्राविधिक पक्ष हेरी व्यवस्थापन प्रकृयामा लैजानका लागि टिप्पणी तयारी, कार्यव्यवस्था

शाखालाई जानकारी, संशोधन फारम वितरण र संकलन, सभाबाट पारित विधेयको आनुषाङ्गिग सुधार सहित सभा वा समितिबाट उपलब्ध विधेयक संशोधनको प्रतिवेदनलाई मूल विधेयकमा एकीकृत, सभामुखबाट प्रमाणित गर्ने कार्यका लागि सहयोग गर्ने र प्रमाणित भएको विधेयक प्रदेश प्रमुखबाट प्रमाणिकरणका लागि पठाउने र प्रचलित कानून बमोजिम प्रदेश सभा र सचिवालयको राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना प्रकाशनको लागि प्रदेश सरकारको राजपत्र सम्पादन र प्रकाशन गर्ने मन्त्रालयमा पठाउने समेतका कार्य सम्पन्न भएको छ । सबैभन्दा महत्वपूर्ण कार्य भनेको प्रमाणीकरण भएर आएका मूल ऐनलाई सुरक्षित संरक्षण र भण्डारणको कार्य कानुन तथा विधेयक शाखाले गर्दै आइरहेको छ।

यस महाशाखाले पहिलो प्रदेश सभाको दशौँ अधिवेशन मिति २०७९ देखि दोस्रो प्रदेश सभाको दोस्रो अधिवेशन २०८०।०९।२९ सम्म सम्पादन गरेका मुख्यमुख्य कार्यहरू देहाय बमोजिम रहेका छनः

| क्र.सं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित मिति | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| **दशौं अधिवेशन (पहिलो प्रदेश सभा)** | | | | | | |
| ७५ | द.अ. ०१ | २०७९।०१।१६ | प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७९,०३,१५ | २०७९,०४,०८ | |
| ७६ | द.अ. ०२ | २०७९।०१।१६ | संचार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७८ | २०७९,०३,१५ | २०७९,०३,२७ | |
| ७७ | द.अ. ०३ | २०७९।०२।१० | औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | निष्क्रिय | | सभामा |
| ७८ | द.अ. ०४ | २०७९।०३।०१ | प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७९,०३,१५ | २०७९,०३,२७ | |
| ७९ | द.अ. ०५ | २०७९।०३।०१ | आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९,०३,१५ | २०७९,०३,२७ | |
| ८० | द.अ. ०६ | २०७९।०३।०२ | खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९,०३,१५ | २०७९,०३,२७ | |
| ८१ | द.अ. ०७ | २०७९।०३।१९ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | निष्क्रिय (संविधानको धारा१९९ को उपधारा (२) बमोजिम ) | | सचिवालयमा |
| ८२ | द.अ. ०८ | २०७९।०३।२४ | प्रदेशको सिंचाईलाई व्यवस्थित गर्न बनेको विधेयक | | | सचिवालयमा |
| ८३ | द.अ. ०९ | २०७९।०४।०२ | लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, संचालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | | | सचिवालयमा |
| ८४ | द. अ. १० | २०७९।०४।१६ | प्रदेशमा विद्युतिय उर्जाको उत्पादन, प्रसारण र वितरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | | | सचिवालयमा |
| **पहिलो अधिवेशन (दोस्रो प्रदेश सभा)** | | | | | | |
| १ | प.अ.१ | २०७९।११।१५ | "स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" (अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक) | - | - | सचिवालयबाट फिर्ता |
| २ | प.अ.२ | २०७९।११।१७ | लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | - | - | सभाबाट फिर्ता |
| ३ | प.अ.३ | २०७९।१२।२३ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८०।०४।१२ | २०८०।०४।१५ | |

| क्र.सं. | दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | पारित मिति | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | प.अ.४ | २०८०।०१।०८ | औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | | | अर्थ समितिमा विचाराधिन |
| | | | दोस्रो अधिवेशन | | | |
| ५ | दो.अ.१ | २०८०।०३।०१ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८०।०३।२० | २०८०।०३।२८ | |
| ६ | दो.अ.२ | २०८०।०३।०१ | आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०।०३।२० | २०८०।०३।२८ | |
| ७ | दो.अ.३ | २०८०।०३।२२ | प्रदेश निजामती सेवाको गठन् सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८० | २०८०।०५।२२ | २०८०।०८।२१ | |

### (आ) कानुनी प्रतिरक्षा सम्बन्धीः

लुम्बिनी प्रदेश सभा, विषयगत समिती र प्रदेश सभा सचिवालयलाई पक्ष वा विपक्षी बनाई दायर गरिएको मुद्धामा लिखित जवाफ वा प्रतिउत्तर तयार गरी सम्बन्धित अदालतमा पठाउने तथा कानुनी प्रतिरक्षाका लागि प्रतिनिधित्व गरेको छ । दशौँ अधिवेशन देखी २०८०/०९/२९ सम्म देहायका बमोजिमका संख्यामा लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा पठाईएको छः

- रिट निवेदक मनिराम उपाध्याय विरूद्ध विपक्षी प्रदेश सभा, सचिवालय समेत (रिट नं ०७९-WC-०००४)
- रिट निवेदक रामचन्द्र पौडेल विरूद्ध विपक्षी प्रदेश सभा, सचिवालय समेत (रिट नं ०७९-WO-०४३४)
- रिट निवेदक रवि दत्त मिश्र विरूद्ध विपक्षी प्रदेश सभा, सचिवालय समेत (रिट नं ०७९-WC-००२१)
- रिट निवेदक बिजयालक्ष्मी द्विवेदी विरूद्ध विपक्षी प्रदेश सभा, सचिवालय समेत (रिट नं ०७९-WC-००५६)
- रिट निवेदक पुरूषोत्मलाल संघई विरूद्ध विपक्षी प्रदेश सभा, सचिवालय समेत (रिट नं ०७९-WC-००९७) ।

### (इ) कार्यविधि, विधान र निर्देशिका मस्यौदा लेखनः

- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधिको मस्यौदा,
- प्रदेश सभा पूर्व सदस्य मञ्च, लुम्बिनी प्रदेशको विधान-२०८० को मस्यौदा,
- लुम्बिनी प्रदेश सभाको टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी कार्यविधिको मस्यौदा ।

### (ई) विद्यार्थीसँग प्रदेश सभा पहुँच कार्यक्रमः

संवैधानिक व्यवस्था, लुम्बिनी प्रदेश सभा र पदाधिकारीको भूमिका बारे परिचित गराउनका लागि संसदीय बाह्य पहुँच कार्यक्रम अन्तर्गत प्रदेश सभा सचिवालयको कानुन तथा विधेयक शाखा अन्तगर्त विद्यार्थीसँग प्रदेशसभा पहुँच कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यस शाखाले आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका सामुदायिक माध्यमिक विद्यालयलाई छनौट गरी यो कार्यक्रम गरिरहेको छ । हालसम्म कानुन तथा विधेयक शाखाले यो कार्यक्रम दाङ जिल्लाको श्री खिम बहादुर शाह माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालय गढवा गोवरडिया, प्यूठान जिल्लाको श्री सत्य माध्यमिक विद्यालय, कपिलबस्तु जिल्लाको श्री नेपाल आदर्श नमुना माध्यमिक विद्यालय र अर्घाखाँची जिल्लाको श्री लापे माध्यमिक विद्यायलबाट कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूलाई प्रदेश सभा सचिवालयमा ल्याई प्रदेश सभाको भूमिका र कानुनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरी माननीय सभामुख श्री तुलाराम घर्तिमगरज्यू,





**विद्यार्थीसँग प्रदेश सभा पहुँच कार्यक्रमको अन्तरक्रिया कार्यक्रममा सहभागी विद्यार्थीहरुसँग मा. सभामुख श्री तुलाराम घर्ती मगरज्यू (बायाँ) र विद्यार्थीहरुलाई आफ्नो प्रस्तुतीकरण दिनु हुँदै श्रीमान् सचिव श्री दुर्लभ कुमार पुन मगरज्यू (दायाँ) ।**

माननीय उपसभामुख श्री मेनुका खाडँ के.सीज्यू, निर्वतमान सभामुख तथा प्रतिनिधि सभाका मा. सदस्य श्री पूर्ण बहादुर घर्ती र प्रदेश सभाका माननीय सदस्यज्यूहरू समेतको सहभागीतामा प्रत्यक्ष अन्तर्रक्रिया कार्यक्रम गर्दै आइरहेको छ । कार्यक्रममा विद्यार्थी भाइबहिनीहरूलाई प्रदेश सभाको भौतिक संरचनाको अवलोकन गराइनुका साथै विषयगत मन्त्रालयको समेत अवलोकन गराइएको छ । कार्यक्रमबाट हालसम्म २२५ भन्दा बढी विद्यार्थीहरू यो कार्यक्रममा प्रत्यक्ष सहभागी हुने अवसर प्राप्त गरिसकेका छन् ।

**(उ) प्रकाशन सम्बन्धी कार्यः**

☞ लुम्बिनी प्रदेश सभाबाट पारित तथा प्रदेश प्रमुखबाट प्रमाणिकरण भईसकेका विधेयकहरूलाई एकीकृत गरी विधेयक संग्रह, विषयगत समितिका वार्षिक प्रतिवेदनहरू, प्रदेश सभा दर्पण र लुम्बिनी प्रदेश सभा नियामवली, २०७९ लाई प्रकाशनका उपयुक्त ढाँचामा तयार गरी छपाई कार्यका लागि जिन्सी शाखामा पेश गरेको ।

☞ प्रदेश राजपत्रमा सूचना प्रकाशनका लागि देहायका सूचनाको मस्यौदा गरी गृह मन्त्रालयमा पठाइएको छः

(अ) प्रदेश सभाको अधिवेशन आह्वान र अन्त्य सम्बन्धी सूचना,

(आ) प्रदेश सभाको सचिव नियुक्ति सम्बन्धी सूचना र अन्य प्रदेश सभा र सचिवालयबाट जारी हुने सूचना ।

**(ख) पुस्तकालय तथा संवाद केन्द्रः**

**सम्पादित मुख्य मुख्य कार्यहरूः**

☞ पुस्तकालयमा ५००० भन्दा बढी संख्यामा विविध विधाका पुस्तकहरू रहेकोमा डिजिटल माध्यमबाट दर्ता गरिएका किताबहरूको संख्या ३२५३ रहेको,

☞ दैनिक रूपमा उपलब्ध हुने राष्ट्रिय तथा स्थानीय स्तरबाट प्रकाशित हुने ८ वटा दैनिक पत्रिकाहरूको अभिलेख राख्ने,

☞ हालसम्म ८३ वटा पुस्तकहरू कर्मचारीहरूले अध्ययनका लागि लिइएको र माननीय तथा पदाधिकारीहरूले ४० वटा पुस्तकहरू अध्ययनका लागि लिएको,

- पुस्तकालयमा ३० जना भन्दा बढी भौतिक रूपमा बसी अध्ययन गर्न मिल्ने पुस्तकालय व्यवस्था भएको,
- इ-लाईब्रेरी मार्फत जम्मा २३ जनाले सुविधा प्राप्त गरेको,
- दैनिक रूपमा करिब १५ जना भन्दा बढीले अध्ययन गर्ने गरेको ।



**सचिवालयको पुस्तकालयमा अध्ययन गर्दै सचिवालयका कर्मचारीहरू ।**

**प्रदेश सभा सचिवालयका अन्य महत्पूर्ण कार्यहरूः**

- स्तनपान कक्षको निर्माण,
- निःशुल्क स्नेटरी प्याड वितरण,
- सचिवालयमा कार्यरत कर्मचारी र माननीय सदस्यहरूका बालबालिकाका लागि बालमैत्री बाल स्याहार कक्ष ।
- महिला मैत्री शौचालय ।



बालकक्षमा रमाउँदै बालबालिकाहरू (बायाँ) र निःशुल्क सेटेनरी प्याड वितरण गर्दै सचिवालय स्वास्थ्य शाखाका सि.अ.न.मी. श्री रिता भुसाल पाठक। (दायाँ) ।

# सङ्घीय शासन प्रणालीमा प्रदेश र स्थानीय तहसँग प्रदेश सभा कार्यक्रम



मा. तुलाराम घर्ती मगर
सभामुख
लुम्बिनी प्रदेश सभा

**१. विषय प्रवेश**

नेपालको राजनैतिक, संवैधानिक र प्रशासनिक शासन प्रणालीको इतिहासमै सङ्घीय शासन प्रणाली नितान्त नयाँ प्रणाली मानिन्छ । यो शासन प्रणाली नेपाली समाजको बनोट र विशेषताको आधारमा निकै लामो र गहिरो राजनैतिक अध्ययन, अनुसन्धान र विश्लेषण गरी जनताको ठूलो सङ्घर्ष, आन्दोलन, त्याग र बलिदानको जगमा स्थापना र अभ्यास गरिएको छ । संसारमा सङ्घीय शासन प्रणाली अपनाइएका दर्जनौं मुलुकहरु विकसित र अल्पविकसित देशहरूको प्रयोग र अभ्यासलाई हेर्दा नेपालको अभ्यास नितान्त नयाँ छ । नेपालका छिमेकी मित्र राष्ट्रहरु चीन र भारत मध्ये दुवै मुलुकमा नितान्त भिन्न शासन प्रणाली स्थापना र अभ्यास गरिएका छन् । नेपालको अभ्यास दुवै भन्दा भिन्न रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासन प्रणालीमा संवैधानिक रूपमै राज्यशक्तिको बाँडफाँड एवं क्षेत्राधिकार विभाजन गरिएको छ । यसै सन्दर्भमा यहाँ सङ्घ, प्रदेश र स्थानीय संरचना र आपसी सहकार्यबारे चर्चा गर्न सान्दर्भिक ठान्दछु ।

**२. सङ्घीय शासन प्रणाली**

संसारमा भौगोलिक हिसाबले सात महादेशहरु २०० आसपास देशहरु अस्तित्वमा रहेका छन् । पृथ्वीको तीन भागमा दुई भाग त पानी नै रहेको छ, बाकी रहेको एक भागमा मात्र सात महादेशहरु र ती महादेशभित्र देशहरु रहेका छन् भन्ने सत्य विश्वका सम्पूर्ण भूगर्भशास्त्री, जलस्रोत विज्ञ र राजनीतिशास्त्रीहरूको गहिरो अध्ययन र अनुसन्धानको तथ्य र तथ्यांकबाटै प्रमाणित भइसकेको विषय हो । यस धर्तीका २०० आसपास देशहरूमा राजनैतिक शासन प्रणाली पनि फरक फरक रहेका छन् । कुनै पनि देशको शासन प्रणाली सम्बन्धित देशको भौगोलिक, सामाजिक, आर्थिक अवस्था, ऐतिहासिक र राजनैतिक परिस्थितिको आधारमा निर्धारण गरिएको हुन्छ । सत्रौं र अठारौं शताब्दीका सामन्ती साम्राज्यको भूमि विस्तारको दवदबा र उन्नाइसौं र बिसौं शताब्दीका पूँजीवादी साम्राज्यको पूँजी बजार विस्तारको दबदवाबाट साना र कमजोर देशहरूले आ-आफ्नो देशको स्वाधीनता र राष्ट्रिय स्वाभिमान रक्षाका लागि आपसमा मिलेर एउटा साझा अधिकारसहितको सङ्घीय शासन व्यवस्थासहितको सरकारको परिकल्पना गरे । सबै राज्यहरूको आफ्ना अधिकार र अस्तित्व सुरक्षित रहने शर्तमा सङ्घीय शासन प्रणालीको अभ्यास गरे । जसलाई केन्द्रमा साझेदारीशासन (shared rule) भनिन्छ भने राज्य वा प्रदेशमा र स्थानीय तहमा स्वायत्त वा स्वशासन (self rule) भनिन्छ । उदाहरणका लागि आजको संयुक्त राज्य अमेरिका र भारतलाई लिन सकिन्छ । यस्तो सङ्घीयतालाई व्यावहारिक भाषामा सँगै मिलेर जाने सङ्घीयता (Coming together federalism) भन्न सकिन्छ । आजसम्म अमेरिका र भारतलगायतका विकसित मुलुकका राज्यहरु आपसमा मिलेर नै रहेका छन् । अर्कोतिर सामन्तवादी युगदेखि पुँजीवादी युगसम्म पनि लामो समय केन्द्रिकृत र एकात्मक शासन व्यवस्था चल्दै आएको मुलुकहरूमा विभिन्न जाति, भाषा र क्षेत्रका समुदायहरूको अधिकार र अस्तित्वमाथि नै धावा बोलेर त्यहाँका शासकहरूबाट निरङ्कुश शासन सत्ता सञ्चालन हुँदै गर्दा मध्यम तहका देशहरूमा आफ्नै देशका जनताको विमति र विद्रोह व्यवस्थापन गर्न अर्थात् विभिन्न जाति, भाषा र क्षेत्रका जनताको अधिकार र अस्तित्व रक्षा गर्दै

आफ्नो शासन व्यवस्थामा रहेको केन्द्रिकृत शासन प्रणालीको राज्यशक्तिको अधिकार ती जनताकै सहमतिमा संवैधानिक रूपमा राज्यको पुनर्संरचना गरी राजकीय अधिकारको बाँडफाँड गरी जातीय, भाषिक, र भौगोलिक स्वायत्तता (autonomy) सहितको सङ्घीय शासन प्रणाली अवलम्बन गरिन्छ । जसलाई व्यावहारिक भाषामा सँगै मिलेर बस्ने सङ्घीयता (holding together federalism) भन्न सकिन्छ । जसलाई उत्पीडित क्षेत्रका जनताको जातीय, भाषिक, क्षेत्रीय पहिचान र सामर्थ्यसहितको सङ्घीयता भन्न सकिन्छ । आजको जर्मन र नाइजेरियालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

आजको विकसित र वैज्ञानिक युगमा एकात्मक शासन व्यवस्था रहेको विकसित र अति विकसित मुलुकहरूमा एकात्मक शासन व्यवस्थाभित्रै पनि केन्द्रीय शासन व्यवस्थाबाट उत्पीडन र विभेदमा परेका उत्पीडित जनताको जाति, भाषा र क्षेत्रलाई स्वायत्त शासनको अधिकारसहित स्वायत्त प्रदेश वा स्वायत्त राज्य वा स्वायत्त क्षेत्रको मान्यता दिइएका छन् । उदाहरणको लागि चीन, जापान र बेलायतलाई लिन सकिन्छ । जसलाई अर्ध-सङ्घीय शासन प्रणाली को रूपमा पनि बुझ्न सकिन्छ । यस अर्थमा भन्न सकिन्छ कि संसारमा सङ्घीयता तीन प्रकारका छन् । १. सँगै मिलेर जाने सङ्घीयता, २. संगै मिलेर बस्ने सङ्घीयता ३. मिश्रित सङ्घीयता एवं अर्ध सङ्घीयता

**३. नेपालीमा सङ्घीयताको मोडलः**

माथि उल्लेख गरिएका विश्वका तीन प्रकारका सङ्घीय शासन प्रणाली मध्ये दोस्रो प्रकारको सङ्घीय शासन प्रणाली हाम्रो देशको सदर्भमा लागु हुन्छ । दोस्रो सङ्घीय मोडल भनेको सँगै मिलेर बस्ने सङ्घीयता (holding together federalism) नै हो । लामो समयसम्म केन्द्रिकृत र एकात्मक शासन व्यवस्था चलेको हाम्रो देशमा केन्द्रिय शासन व्यवस्थाबाट विभेद र उत्पीडनमा परेका उत्पीडित नेपाली जनताको जाति, भाषा र क्षेत्रको स्वायत्ततासहितको सङ्घीयता नेपालमा आवश्यक हुन्छ । किनकि नेपाली समाजको बनोट र विशेषता बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विकटता र विषमतासहितको बहुराष्ट्रिय स्वरूपको रहेको छ । नेपाली समाज विभिन्न जातीय, भाषिक, सांस्कृतिक र क्षेत्रीय विविधताले भरिएको भिन्न भिन्न सामाजिक र सांस्कृतिक मनोविज्ञानसहितको बहुराष्ट्रिय स्वरूपको सुन्दर मानव फूलवारी हो । यहाँ एउटै जाति, भाषा र क्षेत्रको मात्र एकल पहिचान झल्किने राष्ट्रियताको अर्थ रहँदैन । नेपालको भूगोलमा रहेका जनसाङ्ख्यिक बसोबासको समग्र स्वरूपलाई गहिरोसँग अध्ययन र अनुसन्धान गर्दा पूर्वी नेपालमा राई, लिम्बु समुदायको बसोबास, मध्य नेपालमा तामाङ, नेवार समुदायको बसोबास, पश्चिम नेपालमा मगर, गुरूङ समुदायको बसोबास, सुदूरपश्चिम नेपालमा खस समुदायको बसोबास, पश्चिम तराईमा थारू, मधेशी समुदायको बसोबास र पुर्वी तराईमा मधेशी, थारू समुदायको बसोबास र कालीगण्डकी मध्य क्षेत्र आसपास ब्राहमण समुदायको बसोबासको सचित्र तस्वीर हेर्दा नेपालको समग्र देशकै सामाजिक चित्र भिन्न भिन्न जाति, भाषा र क्षेत्रका जनताको विविध सामाजिक मनोवैज्ञानिक विविधताले भरिएको छ । नेपाली समाजको प्राकृतिक र जनसाङ्ख्यिक बनोट नै सङ्घीय प्रकारले बनेको छ । जहाँ केन्द्रिकृत र कुनै पनि प्रकारको एकात्मक शासन व्यवस्थाले सबै जाति भाषा र क्षेत्रका जनसमुदायको लागि सेवा प्रवाह गरी सुशासन सञ्चालन गर्न सक्दैनन् ।

अफसोच ! नेपालको शासन व्यवस्थाको इतिहासमा करिब अठारौं शताब्दीको उत्तरार्धदेखि एक्काइसौं शताब्दीको पूर्वाधसम्म (२५५ वर्षदेखि ३०० वर्षसम्म) नेपालमा केन्द्रिकृत र एकात्मक शासन व्यवस्था नै चलिरह्यो । जहाँ एकै जाति, भाषा र क्षेत्रका समुदायकै वर्चश्व कायमै रहँदै आयो । यहाँ बुझ्नै पर्ने तथ्य के हो भने एकातिर नेपाली समाजको बनोट र विशेषता सङ्घीय प्रकारको रहेको हुन्छ, तर अर्कोतिर नेपाली शासन सत्ता भने केन्द्रिकृत र एकात्मक नै रहिरहन्छ । यो विरोधाभाष अवस्था र स्थिति नै नेपाली समाजको विकास, परिवर्तन र अग्रगतिको बाधक मानिएको

छ । नेपालमा नेपाली समाजको बनोट र विशेषता सुहाउँदो शासन व्यवस्था सङ्घीय शासन प्रणाली शुरू भएको मात्र छ वर्ष भएको छ । त्यो पनि नेपाली जनताको ठूलो त्याग र बलदिनीपूर्ण सङ्घर्ष (जनताको जनयुद्ध, ऐतिहासिक जनआन्दोलन राष्ट्रिय मुक्ति आन्दोलन) को बलमा स्थापना गर्नुपर्‍यो । आजको दिनसम्म आइपुग्दा सङ्घीयता प्रारम्भिक चरणमा अभ्यास र नयाँ अनुभूतिसहितको प्रयोग भइरहेको छ ।

**४. नेपालमा सङ्घीयताको आधारः**

***नेपालको पहिलो संविधानसभाले दिएको सङ्घीयताका आधारहरूः***

१) पहिचान (जाति, भाषा, संस्कृति, भौगोलिक र ऐतिहासिक निरन्तरता)

२) सामर्थ्य (आर्थिक सबलता, विकासको पूर्वाधार, प्राकृतिक स्रोत र प्रशासनिक पहुँच)

***नेपालको दोस्रो संविधानसभाले दिएको सङ्घीयताका आधारहरू***

१) भौगोलिक र प्रशासनिक सुगमता

२) जनसाङ्ख्यिक र ऐतिहासिक अवस्था

नेपालमा दोस्रो संविधानसभाले ७ प्रदेशको प्रादेशिक रचना निर्माणका लागि दिएका ४ आधारहरु भौगोलिक, प्रशासनिक, जनसाङ्ख्यिक र ऐतिहासिक आधारमा टेकेर राज्यको पुनसंरचना गरिएको हो । जसको परिणाम प्रदेशका नामहरु भौगोलिक आधारमा जनसङ्ख्या, प्रशासनिक, थोरै मात्र सांस्कृतिक आधारमा प्रदेशको नामाकरण निर्धारण गर्न बाध्य पारियो । मधेश र लुम्बिनी प्रदेश बाहेक सबै ५ प्रदेशहरूको नामाकरण भूगोलको आधारमा प्रशासनिक क्षेत्र निर्धारण गरिएका छन् । लुम्बिनी र मधेश प्रदेशको नामाकरण ऐतिहासिक आधारमा भएको छ भने कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम भूगोलकै आधारमा नामाकरण गरियो । यी प्रदेशहरु सबैको नामाकरण प्रदेश सरकारकै प्रस्तावमा प्रदेशसभाबाट बहुमतले कतैकतै त दलहरूबाट ह्वीप समेत जारी गरी पारित गरिएको थियो । नेपालमा सङ्घीयताको वास्तविक पहरेदार भनेकै उत्पीडित जाति भाषा र क्षेत्रका स्वाभिमानी र स्वतन्त्रताप्रेमी जनता हुन् । किनभने सङ्घीयता भनेको साँचो अर्थमा नेपाली समाजमा विद्ययमान विभिन्न जाति, भाषा र क्षेत्रको विविधताभित्रको एकता हो ।

**५. प्रदेश संरचनाः**

नेपाली समाजको बनोट र विशेषताको आधारमा सङ्घीय शासन प्रणालीको महत्वपूर्ण अङ्ग प्रादेशिक संरचना बनाउन विशेष प्रयत्न र पहल गर्दागर्दै पनि आंशिक सफलतामा नेपाल पुगेको छ । पहिलो संविधानसभा-२०६४ पहिचान र सामर्थ्यको आधारमा १४ प्रदेश प्रस्तावित र पारित सहित ६ वर्ष बाँचेर दुःखद अन्त्य हुनु पर्‍यो ।

दोस्रो संविधानसभा-२०७० भौगोलिक र प्रशासनिक सामर्थ्यको आधारमा ७ प्रदेशको प्रस्ताव र पारितसहित दुई वर्षमा सापेक्षित सफल भयो । नेपालको संविधानबमोजिम कोशी प्रदेश, मधेश प्रदेश, बागमति प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम गरी ७ प्रदेश रहेका छन् ।

यसै गरी करिब चार हजार गाविसहरूलाई ७५३ स्थानीय तह बनाइएको छ, जसलाई गाउँपालिका र नगरपालिका भनिएको छ । स्थानीय तहभित्रै पर्ने गरी समन्वयकारी निकायहरूको रूपमा ७७ वटा जिल्ला समन्वय समितिहरु पनि राखिएको छ ।

यहाँ बुझ्नै पर्ने विषय के छ भने, सङ्घ र प्रदेशमा सरकार र संसद दुवै व्यवस्था गरियो तर स्थानीय तहमा सरकार र संसदको रूपमा काम गर्ने गरी संवैधानिक अधिकार त दिइयो तर सरकार र संसद भनेर मूर्त परिभाषित भने गरिएन । प्रदेशमा भने सरकार र संसदको स्पष्ट संवैधानिक व्यवस्था गरियो । जसअनुसार कार्यपालिकालाई प्रदेश सरकार र व्यवस्थापिकालाई प्रदेश सभा भनियो । कार्यपालिकाको नेतृत्व मुख्यमन्त्रीले गर्छ । भने व्यवस्थापिकाको नेतृत्व सभामुखले गर्दछन् ।

**६. लुम्बिनी प्रदेशसभाः**

नेपालको सङ्घीय शासन प्रणालीमा दोस्रो तहको संसदको रूपमा काम गर्ने गरी सात प्रदेशसभा रहेका छन् । ऐतिहासिक महत्वको लुम्बिनी भूमीको

महत्वबोध हुनेगरी यस प्रदेशको नामाकरण लुम्बिनी राखिएको हो । जस अनुसार लुम्बिनी प्रदेश सरकार र लुम्बिनी प्रदेशसभा रहेका छन् । जस मध्ये लुम्बिनी प्रदेश सभालाई लुम्बिनी प्रादेशिक संसद पनि भनिन्छ । नेपालको संविधानमा सातै प्रदेश सभाको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सभाले लुम्बिनी प्रदेश सरकार सञ्चालनको लागि लुम्बिनी प्रदेशमा कानुन निर्माण गर्ने, सरकार निर्माण गर्ने र सरकारको बजेट निर्माण गर्ने जस्ता महत्वपूर्ण काम गर्दछ ।

प्रदेश सभाले कानून, सरकार र बजेट निर्माणको संवैधानिक जिम्मेवारीको मुख्य दायित्वको साथै सरकारलाई पारदर्शी, जनउत्तरदायी र जवाफदेही बनाउन विषयगत समितिहरूमार्फत संसदीय निगरानी र खबरदारीको कामसमेत गर्दछ । जसअनुरूप प्रदेश सभाका ६ वटै विषयगत समितिहरु १२ जिल्लाभित्र रहेका १०९ वटै स्थानीय तहमा सञ्चालित विकास निर्माणका कामहरूको अनुगमन, विनियोजित बजेट कार्यान्वयनको तदारूकता र पारदर्शिताको विषयगत निरीक्षण, सरकारको सुशासन र सेवा प्रवाहको अध्ययन र निरीक्षण गरी संसद र सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वको सङ्घीय सिद्धान्तलाई कार्यान्वयन गर्दछ ।

यसको साथसाथै संविधानअनुसार यसले स्थानीय तहको गाउँसभा र नगरसभा सञ्चालनको लागि आवश्यक कानून निर्माण गर्दछ । यति मात्र हैन स्थानीय निजामती सेवा ऐनसमेत निर्माण गरी स्थानीय सरकार सञ्चालनमा प्रत्यक्ष संवैधानिक अभिभावकको जिम्मेवारीसमेत पूरा गर्दछ । लुम्बिनी प्रदेशमा १२ जिल्लाहरु र १०९ स्थानीयतह रहेका छन् । जसअनुसार ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका रहेका छन् । यसका साथै सबै स्थानीय तहलाई समन्वय गर्ने १२ जिल्ला समन्वय समिति समेत रहेका छन् ।

**७. स्थानीय तहसँग प्रदेश सभा**

दोस्रो लुम्बिनी प्रदेश सभाले यस आर्थिक वर्ष २०८०।०८१ देखि स्थानीय तहसँग कानून निर्माण र कार्यन्वयनमा सहकार्यको लागि मौलिक र नयाँ कार्यक्रम राखेको छ, जसलाई स्थानीय तहसँग प्रदेशसभा कार्यक्रम भनिन्छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहले बनाएको कानून र प्रदेशसभाले बनाएको कानूनबीच तुलनात्मक अध्ययन गरी आपसी तालमेल मिलाउने, कानून निर्माण र कार्यान्वयनमा सहकार्य बढाउने तथा प्रदेश र स्थानीय तहले बनाएको कानुनहरूमा बाझिएको हदसम्म स्थानीय तहको खारेज हुने संवैधानिक प्रावधानबारे स्पष्ट जानकारी दिने र थप जानकारी लिने, स्थानीय तहलाई पर्न गएको कानुनी समस्या र संवैधानिक संकटको समाधान खोज्ने काम हुन्छ ।

सारमा सङ्घीय शासन प्रणालीको मुख्य सिद्धान्त नेपालको संविधानको धारा २३२ को उपधारा (१) अनुसार तीनै तहका सरकार र संसद बीच समन्वय, सहकारिता र सहअस्तित्वलाई व्यवहारमा लागु गर्न विशेष पहल र प्रयत्न गरिनेछ । किनकि सङ्घीयताको सार भनेकै विविधताबीचको एकता हो, जहाँ असहजतालाई सहजतामा बदल्ने, दुर्गमतालाई सुगमतामा बदल्ने र समाज र सत्तामा भएका विभेद र अपमानको कुसंस्कारलाई समानता र सम्मानको सभ्य संस्कृतिमा बदल्ने नीति अवलम्बन गर्दै विविध विचार भावना र मनोविज्ञानको कदर सहित राज्यसत्तामा श्रमजीवी जनसमुदायको उचित पहुँच र प्रतिनिधित्वको व्यवस्था गरिन्छ ।

लुम्बिनी प्रदेश जातीय, क्षेत्रीय, भाषिक, सांस्कृतिक र भौगोलिक विविधताले सजिएको मनोरम र आकर्षक प्रदेश मानिन्छ । यहाँका जनसमुदाय माझ आफ्नै ऐतिहासिक र मौलिक भाषिक सांस्कृतिक र आर्थिक जीवन पद्धति रहेका छन् । यसर्थ यस प्रदेशमा यहाँको भौगोलिक, सामाजिक र सांस्कृतिक बनोट, प्रदेशबासी जनसमुदायको सामाजिक मनोविज्ञान र आर्थिक अवस्थाको गहिरो अध्ययन र अनुसन्धान गरी जनताका जनचाहना र सामाजिक आवश्यकता अनुरूप युग सुहाउँदो कानून निर्माणमा प्रदेशसभालाई प्रभावकारी बनाउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

यसको लागि नेपालको संविधानको धारा २३५ उपधारा (२) अनुरूप प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा पैदा हुने असमझदारी र उत्पन्न विवाद समाधान धारा २३५ को उपधारा (३) अनुरूप प्रदेश कानून निर्माण गरी यसैअनुरूप कार्यविधि निर्माण गरी विवाद र असमझदारी निवारण गर्ने संवैधानिक प्रावधान रहेको छ ।

यसको साथै स्थानीय तहमा गाउँसभा र नगरसभा सञ्चालन र स्थानीय तह पदाधिकारीको सेवा सुविधाको व्यवस्था पनि प्रदेश कानून बमोजिम गरिने संवैधानिक प्रावधान रहेको छ । संविधानको धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहले कानून बनाउन सक्ने अधिकारको व्यवस्था गरेको छ, उक्त उपधारा अनुसार कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था उपधारा (२) मा व्यवस्था गरिएको छ ।

## ८. निष्कर्ष

अन्त्यमा, सङ्घीय शासन प्रणालीको नितान्त नयाँ संरचनाको रूपमा रहेको प्रदेश संरचनाको आवश्यकता र औचित्यबारे आम जनसमुदायमाझ सिद्धान्त र व्यवहार दुवै विधि र प्रक्रियाबाट बुझाउन अति आवश्यक देखिन्छ । लुम्बिनी प्रदेश सभाको स्थानीय तहसँग प्रदेशसभा कार्यक्रमले यस आवश्यकतालाई एक हदसम्म सम्बोधन गर्ने जमर्को गरिएको छ । स्थानीय तहसँग समन्वय र सहकार्यको माध्यमबाट विकास निर्माणमा पहल कदमी प्रदेश सरकारले लिनुपर्ने र कानून निर्माणमा पहल कदमी प्रदेशसभाले लिनुपर्ने संवैधानिक दायित्व र जिम्मेवारी रहेको छ । लुम्बिनी प्रदेशका सामाजिक र सांस्कृतिक विविधताभित्रको एकता र भौगोलिक विकटता सहितको सुन्दरता हाम्रो पहिचान हो भने राजनैतिक र संवैधानिक स्वायत्तता सहितको समृद्ध लुम्बिनी प्रदेश हाम्रो शान हो ।

# सङ्घीयतालाई समृद्धिको साधन बनाऔं ।

नेपालको संविधान २०७२ ले सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरेको छ । विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धनको व्यवस्था गरेको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

संविधानको त्यही सङ्कल्प अनुरूप हाल मुलुकमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार सञ्चालनको व्यवस्था र सोहीअनुरूप देशमा ७५३ स्थानीय तह, ७ प्रदेश तह र एउटा सङ्घीय तह गरी ७६१ सरकार क्रियाशील छन् । वि.सं. २०६४ चैत २८ गते पहिलो संविधान सभाको चुनाव सम्पन्न भए पनि संविधान जारी हुन सकेको थिएन । २०७० मंसिर ४ गते दोस्रो संविधान सभाको चुनाव सम्पन्न भएपछि सोही चुनावबाट चुनिएका जनप्रतिनिधिले संविधान जारी गरेका हुन् । तत्कालीन चार प्रमुख राजनीतिक दलबीच २०७२ मा संविधान निर्माणसम्बन्धी १६ बुँदे सम्झौता भएपछि मात्रै संविधान जारी हुने वातावरण बनेको थियो । संविधानसभाले २०७२ भदौ ३० गते संघीय संरचनासहितको संविधान पारित गरेसँगै संविधानसभा व्यवस्थापिका सभामा परिणत भएको थियो र २०७२ असोज ३ गते संविधान जारी भएको थियो ।

**नीतिगत कार्यान्वयनबाट सुशासन**

संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरिएको छ । संविधानले व्यवस्था गरेअनुसार प्रदेशका एकल अधिकारका क्षेत्रमा संघीय कानूनले अतिक्रमण गरिरहेको गुनासो अहिले पनि सबै प्रदेश तहमा छ । यस्तो गुनासो अझै कम भएको छैन । यस्तो संवेदनशील विषयमा सङ्घीय सरकारले सचेत हुनुपर्ने हो । संविधानले व्यवस्था गरेअनुसार प्रदेशका एकल अधिकारका क्षेत्रमा सङ्घीय कानूनले र स्थानीय तहका एकल अधिकारका क्षेत्रमा प्रदेश कानूनले अवरोध सिर्जना गर्ने र अर्को भाषामा भन्ने हो भने अतिक्रमण गर्नु उचित मानिँदैन ।



**मा. लिला गिरी**
**विपक्षी दलको नेता**

एकल अधिकारका विषयमा बाहेक सङ्घीय कानूनले तीनै तहलाई स्पष्टसँग डोराउनु जरूरी भएको छ । संविधानको अनुसूची-९ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार र अनुसूची-७ अनुसार सङ्घ र प्रदेशका साझा अधिकारका क्षेत्रमा सङ्घीय कानून अहिले पनि पर्याप्त छैन । कानूनको अभावमा तीन तहमा कसले कति अधिकार प्रयोग गर्ने भनेर अहिले पनि कतिपय विषयमा अन्योल देखिन्छ । हामीले प्रदेशसभाको भूमिकालाई प्रभावकारी बनाउन पनि सोहीअनुरूपका कानून निर्माण गरेर अगाडि बढ्नुपर्ने हुन्छ । कानून निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयन गर्दा नै सुशासनको अनुभूति हुने कुरालाई हामीले भुल्नु हुँदैन । तसर्थ सङ्घीय सरकार र मातहतका निकायले आवश्यक कानून निर्माणमा विलम्ब नगरी सङ्घीयताको असली कार्यान्वयन गराउनुपर्ने छ । सङ्घीयतालाई समृद्धिको साधन र लोकतान्त्रिक पद्धतिको नमूना माध्यमका रूपमा कार्यान्वयन गर्नेतर्फ सरोकारवाला सबैको बेलैमा ध्यान जानुपर्छ । जनआकांक्षाको यथोचित सम्बोधन साझा दायित्व

पछिल्ला केही समययता सङ्घीयताप्रति जनमानसमा एकप्रकारको निराशा र आक्रोश बढेको जस्तो देखिन्छ। केही शक्तिहरू सङ्घीयतालाई बदनाम गराउन भर्मग्दुर प्रयास गरिरहेका छन् । यस्तो अवस्थामा जनताका निराशा र असन्तुष्टिलाई सम्बोधन गरेर अगाडि बढ्नु हाम्रो साझा दायित्व हो ।

हाम्रो आनीबानी, हाम्रा अभ्यास, हाम्रा शैली, हाम्रो काम गराइका तौरतरिकाहरू, हाम्रा रवाफ र व्यवहार जनतालाई मन नपर्दा पनि त्यो सबै दोष संघीयतामा र नयाँ व्यवस्थाप्रति जान्छ । यसमा हामी जिम्मेवार जनप्रतिनिधिहरू बेलैमा सचेत र सजग बन्नुपर्दछ । हामीबाटै मितव्ययी र पारदर्शिताको नमूनालाई व्यावहारिक बनाएर उदाहरण पेश गर्नु जरूरी देखिन्छ । तमाम बेथितिलाई अन्त्य गर्दै सङ्घीयताको सकारात्मक कार्यान्वयनमा जनप्रतिनिधि मात्रै होइन । सबै तहका राष्ट्रसेवक कर्मचारी र सरोकारवाला सबै निकायको उत्तिकै भूमिका रहन्छ । आखिर सुशासन कायम गराउने हामी सबैको साझा दायित्व हो । यो अत्यन्त जरूरी छ ।

प्रदेशभित्र रहेको सीमित साधन र न्यून स्रोतबाट हाम्रा असीमित काम र विकासका लागि तीब्र जनआकांक्षाको यथोचित सम्बोधन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता यतिखेर देखिन्छ । प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षणसंगै तिनको विस्तार गर्ने र त्यस्ता स्रोतको वैज्ञानिक उत्खनन्बाट राज्यको आय आर्जन बढाउनु जरूरी छ ।

**समानुपातिक तथा समावेशी व्यवस्था जरूरीः**

संविधानले सङ्घीयतामार्फत गरिब, विपन्न तथा सीमान्तकृत सामाजिक समूहको राजनीतिक क्षेत्रमा पहुँच बढाउने व्यवस्था गरेको छ । समानुपातिक तथा समावेशी व्यवस्था तिनै विपन्न र पहुँचमा नपुगेका समुदायका लागि भनेर व्यवस्था गरिएको हो । तर, कतिपय अवस्थामा यो व्यवस्थाको दुरूपयोग भएको गुनासो पनि छ । यस्तो पवित्र उद्देश्यले गरिएको व्यवस्थाको दुरूपयोग हुनु समग्र सङ्घीयताको कार्यान्वयनको एउटा चुनौती पनि हो ।

**युगीन अवसरलाई खेर नफालौँः**

संविधानले समाजवादउन्मुख राज्य व्यवस्थाको परिकल्पना गर्दै एउटा पवित्र उद्देश्यका साथ सङ्घीयताको व्यवस्था गरेको छ । यो सङ्घीयतालाई कार्यान्वयन गर्दै समृद्ध मुलुक खुशी जनताको राष्ट्रिय आकांक्षा र लक्ष्यलाई पूरा गर्ने एउटा युगीन अवसर हामी प्रदेशबासीमा पनि छ । हामीले समृद्ध प्रदेश खुशी जनताको लक्ष्यलाई साकार पार्ने अवसरको सही ढङ्गले सदुपयोग गर्नुपर्नेछ । यसमा राजनीतिक आग्रह पूर्वाग्रह, अलमल, बेथिति, अनियमितता होइन सफा मनले देश विकासको लक्ष्यलाई आत्मसात गरेर एकताबद्ध बनेर अगाडि बढ्नुपर्ने छ ।

हामीले गौरव मानिरहेको लुम्बिनी प्रदेशमा भौगोलिक विकटता तमाम छन् । नागरिक सचेतनामा कमी छ । समाजमा एकरूपता छैन । समस्याहरूको थप पहिचान गरी समयमै समाधान गर्नमा स्थायी सरकार बन्न सकेको छैन । राजनैतिक प्रतिवद्धतामा कमी देखिएको छ । सङ्घीयता कार्यान्वयनमा यो एउटा चुनौतीको विषय हो । प्रदेश सरकार यस प्रति जिम्मेबार बन्नु अपरिहार्य छ । संविधानको मर्मानुसार सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य, समझदारी र सहअस्तित्व कायम गरी सङ्घीयता कार्यान्वयन गर्नु नै आजको आवश्यकता हो ।

प्रदेश सरकारको भूमिकाले बाटो लिएन लोकतन्त्र र शासकीय अभ्यासमा सर्वसाधारणको सहभागिता र अवसरको सुनिश्चितता मात्रै होइन, सङ्घीयताले हाम्रो मुलुकको मौलिक सामाजिक विविधतालाई पनि सम्बोधन गर्ने काम गरेको छ । यसलाई बदनाम गराउन, केही व्यक्तिका कमीकमजोरीलाई समग्र जनप्रतिनिधिको कमजोरीका रूपमा चित्रित गर्दै जनतामा एकप्रकारको निराशा र आक्रोस उत्पन्न गराउने पनि कोसिस भइरहेको छ ।

हामी जनप्रतिनिधिले असल नियतका साथ काम गरेर यस्ता कोसिसलाई रोक्नुपर्ने छ । कमीकमजोरी नगर, सबैलाई समेटेर अगाडि बढ, समृद्धिका तय भइसकेका आधारलाई कार्यान्वयन गर्ने लक्ष्य लिएर

गम्भीरताका साथ अगाडि बढ भनेर हामीले त सत्तापक्षलाई बारम्बार भन्दै आइरहेका छौं ।

संघीयताले प्रदेश तथा स्थानीय तहलाई जनताको नजिक बसेर काम गर्ने र उनीहरूका दैनिक समस्या बुझ्ने र समाधान गर्ने अवसर पनि उपलब्ध गराएको छ । यस्तोमा हामी जनप्रतिनिधिहरूले शासकका रूपमा होइन सेवकका रूपमा काम गर्नुपर्ने छ । सत्ताकेन्द्रित र पूर्वाग्रहप्रेरित राजनीति होइन जनकेन्द्रित सुशासनमैत्री राजनीतिमा एकाकार हुनुपर्ने छ । संविधानले व्यवस्था गरे अनुरूपको तीन तहको सरकारको राज्यशक्ति र जिम्मेवारीलाई केन्द्र, प्रदेश र स्थानीय तहले कुशलतापूर्वक निर्वाह गर्नुपर्ने छ । समृद्ध प्रदेश खुशी जनताको लक्ष्य पूरा गर्ने दायित्व जो कोही सत्तामा रहँदा होस् वा प्रतिपक्षमा रहँदा नै किन नहोस् हाम्रो मूल ध्येय भनेकै स्पष्ट नीति र उद्देश्यअनुरूप जनताका काममा केन्द्रित हुनु हामी सबैको दायित्व हो ।

लुम्बिनी प्रदेशको स्थापना कालमै नेकपा एमालेको नेतृत्वमा बनेको सरकारले प्रदेशको समृद्धिका आधारहरू तय गरी कार्यान्वयनका उपयुक्त कार्यक्रमसमेत बनाएको थियो । मिनी नेपाल मानिने, विविधतायुक्त प्रदेशलाई कृषि, पर्यटन, उद्योग र व्यापारका माध्यमबाट समृद्ध बनाउन सकिने आधार र कार्यक्रम हामीले तय गरी कार्यान्वयनमा समेत अगाडि बढाइएको थियो । तर, संसदको अंक गणित, राजनीतिक अस्थिरता र सत्ताकेन्द्रित कतिपयका लालसाका कारण ती योजनाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । समृद्ध प्रदेश खुशी जनताको लक्ष्य दृढताका साथ अगाडि बढ्न सकेको छैन । तथापि हामीले मौलिक विशेषतासहितको सङ्घीयतालाई गरिब, विपन्न तथा सीमान्तकृत सामाजिक समूहको हीतमा केन्द्रित गर्नुपर्ने छ । जसप्रति अहिलेको गठबन्धन सरकार बेखवर जस्तै छ । श्रोत साधनको न्योयोचित वितरण, अधिकार, पहुँच एवं अवसरलाई नागरिक सामु पुऱ्याउनु जरूरी छ ।

**जनतामा बढिरहेको असन्तुष्टिलाई अन्त्य गरौँः**
सङ्घीयता भनेको राज्यको शक्ति, अधिकार, जिम्मेवारी, अवसर र पहुँच दुई वा दुईभन्दा बढी इकाईमा विभाजन गरी नागरिकको प्रत्यक्ष सहभागितामा शासन व्यवस्था सञ्चालन गर्नु हो । राजनीतिक व्यवस्था फेरिए पनि अवस्था नफेरिँदा समग्र जनतामा सङ्घीयताप्रति निराशा र वितृष्णा बढ्नु स्वाभाविकै हो । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक समाजको हक हित कायम गर्दै सिमान्तकृत तथा पिछडिएको समुदायको उत्थान तथा पुनर्स्थापनाको लागि प्रशस्त अवसर उपलब्ध गराउने कामबाट हामी विचलित हुनु हाम्रो कमजोरी हो । यो कमजोरी सच्याउनु अपरिहार्य छ ।

**कमी कमजोरीको गम्भीर समीक्षा जरूरी**

सङ्घीयताको विषयवस्तुप्रतिको आम नागरिकको बुझाई, सफल कार्यान्वयनमा नागरिकको भूमिका, सार्वजनिक सम्पत्तिको सदुपयोग तथा संरक्षण, नागरिकको सबै प्रकारको सुरक्षा जस्ता विषयवस्तुहरू प्रदेश सरकारको भूमिकाभित्र पर्दछन् । आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, संस्थागत सुशासन प्रवर्द्धन र वन, वातावरण तथा विपद् व्यवस्थापनमा प्रदेश सरकारको महत्वपूर्ण भूमिका छ । यतिबेला सङ्घीय कार्यालयहरूमा रहेको तथ्याङ्कको विवरणअनुसार प्रदेश सरकारको स्रोत साधनको अनुपातमा खर्चको अनुपात अधिक भइरहेको भनिएको छ । पुँजीगतभन्दा चालु खर्च दिनानुदिन बढ्दै गइरहेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीको लागू हुन सकिरहेको छैन ।

हामीले संघीयतालाई फगत एकल पहिचान र अधिकारका रूपमा मात्रै व्याख्या गर्दै आयौँ तर सङ्घीयता कसैको एकल पहिचान स्थापित गर्नका लागि मात्र होइन भन्ने कुरा ध्यान दिएनौँ । सङ्घीयता समग्र जाति र वर्गको पहिचान, अस्तित्व, विकास र उत्थानका लागि ल्याइएको हो भन्ने कुराको अनुभूति राज्यका सबैले गर्न पाउनुपर्दछ । यसबारे अब गम्भीर छलफल र समीक्षाको आवश्यकता देखिन्छ । यसर्थ, सङ्घीयतालाई बदनाम हुनबाट जोगाऔँ र प्रदेशलाई समृद्धिको साधन बनाऔँ ।

# नेपालको सन्दर्भमा सङ्घीयता, समानुपातिक र समावेशिता



**जन्मजय तिमिल्सिना**
**प्रमुख सचेतक**
**नेपाली कांग्रेस संसदीय दल**

राज्यको शासकीय शक्ति दुई वा दुईभन्दा बढी तहको सरकारबाट अभ्यास गरिने शासकीय पद्धतिलाई नै सङ्घीय शासन प्रणाली भनिन्छ । यस प्रणालीमा राज्यको सार्वभौम शक्तिलाई संवैधानिकरूपमा सरकारका विभिन्न तहहरूमा बाँडफाँड गरिएको हुन्छ । सङ्घीयतालाई अङ्ग्रेजी Federalism शब्दको नेपाली रूपान्तरण मानिन्छ । Federalism शब्द Fades बाट लिइएको हो । यसको अर्थ सन्धि वा सम्फौता भन्ने हुन्छ । सम्फौताका पक्षहरूको खास र साफा इच्छाहरूको प्रवर्धन गराउनु यसको प्रमुख उद्देश्य रहेको हुन्छ । सङ्घात्मक प्रणालीमा राजकीय शक्तिलाई संवैधानिकरूपमै तल्ला तहका सरकारहरूसँग विभाजित गरिएको हुन्छ । सङ्घीयता एउटा यस्तो विचारधारा हो, जसमा सदस्यहरूको एउटा समूह शासकीय तहमा अनुबन्धित रहेको हुन्छ । सङ्घीय व्यवस्थामा आधिकारिक राष्ट्रूलाई सङ्घ भनिन्छ । सङ्घको शासकीय बन्धनमा आवद्ध भएर प्रान्तीय सरकारहरू शक्तिको अभ्यास गर्दछन् । संवैधानिकरूपमा राष्ट्रको कार्यकारी शक्तिलाई केन्द्र र प्रान्तको सरकारमा विभाजित गर्ने विचारधारामा आधारित शासकीय संरचनालाई नै सङ्घीयता भनिन्छ ।

सङ्घीयता त्यस्तो राजनीतिक पद्धति हो, जसमा सरकारको शक्तिलाई केन्द्रिकृत गरिएको हुँदैन, सरकारको शक्ति तथा जिम्मेवारीलाई केन्द्र, प्रदेश र स्थानीयस्तरका बेग्ला बेग्लै तहमा बाँडेर शासकीय संरचनालाई विकेन्द्रित गरिएको हुन्छ । सङ्घीय व्यवस्थामा शासकीय शक्तिलाई शक्तिको उद्भव हुने स्थानसम्म पुऱ्याउने उद्देश्य राखिएको हुन्छ । सार्वभौम सत्ता तथा राज्य शक्तिका वास्तविक स्रोत र उपभोक्ता नागरिक हुन भन्ने मान्यता आधारित यो व्यवस्थामा राज्य शक्तिको विभाजन गरी शासकीय क्रियाकलापमा नागरिकलाई अधिकतम सहभागी गराउने राजनैतिक प्रक्रिया अवलम्वन गरिएको हुन्छ ।

सङ्घीयतालाई स्वयं शासन वा विभाजित शासनको संयोजन पनि भनिएको पाइन्छ । राष्ट्रको विविधतालाई समेट्ने र सबैलाई शासन प्रणालीमा सहभागी बनाउने प्रयत्न भएको सङ्घीय व्यवस्था लोकतान्त्रिक प्रणालीमा सर्वाधिक उत्तम व्यवस्था मानिन्छ । राष्ट्रमा विद्यमान बहुजातीय, बहुभाषिक तनावलाई व्यवस्थापन गर्नका लागि उत्तम संवैधानिक तथा राजनैतिक प्रणालीका रूपमा सङ्घीयतालाई लिन सकिन्छ । मुलुकमा सीमान्तकृत अवस्थामा रहेका विभिन्न जाति तथा समूहलाई राष्ट्रिय राजनीति एवं विकासको मूल प्रवाहमा ल्याई तिनको सशक्तीकरणका लागि पनि सङ्घीयता उत्तम व्यवस्था सावित भएको छ ।

हालसम्म विश्वका करिव २८ मुलुकहरूमा सङ्घीय शासन प्रणाली विद्यमान छ । अमेरिका, क्यानडा, अस्ट्रेलिया, स्वीजरल्याण्ड, जर्मनीलगायतका मुलुकहरूमा सङ्घीयताको कार्यान्वयन सफल देखिएको छ । सुडान, इथियोपिया र नाइजेरियाजस्ता मुलुकहरूमा अपेक्षितरूपमा सफल छैन । सङ्घीयताले स्वशासन र साफेदारीका माध्यमबाट नागरिकले देश र राज्य व्यवस्थाप्रति अपनत्वको अनुभूति गर्छन भन्ने उद्देश्य राखिएको हुन्छ । यसका साथै लोकतान्त्रिक मुल्य, समावेशिता सामाजिक सांस्कृतिक रूपान्तरण, आर्थिक विकासलाई नागरिक उन्मुख एवं नागरिक उत्तरदायी बनाउने अभिप्राय समेत सङ्घीय व्यवस्थामा राखिएको हुन्छ ।

नेपालको सन्दर्भमा सङ्घीयता नवीनतम अवधारणा हो । नेपालको इतिहासलाई फर्केर हेर्ने हो भने नेपाल राजतन्त्रात्मक एकात्मक निरङ्कुश शासन प्रणालीमा आधारित मुलुकको रूपमा रहिआएको पाइन्छ । विगतमा राणाशासन होस् या त्यसपछिका शासन

व्यवस्था नै किन नहोस, नागरिकहरू अधिकार विहिन अवस्थामा थिए । पछिल्ला चरणमा मात्र पञ्चायती व्यवस्थामा नेपालमा विकेन्द्रीकरणको अभ्यास थालिएको पाइन्छ । वि.सं. २०२९ सालमा तत्कालीन राजा विरेन्द्रको पालामा नेपाललाई ४ वटा विकास क्षेत्रमा विभाजित गरिएको थियो । त्यसपछि २०३७ सालमा नेपाललाई ५ विकासक्षेत्रमा विभाजित गरियो । विकासलाई तल्लो तहमा पुराउने र प्रशासनलाई तल्लो तहमा स्थापित गर्ने उद्देश्यले यो क्षेत्रीय अवधारणा ल्याइएको देखिन्छ ।

जनताको पहुँच र सहभागिताको अभिवृद्धि गराउने उद्देश्यले ल्याइएको यो अवधारणा नेपालको शासकीय प्रणालीको महत्वपूर्ण उपलब्धि मानिन्छ । यस प्रकारको अवधारणालाई त्यतिबेला विकेन्द्रीकरणको अवधारणा भनिएको छ । राज्यको विकेन्द्रीकरण नीतिअन्तर्गत शासन शक्तिको पहुँच तलसम्म पुऱ्याउन शुरू गरिएको यो मोडल नेपालमा सफल हुन सकेन । २०४६ सालको जनआन्दोलन पश्चात नेपालमा प्रजातान्त्रिक प्रणालीको सूत्रपात भयो ।

यस प्रजातान्त्रिक कालमा शासकीय स्वरूपका रूपमा पञ्चायतले थालनी गरेको यही पाँच विकास क्षेत्रको अवधारणालाई निरन्तरता दिइयो । यो संरचनामा नागरिकहरूले राज्यशक्तिमा आफ्नो पहुँचको अनुभूति गर्न सकेनन् । सङ्घीय सत्ताले विकेन्द्रीकरणको नाममा पाँच विकास क्षेत्रको नामाङ्कन र सीमाङ्कन त गऱ्यो तर जनतामा प्रभावकारी शक्ति हस्तान्तरण गर्न चाहेन । त्यसकारण मुलुकमा सङ्घीयताको माग गर्ने नागरिक आवाज बलियो हुँदै गयो ।

वि.सं. २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन, थारूआन्दोलन, विभिन्न आदिवासी जनजाति आन्दोलन र हिमालदेखि तराईसम्मका आन्दोलनको परिणामस्वरूप नेपालमा सङ्घीयताको जग निर्माण भयो । २०७२ सालमा जारी भएको नेपालको संविधानले नेपालमा सङ्घीय व्यवस्थालाई संस्थागतरूपमै स्थापित गर्यो । अहिले नेपाल संवैधानिक व्यवस्थाअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक मुलुकको रूपमा रहेको छ । नेपालको संविधान कार्यान्वयनसँगै मुलुक विधिवतरूपमा सङ्घीय शासन प्रणालीमा गएको छ । नेपाली समाजको प्रवृत्तिलाई नियाल्ने हो भने नेपाल विविधतायुक्त भूमि हो । एकातिर प्राकृतिक एवं भौगोलिक विविधता छ भने अर्कोतिर जातीय तथा सांस्कृतिक विविधता छ । नेपाल राष्ट्रको विविधतालाई सम्बोधन गरेर मात्र यो देशलाई सक्षम सबल र समृद्ध बनाउन सकिन्छ । तल्लो तहमा राजकीय शक्ति दिएर नागरिकलाई सबल बनाउन सकियो भने ती सबल नागरिकहरूबाट राष्ट्रियताको सम्बर्धन हुन्छ र समृद्धिको आधार तयार हुनसक्छ । राज्यशक्तिका स्रोत नागरिक हुन र नागरिकको विविधतालाई अंगिकार गर्नुपर्छ भन्ने मान्यतालाई आत्मसात गरेर नेपालमा पहिचान र सामर्थ्यको आधारमा सङ्घीयतालाई व्यवस्थित गरिएको छ । नेपालको संविधानले यस्तो राजनैतिक प्रणाली अपनाएको छ, जसमा देशको शासनभार केन्द्र, प्रदेश र स्थानीय तहमा विभाजित छ । केन्द्र सरकारले राज्य र स्थानीय सरकारलाई नियमन तथा अनुगमन गर्दछ ।

जनताको भावनाअनुसार समावेशी लोतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रको विविधतालाई समुचित रूपमा सम्बोधन गरी व्यवस्थापन गर्न, मुलुकमा आएको सकारात्मक परिवर्तनलाई संस्थागत गर्न, विभिन्न राजनीतिक र जातीयरूपमा देखापर्ने तनाव द्वन्द्वहरूलाई व्यवस्थापन गर्न, उत्तरदायी तथा जवाफदेही शासन व्यवस्थाको सुनिश्चिता गर्न, राष्ट्रिय एकता र राष्ट्रको हितलाई प्रवर्धन गर्न, दिगो शान्ति स्थापना गर्न, सुशासन कायम गर्न, अल्पसंख्यक र वञ्चितीमा परेका विभिन्न वर्ग, क्षेत्र, जाति तथा लिंगका नागरिकका हक अधिकारहरू सुनिश्चित गर्न तथा नागरिकलाई सरकार आँगनमा रहेको र सेवा दैलोमा रहेको अनुभूति गराउन सङ्घीय शासन प्रणालीको व्यवस्था गरिएको छ । लोकतान्त्रिक समाजमा हरेक समस्याहरूको समाधान शान्तिपूर्णरूपमा लोकतान्त्रिक विधिबाट हुन्छ । सङ्घीय लोकतान्त्रिक शासन प्रणालीको संस्थागत विकासले मात्र नेपाली नागरिक अधिकार सम्पन्न वा सक्षम बनाउँछ ।

समाजको समुन्नति र नेपाल राष्ट्रको समृद्धि सुनिश्चित गर्न सकिने छ । संविधानको भावना र मर्मअनुसार नेपालको शासकीय संरचनालाई व्यवहारिकरूपमा कार्यान्वयनको तहमा लैजानु आजको आवश्यकता हो । सङ्घ, प्रदेश र स्थानीय तहमा संविधानले निर्दिष्ट गरेका व्यवस्थाअनुकूल ऐन कानूनको तर्जुमा गरी समुन्नत लोकतान्त्रिक प्रणालीको व्यावहारिक कार्यान्वयन गर्न सकेमा युगौंदेखिको जनताको भावना कार्यान्वयनको तहमा जानेछ र हाम्रो समृद्धिको सपना साकार हुनेछ ।

# सङ्घीयता कार्यान्वयनमा चुनौती र सम्भावना



मा. भोज प्रसाद श्रेष्ठ
प्रदेश सभा सदस्य
रुपन्देही-२(ख)

नेपालको संविधान-२०७२ नेपाल राजपत्रमा मिति २०७२।०६।०३ मा प्रकाशन भएको छ । प्रस्तावनामा भनिएको छ, "हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता सामन्ती निरङ्कुश, एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै विभेदको अन्त्य गरी भौगोलिक विविधतायुक्त विशेषताको संरक्षण र प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्दै समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास समृद्धिका लागि सङ्घीयता अपरिहार्य भएकोले संविधान जारी भएको छ ।"

संविधान राष्ट्रको मूल कानून हो । यसको निर्माणका लागि झण्डै ८ दशकको सङ्घर्ष, संयुक्त आन्दोलनको माध्यमबाट हजारौं शहीद र घाइतेको जीवन समर्पण र बलिदानको इतिहास बोकेको छ । यो सहजै प्राप्त भएको होइन । यसमा हामी सबैको खासगरी नेपाली जनताको रगत, पसिना सिञ्चित भएको छ । संविधानको पूर्ण कार्यान्वयनमा भएको ढिलासुस्ती र आन्दोलनकारी शक्तिको नेतृत्व गर्ने प्रमुख दलले नै जिम्मा लिनु पर्दछ । जन आकांक्षाअनुसार किन दलहरु एकताबद्ध हुन सकेनन, त्यहाँबाट नै अध्ययन, संवाद चलाइनुपर्छ । किन यस विषयमा दलहरु मौन छन् ? यस्को कारण के छ ? यसको वस्तुगत, तथ्यगत विश्लेषणबाट ठीक दिशा वा सकारात्मक बाटोतिर जान सक्छौं । यसको मूल कारण यस प्रकार छन्ः

१) संघीयताको सिद्धान्त र प्रयोगप्रति अलमल

२) केन्द्रीकृत र एकात्मक शासन प्रणालीका दोषहरूको किटानी गर्न नसक्नु र त्यसको समाधानका लागि स्वशासन, स्वायत्तता, विकेन्द्रीकरणको सही प्रयोग, संविधानको भाग २० को धारा २३१ र धारा २३२ को उपधारा (१) बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध, सहकारीता, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्न नसक्नु ।

३) बहुदल र बहुपक्षीय स्वतन्त्रताको अस्तित्व स्वीकार गरी समन्वय र एकताको लागि सर्वपक्षीय संवादबाट मुलुक वस्तुगत आवश्यकताअनुसार जनअपेक्षाअनुरूप ध्यान दिंदै परिवर्तित परिवेशमा सामयिक परिवर्तन गर्न ढिलाइ गर्नु ।

४) सङ्घीयता कार्यान्वयनमा भएका मुलुकहरूको सिकाई, अन्तरविरोधको निराकरण, दिगो विकास, प्राकृतिक स्रोत-साधनको भरपूर उपयोग गरी जनताको गरिबी निवारण, राष्ट्रियता र स्वाधीनताको पक्षधरतामा दृढ संकल्प, राष्ट्र र नेपाली जनताको हितमा राष्ट्रिय योजना नीतिको अवलम्बन गर्न नसक्नु ।

५) नेपालको संविधानले नयाँ सङ्घीय ऐन, कानूनको निर्माण गर्न संविधान जारी भएको ३ वर्षभित्र झण्डै ३०८ वटा ऐन, कानूनहरूको आवश्यकता रहेको र पुराना व्यवस्थाले लागू गरेका ऐन, कानून जो बाफिएका छन् त्यसको अविलम्ब संशोधन गरी प्रशासकीय सुशासनलाई चुस्त र जनमैत्री बनाउने कार्यमा सक्रियता नदेखाएकोले त्यसबाट सिर्जित समस्याहरु प्रमुख कारक बनेको छन् ।

६) महाभूकम्पबाट ग्रसित नेपाललाई सामान्य बनाइएको, कोभिड-१९ ले स्वास्थ्य तथा जनजीवनमा पारेको असरलाई साम्य बनाइएको, तर दलहरूभित्रको आन्तरिक कलह, राष्ट्र र जनहितको मुद्दाभन्दा भागवण्डा र गठबन्धनको संस्कृतिमा जोड र राष्ट्रिय सामग्रीको दोहनमा उद्यत देखिनु, सर्वदलीय आत्मसमीक्षा नगर्नु र कुशासन ।

७) क्रान्तिको स्वरूप धारण गरेको २०६२।०६३ को संयुक्त आन्दोलनको निष्कर्षलाई बेवास्ता गर्दै झण्डै शत प्रतिशतले संसदबाट पारित सीमानाका लिम्पियाधुरा, लिपुलेक, कालापानीको भूभागलाई भारतबाट भएको अतिक्रमणलाई संवैधानिकीकरण गरी विश्वमा आवाज उठाउन सफल सत्तापक्ष र प्रतिपक्षले राष्ट्रिय र वैदेशिक नीति निर्माणलाई साझा नीति बनाउन नसकेको प्रश्न निकै महत्वपूर्ण र अहम् छ । यसको बावजुद साम्राज्यवादी विस्तारको रणनीतिभित्र रहेको MCC र प्रबुद्ध समूह (EPG) को प्रतिवेदन ५ वर्षसम्म भारतलाई बुझाउन नसकेको, भारतीय संसदमा लुम्बिनी, जनकपुर, पशुपतिनाथजस्ता महत्वपूर्ण राष्ट्रिय सम्पदालाई भारतले अतिक्रमण गर्दा मौन बसेको, भारतले उत्पादन गर्ने विद्युतीय परियोजनाको माग, आज विद्युत आपूर्ति नेपालमा खपतको आवश्यकता रहँदा रहँदै, खरबौं रूपैयाँ ग्याँस आयातबाट विदेशी डलर बाहिरिदा हुने व्यापारिक असन्तुलनलाई ख्यालै नराखी सस्तो दरमा (रू. चार रूपैयाँ पचास पैसा प्रति युनिट) बिक्री गर्ने सम्झौता के ठीक छ त ? कस्को हितमा छ यो सम्झौता ? जबकि नेपाली जनताले प्रति युनिट एघार रूपैयाँभन्दा बढी मूल्य चुकाउनु परेको छ ।

स्वाधीन अर्थतन्त्रको जग बसाउन औद्योगिकमैत्री नीति बनाउनुछ । सार्वजनिक खरिद ऐनले पछ्याएको गलत बाटो, बढ्दो संस्थागत भ्रष्टाचारको अन्त्यका लागि संशोधन आवश्यक छ । आत्मसमर्पणवादी अर्थतन्त्र र वैदेशिक नीतिमा टेकेर समृद्ध राष्ट्रको परिकल्पना पूरा हुन सक्दैन । धेरै कारणहरु हुन सक्छन् तर संक्षेपमा उपर्युक्त उल्लेख्य कारणको सम्बोधन संघीयताको सिद्धान्त अङ्गीकार गरेर मात्र सम्भव छ । राज्यले यो विषय नबुझेको होइन नीतिमा भएको दृष्टिभ्रम, कुचेष्टाको उपज बन्न थालेको छ ।

मुख्यतः राज्यको ध्यान अब औद्योगिक उत्पादनमा आधारित पूर्वाधार निर्माणका अलावा शिक्षा, स्वास्थ्य एवं राजनीतिक जीविकोपार्जन क्षेत्रमा जनप्रभावित कार्यक्रम, युवा स्वरोजगारमुखी प्रोत्साहन कार्यक्रम अति आवश्यक छ । बच्चा, युवादेखि वृद्धसम्म राष्ट्रियताप्रति प्रेमभाव र स्वावलम्बन बढ्ने बौद्ध शिक्षा र संस्कृतिलाई उदयमान बनाउन आधुनिक, प्रविधियुक्त व्यावसायिक शिक्षा नीतिको अवलम्बन, महङ्गो दुई खाले विभेदपूर्ण शिक्षा नीतिको अन्त्य, स्वास्थ्य क्षेत्रमा देशको भूगोलअनुरूप सुविधासम्पन्न अस्पताल निर्माण गर्ने नीतिको अभावले जनतामा छाएको वितृष्णा, नैराश्यता हटाउन सके वैदेशिक पलायनलाई न्यून गर्न सकिन्छ । गरिबीको कारणले भएको सम्मानजनक जीवन जीउन सकस, स्वास्थ्य उपचार र शिक्षाका लागि धेरै खर्च गर्नुपर्ने बाध्यात्मक अवस्था आदि कारणले देशलाई फलाउने फूलाउने ठूलो श्रमशक्ति विदेशिन बाध्य भएको हो । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अब राज्यका तीनै तहमा शिक्षा, स्वास्थ्य र औद्योगिक उत्पादनबाट रोजगारी सिर्जना गर्नु पर्दछ ।

समृद्ध जनता र आत्मनिर्भर प्रदेश, मुलुकको भलो हुने सकारात्मक सोच र कार्यभार नै आजको प्रमुख कार्यभार हुन् । अब मौजुदा अवस्थाको चर्चा गरौं ।

**१. सङ्घीय कानुन र अधिकार विभाजन ।**

सङ्घीय प्रणालीमा राज्यशक्ति तहगत रूपमा विभाजन हुन्छ । सङ्घीयता भनेको तहगतरूपमा राज्यशक्तिको बाँडफाँड भएको शासन व्यवस्था हो । राज्यको तहगत विभाजन २ प्रकारले भएका छन् : (क) कुनै मुलुकहरूले दुई तहमा बाँडफाँड गरेका छन्, जस्तै : अमेरिका, क्यानाडा, अष्ट्रेलिया, जर्मनी जस्ता देशहरु (ख) तीन तहमा बाँडफाँड गरिएका मुलुकहरु, जस्तै : दक्षिण अफ्रिका, ब्राजिल, भारत, नेपाल जस्ता मुलुकहरु, जहाँ सङ्घ, प्रदेश र स्थानीय तह गरी ३ तह छन् । तहगत व्यवस्था समयानुकूल बनाई अमेरिकाले १३ प्रान्तबाट ५० राज्य, स्वीजरलैण्डले २६ वटा क्यानटोन, दक्षिण अफ्रिकाले ९ वटा प्रदेश, नाइजेरियाले सुरूमा ३ अहिले ३६, भारतमा हाल २९ वटा राज्य (प्रान्त) रहेका छन् । नेपाल ७ प्रदेशमा विभाजित छ ।

सङ्घीयता निर्माण विभिन्न प्रक्रियाबाट भएको छ । जस्तै अमेरिका, अष्ट्रेलिया, स्वीजरल्याण्ड जस्ता मुलुकहरु आपसी सम्झौताबाट ज्यमिष्लन

तयनभतजभचस जर्मनी, स्पेन, भारत, नेपाल जस्ता मुलुकहरु एकात्मक केन्द्रीकृत राज्य प्रणालीबाट जोडिएर बस्ने गरी राज्यहरु बनाइएको छ । सङ्घीय प्रणाली अपनाउन विभिन्न मुलुकमा विविध कारण र प्रक्रिया कार्यान्वयन गरिएको छ भने हाम्रो मुलुकमा पहिचान, प्रतिनिधित्व र पहुँचको सुनिश्चितताका लागि गरिएको छ । वास्तविक रूपमा भन्ने हो भने आधुनिक समयमा केन्द्रीकृत शक्तिलाई नियन्त्रण र सन्तुलित गर्न तहगत रूपमा शक्तिको विभाजन गर्ने प्रणालीको निकास सङ्घीयताअन्तर्गत गरेको देखिन्छ । आज विश्वमा ३० वटा मुलुकहरूमा सङ्घीय स्वरूपको शासन प्रणाली छ । सङ्घीय प्रणालीको सफलता–असफलताका आफ्नै अभ्यासहरु छन् । जो आन्तरिक कारणले हुने गर्दछ । निश्चित पनि यो आफैमा केही महङ्गो र जटिल प्रणाली हो । यसो भन्दैमा हाल विद्यमान अवस्थामा भने केन्द्रको खर्च प्रणालीअनुसार प्रदेशहरूको खर्च प्रणाली कुल बजेटको १० प्रतिशत मात्र रहेको छ । तर यतिले चित्त बुझाउन सकिदैन । 'नजिकको देखिने र भेटिने सरकार' प्रदेश तह र स्थानीय तह नै हुन् । हाम्रो मुलुक भौगोलिक विविधताले भरिपूर्ण सानो मुलुक हो ।

केन्द्रीय तहको काम नीति निर्माण, सुरक्षा, संचार, सूचनाजस्ता महत्वपूर्ण कार्यहरु रहेका छन् । प्रादेशिक तहको कार्य प्रदेशको आवश्यकता र योजना नीति कार्यान्वयन, समन्वय र विकास रहेको छ भने स्थानीय तहको काम आवश्यकताअनुसार सेवा प्रवाह र विकास हो । विकासको कार्यको स्थल स्थानीय भूगोल नै हो । तर यो विषय हाल गौण बनेको छ । साना–साना विकास योजना केन्द्रले नै विनियोजन गर्ने, वितरणमुखी, खल्तीका योजनामा कर्मचारीहरु नै हावी हुने प्रथा छ । यसको अन्त्य आवश्यक छ । योजनाबद्ध विकासको रणनीति बनाएता पनि कार्यान्वयनमा अराजकता देखिएकाले जनप्रतिनिधिहरु र जनतामा निराशा पैदा भएको यथार्थ हो ।

यसरी हेर्दा हाम्रो संविधानले सङ्घीय तहलाई अनुसूची ५ अनुसार ३५ वटा विषयहरु, प्रदेश तहलाई अनुसूची ६ बमोजिम २१ वटा विषयहरु र स्थानीय तहलाई अनुसूची ८ बमोजिम २२ वटा विषयहरु दिएको छ । अन्य साझा अधिकार पनि रहेका छन् ।

सङ्घीयता यस्तो प्रणाली हो जसमा जनता आफ्नो विकासमा आफै जुट्छन् भन्ने मान्यता भएकाले जनताको सहभागिता र अपनत्व बढाउने किसिमको कार्यसम्पादन तहगत सरकारहरूले आपसी समन्वय र सहकार्यबाट गर्नुपर्ने हुन्छ ।

**२. संघीयतामा विभाजित अधिकारको प्रयोग र सीमाहरुः**

संविधानसँग बाझिएका कानून र कार्य बाझिएको हदसम्म अमान्य हुन्छ । देशमा संविधान नै मूल कानून मानिन्छ । कानून भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय तहले बनाएका कानून सम्झनु पर्छ । यस्तै कानूनका स्वरूपभित्र ऐन, अध्यादेश, नियम, विनियम, आदेश, कार्यविधि, निर्देशिका आदि पर्दछन् । ऐन संसद र प्रदेशसभाले बनाउँछ । ऐनको प्रत्यायोजित अधिकार भित्र रही कार्यकारिणीले नियम, विनियम, निर्देशिका, कार्यविधि बनाउँदछ । जसका निश्चित सीमाहरु छन् । कानून बाझिएको हकमा अमान्य हुने वा बदर गर्ने असाधारण अधिकार सङ्घीय अदालतलाई संविधानले नै प्रदान गरेको छ । संविधानमा उल्लेख नभएका अधिकारको सवाललाई 'अवशिष्ट' अधिकार भनिन्छ । यो अधिकार भने नेपालमा सङ्घीयताले नै राखेको छ । कतिपय मुलुकमा भने यो अधिकार प्रदेशलाई दिइएको छ । जसको अर्थ प्रादेशिक स्वायत्ततालाई जोड दिएको हुन्छ ।

**३. समानुपातिक सहभागिताः**

राज्य भन्नाले भूगोल, जनसङ्ख्या र सत्ता सञ्चालन भन्ने भाष्य छ । जसको सार्वभौम सत्ता जनतामा निहित हुन्छ । समाजवादमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाअन्तर्गत राजनैतिक र आर्थिक समानताको हक हरेक नागरिकलाई प्रदान गरिएको हुन्छ । नेपाल आफैमा भौगोलिक विविधता, भाषिक, धार्मिक, जातीय विभेद, छुवाछुत मुक्त समाज निर्माणका लागि अग्रसर मुलुक हो । नेपालको संविधानको प्रस्तावनामा नै समानुपातिक

सहभागिता र समावेशी सिद्धान्तलाई अङ्गीकार गरेको छ ।

नेपालको कूल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ । यस मध्ये लुम्बिनी प्रदेशमा ५१ लाख २२ हजार ७८ रहेको छ । जस भित्र जातीय आधारमा क्षेत्री-ब्राह्मण २७%, आदिवासी, जनजाति थारूसमेत ३८%, मधेसी १२%, मुस्लिम ७% दलित १२%, अन्य पिछडा वर्ग ४% रहेको छ । उपर्युक्त जनसङ्ख्याको आधारमा सरकारी वा गैरसरकारी सेवामा समानुपातिक सहभागिता अनिवार्य हुन्छ । महिला तथा यौन लैङ्गिक समेतको सहभागिता ५०% भन्दा बढी रहेको छ । यसलाई मानव अधिकारको दृष्टीले प्रयोग र कार्यान्वयन गर्न जरूरी छ । यसको अर्थ विकास र पहुँचको आवश्यकताले दिगो विकास क्म्न का हिसाबले पनि गरिबी निवारण र सचेतना आवश्यक छ । लैङ्गिक विभेद, हिंसा, अन्धविश्वास र रूढीवादीका कारण पछाडि पारिएका समुदायलाई खासगरी दलित वर्गलाई स्नातकोत्तर तहसम्मको शिक्षा निःशुल्क र आवासको ग्यारेन्टी गरिएको छ । यो महत्वपूर्ण कार्यलाई कार्यान्वयन गर्न राज्य प्रायः असफल नै छ ।

वर्गीय रूपमा समान पहुँच पुऱ्याउन अझ सशक्त र प्रभावकारी औद्योगिकमैत्री नीतिको माध्यमबाट रोजगारी सिर्जना गर्नु र प्राकृतिक स्रोत साधनको निर्भरतामा उनीहरूको पहुँच, पहिचान तथा अग्राधिकार वाञ्छनीय छ ।

गरिबी, शिक्षा र खाद्य सम्प्रभुतामा पहुँचको अभाव, स्वास्थ्य उपचारमा देखिएको महङ्गो प्रणाली, स्वास्थ्य विमामा देखिएको गैरजिम्मेवार व्यवहार, अनियमितता, भ्रष्टाचार आदि हाम्रो लागि आजका प्रमुख मुद्दा बनेका छन् । जनताको आधारभूत अधिकार, गास, बाँस, कपास, स्वास्थ्य, शिक्षा, रोजगार, सुरक्षा जस्ता विषयहरूमा राज्यको ध्यान पुगेको छैन । नीति र योजना बजेट केवल पूर्वाधारमा मात्र जोड दिएकाले गरिब विपन्न वर्ग झन बढी गरिबीको चपेटामा परेको, केवल तथ्याङ्कमा गरिबी घटेर १५% मा झरेको तथ्याङ्क देखाए पनि ठोस रूपमा भन्दा सो मिथ्या सावित हुन्छ ।

खुला अर्थतन्त्रको नाममा सरकारी उद्योगलाई निजीकरण गरिनु र आधारभूत जन आवश्यकताअनुरूप उद्योग स्थापना नगर्नाले महङ्गी नियन्त्रण र सन्तुलनको अभावमा गरिब जनता गम्भीर असरको चपेटामा परेका छन् । शोषणका कारण कसरी सम्बोधन गर्ने यो नै प्रमुख चुनौती हाम्रो सामु छ ।

समानुपातिक समावेशीलाई राज्यको अङ्गहरूमा कसरी गुणस्तरीय सहभागिता गराउने, निर्वाचन प्रणालीलाई मितव्ययी र समावेशी, छोटो, चुस्त र छरितो कसरी बनाउने यसको बहसको खाँचो छ । राज्यले थेग्न नसकिने प्रादेशिक संरचना र प्रतिनिधित्वको प्रावधान कसरी आवश्यकताअनुरूप घटाउने, स्थानीय तहको बढ्दो खर्च प्रणाली, सुशासन, नियमन व्यवस्था केन्द्रले गर्ने कि प्रदेशले ? पालिकाको संख्या, भूगोल, जनसंख्याका आधारमा, सेवा सुविधाको विस्तारको माध्यमबाट कति घटाउने, जनप्रतिनिधित्वको संख्यालाई चुस्त र आवश्यकता अनुकूल कसरी बनाउने, आवश्यक बहसको खाँचो छ । प्रदेशको औचित्य सावित गर्न समयमै संवैधानिक अधिकार प्रदान गर्न किन ढिलाइ ?

समानुपातिक सहभागिता गर्दा सरकारी सेवा, शिक्षा, स्वास्थ्यलाई गुणस्तरहीन बनाई कोटा निर्धारण गर्ने अवैज्ञानिक प्रथाले दातृ निकायलाई झुक्याउने प्रवृत्तिको अन्त्य गर्न साँच्चिकै असल शिक्षा, गुणस्तरीय स्वास्थ्य र रोजगारी सिर्जना गर्न, पछाडि पारिएका समुदाय, आदिवासी जनजाति तथा दलित समुदायलाई शिक्षाको गुणस्तरीय प्रतिस्पर्धामा बढी जोड किन नदिने ? कार्यक्रम खोई ?

**४. समावेशी सिद्धान्त आफैमा महत्वपूर्ण छ ।**

समावेशीको अर्थ राज्यका प्रत्येक सरकारी वा गैरसरकारी अंगमा अनिवार्य सहभागिता भन्ने बुझिन्छ । यो किन हुन सकिरहेको छैन । ठूला संभ्रान्त वर्ग, उच्च जातिको प्रशासनिक बाहुलताका कारण सिर्जित समस्यालाई अन्त गर्दै नीति निर्माणमा सबै वर्ग, तहको हित र समावेशितालाई उच्च प्राथमिकता राखेर जाने प्रक्रियाको सुनिश्चितता गर्नुपर्ने आवश्यकता

देखिएको छ । नाता, कृपा र दलीय भागवण्डामा सीमित र नियन्त्रित अर्थ राजनैतिक व्यवस्थाले सिङ्गो मुलुक अपाङ्ग बन्न पुगेको ध्रुव सत्य हो । उक्त कुरालाई हामी सबैले स्वीकारेर मात्र मुलुकलाई अग्रगामी दिशामा लैजान सकिन्छ । आज अपाङ्ग घाइतेको अवस्था, राष्ट्र र जनताको लागि समर्पित शहीद परिवारको जीवनचर्या दु:खदायी भएकाले व्यवस्थाप्रति उठिरहेको प्रश्नलाई कसरी जवाफ दिने ? यस विषयमा सबै गम्भीर बनौं ।

विगत १००० वर्ष देखि चल्दै आएको कुसंस्कृति बोकेको राजतन्त्रात्मक, केन्द्रीकृत, निरंकूश तानाशाही व्यवस्थाबाट आक्रान्त नेपालीको गरिबीको इतिहास भुल्न मिल्दैन । ती हजारौं संख्यामा रहेका राजा, रजौटाको अप्रासङ्गिक अधिकारबाट शोषित, पीडित जनता र राष्ट्रको त्यो अधोगति विश्व सामु स्पष्ट छ । हाम्रो नेपाल वि.सं. २०४६ सालको परिवर्तन भन्दा अगाडि कुन स्तर, तहमा गुज्रियो त्यसको तथ्य तथ्याङ्कलाई अगाडि सार्‍यौं भने स्पष्ट हुन्छ । २०२१ सालमा आएको भूमिसुधार कार्यक्रम, मुलुकी ऐन २०१९ को समाज सुधार कार्यक्रम, केही औंलामा गन्न सकिने पूर्वाधार र केही आधारभूत उद्योगको सञ्चालनका सकारात्मक पक्षलाई मूल्याकङ्न गर्दा उपयुक्त नै हो भन्ने लागेता पनि मक्किएको राजतन्त्र र राजाको सामन्ती निरङ्कुश शासन के ब्युतिएला त ?

नेपाली धर्तीमा असंभव प्रायः नै छ । समाज परिवर्तनशील छ । आजका जनता, युवा भ्रममा मात्र हिंड्दैनन्, अरू मुलुक जो विकसित छन् तिनका जगको चेतमा पनि पर्छन् । भौतिक र प्रविधिको विकासमा पुरातनवादी सौंच नाकाम नै हुने गरेको छ । विरलै भेटिएको अपवादमा देखिएको पुरातनी दृष्टिकोणले अबको युगलाई नेतृत्व गर्न सक्दैन । कोही पनि भ्रममा नपरे हुन्छ ।

गणतन्त्रको विकल्प लोकतान्त्रिक गणतन्त्र नै हो । लोकतन्त्रको विकल्प नेपालको सन्दर्भमा हालको वस्तुगत स्थितिमा लोक कल्याणकारी राज्य व्यवस्था नै हो । यस हिसाबले सबै अगाडि बढौं । यसबाट मात्र सबै नेपालीको कल्याण हुनेछ । सबैको चेतना भया ।

# लुम्बिनी प्रदेश सभा र मेरो अनुभव




मा. निमा गिरी
सचेतक
नेपाली कांग्रेस संसदीय दल


वि. सं. २०७९ साल पौष १७ गतेका दिन लुम्बिनी प्रदेश सभाको सभाहलभित्र शपथग्रहण लिएपश्चात् केही अन्योल, केही कौतूहलता र केही उत्साहका साथ औपचारिकरूपले प्रदेश सभा सदस्य भई मैले नयाँ यात्राको प्रारम्भ गरेँ । नयाँ यात्रासँगै नयाँ जोस र जाँगरका साथ मनमा राम्रा योजना बन्ने नै भए । एक दिन मैले प्यूठानबाट भालुवाङ, देउखुरीको यात्रा गर्दै थिएँ । भर्खर भर्खर प्रदेश सभा सदस्य भएको म, मेरो मन अनेक कुराले तरङ्गित भइरहेको थियो । प्यूठानको जुम्रीदेखि देउखुरी सभाहल पुग्न सार्वनजिक यातायात (टाटासुमो जिप) मा बढीमा २ घण्टाको समय लाग्दथ्यो । म बिहान १०:०० बजे जिप चढेकी थिएँ । बिहान ११:४० बजेसम्म गाडी प्यूठानको बाटोमै रहेको थियो । मैले गाडी चालकलाई अनुरोध गरेँ, 'मेरो १ (एक) बजे बैठक छ, अलि चाँडै हिडौँ न ।' गाडी चालकले मलाई उल्टै प्रश्न गर्नुभयो, 'काम नभएको प्रदेशमा जान केको हतार ?' मैले उहाँलाई भनेँ, 'तपाईं आफ्नो भूमिका राम्रोसँग निर्वाह गर्नुहोस् । समयमा गाडी कुदाउनुहोस् । मोबाइल फोनमा लामो समय कुरा नगर्नुहोस् । गाडी चालकसँगका यी कुरापछि मैले आफ्नो बाटो तय गरेँ ।

त्यतिबेलै मलाई लाग्यो, मैले प्रदेश सभामा गरेका हरेक कामको नतिजा सुनाउनुपर्दछ । जनप्रतिनिधि जनताको सेवक हो, हामी जनताका दुःख सुखको साथी बन्न सक्नु पर्दछ । जनताका इच्छा, चाहना, उनीहरूको पिरमर्का र गुनासोको सुनुवाई गरिदिने जिम्मेवारी बोकेर नै हामी प्रदेश सभा सदस्य भएका हौँ । यति मात्र नभै कानून निर्माण र विकास निर्माणप्रतिको मूख्य जिम्मेवारी हाम्रो काँधमा छ । तसर्थ मैले प्रदेश सभा सदस्य भइरहँदा आफुले गरेका हरेक कामको नतिजा जनतासमक्ष सार्वजनिक गर्नु पर्दछ । अन्ततः यो नै मेरो पदीय जिम्मेवारी र जनताप्रतिको दायित्व पनि हो । वास्तवमा प्रदेशमा कामहरू नभएका होइनन् । सम्पन्न भैसकेका र भइरहेका कामहरूलाई जनता समक्ष पुर्याउन नसकेको चाहिँ पक्कै हो, उनीहरूलाई सुसूचित गर्न नसक्नुका पछाडि हाम्रापनि केही बाध्यता र कमी कमजोरी हुन सक्छन् । यस तहमा रहेर हामीले गरेका कामहरु सार्वजनिक गरी आमजनता, मजदुर, किसान, सवारी चालकलगायतका कर्मयोगीहरूलाई जानकारी गराउन जरूरी छ । यिनै कुराहरू मनमा राखेर त्यही दिनदेखि मैले दैनिक रूपमा डायरीको व्यवस्थापन गरी आफूले गरेका कार्यहरूको निरन्तर टिपोट राख्न थालेँ । आफ्ना आर्थिक गतिविधिहरूलाई पनि लिखितरूपले रेकर्ड गर्दै आएँ ।

नेपाली कांग्रेसले आफनो सङ्कल्पपत्रमा प्रत्येक जनप्रतिनिधिले आफ्नो प्रतिवेदनपत्र पेश गर्नुपर्ने र हरेक ३ महिनामा जनताबाट परीक्षण पनि गराउनुपर्ने व्यवस्था गरेको छ । म यस कुराबाट निर्देशित मात्र होइन, प्रेरित पनि हुँदै आएकी छु । जसको परिणामस्वरूप मैले १ वर्षभित्रमा सम्पादन गरेका कार्य र उठाएका विषयसहित मेरो आयव्ययलाई समेत समेटेर 'रिपोर्ट कार्ड' शीर्षकमा प्रतिवेदन तयार पारी पेश गर्न सकेँ ।

मेरो वार्षिक प्रतिवेदन सार्वजनिक भएपछि यसका बारेमा मैले सकारात्मक प्रतिक्रिया पाउँदै आएकी छु । यसबाट ममा निकै राम्रो उत्साह थपिएको छ । यसबाट मलाई लाग्दै छ, संघीयताको विषयमा थप आशा सञ्चार गर्न प्रधानमन्त्री, मुख्यमन्त्री, मन्त्री, प्रदेश सभा सदस्य देखि कर्मचारीहरूसम्म सबैका वार्षिक कार्य र आर्थिक पक्षमा प्रतिवेदन सार्वजनिक हुनु नितान्त आवश्यक छ । यसरी वार्षिक प्रतिवेदन

प्रस्तुत भएमा आफूले गरेका कार्यका बारेमा सबैलाई जानकारी हुन्छ । यस कार्यबाट जनप्रतिनिधि र कर्मचारीहरूप्रति नागरिकहरूको विश्वाससमेत बढ्नेछ । प्रदेश सभाको बितेको एक वर्षमा मैले धेरै विषयहरू उठान गरिसकेकी छु । प्रदेश सभा सदस्यको रूपमा प्रदेश सभा बैठकमा ९८ प्रतिशत उपस्थित रही जनताका चाहना, उनीहरूका पिरमर्का, विपद् व्यवस्थापन जस्ता विषयहरूमा आफ्नो आवाजलाई बुलन्द पार्दै प्रदेश सरकारलाई घच्घच्याई रहेकी छु । जीर्ण अवस्थामा रहेका पूर्वाधारको मर्मत सम्भार, नयाँ योजना लागि बजेट माग गर्ने, कार्यान्वयनमा रहेका योजनाहरूको स्थलगत अनुगमन गरी मन्त्रालयहरूलाई सुझाव दिइनै राखेकी छु । प्रदेश सभाको मूख्य काम कानून निर्माण गर्ने हो । प्रदेश सभामा प्रस्तुत भएका सबै विधेयकमा मैले विधेयकको प्रभावकारीता तथा  कार्यान्वयनशिलताको सन्दर्भमा उठाएका सवालहरू प्रदेश सभाको यूट्युव च्यानलमा प्रत्यक्ष हेर्न सक्नुहुन्छ । प्रदेश निजामती सेवा विधेयकको छलफलमा समिति,  उप- समिति सदस्यमा रही महिनावारी विदा, आरक्षण व्यवस्थामा सममयानुकूल संशोधन, गोल्ड मेडलिस्टलाई २ वर्षसम्म करारमा लिने जस्ता धेरै व्यवस्थाहरू राख्न सफल भएका छौँ । विभिन्न टि. भी. तथा पत्रपत्रिकामा अन्तरवार्ता एवम् लेखहरू प्रकाशन भएका छन् ।

यसै गरी जनप्रतिनिधिको रूपमा जनतासँग प्रत्यक्षरूपमा जोडिन र जनताका पिरमर्का र विकासका आका्षालाई सम्बोधन गर्न विभिन्न सामाजिक तथा राजनैतिक अभियान सञ्चालन गरेकी छु । यसै क्रममा कारागारमा पुस्तक अभियान अन्तर्गत प्यूठान जिल्ला कारागारमा पुस्तकालय निर्माण तथा पुस्तक वितरण, काठमाण्डौं मेडिकल कलेजको सहयोगमा गौमुखी, दाङको शान्तिनगर र कपिलवस्तुको बुद्धभूमिमा विशेषज्ञ डाक्टरहरूद्धारा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । त्यसैगरी शारीरिकरूपमा असक्त व्यक्तिहरूलाई निःशुल्क ह्ववीलचियर वितरण, स्वर्गद्धारी बहुमुखी क्याम्पस प्यूठानमा सेनेटरी भ्यान्डिङ मेसिन हस्तान्तरण गरेकी छु ।

कुनै पनि कार्य गर्नलाई कहीँबाट केही कुरा प्राप्त गरेको हुनुपर्छ । मलाई त्यसरी प्रश्न गरेर वार्षिक कार्यको प्रतिवेदन तयार पार्ने सोचको विकास गराउने सवारी चालकलाई यतिखेर म धेरै धेरै धन्यवाद दिन्छु । मैले सदनमा सार्वजनिक सवारी साधनका चालक र सहचालकलाई पुरस्कृत गर्नुपर्ने आवाजसमेत उठाएकी छु । यसरी सार्वजनिक भएको वार्षिक प्रतिवेदनले मलाई अरु थप राम्रा कार्य गर्न उत्साहित बनाउँदै आएको छ । मैले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनको 'रिपोर्ट कार्ड' मा माथि उल्लेख गरेका विषयहरूका अतिरिक्त मेरो वार्षिक कार्यप्रगति हेर्न सक्नुहुन्छ ।

अन्त्यमा, स्वर्गको टुक्रा जस्तो मेरो यो देशमा कुनै कुराको कमी भएको मैले महसुस गरेकी छैन । कमी छ त केवल जवाफदेहता, प्रतिबद्धता र कटिबद्धताको । तसर्थ, प्रदेश सभा सदस्यले प्रदेश जनप्रतिनिधिको भूमिका, गाडि चालकले उत्तम चालकको भूमिका, पत्रकारले खोजमूलक पत्रकारिता जस्तै सबैले आ–आफ्नो  भूमिकामा इमान्दार र प्रतिवद्ध भई जिम्मेवारीपूर्वक कर्तव्य निर्वाह गर्न सके देश चाँडै व्यवस्थित हुने थियो ।

# शिक्षा विकासमा प्रदेशको भूमिका



मा. खड्ग बस्नेत
प्रदेश सभा सदस्य
नवलपरासी २ (क)

ऐतिहासिक संविधानसभाले वि. सं. २०७२ सालमा जारी गरेको नेपालको संविधानमा सङ्घीयताको व्यवस्था गरिएको छ । संविधानमा व्यवस्था भएअनुरूपकै सात प्रदेशहरूमा सरकारहरू छन् । प्रदेशसभाहरू अहिले दोस्रो कार्यकालमा गतिशील रहिआएका छन् । प्रदेशमा सरकारहरू क्रियाशील हुन लागेको पनि छ वर्षभन्दा बढि भयो । तर, नागरिक तहमा भने अझैपनि सङ्घीयता आवश्यक छ कि छैन भन्ने बहस जारी नै छ । हामीले सङ्घीयताको महत्व नागरिकले अनुभूति गर्न सक्ने तहमा स्थापित गर्न सकेका छैनौं । हाम्रो यात्रा अनुभूति गराउन सक्ने दिशातर्फ उन्मुख पनि छैनन् ।

व्यवहारतः स्थानिय तह पछि नागरिकको सबैभन्दा नजिकको सरकार प्रदेश सरकार हो । तर, पनि प्रदेश सरकारहरूले आवश्यकता र औचित्यताबोधका आधारमा किन जनविश्वास आर्जन गर्न सकेनन् भनी गम्भिर समिक्षा समिक्षकहरूले गर्दै गर्लान् । यस लेखमा हामी प्रदेश सरकारहरू र शिक्षा नीति, कानुन र कार्यक्रमहरूबारे चर्चा गर्ने कोसिस गर्नेछौं । संविधानले सङ्घीयता भने पनि कानून त्यसअनुरूपका निर्माण भएका छैनन् । प्रदेश सरकारहरूले केन्द्रमा दबाब सिर्जना गर्न कोशिस गरिरहे पनि माध्यमिक तहको शिक्षामा प्रदेशले अधिकार चाहियो भनेर बोलेको अझै पनि खासै सुनिएको छैन । नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, चाहे त्यो विद्यालय शिक्षा होस् वा विश्वविद्यालय शिक्षाको बारेमा प्रदेश सरकारहरूले गम्भिर पहल लिनु पर्दछ । अन्तर्राष्ट्रिय अनुभवमा पनि प्रदेशहरूको महत्व नागरिकमा बुझाउन सबैभन्दा सजिलो माध्यम भनेकै शिक्षा र स्वास्थ्य हुन् जुन विषय नागरिकले सहजै बुझ्ने गर्छन् । त्यसैले संविधानले कल्पना गरेको केन्द्रीकृतबाट सङ्घीय शिक्षा प्रणालीमा नेपालको रूपान्तरण वर्तमान असन्तुष्टि, सङ्क्रमण र ऐतिहासिक असन्तुलन सम्बोधन गर्न एक निर्णायक बिन्दु हुनुपर्दछ । विकेन्द्रीकरणको मर्म अनुरूपका नीति र कार्यक्रमहरु निर्माणमा केन्द्र र प्रदेश सरकारहरूले सामना गर्ने प्रश्नहरू र खेल्नु पर्ने भूमिकामा रहेर अबको बहस केन्द्रित हुनु पर्दछ ।

प्रमुख नीति क्षेत्रहरु

१. पाठ्यक्रम विकास र मुल्याङ्कन पद्धति शिक्षामा उन्नत स्तरको अभ्यास गरेका मुलुकहरूमा पाठ्यक्रम कक्षा कोठामा निर्माण गर्नुपर्छ भन्ने मान्यता विकास भएको छ । केही ठाउँमा यसको सफल अभ्यास भइरहेको पनि छ । धेरै देशहरूले एउटा राष्ट्रिय मापदण्ड जारी गर्दै, त्यही मापदण्डको सीमामा पाठ्यक्रमको विकास गर्ने अधिकार सम्बन्धित विद्यालय र शिक्षकलाई प्रदान गर्ने गरेको पाइन्छ । तर नेपालमा पाठ्यक्रमको विकासमा केन्द्रले प्रदेश सरकारहरूको संलग्नतासम्म पनि व्यवहारतः अस्वीकार गरेको छ । भाषा, गणित र विज्ञान बाहेकका विषयहरूको पाठ्यक्रम प्रदेशस्तरमा निर्माण गरी लागू गर्न सकिएमा थप प्रभावकारी हुन सक्छ । अन्यत्र विद्यालयलाई हस्तान्तरण गरिएका अधिकारहरू नेपालमा प्रदेश सरकारसम्म पनि विनियोजन गर्न विश्वास नगर्नु नै संघियता पछि पनि शैक्षिक प्रणालीमा केही परिवर्तन हुन नसक्नुको सबै भन्दा ठूलो कारण हो ।

एउटा अर्को सानो उदाहरण हेरौं, कक्षा दशमा लिइने एस.इ.इ. परिक्षालाई । अघिल्लो वर्षसम्म यो परिक्षा प्रदेश मातहत राखौं र कक्षा १२ को परीक्षा केन्द्र मातहत राखौं भनेर व्यापक बहस हुने गर्दथे । प्रदेश मातहत राख्न केन्द्रीय मनोवृत्तिले मानेन, कारण भनियो प्रदेशले यसको गरिमा जोगाउन सक्दैन । प्रदेश सरकारलाई एउटा परीक्षा पनि सञ्चालन गर्न नसक्ने पंगु सम्झियो । तर, अहिले प्रस्तावित विद्यालय शिक्षा विधेयकमा भने कक्षा १० को एस.इ.इ.

परीक्षासम्बन्धी विद्यमान व्यवस्था नै राखिएन । प्रदेशलाई दिनुभन्दा परीक्षा नै नलिनु उत्तम मान्ने मनोदशाबाट हामी ग्रसित छौं । कक्षा दशमा त्यो स्तरको परीक्षा आवश्यक छ कि छैन त्यो बहसको अर्को पाटो हो, त्यसमा हाम्रो पनि फरक धारणा हुन सक्छ । तर, हिजोसम्म कक्षा १० को परीक्षा केन्द्रीय गरिमाको विषय ठान्नेले आज प्रदेशलाई त्यो जिम्मा दिनुभन्दा खारेज गर्नु उत्तम भन्ने मानसिकताले काम गरेको पाइन्छ तर कक्षा १० को परीक्षा हाल कक्षा ११ जस्तै विद्यालयलाई नै सञ्चालन गर्न दिनु उपयुक्त हुन्छ र सो परीक्षाको संयोजन प्रदेशले गर्नुपर्दछ ।

विकेन्द्रीकरणको सबैभन्दा सुन्दर पक्ष स्थानीय आवश्यकता सरकारले बुझ्नु हो । प्रादेशिक सरकारहरूलाई आफ्नो सीमाभित्र रहेका सीमान्तकृत समुदायहरूको आवश्यकतालाई सम्बोधन गर्दै स्थानीय सन्दर्भमा राष्ट्रिय पाठ्यक्रमको भावमा प्रतिकूल नपर्ने गरी प्रदेशलाई आफ्नै आवश्यकताअनुरूपकै पाठ्यक्रम, पठनपाठनको भाषा वा माध्यम, पठन शैली आदिबारेको पर्याप्त अधिकार दिनुपर्छ । यद्यपि, गुणस्तरमा तिखार्नमात्र होइन कार्यान्वयनमा जानसमेत त्यसअनुकूलका शिक्षकका तयारी र अन्य पूर्वाधार र सामग्री निर्माणको व्यापक योजना बनाउनु बाँकी नै छ ।

**२. शिक्षक व्यवस्थापन**

प्रदेश सरकारहरूले आफ्नो आवश्यकतालाई सम्बोधन हुने र प्रदेशमा निर्माण हुने शिक्षा नीतिमा आधारित शिक्षकछनौटको अधिकार पाउनु पर्छ । नियुक्त भएका शिक्षकहरूको क्षमता विकासमा शिक्षा तालिम केन्द्रलाई व्यवहारिक हिसाबले सञ्चालन गर्नु पर्दछ । 'तालिम भन्दा साथ भत्ता सम्झिने' विद्यमान मनोदशाबाट शिक्षकहरूलाई माथि उठाउन पनि प्रदेश सरकार नै क्रियाशील हुनुपर्छ ।

**३. स्रोत विनियोजन**

नीतिगत आकांक्षाहरूलाई वास्तविकतामा रूपान्तरण गर्नका लागि वित्तीय स्रोतहरूको प्रभावकारी व्यवस्थापन महत्वपूर्ण हुन्छ । संघीय शिक्षा अनुदानको न्यायोचित वितरण चुनौतीपूर्ण छ । जसका लागि पारदर्शी र प्रभावकारी स्रोतको उपयोग आवश्यक छ । प्रदेशले शिक्षाको विकासमा आफ्नै स्रोतहरूको पनि प्रभावकारी परिचालन गर्नु आवश्यक छ ।

विकेन्द्रीकृत शिक्षा प्रणालीतर्फको नेपालको यात्राका लागि चुनौतीहरूलाई स्वीकार गर्दै उपलब्ध अवसरहरूको सदुपयोग गर्दै सहयोगात्मक दृष्टिकोण आवश्यक छ । प्रान्तीय सरकारहरूलाई बलियो नीतिहरू, स्रोतहरू र दिल्ली जस्ता सफल मोडेलहरूबाट अन्तर्दृष्टिसहित सशक्तिकरण गरेर, नेपालले आफ्ना नागरिकहरूको ज्ञान र शैक्षिक उत्कृष्टताको विरासत सुनिश्चित गर्दै समतामूलक, उत्तरदायी र गुणस्तरीय शिक्षा प्रणालीको लागि मार्ग प्रशस्त गर्न सक्छ।

लुम्बिनी प्रदेशले प्रदेश सरकारहरूको सशक्तिकरणको परिवर्तनकारी प्रभावलाई चित्रण गर्दै एक उदाहरण प्रस्तुत गर्न सक्नुपर्दछ । समृद्ध सांस्कृतिक सम्पदा र विविध जनसङ्ख्या भएको लुम्बिनीले 'मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम', 'प्रदेश नमुना विद्यालय'लगायतका कार्यक्रमहरू कार्यन्वयन गरे पनि त्यसले अपेक्षित परिणाम दिन सकेनन् । शिक्षालाई स्थानीय भाषाहरूमा अनुकूल बनाउने, सांस्कृतिक पहिचानको संरक्षण गर्ने र समावेशिता सुनिश्चित गर्ने जस्ता कार्यहरूमा काम सुरु भएकै छैन । प्रदेश सरकारको आवश्यकता र औचित्य प्रमाणित गर्न पनि यस्ता कदमहरू अघि बढाउन ढिलो गर्नु हुँदैन ।

यसको लागि सबैभन्दा पहिलो काम स्पष्ट भूमिका र जिम्मेवारीहरू परिभाषित गर्ने कानूनहरूको निर्माण हो । प्रभावकारी कार्यान्वयनका लागि शिक्षामा प्रादेशिक सरकारहरूको भूमिका स्पष्टरूपमा उल्लेख गर्नु महत्वपूर्ण छ । यसमा पाठ्यक्रम विकास, शिक्षक व्यवस्थापन, स्रोत विनियोजन र सङ्घीय निकायहरू, स्थानीय तहसँगको सहकार्यमा अङ्गाल्नुपर्ने जिम्मेवारीहरू र एकल रूपमै गर्ने कामहरूको सबैलाई स्वीकार्य सूचीहरू बनाई कानूनीरूपमै व्यवस्था गर्न तर्फ लाग्नु पर्छ । कानूनमा परिभाषित जिम्मेवारी वहनको लागि पर्याप्त कोषको व्यवस्था हुनु पर्दछ ।प्रदेशहरूका विविध आवश्यकताहरूलाई सम्बोधन गर्दै, सुव्यवस्थित वित्तीय

विनियोजन संयन्त्रले स्रोतसाधनको समान वितरण सुनिश्चित गर्नुपर्दछ ।

भारतको दिल्ली राज्य सरकारबाट सिक्ने कुरा अनुभव सबैको लिने, योजना आफ्नो मौलिक आवश्यकताअनुसार तर्जुमा गर्नु योजना निर्माण गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा हो । पहिले लुम्बिनीबाटै विश्वभरी ज्ञानको ज्योति फैलिएको हाम्रै विगत छ । अब पनि कम्तीमा नेपालमा लुम्बिनी प्रदेशले विद्यालय शिक्षाको एउटा मोडल प्रस्तुत गर्नु पर्दछ ।

हाम्रो प्रदेशको शिक्षा प्रणालीमा अहिले विश्वभरी प्रशंसित केजरीवाल मोडेलबाटहामीले प्रेरणा लिन सक्छौं । सान्दर्भिक भिन्नताहरु होलान् तर दिल्लीको अनुभव हाम्रो लागि उपयोगी हुने खालका छन् ।

**१. पूर्वाधार सुधारः**

लुम्बिनी प्रदेशले सिकाइ अनुकूल वातावरण सिर्जना गर्न पूर्वाधार स्तरोन्नतिलाई दिल्लीबाट सिक्नुपर्दछ । यसमा आधुनिक सुविधाहरू, प्रविधि प्रयोगशालाहरु र विद्यार्थीहरूको समग्र विकासलाई टेवा दिने खालका पूर्वाधारहरू छन् । मुख्यमन्त्री केजरीवालले एउटा कार्यक्रममा भनेका थिए 'सडक वा पुल निर्माणमा दुई तीन वर्ष ढिलो भए त्यहाँका जनताले त्यति समय दुःख पाउँछन् तर विद्यालयको गुणस्तर निर्माणमा दुई तीन वर्षनै ढिलो भए दुई तीन पुस्ताले नै दुख पाउँछन् ।' यसबाट बुझ्न सकिन्छ, प्रदेश सरकार त्यहाँको शिक्षा विकासमा कति संवेदनशील छ भन्ने कुरा ।

**२. शिक्षकहरूलाई सशक्तिकरण र पाठ्यक्रम विकासः**

विद्यालय शिक्षामा नीतिगत सुधार, भौतिक पूर्वाधारलगायत शिक्षकहरूको सशक्तिकरण कार्यक्रमअन्तर्गत भारतको दिल्ली प्रदेश सरकारले र पाठ्यक्रम विकास, विद्यालयहरूको भौतिक पूर्वाधार र फर्निचर एवम् सूचना तथा सञ्चार प्रविधिका साधन र सुविधा, यातायातलगायत सुविधाहरू व्यवस्थापनमा उल्लेख्य व्यवस्था गरेको छ । साथै शिक्षकहरूलाई व्यवस्थापन, तालिम र आधुनिक प्रविधिसँग जोड्दै सिकाईका आधुनिक विधि र पद्धतिहरूको प्रयोगमा दिल्लीको प्रदेश सरकारले विश्वमै एउटा प्रभावकारी नमुना प्रस्तुत गरेको छ । विशेष गरी नेपालको भातरसँग सीमा जोडिएको मात्र होइन, समान सांस्कृतिक वातावरण पनि छन् । त्यसैले दिल्लीको सफलताको आधारमा लुम्बिनी सरकारले पनि विद्यालयको भौतिक पूर्वाधारहरू, फर्निचर, सूचना तथा सञ्चारका सुविधाहरू, यातायात व्यवस्थापनलगायत प्रदेश शिक्षकको नियुक्ति, समग्र शिक्षकहरूको तालिम तथा प्रशिक्षण कार्यक्रमहरु, कार्यशालाहरूसहित, सूचना तथा सञ्चार प्रविधिका साधन प्रयोगमा सहुलीयतपूर्ण व्यवस्था र पेशागत विकासका अवसरहरुमा लगानी गर्नु पर्दछ । शिक्षकहरूसँगको सहकार्यले शिक्षाको समग्र गुणस्तर बढाउँछ । यसमा सबैभन्दा बढी शिक्षकहरूलाई नै जिम्मेवार बनाउनु पर्दछ ।

'ह्याप्पीनेस करिकुलम' संसारले दिल्लीबाट सिक्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा हो । विद्यार्थीहरूलाई शिक्षामात्र प्रदान गर्ने होइन, ज्ञान र विवेक पनि विस्तार गराउने योजना दिल्ली सरकारले बनाएको थियो । परिणामतः 'ह्याप्पीनेस करिकुलम' विकास भयो । नेपालका सबै प्रदेशले यसबाट सिक्नुपर्दछ ।

**३. सामुदाय साझेदारी निर्माणः**

अभिभावक र स्थानीय जनसमुदायलाई जति धेरै सक्रिय बनाउन सकियो त्यति नै छिटो सामुदायिक शिक्षाको विकासमा फड्को मार्न सकिन्छ भन्ने कुरा मेरै निर्वाचन क्षेत्रको सुनवल नगरपालिकाबाट अनुभव गर्न सकिन्छ । सुरुमा अध्यक्ष सञ्जालको नामबाट विद्यालय व्यवस्थापन समितिहरूलाई एकीकृत ढङ्गले सक्रिय बनाउँदै सुरू गरिएको यो अभ्यास अहिले विद्यालय व्यवस्थापन अध्यक्ष महासङ्घको नामबाट लुम्बिनी प्रदेश हुँदै देश व्यापीरूपमा गठन भएको छ । सुनवल नगरपालिकाले अभिभावक र स्थानीय समुदायलाई सामुदायिक विद्यालयप्रति सकारात्मक धारणा निर्माण गरी सामुदायिक शिक्षालाई थप विश्वासिलो बनाउनको लागि विद्यालय टोल शिक्षा समिति गठनको अवधारणा लागू गरेको छ र यस अन्तर्गत हासम्म २५३ वटा टोल शिक्षा समिति गठन

भएका छन् । आ–आफ्ना टोलबाट विद्यालयहरूमा अध्ययन गर्न जाने बालबालिकाहरूको शैक्षिक गुणस्तरलगायत उनीहरूलाई परेका विविध समस्याहरूको बारेमा विद्यालयमा सामुहिकरूपमा सुझावहरू राखेर विद्यालय शिक्षा सुधारको लागि थप गर्नुपर्ने कार्यहरू के के हुन सक्दछन् भनी समुदायस्तरबाटै विद्यालय र स्थानीय सरकारसँग योजना र बजेट माग गर्न गरिएको यो अभ्यास नयाँ भए पनि सामुदायिक शिक्षाको सुधारमा निकै प्रभावकारी हुने संकेतहरू देखापरेका छन् जुन अन्य पालिका र प्रदेश सरकारहरूलाई समेत उदाहरणीय हुन सक्दछन् । विद्यालय व्यवस्थापन समितिलगायत टोल शिक्षा समितिहरूलाई समेत परिचालन गर्ने योजना र बजेट व्यवस्थापन समेत प्रदेशस्तरबाट गर्न सकिएमा सोचिएको उपलब्धि छिट्टै प्राप्त गर्न सकिन्छ भन्ने लाग्दछ । तर अपवाद बाहेक अधिकांश विद्यालय व्यवस्थापन समिति राजनीतिक दाउपेचका सिकार भइरहेका छन् । साथै सार्वजनिक पद धारण गरेका कतिपय जनप्रतिनिधि र कर्मचारीहरूको लगानी निजी शिक्षा क्षेत्रमा रहेको र केही जनप्रतिनिधिहरू लगायत सरकारी निकायका शिक्षक कर्मचारीहरूले सामुदायिक विद्यालयभन्दा निजी विद्यालयहरूमा आफ्ना बालबालिका पढ्न पठाउने प्रवृत्तिले समेत सामुदायिक शिक्षाप्रतिको जनविश्वास सिर्जना गर्ने र सुधारको लागि असहजता महसुस गरिएको छ । यस विषयमा समेत प्रदेश सरकारले नीतिगत व्यवस्था गर्न आवश्यक देखिन्छ ।

**४. निरन्तर अनुगमन र मूल्याङ्कनः**

हामी जनप्रतिनिधिहरूको दिनको सुरुवात विद्यालयको भ्रमणबाट सुरू गरौं । हामी हरेक दिन कुनै न कुनै विद्यालय जाने गरौं । निरन्तर अनुगमन र मूल्याङ्कन कुनै पनि शैक्षिक सुधारको महत्वपूर्ण मेरूदण्ड हो । लुम्बिनी प्रदेशले विद्यार्थीको सिकाइ नतिजा, शिक्षकको प्रभावकारिता र समग्र कार्यक्रमको प्रभाव ट्र्यांक गर्न बलियो मूल्याङ्कन संयन्त्र स्थापना गर्नु पर्दछ । सङ्कलन गरिएको तथ्याङ्कले शिक्षा प्रणालीमा परिवर्तनशील आवश्यकता र परिस्थितिहरूसँग गतिशीलरूपमा विकसित हुने सुनिश्चित गर्दै रणनीतिक समायोजनहरु र योजना तर्जुमा गर्न बल पुग्दछ ।

**५. शैक्षिक उत्कृष्टताको दृष्टिः**

अन्त्यमा, नेपालमा विकेन्द्रीकृत शिक्षा प्रणालीतर्फको यात्रा परिवर्तनकारी र जटिल दुबै छ । तर, लुम्बिनी लगायतका सबै प्रदेशहरूले तत्काल केही कदम चाल्नै पर्छ । केन्द्रसँग हामीले शिक्षामा अधिकारका लागि अल्लि चर्को स्वरमा दबाब दिनु पर्दछ । कानूनी ढाँचालाई परिष्कृत गर्न, उत्कृष्ट अभ्यासहरूको खोजी गर्दै सम्भावित चुनौतीहरूलाई सम्बोधन गर्न थप छलफल, बहस र सहकार्य आवश्यक छ । यद्यपि, सम्भाव्यता प्रष्ट छन्, आफ्ना प्रदेशहरूको मौलिक क्षमता र आवश्यकतालाई खुला राख्दै नेपालले सबै नागरिकका लागि प्रबुद्ध, समतामूलक र उच्च गुणस्तरको शिक्षा प्रणालीको लागि मार्गप्रशस्त गरी हरेक विद्यार्थीको भविष्यको सम्भावनालाई जीवन्त बनाउनु पर्दछ ।

# दलित सवालमा लुम्बिनी प्रदेश सरकार र प्रदेश सभा सदस्यको भूमिका



**मा. यम बहादुर नेपाली सार्की**
**प्रदेश सभा सदस्य**
**गुल्मी**

दक्षिण एसियाका भारत, नेपाल लगायतका देशहरूमा जात ब्यवस्था संस्कारकै रूपमा बिकसित भई त्यसले अहलेसम्म जरा गाडेर बसेको सर्बविदितै छ । बर्ण, कर्म र धर्मका आधारमा जात ब्यवस्थाले मानिसले तहगत रूपमा स्तरिकरण गरिदिएकोले केहि निश्चित जाति र समुदायहरू हजारौ बर्षदेखि जातिय भेदभाव तथा छुवाछुतको मारमा पर्न बाध्य छन् । दक्षिण एसिया लगायत संसारका अन्य कतिपय देशहरूमा जात ब्यवस्था जहाँ-जहाँ पुग्न सफल भएको छ । त्यसले त्यहाँ असमानता र विभेदको खाडल फराकिलो बनाउदै लगेको छ । त्यसकारण अहिलेपनि करोडौ मानिसहरूले सामाजिक न्याय र आत्मसम्मानको खोजी गर्नुपरिरहेको अवस्था छ । सामाजिक न्याय र समतामूलक समाज निर्माणको गोरेटोमा जात ब्यवस्थाले स्थापित गरेका मूल्यमान्यताहरूले अवरोध सिर्जना गरेको अनुभूती गर्न सकिन्छ । त्यसैले जात ब्यवस्थालाई नेपाली सिंगो समाजको अपेक्षाकृत रूपमा बिकास हुन नसक्नु एक मुख्य कारण रहेको समाज अध्ययनले देखाएको छ । भारतीय भूमिमा जातिय बिभेदको जग बसाली बिकसित भएको जातपात ब्यवस्थाले दलित र गैरदलित बिच मात्र स्तरिकृत गरेन यसले उनिहरूबिच रहेका जात र समूहलाई समेत बिभाजन गरिदिएको छ ।

नेपाली दलित मुक्ति आन्दोलनले बिभिन्न समयमा खेलेका भूमिका, बिभिन्न आरोह र अवरोह पार गर्दै आजसम्म आइपुग्दा केही महत्वपूर्ण उपलब्धी हासिल गरेको कुरा प्रस्ट देख्न सकिन्छ । तर पनि हजारौं बर्षदेखि संस्कारको रूपमा रहेको जातिय बिभेद र अपमानको उन्मुलन (Elimination) भएको छैन । नेपालको लोकतान्त्रिक आन्दोलनमा दलित समुदायको अभूतपूर्ण र विशिष्ट योगदान रहेको छ । देशमा लोकतन्त्र संघीयता र समानुपातिक समावेशिता जस्ता राजनितिक उपलब्धीहरू प्राप्त गर्नका लागि २००७-२०५२, २०६२ देखि २०६३ सालसम्म भएका बिभिन्न राजनितिक संघर्ष, सशस्त्र विद्रोह र जनआन्दोलनमा दलित समुदायका जनताहरूले महत्वपूर्ण योगदान दिएका छन् यसैको जगमा टेकेर संविधानको प्रस्तावनामा नै समानुपातिक समाबेशीताको सिद्धान्तलाई अविलम्बन गरिएको कुरा तपाई हाम्रो सामु स्पष्ट छ । संघीय संरचना पछि निर्माण भएको निर्वाचन ऐन, कानून संविधानको भावना अनुरूप बनाउने प्रयास गरिएको छ । संघीय संरचना पछि निर्माण भएका निर्वाचन ऐन, कानून संविधानको मर्म र भावना अनुरूप बन्न सकिरहेको देखिदैन ।

स्थानीय तह निर्वाचन २०७४ र २०७९ मा भएको दलितहरूको प्रतिनिधित्वले संविधानकै कार्यान्वयनमा चुनौती देखिएको छ । जसको कारण दलित तथा बहिष्करणमा पारिएका सिमान्तकृत समुदायहरू गंभिर बन्नुपर्ने अवस्था आएको छ । दलित समुदायलाई टिकट दिएतापनि जित्ने संभावना कम रहन्छ भन्ने कमजोर मानसिकताबाट राजनीतिक दल र दलभित्रका संकूचित सोच बोकेका नेतृत्वको हैकम हरेक पार्टीभित्र रहेकाले पहिलो हुने (प्रत्यक्ष) तर्फ निर्बाचन हुने प्रक्रियाबाट दलितहरूको न्यून उपस्थिति रहेको देखिन्छ । भने समानुपातिक सिटमा समेत बिगतका ब्यवस्थामा सत्ता र शक्तिमा बर्चश्व शालिहरूकै लुछाचुडी र तछाडमछाडको कुरूप खेलले दलितको भनेजस्तै सजिलै प्रतिनिधित्व हुन त्यति सहज देखिदैन । बिभिन्न राजनितीक दलहरूबिचमा भएका गठबन्धनका कारणले संभावित स्थानमा समेत दलितहरूले उक्त सिट छाडनुपर्ने बिवशता सिर्जना भएको देखिन्छ ।

त्यसैले आगामी दिनहरूमा दलित समुदायहरूको प्रतिनिधिन्व सुनिश्चितका लागि निर्वाचन क्षेत्र आरक्षणको विषय बहस र छलफलको मुद्धा हुन सक्छ । त्यस्तै प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीमा जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउनुको विकल्प देखिदैन ।

लुम्बिनी प्रदेशभित्र नवलपरासी पश्चिम, कपिलवस्तु, रूपन्देही, पाल्पा, गुल्मी अर्घाखाँची, पूर्वी रूकुम, रोल्पा, दाङ, प्यूठान, बाँके र बर्दिया जिल्ला गरी १२ जिल्ला पर्छन् । नेपालको संविधानको भाग १४ मा सातै प्रदेशहरूका लागि एक सदनात्मक व्यवस्थापिका रहने उल्लेख छ । सोहीअनुसार प्रत्येक प्रदेशमा प्रदेशसभाको व्यवस्था गरिएको छ ।

लुम्बिनी प्रदेशमा संविधानको धारा १७६ बमोजिम ६० प्रतिशत पहिलो हुने निर्वाचन प्रणालीबाट र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेशसभा सदस्यहरु निर्वाचित हुने व्यवस्था छ । लुम्बिनी प्रदेशमा पहिलो हुने निर्वाचन क्षेत्रका लागि ५२ निर्वाचन क्षेत्रलाई ६० प्रतिशत मानिएको छ भने बाँकी रहेको ४० प्रतिशत सिटमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ३५ जना गरी जम्मा ८७ जना सदस्य रहेको लुम्बिनी प्रदेशसभाको गठन हुने व्यवस्था छ । समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलहरूले उम्मेदवारी दिंदा नै जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ, संविधानमा उल्लेख गरिएको छ ।

त्यसैगरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेश भौगोलिक सन्तुलनलाई ध्यानमा राखी कानूनी व्यवस्थाबमोजिम लुम्बिनी प्रदेशसभामा फरक-फरक जातजाति, समुदायबाट प्रतिनिधित्व हुँदै आएको छ ।

लुम्बिनी प्रदेश सभामा महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायसमेतको प्रतिनिधित्व समानुपातिक निर्वाचन प्रणालीमार्फत सुनिश्चित गरिएको छ । यस निर्वाचन प्रणाली लुम्बिनी प्रदेश व्यवस्थापिकालाई थप सुन्दर बनाएको छ । लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचनलाई मुख्य आधारको रूपमा व्याख्या गरिएको छ ।

**संविधानमा दलित समुदायको अधिकार**

नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरूद्धको हकको व्यवस्था गरिएको छ । संविधानको धारा २४ (१) मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन । दलित समुदायको जातीय भेदभाव तथा छुवाछुतको समस्या खेपिरहेका छन् । कानूनीरूपमा छुवाछुत, भेदभाव गर्न नपाइने व्यवस्था गरिए पनि कार्यान्वयन पक्ष कमजोर हुँदा दलित समुदाय जातकै कारण अपमानित जीवन जिउन बाध्य छन् ।

सङ्घीय कानूनले निषेध गरिएको जातीय छुवाछुत, भेदभाव व्यावहारिकरूपमा उन्मूलन हुन सकिरहेको छैन । जसको असर दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक क्षेत्रमा परेको छ । स्वास्थ्य, शिक्षा, रोजगारी, सूचना तथा मनोरञ्जनका क्षेत्रमा समेत उनीहरूको पहुँच छैन । लुम्बिनी प्रदेश सरकारले सबै खालका छुवाछुत तथा भेदभाव अन्त्यका लागि नीति निर्माण र कार्यक्रममा समेट्ने प्रयास गरेको छ । यद्यपि त्यो पर्याप्त छैन । प्रदेश सरकारले जातीय भेदभाव तथा छुवाछुत अन्त्य गर्न बजेटमार्फत विशेष दलित शसक्तिकरण कार्यक्रम ल्याउन सक्नु पर्दथ्यो । सुझाइए पनि नीति कार्यक्रममा उक्त कुरा ठोस हुन सकेन ।

दलितसम्बन्धी विद्यमान ऐन कानूनलाई प्रभावकारी कार्यान्वय गर्न प्रदेश सरकारले वार्षिक नीति कार्यक्रमा दलितका सवालहरूलाई जोड्नै पर्छ । यसले दलितको नाममा हुने सबै खालको विभेदको अन्त्य गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्दछ ।

प्रदेश सरकारले दलित समुदायको सशक्तिकरण गर्नका लागि दलितसम्बन्धी छुट्टै ऐन ल्याएर दलित समुदायको सबै प्रकारका समस्या हल गर्नुपर्दछ । संविधानमा व्यवस्था गरिएका छुवाछुतविरूद्धको हकलाई कार्यान्वयन गर्ने दायित्व प्रदेश सरकारको पनि हो । यसका लागि दलित ऐन बनाउन सरकारको सक्रियता देखाउन जरूरी छ ।

जातीय भेदभावका घटना प्रभावित दलित समुदाय आर्थिकरूपमा समेत पिँधमा बाँचिरहेको सामाजिक वर्ग हो । यस वर्गको उत्थानका लागि प्रदेश सरकारको महत्वपूर्ण भूमिका हुनुपर्छ । प्रदेशसभामा प्रतिनिधित्व गरिरहनु भएका सदस्यहरूले समेत पछाडि पारिएको दलित समुदायको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अधिकारलाई स्थापित गर्दै उक्त समुदायलाई सबै क्षेत्रमा सबल बनाउन चाहेजस्तो भूमिका निभ्याउन सक्ने परिस्थिति बनेको छैन ।

निर्वाचन सम्पन्न भएपछि दलितलगायत बहिस्करणमा पारिएका सीमान्तकृत समुदायको आर्थिक, सामाजिक रूपान्तरणका साथै हरेक क्षेत्रमा उल्लेखनिय काम गर्ने सवालमा प्रदेशसभा सदस्यहरू जिम्मेवार बन्दाबन्दै पनि ठोस परिणाम दिन नसकेको अवस्था छ । यसले दलित समुदायलाई चुनावका बेला भोट बैंकको रूपमा मात्र प्रयोग गरियो कि भन्ने आरोपको दायरा फराकिलो बनाउन सहयोग पुर्‍याएको छ ।

संविधानको धारा ४० मा दलितको हक व्यवस्था गरिएको छ । संविधानको धारा ४० (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

धारा ४० (२) दलित विद्यार्थी प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ । धारा ४० (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनबमोजिम विशेष व्यवस्था गरिनेछ । धारा ४० (४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ । धारा ४० (५) राज्यले भूमिहीन दलितलाई कानूनबमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ । धारा ४० (६) राज्यले आवासविहीन दलितलाई कानूनबमोजिम बसोवासको व्यवस्था गर्नेछ । धारा ४० (७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित, महिला, पुरूष र सबै समुदायमा रहेका दलितले समानुपातिकरूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ, संविधानको धारा २४ र ४० हक संविधानमा व्यवस्था गरिएपनि प्रदेश सरकारले दलित समुदायको अधिकार कार्यान्वयन गर्ने दायित्व पनि हो । तर, प्रदेशस्तरबाट संविधानमा व्यवस्था गरिएका हक अधिकार सुनिश्चित गर्ने सवालमा पर्याप्त कार्यक्रमहरू बजेटमार्फत सम्बोधन हुन सकेको छैन ।

लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक गरिएको बजेटले दलित समुदायप्रति प्रदेश सरकारको भूमिका कस्तो छ भन्ने कुराको अनुमान गर्न सकिन्छ । आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक गरिएको बजेटमा स्वास्थ्य सेवा सञ्चालन र विस्तार, शिक्षा तथा खेलकूद, उद्योग, वाणिज्य र आपूर्ति, वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन, खानेपानी, सरसफाई तथा सहरी विकास, उर्जा, जलस्रोत र सिंचाई, श्रम तथा रोजगार, पर्यटन कला र संस्कृति, यातायात तथा पूर्वाधार विकास, सूचना सञ्चार तथा प्रविधि, सहकारी, सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा र सुशासनका सवालमा दलित समुदायलाई केन्द्रमा राखी बजेट विनियोजन गरिएको पाइँदैन ।

**लुम्बिनी प्रदेश सरकारको बजेटमा दलित सवालः** लुम्बिनी प्रदेश सरकारको आ.व. २०८०/०८१ को बजेट कार्यक्रमको बुँदा ३६ मा मुक्त कमैया, वादी समुदाय, भूमिहीन, मुसहर, चिडीमार, पासी, मगङ्ला, गडरिया, नटुवालगायतका समुदायलाई लक्षित गरी एक हजार दुई सय परिवारलाई आयअर्जान तथा स्वरोजगारको अवसर सिर्जना गर्न बगर खेती, च्याउ खेती, कुखुरा, हाँसपालन, बाखापालन बङ्गुरपालन, तरकारी नर्सरीलगायतका व्यवसाय सञ्चालन गर्न सहयोग गरिने कार्यक्रम उल्लेख छ । यसका लागि २ करोड ४४ लाख विनियोजन गरेको छ । त्यसैगरी महिला, बालबालिका तथा जेष्ठ नागरिक शीर्षकअन्तर्गत बजेट भाषणको ८१ बुँदामा महिला, एकल महिला, दलित तथा अति विपन्न समुदायका अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको सामाजिक तथा आर्थिक सशक्तिकरणको लागि आवश्यक विनियोजन गरेको उल्लेख गरिए पनि दलित केन्द्रित कार्यक्रम चाहिँ यो होइन । दलितमुखी कार्यक्रम बन्न नसक्नुलेदलित समुदायको पहुँचसम्म पुग्न नसक्ने अवस्था छ ।

लुम्बिनी प्रदेश सरकारको आव २०८०/८१ मा प्रस्तुत गरिएको बजेट कुल ४० अर्ब ४७ करोड ९७ लाख विनियोज गरेको छ । बुँदा नम्वर ३६ लाई आधार मानी बजेट विश्लेषण गर्दा दलित समुदायका लागि विनियोजित बजेट ०.६० प्रतिशत हुन्छ । यो नगन्य मात्रा हो । दलित समुदायको समग्र रूपान्तरणको खाका बजेटमा समावेश हुन नसकेको तितो यथार्थ छ । त्यसैले दलित समुदायका जनता बजेट तथा कार्यक्रमप्रति उत्साहित देखिएका छैनन् ।

प्रदेश सरकारले आगामी वर्षहरूमा नीति कार्यक्रम र बजेट निर्माण गर्दामा दलित समुदायसम्म पुग्ने गरी कार्यक्रमहरू ल्याउन जरूरी रहेको छ । यसका प्रदेशसभाका सदस्यहरूले मुद्दा उठान गर्नुपर्ने हुन्छ । पहिलो प्रदेश सभाको तुलनामा दोस्रो प्रदेशसभामा दलित समुदायको प्रतिनिधित्व कमजोर बनेको छ । यसले पनि दलित समुदायको मुद्दा स्वभाविकरूपमा छायाँमा पारिएको हो की भन्ने हुन सक्छ ।

दलित समुदायको उत्थानसम्बन्धी ऐन नेपालमा प्रदेशसहितको संघीयताको अभ्यास लामो छैन । नेपालको संविधान २०७२ ले देश तीन तहको सरकारको परिकल्पना गरिएको हो । संविधानमा संघ, प्रदेश र स्थानीय तहसहितको सरकारको व्यवस्था गरिएको छ । नेपालको संविधानअनुसार एक सङ्घ, ७ प्रदेश र  स्थानीय तह ७५३ सहित ७६१ सरकार छन् । सङ्घीय संरचनाअनुसार नेपालमा पहिलो पटक प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन २०७४, दोस्रो चरणमा २०७९ सालमा सम्पन्न भयो । यो सात वर्षको अवधिमा प्रदेश सरकार पटक-पटक समिकरण परिवर्तन हुने र नयाँ सरकारको गठन हुने कार्य भइरहेकै छन् । अधिकांश समय सरकार गठन र परिवर्तनमा समय ब्यतित गरेकोले दलितलगायत सीमान्तकृत समुदायका सवालहरू सधैँ ओझेलमा परिरहेको छ ।

दलित समुदायको हक अधिकार सुनिश्चित गर्न सरकारको तर्फबाट प्रदेशसभामा  दलितसम्बन्धी विधेयक आउन सकेको छैन । पहिलो र दोस्रो निर्वाचन पछि दलित समुदायबाट प्रतिनिधित्व गर्ने सांसद र दलित अधिकारकर्मीहरूले दलितसम्बन्धी ऐन ल्याउन दबाब दिइरहेको अवस्था छ । तर, दलित मुद्दालाई प्राथमिकता साथ लिन नसक्नु प्रदेश सरकारको कमजोरी देखिन्छ । त्यसले दलित समुदायको समग्र विकासतर्फ सरकारले ध्यान पुऱ्याउन जरूरी छ । हुन त, प्रदेशसभामा दलित समुदायका १ पुरूषसहित ५ जनाले प्रतिनिधित्व गरेका छौं । दलित समुदायका प्रदेशसभाका सदस्यहरूले गैरसरकारी विधेयक प्रदेशसभा सचिवालयमा दर्ता गर्ने अधिकार भएता पनि त्यस्तो अवस्था आउन सरकारले दिने छैन भन्ने आशावादी छौँ ।

**प्रदेश सभा सदस्यको भूमिकाः**

लुम्बिनी प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभाका सदस्यहरूको हरेक सवालमा महत्वपूर्ण भूमिका रहन्छ । प्रदेश सरकारलाई आवश्यक हुने कानून निर्माण गर्ने, कानूनको आवश्यकता हेरी संशोधन गर्ने, प्रदेश सरकारलाई प्रदेशसभाप्रति उत्तरदायी बनाउने, सरकार

बनाउने, नीति कार्यक्रम बजेट पारित गर्नेसमेत जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । प्रदेशसभा सदस्यहरूले जनताका अति महत्वपूर्ण सवालहरू निर्माण गर्ने सदस्यहरूले गैरसरकारी विधेयकका रूपमा विधेयक दर्ता गरी प्रदेशसभामार्फत पास गरी सरकारलाई काम गर्न बाध्य बनाउन समेतका अधिकार हुन्छ । दलित तथा सीमान्तकृत समुदायका मुद्दाहरू समेट्न प्रदेशसभा नियमावलीले दिएको यो अधिकार प्रयोग गर्नु पर्ने हद सम्मको अवस्था नआउनेमा हामी विश्वस्त छौं । तसर्थ सरकार र यसको सवालमा सबै प्रदेशसभा सदस्यहरू जिम्मेवार हुनुहुन्छ ।

अबको बाटो दलित तथा बहिस्करणमा पारिएका सीमान्तकृत समुदायका सवालहरूलाई विशेष प्राथमिकताका साथ प्रदेशसभामा उठान गरी दलित विधेयक ल्याउनु पर्दछ । यसका लागि प्रदेशसभामा प्रतिनिधित्व गर्नु हुने सदस्यहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालको संविधानले नै प्रदत्त गरेको दलित अधिकारलाई व्यवहारिकरूपमा कार्यान्वयन गर्न म आफै पनि प्रयत्नशील रहेको छु र प्रदेशसभाका सबै सदस्यहरूसँग सहकार्य गरी राजनीतिक दलहरू, सरकार र प्रदेश सभामा संसदीय भूमिकालाई थप प्रभावकारीरूपमा निर्वाह गर्नुपर्ने छ ।

प्रदेश सरकारले दलित समुदायको सशक्तिकरण गर्न सो सम्बन्धी विधेयक प्रदेशसभा सचिवालयमा दर्ता गरी ऐनका रूपमा ल्याउन पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछु र उक्त कार्यका लागि दलित समुदाय र अन्य प्रदेशसभामा प्रतिनिधित्व गर्ने सदस्यहरूको भूमिका अर्थपूर्ण हुन जरूरी छ । ऐन कानूनको माध्यमबाटै वास्तवमा पछाडि पारिएको दलितलगायतका समुदायको हक अधिकारलाई स्थापित गर्न सकिन्छ । संविधानले परिकल्पना गरेको समाजवादमा पुग्न समतामुलक समाज एउटा आधार हो । त्यो आधार तय गर्ने जिम्मेवारी हामी सबैको हो । धन्यवाद ।

**सन्दर्भ सामाग्रीः-**

*-नेपालको संविधान २०७२,*

*-लुम्बिनी प्रदेशसभा सचिवालयको वेभसाइट,*

*-लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ बजेट भाषण*

*-प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४*

# संसदीय बजेट परामर्श केन्द्र: अवधारणा र आवश्यकता



दुर्लभ कुमार पुन मगर
प्रदेश सभा सचिव

**१. पृष्ठभूमिः**

सुशासनका लागि राज्यका तीन अङ्ग मध्ये व्यवस्थापिकालाई शक्ति पृथकीकरण र शक्तिसन्तुलनको सिद्धान्तअनुसार सबल र सक्षम तुल्याउन जरूरी हुन्छ । व्यवस्थापिकालाई चलायमान बनाउन कम्तिमा यसका पाँचवटा अभिन्न अंगहरूको सक्रिय सहभागिता आवश्यक हुन्छ । ती ५ अङ्गहरूमा सदन, सचिवालय, विषयगत समितिहरू, संसदीय दलहरू र पुस्तकालय पर्दछन् । यिनै अङ्गहरूमार्फत् नै संसदले आफ्नो काम गरिरहेको हुन्छ । ती कामहरु पनि मुख्यतः सरकार निर्माण, नीति तथा कार्यक्रम पारित, कानून निर्माण, बजेट निर्माण र संसदीय निगरानी गर्ने गरी ५ वटै छन् ।

संसदका यी कामहरूलाई संसद सचिवालयले सहजीकरण गरिरहेको हुन्छ । उदाहरणका लागि सङ्घीय संसद सचिवालयमा प्रतिनिधि सभा र राष्ट्रिय सभाका लागि छुट्टाछुट्टै कार्यव्यवस्था र विधि व्यवस्थापन महाशाखा बनाइएको छ । यी दुबै महाशाखाले क्रमशः सदनको कारवाही र कानून निर्माण प्रक्रियाको कामलाई सहजीकरण गरिरहेको हुन्छ । यसै गरी ७ वटामध्ये गण्डकी र कर्णाली प्रदेश सभा सचिवालयहरूमा २/२ वटा महाशाखाहरु, मधेश, बाग्मती, लुम्बिनी र सुदुरपश्चिम प्रदेश सभा सचिवालयहरूमा ३/३ वटा महाशाखाहरु र कोशी प्रदेश सभा सचिवालयमा ५ वटा महाशाखाहरूको व्यवस्था गरिएको छ । सबै सचिवालयहरूमा कम्तिमा कार्यव्यवस्था महाशाखा र कानून तथा विधेयक महाशाखाको व्यवस्था छ । वास्तवमा संसद सचिवालयका यिनै महाशाखाहरूले संसदले गर्ने उपर्युक्त ५ वटै कामहरूको सेवा गरिरहेको हुन्छ ।

संसदको कानून निर्माणको कामलाई सहयोग गर्नका लागि सङ्घीय संसद सचिवालयमा दुबै सदनका लागि विधि व्यवस्थापन महाशाखाको व्यवस्था गरिएको छ । त्यसैगरी प्रदेश सभाको कानून निर्माण कार्यलाई सचिवालयको कानून तथा विधेयक महाशाखाले सेवा पुऱ्याइरहेको छ । यस बाहेक कानून निर्माणका लागि आवश्यक व्यवस्थापन कार्य गर्ने कार्यव्यवस्था महाशाखाले पनि सहयोग गरिरहेकै हुन्छ ।

अब, संसदको पाँचौं काम अर्थात् बजेट निर्माण कार्यका लागि कुन संयन्त्रले काम गर्छ त ? हो यहीँनेर नेपाली संसदीय अभ्यासको कमजोर कडी देखापर्छ । हामी कहाँ बजेट बनिसकेपछि त्यसको निगरानी गर्ने संयन्त्रका बारेमा निकै धेरै व्यवस्था गरिएको छ । तर बजेट निर्माण गर्दाको निगरानी र नियन्त्रणको व्यवस्था भने कमजोर छ । उदाहरणका लागि बजेट निर्माण गर्दा सङ्घीय संसदमा अर्थ समिति र लुम्बिनी प्रदेश सभामा अर्थ, उद्योग तथा पर्यटन समितिले पूर्वबजेट छलफल लगायतका बजेटको पूर्व तयारीका क्रममा संसदीय अध्ययन र निगरानीको काम गर्नसक्ने व्यवस्था छ । अनि अर्थसम्बन्धी ती संसदीय समितिलाई बजेट निर्माणको काममा सेवा पुऱ्याउने सचिवालयको संयन्त्र चाहीँ के हो त ?

वास्तवमा नेपालमा यस्तो संयन्त्र बनाएर काम गर्ने चलन अझै सुरु भएको छैन । समितिको सचिवालयले उक्त सेवाको काम गरेर साध्य पनि छैन किनभने यस कामका लागि अर्थशास्त्री, आर्थिक विश्लेषक, वित्तीय विश्लेषकजस्ता विशेषज्ञसहितको छुट्टै निष्पक्ष संयन्त्रको आवश्यकता पर्दछ । पछिल्लो समयमा संसदीय व्यवस्था भएका देशहरूमा यस्तो संयन्त्र बनाएर सरकारले बजेट प्रस्ताव ल्याउँदा नै संसदले आर्थिक अनुसन्धानात्मक अध्ययनसहितको निष्पक्ष परामर्श लिने चलन बढेको रहेछ । हो, यही निष्पक्ष आर्थिक परामर्श दिने संयन्त्रलाई नै यस लेखमा संसदीय बजेट परामर्श केन्द्र भनेर चिनाउन खोजिएको छ ।

**२. 'संसदीय बजेट परामर्श केन्द्र' को परिचयः**
जसरी संसदको कानून निर्माणसम्बन्धी कामलाई सहजीकरण गर्नका लागि संसद सचिवालयमा कानून समूहका कानून अधिकृतहरूसहितको कानून तथा विधेयक महाशाखा बनाइएको हुन्छ त्यसैगरी संसदको बजेट निर्माण सम्बन्धी कामलाई सहजीकरण गर्नका लागि आर्थिक विशेषज्ञहरूसहितको बजेट हेर्ने महाशाखाको रूपमा संसदीय बजेट परामर्श केन्द्रको आवश्यकता पर्ने देखिन्छ । यो 'संसदीय बजेट परामर्श केन्द्र' भन्ने वाक्यांशलाई अङ्ग्रेजी पदावली Parliamentary Budget Office (PBO) को नेपाली भावार्थको रूपमा यस लेखको प्रयोजनका लागि उल्लेख गरिएको हो ।

अष्ट्रेलियाको संसद सेवा ऐन, १९९९ (इ.सं.) को दफा ६४ ख बमोजिम Parliamentary Budget Office भन्नाले संसदलाई बजेटको चक्र, वित्तीय नीति र प्रस्तावहरूको आर्थिक प्रभावको स्वतन्त्र र निष्पक्ष विश्लेषण उपलब्ध गराउने उद्देश्यले गठन गरिएको महाशाखा हो । यही विश्लेषणका आधारमा यसले संसदलाई बजेट निर्माणको प्रभावकारी संसदीय निगरानी गर्न सहयोग गर्दछ । यो केन्द्रले सदन र समिति दुबैलाई बजेट तथा सार्वजनिक वित्तको प्राविधिक र वस्तुगत विश्लेषण गरेर सेवा प्रदान गर्दछ । यस्तो सेवाले बजेट नीति तथा सार्वजनिक वित्तको क्षेत्रमा गुणस्तरीय खुला बहस सिर्जना गर्दै सांसदहरूलाई बजेट प्रक्रियामा अर्थपूर्ण ढंगले सहभागी गराउँदछ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि यस प्रकार वस्तुगत तथ्याङ्कका आधारमा आर्थिक तथा वित्तीय विश्लेषण गरेर बजेट निर्माण र मूल्याङ्कनको कार्यलाई सहजीकरण गर्ने संयन्त्रलाई आर्थिक परिषद् (Fiscal Council) भनेर परिभाषित गरेको छ । उक्त कोषले प्रकाशित गरेको THE FUNCTIONS AND IMPACT OF FISCAL COUNCILS भन्ने दस्तावेजका अनुसार आर्थिक परिषदहरु भनेका आर्थिक योजना तथा कार्यसम्पादनको सार्वजनिक मूल्याङ्कन र बृहत अर्थशास्त्र तथा बजेट अनुमानको मूल्याङ्कन वा प्रावधानजस्ता क्रियाकलापहरूद्वारा दिगो सार्वजनिक वित्तलाई प्रवर्धन गर्ने उद्देश्यले गठित स्वतन्त्र सार्वजनिक संस्थाहरु हुन् । मुद्रा कोषले बताएका यी आर्थिक परिषद्हरूमा Parliamentary Budget Office हरु पनि पर्दछन् । यसका साथै यो परिभाषाभित्र उदाहरणका लागि आयरल्याण्डको सरकारले बनाएको Irish Fiscal Advisory Council जस्ता बजेट सम्बन्धी संस्थाहरु पनि पर्ने भएकाले सबै आर्थिक परिषद्हरु Parliamentary Budget Office होइनन् ।

विशुद्ध संसदलाई नै बजेट निर्माण र मूल्याङ्कनको काममा सहयोग गर्नका लागि संसारभरि विभिन्न नाममा संसदीय बजेट परामर्श केन्द्रहरूको गठन भएका छन् । अमेरिकाको क्यालिफोर्निया राज्यमा त अमेरिकाको सङ्घीय संसदले भन्दा ३३ वर्षअघि नै Legislative Analyst's Office को नाममा यस्तो बजेट परामर्श केन्द्रको स्थापना भइसकेको थियो । त्यसपछि अमेरिकी सरकारले संसदलाई बजेट र आर्थिक जानकारी दिन Congressional Budget Office गठन गरेको थियो । अष्ट्रेलिया, दक्षिण अफ्रिका, केन्या, दक्षिण कोरिया आदि देशमा Parliamentary Budget Office कै नाममा संसदीय बजेट परापर्श केन्द्र रहेका छन् । क्यानाडामा भने Parliamentary Budget Officer भन्ने नाम दिइएको छ । जे नामबाट सम्बोधन गरिए पनि संसद र सांसदहरूलाई बजेट बनाउँदा आवश्यक पर्ने विश्लेषणसहिको तथ्याङ्क उपलब्ध गराउने र सरकारले ल्याएको बजेट प्रस्तावको विश्लेषण गरी आवश्यकता अनुसारको जानकारी दिने निष्पक्ष निकायलाई संसदीय बजेट परामर्श केन्द्रको रूपमा बुझ्न सकिन्छ ।

३. **संसदीय बजेट परामर्शको अन्तर्राष्ट्रिय अभ्यासः**
संसदीय बजेट परामर्श केन्द्रसम्बन्धी व्यवस्था नेपालमा सुरू भएको छैन । तर अन्तर्राष्ट्रियरूपमा यसको प्रचलन बिसौं शताब्दीदेखि नै विभिन्न नाममा सुरू भएको देखिन्छ । सबैभन्दा पहिलो प्रयोग भने सन् १९४१ मा अमेरिकाको क्यालिफोर्निया राज्यमा California Legislative Analyst's Office को

स्थापना गरेर भएको हो । कम लागतमा प्रभावकारी कार्य गर्ने यस संस्थालाई क्यालिफोर्नियाको संसदको 'आँखा र कान' भनेर पनि चिनिन्छ । यसलाई त्यहाँको विधायिकी बजेट संयुक्त समितिले सञ्चालन गर्ने गरेको छ । आफ्नै राज्य क्यालिफोर्नियाबाट सिकेर अमेरिकाको सङ्घीय संसदमा पनि सन् १९७४ मा Congressional Budget Office को स्थापना गरिएको थियो । तत्कालिन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले संसदीय बजेट तथा जफत नियन्त्रण ऐन, १९७४ (इ.सं.) लाई प्रमाणीकरण गरेर यसको स्थापना भएको हो । पछि सन् १९८९ मा त न्यूयोर्क राज्यभित्र पर्ने न्यूयोर्क महानगरपालिकामा पनि New York City Independent Budget Office को स्थापना भएको छ । यो अमेरिकाको सङ्घ, प्रदेश र स्थानीय तहमा छुट्टाछुट्टै बजेट परामर्श केन्द्रको व्यवस्था रहेको उदाहरण हो । यसरी संसदीय बजेट परामर्श केन्द्रको चलन त्यही देशबाट भयो जुन देशले बेलायती साम्राज्यविरूद्ध आफ्नो स्वतन्त्रता सङ्ग्रामको सुरूवात No Taxation Without Representation भन्ने नाराबाट गरेको थियो । वास्तवमा लोकतान्त्रिक बजेटको सुरूआत् नै यही नाराबाट भएको मानिन्छ । त्यसपछि बजेटलाई लोकतान्त्रिकीकरण गर्ने प्रयासका रूपमा गरिएका अन्तर्राष्ट्रिय अभ्यासलाई यहाँ दिइएको तालिकामा केही देशहरूको उदाहरण दिँदै क्रमिकरूपमा देखाइएको छ । यस तालिकामा ती केन्द्रहरूको मुख्य कामलाई पनि छोटकरीमा देखाउन खोजिएको छ ।

| क्र.सं. | देशको नाम | केन्द्रको नाम | मुख्य कार्य | स्थापित मिति | कानून |
|---|---|---|---|---|---|
| १. | क्यालिफोर्निया राज्य | California Legislative Analyst's Office | १. बजेट नियन्त्रणः लागू भइसकेपछि पनि सांसदर समितिसहित समीक्षा<br>२. विशेष प्रतिवेदन : बजेट कार्यान्वयनको प्रभाव<br>३. अनुमान : राज्यको राजश्व र खर्चको | सन् १९४१ | |
| २. | संयुक्त राज्य अमेरिका | Congressional Budget Office | १. राजस्वसम्बन्धी संयुक्त समितिलाई राजस्व अनुमानमा सहयोग<br>२. राष्ट्रिय ऋण तथा लागत अनुमानका असरहरूको प्रतिवेदन | सन् १९७४ | संसदीय बजेट तथा जफत नियन्त्रण ऐन, १९७४ (इ.सं.) |
| ३. | दक्षिण कोरिया | National Assembly Budget Office | १. बजेट विश्लेषण<br>२. अनुमान र राजश्व विश्लेषण<br>३. आर्थिक विश्लेषण | सन् २००३ | राष्ट्रिय सभा ऐन |
| ४. | क्यानाडा | Parliamentary Budget Officer | १. आर्थिक विश्लेषण र जोखिम मुल्याङ्कन<br>२. बजेट विश्लेषण र लागत अनुमान | सन् २००६ | सङ्घीय जवाफदेही ऐन, |
| ५. | केन्या | Parliamentary Budget Office | १. आर्थिक सूचना, प्रतिवेदन समितिमा<br>२. विधेयकको आर्थिक पक्ष<br>३. आर्थिक वर्षको वैकल्पिक आर्थिक ढाँचा प्रस्ताव गर्ने । | सन् २००७ | सार्वजनिक वित्त व्यवस्थापन ऐन, २०१२ (इ.सं.) |
| ६. | दक्षिण अफ्रिका | Parliamentary Budget Office | १. बजेट सम्बन्धी परामर्श र विश्लेषण<br>२. बजेट सम्बन्धी अनुगमन तथा संश्लेषण<br>३. बजेटमा नपरेका विषय अनुगमन र प्रतिवेदन<br>४. बजेट तथा अर्थ विधेयक सम्बन्धी मामिलामा संसदलाई स्वतन्त्र, वस्तुगत र व्यावसायिक परामर्श र विश्लेषण उपलब्ध गराउने । | सन् २००९ | अर्थ विधेयक संशोधन कार्यविधि तथा सम्बन्धित मामिला ऐन, २००९ (इ.सं.) |
| ७. | अष्ट्रेलिया | Parliamentary Budget Office | १. माग बमोजिम नीति लागत निकाल्ने<br>२. आर्थिक र बजेट अनुमान | सन् २०१२ | संसदीय सेवा ऐन, १९९९ (इ.सं.) |
| ८. | आयरल्याण्ड | Parliamentary Budget Office | १. संसद र समितिलाई बजेट प्रयोजनका लागि बृहत अर्थशास्त्रीय विश्लेषण र परामर्श दिने | सन् २०१७ | संसदीय सदन आयोग (संशोधन) ऐन, २०१८ (इ.सं.) |

दक्षिण कोरियामा National Assembly Budget Office को प्रमुखलाई त्यहाँको सभामुखले संसदको स्थायी समितिको सिफारिसमा नियुक्त गर्छ । यस कार्यालय अन्तर्गत योजना तथा व्यवस्थापन, बजेट विश्लेषण, अनुमान तथा राजश्व विश्लेषण र आर्थिक विश्लेषण गरी चार वटा विभागहरु रहेका हुन्छन् । यिनै विभागहरूको माध्यमले यहाँको केन्द्रले राष्ट्रिय वित्त तथा नीतिको विश्लेषण र मूल्याङ्कन गरी विधायिकी गतिविधिहरूलाई सहजीकरण गरिरहेको हुन्छ ।

क्यानडामा भने संस्थागत नाम भन्दा पनि संसदीय बजेट अधिकारी भनेर छुट्टै तरिकाले परामर्श केन्द्रको व्यवस्था गरिएको छ । बजेटको पारदर्शिताको सुनिश्चितता र जनसंवादलाई प्रवर्धन गरी सार्वजनिक कोषलाई सञ्चालन गर्ने सरकारको भूमिकालाई निगरानी गर्न संसदलाई सहयोग गर्ने उद्देश्यले बनेको यो संस्थाका आर्थिक तथा वित्तीय विश्लेषण महाशाखा र बजेट अनुमान तथा लागत महाशाखा गरी दुईवटा महाशाखाहरु छन् । यस केन्द्रले सूचना प्रविधिलाई प्रयोग गर्दै विभिन्न विश्वविद्यालय र विदेशी बजेट परामर्श केन्द्रहरूसँग मिलेर अन्तर्क्रिया गर्ने वैश्विक सञ्जालमा पनि काम गरिरहेको छ ।

सन् २००७ मा केन्यालगायत मोरोक्को, जोर्डन र अफगानिस्तामा Parliamentary Budget Office कै नामबाट यस्ता केन्द्रहरूको स्थापना भएपछि भने विकासोन्मुख देशहरूमा यसको प्रचलन व्यापक रूपमा बढ्दै गएको पाइन्छ । अर्थात् त्यसपछि स्थापना भएका बजेट परामर्श केन्द्रहरु सबै Parliamentary Budget Office भन्ने नामबाट गठन भएका छन् । केन्यामा बजेटको निगरानी र परीक्षण गर्न त्यहाँको राष्ट्रिय सभाको क्षमता अभिवृद्धि गर्नका लागि सन् २००७ मा यो कार्यालयको स्थापना गरिए पनि पछि आर्थिक व्यवस्थापन ऐन, २००९ (इ.सं.) र सार्वजनिक वित्त व्यवस्थापन ऐन, २०१२ (इ.सं.) अन्तर्गत रहने गरी व्यवस्था भएको छ । केन्याको संसद सेवा आयोगले पठाएका १ जना निर्देशक, ३ जना उपनिर्देशकहरु, ४५ जना विश्लेषकहरु र ५ जना कार्यालय सहयोगीहरु मिलेर निर्देशनालय स्तरमा यो कार्यालयले काम गरिरहेको छ ।

त्यसको २ वर्षपछि दक्षिण अफ्रिकामा पनि Parliamentary Budget Office कै नामबाट परामर्श केन्द्रको स्थापना भयो । अर्थ विधेयक संशोधन कार्यविधि तथा सम्बन्धित मामिला ऐन, २००९ (इ.सं.)ले स्थापित गरेको यस कार्यालयले त बजेटमा नसमेटिएका तर सम्भावित विषयवस्तुहरूको अध्ययन अनुगमन गर्ने समेतको कार्य गर्दछ ।

अष्ट्रेलियामा संसदीय सेवा ऐन, १९९९ (इ.सं.)लाई संशोधन गरी एउटा परिच्छेद नै थपेर सन् २०१२ मा Parliamentary Budget Office को बृहत् व्यवस्था गरिएको छ । ऐनको दफा ६४क मा संसद सचिवालयको छुट्टै विभागको रूपमा यस कार्यालयलाई व्यवस्था गरिएको छ । अझ दफा ६४घ मा त सन् २०११ जुलाई १ तारिखदेखि यस कार्यालयको सञ्चालन खर्च भनेर सञ्चित कोषमा व्ययभार पर्नेगरी ६० लाख अष्ट्रेलियन डलरसम्म विनियोजन गरिएको छ । यस ऐनमा संसदको निर्वाचन घोषणा भएपछि कामचलाउ सरकार बन्ने अवधिमा समेत यस कार्यालयका काम, कर्तव्य र अधिकारलाई विस्तृत रूपमा व्याख्या गरिएको छ । यस ऐनले कुनै सदस्यले माग गरेका सूचनाहरु वा अनुरोध गरेका अनुसन्धानका विषयहरु कार्यालयले सदस्यहरूको नाम नखोल्ने गरी गोप्यरूपमा उपलब्ध गराउने व्यवस्था पनि छ । सार्वजनिक लेखा र लेखा परीक्षणको संयुक्त समितिले यस विभागबाट सहयोग लिएर काम गर्ने व्यवस्था छ । यही समितिको सिफारिसमा सभामुखले संसदीय बजेट अधिकारीको नियुक्ति गर्ने व्यवस्था छ ।

आयरल्याण्डमा भने सरकारले आफ्नो सुविधाको लागि Irish fiscal Advisory Council भन्ने संस्थाको व्यवस्था गरी आएकोमा पछि सन् २०१७ मा गएर संसदलाई पनि बृहत् अर्थशास्त्रीय विश्लेषण र परामर्श उपलब्ध गराउन Parliamentary Budget Office को स्थापना गरिएको छ । यी दुवै संस्थाहरूको कार्यक्षेत्रमा विवाद नरहोस् भनेर सन् २०२१ मे ५ तारिखका दिन परिषदका अध्यक्ष

र बजेट कार्यालयका निर्देशकका बीचमा भूमिका बाँडफाँड, नियमित बैठक, सूचना आदानप्रदान र समीक्षा गरी ४ बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको पाइन्छ । संसदीय बजेट परामर्श केन्द्र सम्बन्धी परिचय र अन्तर्राष्ट्रिय अभ्यासले यसको कार्य प्रकृतिका बारेमा केही जानकारीहरु प्राप्त भएपनि यसका कामहरूको सैद्धान्तिक छलफल हुन आवश्यक छ ।

**४. संसदीय बजेट परामर्श केन्द्रको कामः**

माथि नै के चर्चा गरियो भने संसदीय बजेट परामर्श केन्द्रले माग भइआएमा संसद, समिति वा संसद सदस्यहरूलाई स्वतन्त्र र निष्पक्ष बजेट परामर्श दिने काम गर्छ । संसदीय व्यवस्थामा बहुमत प्राप्त दलले सरकार चलाउने र बजेट प्रस्ताव गर्ने काम गर्छ भने अल्पमतमा रहेका राजनैतिक दलहरु विपक्षमा बसेर सरकारको आलोचना गरिरहेका हुन्छन् । यस्तो अवस्थामा सबैको साझा र मान्यताप्राप्त संस्थाको भूमिका खेल्दै निष्पक्ष रूपमा व्यवसायिक परामर्श दिनु नै यस्ता परामर्श केन्द्रहरूको मूल काम हो । यी परामर्शहरु आर्थिक विश्लेषणमा आधारित हुन्छन् जसले बजेटकै पारदर्शिता र जवाफदेहितालाई प्रवर्धन गर्ने र संसदीय बहसको स्तरलाई अझ उचाइमा उठाउँछ । वस्तुगत आर्थिक विश्लेषणका लागि आवश्यक पर्ने सहि तथ्याङ्कको व्यवस्था गर्नु पनि केन्द्रको काम हो । संसदीय बजेट परामर्श केन्द्रको मुख्य कामलाई ४ भागमा बाँडेर हेर्न सकिन्छ ।

**(क) स्वतन्त्र र वस्तुगत आर्थिक भविष्यवाणी गर्ने :**

बजेट भनेकै आर्थिक अनुमान वा भविष्यवाणी हो । यसमा सरकारले गर्ने खर्च र त्यसलाई धान्न उठाउनुपर्ने राजश्वको अनुमान गरिएको हुन्छ । यो अनुमान सरकारको योजना आयोग र अर्थ मन्त्रालयले गरेर बजेटको रूपमा प्रस्तुत गरिएको हुन्छ । संसदीय बजेट परामर्श केन्द्रले आफ्नै ढङ्गले वस्तुगत र स्वतन्त्र अनुमान गरेर सरकारी अनुमानलाई वैधानिकता दिने काम गर्छ । यसले सरकारलाई सटिक अनुमान लगाउन, आवश्यकताका आधारमा बजेट विनियोजन गर्न दबाव पनि दिन्छ । स्वतन्त्र र निष्पक्ष ढङ्गले तथ्यमा आधारित भएर यस्तो अनुमान गरिएको हुन्छ जुन सर्वमान्य हुन्छ । यसले सरकारको बजेट अनुमानलाई तथ्यपरक ढङ्गले अनुमोदन गर्न संसदलाई सहयोग गर्दछ ।

**(ख) आधारभूत अनुमानित सर्वेक्षण गर्ने :**

आधारभूतरूपमा अनुमानित सर्वेक्षण गर्नुको अर्थ अर्थतन्त्रका सूचकहरूमा बजेट परामर्श केन्द्रले अद्यावधिक सूचना सङ्कलन गरेर राखिराख्नु हो । यो समग्र प्राथमिक तथ्याङ्क सङ्कलनसँग सम्बन्धित छ । यिनै सङ्कलित र अद्यावधिक गरिएका तथ्याङ्कहरूको आधारमा बजेट परामर्श केन्द्रले बजेटसँग सम्बन्धित खर्च कटौती र बजेटको ढाँचाका बारेमा विकल्पसहितको उचित परामर्श दिन सक्दछ । यही आधारभूत सर्वेक्षणले बजेटमा हुनुपर्ने राष्ट्रिय प्राथमिकता, लागु गरिनुपर्ने सशर्त नीति आदिका विषयमा विभिन्न विकल्पहरु दिन सकिने हुन्छ ।

**(ग) कार्यपालिकाले पेश गरेको बजेट प्रस्तावको विश्लेषण गर्ने :**

संसदीय बजेट परामर्श केन्द्रले सरकारद्वारा प्रस्तुत बजेटको निष्पक्ष विश्लेषण गर्दछ । यसका लागि परामर्श केन्द्रले आफ्नो संयन्त्रको व्यवस्थापन गरेको हुन्छ । यसमा बजेट विश्लेषक, अर्थशास्त्री र सार्वजनिक वित्त विज्ञको व्यवस्था गरिएको हुन्छ । यिनै विशेषज्ञहरूलाई सहयोग गर्ने कर्मचारीहरु पनि विशेषज्ञ र स्वतन्त्र सेवा दिने गरी नियुक्त गरिएका हुन्छन् । यसका साथै केन्द्रले राजस्व विश्लेषक र दीर्घकालिन विश्लेषकहरु पनि राखेर आवश्यकता अनुसार संसदलाई विश्लेषणात्मक परामर्श प्रदान गर्दछ ।

**(घ) मध्यमकालीन र दीर्घकालीन विश्लेषण उपलब्ध गराउने:**

माथि भने झैं साल बसाली बजेटहरूको विश्लेषणमा मात्रै होइन संसदीय बजेट परामर्श

केन्द्रले दीर्घकालिन विश्लेषकहरूकै व्यवस्था गरेर दीर्घकालिन परामर्श सेवा प्रदान गर्ने गर्दछ । पछिल्लो समयमा बजेटलाई मध्यकालिन खर्च संरचनाका आधारमा पनि व्यवस्थापन गर्ने विधिको सुरूवात गरिएको छ । यसरी बजेटको मध्यमकालिन र दीर्घकालिन विश्लेषण गर्नु पनि बजेट परामर्श केन्द्रको काम हुन आउँछ । यस्तो विश्लेषण माथि भनिए झैं आधारभूत सर्वेक्षण अर्थात् प्राथमिक तथ्याङ्कका आधारमा त गरिनु नै पर्दछ । यसका साथै यस्तो विश्लेषण र विश्लेषणको प्रक्रिया पारदर्शी, पहुँचयोग्य र बुझ्नसकिने खालको पनि हुनुपर्दछ । अतः केन्द्रले यिनै विशेषतासहितको आर्थिक विश्लेषण सेवा दिने काम गर्दछ ।

**५. नेपालमा संसदीय बजेट परामर्शकेन्द्रको आवश्यकताः**

नेपालको संविधानको उद्देश्य दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने पनि हो भनेर प्रस्तावनामा उल्लेख गरिएको छ भने आर्थिक समुन्नति र समृद्धि पनि राष्ट्रिय हितका आधारभूत विषय हुने कुरा धारा ५ मा उल्लेख भएको छ । त्यसैका लागि नेपालको संविधानको भाग १०, १६ र १९ ले क्रमशः सङ्घ, प्रदेश र स्थानीय सरकारहरूलाई बजेट बनाउने अधिकार दिएको छ । सङ्घीय सरकारले बजेट निर्माणका लागि भनेर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सबै प्रदेश सरकारहरूले यस्तै प्रकृतिका आर्थिक कार्यविधि ऐनहरु पनि निर्माण गरेको देखिन्छ । यसका साथै सङ्घीय संसद र प्रदेश सभाहरूले आ-आफ्ना नियमावलीहरूमा पनि राजश्व र व्ययको अनुमान तथा विनियोजन र आर्थिक विधेयक सम्बन्धी कार्यविधिहरु बनाएका छन् ।

यी सबै संवैधानिक र कानूनी आधारमा टेकेर नेपालमा बजेट निर्माण हुने गरेको छ । वि.सं. २००८ सालमा तत्कालिन अर्थमन्त्री सुवर्ण शमशेर ज.ब.रा.ले पहिलो पटक बजेट प्रस्तुत गरेपछि नेपालमा बजेट निर्माणको चलन सुरू भएको हो । त्यस यता बजेटको आकार र आयतन मात्रै होइन अर्थ र आधारभूत संरचनामा पनि विकास भएर आएको छ । त्यसैले बजेटलाई अहिले आय र व्ययको अनुमानका रूपमा मात्रै हेरिँदैन । यो त एक वर्षका लागि सरकारको कार्यदर्शन, नीति, प्राथमिकता र स्रोत व्यवस्थापनको समष्टिगत रूप हो ।

यसरी नेपालको बजेट बनाउने अनुभव ७० वर्षभन्दा बढी रहेको छ । अहिले बजेट तर्जुमा दिग्दर्शन नै बनाएर बजेट तयार पार्ने गरिएको छ । बजेट निर्माण तथा कार्यान्वयन गर्दा बजेट सूचना प्रणाली (Line Ministry Budgetary Information System - LMBIS) प्रदेश स्तरमा (PLMBIS), एकल खाता कोष (Single Treasury Account - TSA), विद्युतीय सरकारी लेखा प्रणाली (Computerized Government Account System - CGAS), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System - PAMS) जस्ता आधुनिक सूचना प्रविधिको सदुपयोग गरिएको छ । आयोजनाको लाभ लागत विश्लेषण गर्ने व्यवस्था गरिएको छ । आवधिक रूपमा बजेट कार्यान्वयनको समीक्षा हुने व्यवस्था गरिएको छ । तथापि बजेट निर्माण प्रक्रियाका केही समस्याहरु छन् । जस्तैः

क) बजेटको बाँडफाँड सन्तुलित, समन्यायिक हुन सकिरहेको छैन ।
ख) प्राथमिकताका आधारमा बजेट निर्माण हुन सकिरहेको छैन ।
ग) बजेट निर्माणका लागि पर्याप्त तथ्याङ्क र सूचनाको अभाव छ ।
घ) वस्तुगत आवश्यकता र स्पष्ट मापदण्डभन्दा पनि हतारमा हचुवाका आधारमा बजेट निर्माण गर्ने प्रवृत्ति छ ।
ङ) बजेट निर्माण प्रक्रियामा सहभागितामूलक सिद्धान्त लागू हुन सकेको छैन ।
च) संविधानको मर्मअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वयको अभाव देखिन्छ ।
छ) अनियन्त्रित रकमान्तर भई बजेट अनुशासन पालनामा समस्या देखिन्छ ।

ज) अबण्डा बजेट राखी गैर बजेटरी खर्च गर्ने प्रवृत्ति छ ।

झ) आयोजना बैंक नै बनाएर काम गर्नुको सट्टा कतिपय विकास आयोजनाहरु सम्भाव्यता अध्ययन बिना नै छनौट हुने गरेकोले स्रोत साधनको दूरूपयोग भइरहेका छन् ।

ञ) मध्यकालिन खर्च संरचना (Medium Term Expenditure Frameworks-MTEF) लाई संस्थागत र प्रभावकारी बनाउन सकिएको छैन ।

ट) बेरूजु बढेको बढ्यै छ ।

उदाहरणका लागि माथि उल्लेखित समस्याहरु त बजेट मस्यौदा गर्दाका समस्याहरु हुन् । वास्तवमा बजेटमाथि गरिने छलफल र बहसहरूमा पनि केही समस्याहरु छन् । उदाहरणका लागि बजेटमाथि हुने छलफलमा अधिकांश सांसद वा जनप्रतिनिधिहरु निर्वाचन क्षेत्रहरूमा केन्द्रित भएको देखिन्छ । बजेटमाथिको छलफलमा विकास योजना, सहस्राब्दी विकास लक्ष्य र निर्वाचन घोषणापत्रहरूको समेत उल्लेख र तुलना नगरी छलफल हुने गरेको देखिन्छ । अर्थशास्त्रलाई आधुनिक परिभाषाले सीमित स्रोत साधनको उत्तम वैकल्पिक उपयोग गर्ने विज्ञान भनिए अनुसार बजेट निर्माण परिणाममुखी र प्रभावकारी हुनुको साटो सम्झौतापरस्त वितरणमुखी हुने गरेको छ । नेपाल सरकारका पूर्व सचिव गोपिनाथ मैनालीले पनि एउटा लेखमा संसद र संसदीय समितिमा पूर्व बजेट छलफल सिद्धान्तमा भएको, प्राथमिकताभन्दा राजनैतिक विषयमा छलफल भएको, प्रिय र पेट प्रोजेक्टमा चासो राखिएको जस्ता भूमिका खेलिएको भन्दै निम्नानुसारको भूमिका हुनैपर्ने बताउनु भएको छ ।

क) बजेट कार्यक्रमको अर्थपूर्ण छलफल

ख) गत वर्षको नीति तथा कार्यक्रम उपलब्धी परीक्षण

ग) सरकारको वित्तीय अनुशासन र खर्च सामर्थ्यको मूल्याङ्कन

घ) पैसाको मूल्यप्रतिको संवेदनशीलता समीक्षा

ङ) अर्ली बजेटको महत्वबोध

च) शासकीय तहहरूको कार्य समन्वय विश्लेषण

छ) वैदेशिक स्रोतको राष्ट्रिय प्राथमिकतासँगको आवद्धता विवेचना

ज) एक्स्ट्रा बजेटरी निकायको कार्य उपलब्धी समीक्षा

झ) नागरिक बजेटमाथि फोकस ।

यसरी नेपालको बजेट निर्माण प्रक्रियाका समस्याहरूलाई नियालेर हेर्दा वस्तुगत परिस्थितिको सही आँकलन गरेर संसदले सरकारको बजेट प्रस्तावलाई उपयुक्त ढाँचामा ढाल्न जरूरी देखिन्छ । यसका लागि संसदले आफ्नो कार्यक्षेत्रभित्रको आर्थिक तथ्याङ्क वा सूचकाङ्कका आधारमा आर्थिक तथा वित्तीय विश्लेषण गर्दै बजेटमा छलफल गर्न, बजेटको विश्लेषण गर्न र उपयुक्त निर्देशन दिन जरूरी छ । यी सबै कार्यभार पूरा गर्नका लागि आवश्यक पर्ने सहयोग र परामर्शका लागि  संसद सचिवालयमा संसदीय बजेट परामर्श केन्द्रको आवश्यकता परेको छ ।

**६. निष्कर्ष:**

संसदको महत्वपूर्ण कामहरु मध्ये कानून निर्माण र बजेट निर्माण दुबै हो । कानून निर्माणमा सदस्यहरूलाई परामर्श दिन र सहयोग गर्न सबै संसद सचिवालयहरूमा कानून तथा विधेयक महाशाखा बनाइएको छ । तर संसदको अर्को महत्वपूर्ण काम बजेट निर्माणमा त्यसरी परामर्श दिने, सहयोग गर्ने सचिवालयको अंग नेपालमा कतै पनि व्यवस्था गरिएको छैन । त्यसैले स्वतन्त्र र निष्पक्ष रूपमा माननीय सदस्यहरूलाई बजेटसम्बन्धी परामर्श दिन संसदीय बजेट परामर्श केन्द्र बनाउनु पर्ने आवश्यकता देखिन्छ । यसले संसदलाई अझ सबल तथा सक्षम तुल्याउने र बजेट निर्माणमा जनभावनाको कदर हुने काम हुन्छ । यसका लागि स्वायत्तता, पारदर्शिता र जवाफदेहिता सहितको बजेट परामर्श केन्द्र अर्थात् सचिवालयको त्यस्तो महाशाखा सम्बन्धी व्यवस्था गरिनु पर्दछ । हुन त यसो गर्दा संसदीय लबिङ्ग बढ्न गई सांसदहरूमा स्वार्थको द्वन्द्व बढ्न जाने खतरा पनि हुन्छ । वास्तवमा संसद सचिवालय आफै र यसका प्रत्येक महाशाखालाई स्वतन्त्र र निष्पक्ष राख्न जरूरी हुन्छ । यसले समग्रमा स्वार्थको द्वन्द्वलाई नियन्त्रित गर्दछ । बजेट निर्माण

त प्रत्यक्ष जनसरोकारको विषय नै हो । त्यसैले बजेट निर्माणलाई स्वतन्त्र र निष्पक्ष तुल्याउन सहयोग पुऱ्याउने संसदीय बजेट परामर्श केन्द्र पनि स्वतन्त्र र निष्पक्ष नै हुनु पर्दछ ।

अमेरिकी स्वतन्त्रता सङ्ग्राममा लगाइएको नारा No Taxation Without Representation मा पनि बजेट जनसरोकारको विषय हो भन्ने कुरा उठाइएको थियो । अर्थात् बजेट बनाउँदा राजस्व उठाइन्छ र त्यो काम गर्न हाम्रो प्रतिनिधित्व हुनुपर्दछ । राजस्व उठाउनेले खर्च पनि विनियोजन गरिदिने नै भयो । तर बजेट निर्माण प्रक्रिया कठिन र प्राविधिक पदावलीहरु प्रयोग गर्नेगरी प्रकारान्तरले प्राविधिक काम जस्तो बन्न गएकोले यो प्रक्रियाले जनभावना कुण्ठित हुन नजाओस् भन्नका लागि जनताका जनप्रतिनिधिहरूलाई बजेट परामर्श केन्द्रले बजेट निर्माणमा सहभागी गराउने छ । यो प्रक्रिया भनेको बजेट र बजेट निर्माण प्रक्रियाको लोकतान्त्रिकीकरण पनि हो ।

**सन्दर्भ सामग्रीहरुः**


१. नेपालको संविधान
२. आर्थिक कार्यविधि, सार्वजनिक खरिद तथा भ्रमण खर्च सम्बन्धी केही ऐन तथा नियमावलीहको सङ्ग्रह, २०८०, कानून किताब व्यवस्था समिति२०८० असार
३. Australian Parliamentary Service Act 1999, No. 145, 1999
४. The functions and impact of fiscal councils, International Monetary Fund, July 16, 2013.
५. Establishing a Parliamentary Budget Office as an Element of Good Governance, Jeffrey Straussman, https://www.researchgate.net 2009-1-1
६. बजेट के हो, कसरी बन्छ, के-के छन् निर्माण र कार्यान्वयनका जटिलता ?, गोपिनाथ मैनाली, https://nepalwatch.com/2022/06/16/59755, २०८० पुष २२
७. बजेट, बजेट निर्माणका चरणहरू, समस्या र सुझावहरू, राधा कणेल, https://khabarpato.com/news/1389, २०७८ बैशाख १९
८. नेपालमा बजेट प्रणाली, ललित कुमार बस्नेत, https://www.prasashan. com/2022/06/20/331242/, २०७९ असार ६
९. www.parliament.gov.np
१०. https://pradeshsabha.koshi.gov.np
११. https://provincialassembly.p2.gov.np
१२. https://provincialassembly.bagamati.gov.np
१३. https://pradeshsabha.gandaki.gov.np
१४. https://assembly.lumbini.gov.np
१५. https://pga.karnali.gov.np
१६. https://pga.sudurpashchim.gov.np
१७. https://lao.ca.gov
१८. https://www.cbo.gov
१९. https://korea.nabo.go.kr/naboEng/main/main.do
२०. https://www.oireachtas.ie/en/publications
२१. https://www.iasparliament.com/
२२. https://www.prasashan.com/2020/01/01/158391

# स्थानीय तहको कानून निर्माणका आधार र विचार गर्नुपर्ने विषयहरू



इश्वरी प्रसाद आचार्य
उपसचिव (कानून)
प्रदेश सभा सचिवालय

**१. पृष्ठभूमिः**

सङ्घीय प्रणालीमा राज्यशक्तिको बाँडफाँड दुई वा सा भन्दा बढी सङ्घीय इकाइबीच हुने र सोही अनुसार कानून निर्माणको अधिकार पनि विभाजन भएको हुन्छ । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहलाई व्यवस्थापकीय अधिकार प्रदान गरेको छ । सोही अधिकार प्रयोग गरी व्यवस्थापिका वा विधायिकाले बनाउने कानूनलाई विधायन भनिन्छ ।

विधायनलाई दुई प्रकारमा विभाजन गर्ने गरिन्छ । एउटालाई सर्वोच्च विधायन भनिन्छ भने अर्कोलाई प्रत्यायोजित वा अधिनस्थ विधायन भन्ने गरिन्छ । सर्वोच्च विधायन जसलाई विधायिका वा संसदले बनाउँछ र यसलाई ऐनको नामले सम्बोधन गरिन्छ । ऐनले प्रत्यायोजन गरेको अधिकारअन्तर्गत रहेर प्रत्यायोजित विधायन बन्ने गर्दछ ।

प्रत्यायोजित वा अधिनस्थ विधायनलाई विभिन्न नामले सम्बोधन गरिन्छ । जस्तै नियम, विनियम आदेश, (गठन) आदेश, निर्देशिका, कार्यविधि, मापदण्ड, इत्यादि । ऐनको अधीनमा रहेर राज्यका अन्य निकाय वा अङ्गले समेत प्रत्यायोजित विधायन बनाउने गर्दछन् । संविधानले निर्दिष्ट गरेको विषय कार्यान्वयन गर्न तथा राज्य तथा सरकारले अख्तियार गरेको नीति कार्यान्वयन गर्न, अदालतको निर्देशन पालना गर्न, कानूनको शासन कायम गर्न, अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्न र कुनै विषयमा नियमन, नियन्त्रण र निषेध गर्न आवश्यक भएमा त्यस्तो विषयमा कानूनको निर्माण गरिन्छ । साथै नागरिकको इच्छा र चाहनालाई सम्बोधन गर्न कानून बनाउनु पर्ने भएमा त्यसको लागि समेत कानून निर्माण गर्ने गरिन्छ ।

**२. स्थानीय कानूनको परिभाषाः**

नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (ख) मा "कानून" भन्ने शब्दलाई सङ्घीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ भनी कानून शब्दको परिभाषा रहेको छ । नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० मा नेपाल ऐन भन्नाले नेपालको संविधान बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले बनाएको ऐन तथा नेपाल कानून भन्नाले नेपाल ऐन, कानून सरह लागू हुने ऐन सवाल, नियम, आदेश, विनियम वा ऐनअन्तर्गत बनेका निर्देशिका वा कार्यविधि भनी परिभाषा गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (२) को खण्ड (भ) मा "स्थानीय कानून" भन्नाले गाउँ सभा वा नगर सभाले बनाएको कानून सम्झनु पर्छ भनी परिभाषा गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० मा कार्यपालिकाले गाउँपालिका तथा नगरपालिकाको अधिकारक्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्ने व्यवस्था रहेको तथा सोही व्यवस्थामा रहेको स्पष्टीकरणमा 'विधेयक' भन्नाले सभामा पेश भएको ऐनको मस्यौदालाई जनाउँछ भन्ने व्यवस्था रहेको तथा दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था रहेको छ । अतः उल्लिखित कानूनी व्यवस्थाका आधारमा स्थानीय कानून भन्नाले गाउँ सभा वा नगर सभाले बनाएको ऐन र सो ऐनको अधीनमा रही बनेका नियम, निर्देशिका, कार्यविधि र मापदण्ड सम्झनु पर्छ ।

**३. स्थानीय तहको कानून निर्माणका आधारः**

**३.१ नेपालको संविधानः**

नेपालको संविधानबमोजिम कानून बनाउने अधिकार तीनै तहमा निहित रहेको छ ।

नेपालको संविधानमा स्थानीय तहले अनुसूची-८ मा उल्लिखित विषयमा कानून बनाउन सक्ने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था नेपालको संविधानको धारा ५७ को उपधारा (४) मा रहेको छ । त्यस्तै सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र सङ्घीय कानून, प्रदेश कानून र गाउँ सभा र नगर सभाले बनाएको कानूनबमोजिम हुने भन्ने व्यवस्था सोहि धाराको उपधारा (५) मा उल्लेख रहेको छ । प्रदेशसभा, गाउँसभा वा नगरसभाले कानून बनाउँदा सङ्घीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेशसभा, गाउँसभा वा नगरसभाले बनाएको त्यस्तो कानून सङ्घीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था उपधारा (६) मा र गाउँसभा वा नगरसभाले कानून बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँसभा वा नगरसभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था उपधारा (७) मा रहेको छ ।

नेपालको संविधानको धारा ५९ मा स्थानीय तहले आफ्नो आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने अधिकार र त्यसको कार्यान्वयन गर्ने अधिकार रहेको र स्थानीय तहलाई प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्ने कानून बनाउन सक्ने अधिकार सोहि धाराको उपधारा (४) मा रहेको छ । त्यसै गरी स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा कानून बनाई कर लगाउन सक्ने अधिकार नेपालको संविधानको धारा २२८ को उपधारा (२) मा रहेको छ । साथै स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्चसम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने समेत व्यवस्था नेपालको संविधानको धारा २२९ को उपधारा (२) मा रहेको छ । त्यस्तै गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुने व्यवस्था नेपालको संविधानको धारा २१४ को उपधारा (५) मा रहेको छ ।

नेपालको संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँसभा र नगरसभामा निहित रहने व्यवस्था धारा २२१ को उपधारा (१) मा र गाउँसभा र नगरसभाको व्यवस्थापिकीय अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ भन्ने व्यवस्था सोहि धाराको उपधारा (२) मा रहेको छ । त्यसैगरी गाउँसभा र नगरसभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्ने अधिकार धारा २२६ को उपधारा (१) मा रहेको र सो कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था सोहि धाराको उपधारा (२) मा रहेको छ । उल्लिखित संवैधानिक प्रावधान बमोजिम गाउँसभा र नगरसभालाई कानून बनाउने अधिकार धारा ५७, ५९, २१४ र धारा २२१ मा रहेको र त्यस्तो कानून बनाउने प्रक्रियाको निर्धारण धारा २२६ बमोजिम प्रदेश कानून बमोजिम हुने गरी नेपालको संविधानमा व्यवस्था गरिएको छ ।

**३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँसभा वा नगरसभाले पनि विधेयक पारित गर्ने र त्यसरी पारित भएको विधेयक प्रमाणीकरण भएपछि ऐन बन्ने गरी व्यवस्था गरिएको छ । उक्त ऐनको दफा ११ को उपदफा (७) मा गाउँपालिका र नगरपालिकाले काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था गरिएको छ ।

त्यस्तै सोही ऐनको परिच्छेद-५ मा सभाको व्यवस्थापन कार्यविधिसम्बन्धी व्यवस्था रहेको र सभाको व्यवस्थापनसम्बन्धी विषयमा प्रदेश कानूनमा अन्यथा व्यवस्था नभएसम्मको लागि यस परिच्छेद बमोजिमको प्रक्रिया अवलम्बन गरिने भन्ने व्यवस्था स्थानीय सरकारका संचालन ऐन, २०७४ को दफा २० को उपदफा (२) मा रहेको छ । यस व्यवस्थाले सभाको व्यवस्थापनको सम्बन्धमा प्रदेश कानून नबन्दासम्म

गाउँसभा वा नगरसभाले आफ्नो अधिकार क्षेत्रको विषयमा कानून बनाउन सक्ने देखिन्छ ।

उक्त ऐनको दफा १०२ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था रहेको छ । गाउँसभा वा नगरसभाले बनाएको ऐनको अधीनमा रही गाउँकार्यपालिका वा नगरकार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । यसरी स्थानीय तहले बनाएका कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्छ । सो कानून स्थानीय राजपत्रमा प्रकाशन नभएसम्म लागू नहुने व्यवस्था उक्त ऐनको दफा १०२ को उपदफा (५) मा रहेको छ । त्यस्तो स्थानीय कानूनको प्रति प्रदेश सरकार र नेपाल सरकारमा समेत पठाउनु पर्ने व्यवस्था रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँसभा वा नगरसभाले संविधान बमोजिमको आफ्नो अधिकारको विषयमा कानून बनाउँदा ऐन बनाउनु पर्ने र त्यस्तो ऐनको अधीनमा रही नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्ने भन्ने सम्मको व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले नेपालको संविधानमा रहेको स्थानीय तहको एकल अधिकारको सूची र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार का सूचीको दफा ११ मा कार्यविस्तृतीकरण गर्नुको साथै भूमि व्यवस्थापन, संचार सेवा र यातायात सेवा, लघु, घरेलु तथा साना उद्योग सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारका सम्बन्धमा सोहि दफाको उपदफा (५) मा व्यवस्था गरेको छ ।

स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धमा उक्त ऐनले Sunset laws को रूपमा कानून निर्माण र सभा संचालन सम्बन्धी व्यवस्था प्रदेश कानून निर्माण नहुन्जेलसम्म तोकेको र उक्त कानून निर्माण र सभा संचालन सम्बन्धी प्रदेश कानून हाल लुम्बिनी प्रदेशमा बनिसकेको हुँदा स्थानीय सरकार संचालन ऐनमा रहेको उक्त व्यवस्था निष्क्रिय रहेको छ ।

**३.३ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) सम्बन्धी ऐन, २०७७:**

यस ऐनले सङ्घ, प्रदेश तथा स्थानीय तहले कानून निर्माणको सन्दर्भमा विचार गर्नु पर्ने विषयहरूमा व्यवस्था गरेको छ । मौलिक हक, संवैधानिक हक तथा सङ्घीय कानूनबाट प्रदत्त हकमा बन्देज लगाउने गरी वा प्रयोगमा सीमा तोक्ने गरी र सङ्घीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न नपाउने वा गर्न नपाउने भनी व्यवस्था गरेकोमा गर्न पाउने गरी प्रदेश र स्थानीय तहले कानून निर्माण गर्न नपाउने व्यवस्था संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ को दफा ४ को उपदफा (४) मा रहेको छ ।

त्यसैगरी दफा ७ मा कुनै कार्यलाई फौजदारी कसूरको रूपमा परिभाषित गर्ने र सजायको व्यवस्था गर्ने गरी सङ्घीय कानूनबाट मात्र व्यवस्था गर्न सकिने व्यवस्था गरिएकोछ । प्रदेश र स्थानीय तहबाट सञ्चालन र प्रशासन हुने कुनै विषयमा प्रशासनिक जरिवानासम्म गर्ने गरी कानून बनाउन सकिने व्यवस्था रहेको छ । प्रदेश र स्थानीय तहले आफ्नो कानून बमोजिम गरेको प्रशासनिक जरिवानामा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी कानूनमा व्यवस्था गर्न सक्ने व्यवस्था सोहि ऐनको दफा १० मा गरिएको छ ।

**४. विधायिकी अन्तर सम्बन्ध तथा समन्वय:**

नेपालको संविधान बमोजिम गाउँसभा वा नगरसभाले निर्माण गरेको कानून सङ्घीय कानून र प्रदेश कानूनसँग बाझिन नहुने व्यवस्था नेपालको संविधानको धारा ५७ मा रहेको छ । स्थानीय कानून बनाउने प्रक्रिया तथा गाउँसभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठनको व्यवस्था प्रदेश कानूनबमोजिम हुने व्यवस्था हुने व्यवस्था नेपालको संविधानको धारा २२६ र २२७ मा गरिएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ३ को उपदफा (१) मा सङ्घ, प्रदेश र स्थानीय तह बिचको

अन्तरसम्बन्धका आधारसम्बन्धी व्यवस्था उल्लेख हुनुका साथै स्थानीय तहले आफ्नो एकल अधिकारको विषयमा आवश्यक कानून बनाउने र कार्यान्वयन गर्न सक्ने र एक भन्दा बढी तहको एकल अधिकारमा परेको विषयमा कानून बनाउनु पर्दा सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी बनाउनु पर्ने व्यवस्था सोहि ऐनको दफा ५ मा रहेको छ । साथै साझा अधिकारको कार्यान्वयन सम्बन्धमा स्थानीयस्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीयस्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय तहबाट वा स्थानीय कानूनबमोजिम हुने गरी उक्त ऐनले दफा ६ को उपदफा (१) को खण्ड (ग) मा गरेको छ ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ को दफा ८ को उपदफा (१) मा सङ्घको एकल अधिकार वा अवशिष्ट अधिकार बमोजिम सङ्घले कानून बनाउँदा स्थानीय तह वा स्थानीय निकाय वा अधिकारीले गर्ने गरी व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ । साथै कुनै पूर्वाधार संरचनाको निर्माण वा अन्य कुनै परियोजना दुई वा सोभन्दा बढी स्थानीय तहले कानून बनाई कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्ने व्यवस्थासमेत सोहि दफाको उपदफा (५) मा रहेको छ ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ को दफा ११ को उपदफा (६) को व्यवस्था बमोजिम स्थानीय तहले संविधानको अनुसूची-९ मा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकायसँग समेत समन्वय र परामर्श गर्नु पर्ने हुन्छ । त्यस्तै स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा स्थानीय तहको अनुरोध भई आएमा नेपाल सरकार तथा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्ने व्यवस्था सोहि ऐनको दफा १४ को उपदफा (१) र (२) मा गरिएको छ । सङ्घीय संसद, प्रदेशसभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारवाहीमा सामञ्जस्यता तथा एकरूपता कायम गर्नका लागि सहकार्य गर्न सक्ने र उक्त सहकार्य गर्ने प्रयोजनका लागि सङ्घीय संसद, प्रदेशसभा तथा स्थानीय तहले आवश्यकताअनुसार सूचना आदान प्रदान, छलफल, वा परामर्श गर्न सक्ने व्यवस्था सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १५ मा गरी तीन तह बीचको विधायिकी अन्तरसम्बन्ध र समन्वय तथा सहकार्यलाई सङ्घीय कानूनले समेत जोड दिएको देखिन्छ ।

## ५. स्थानीय कानून निर्माण गर्दा विचार गर्नुपर्ने कुराहरूः

### ५.१ नेपालको संविधानमा रहेको व्यवस्थाः

नेपालको संविधानको धारा १ उपधारा (१) मा यो संविधान नेपालको मूल कानून हुने र यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने व्यवस्था रहेको छ । उक्त संवैधानिक व्यवस्थाबमोजिम नेपालको संविधानसँग बाझिने गरी स्थानीय कानून बनाउनु हुँदैन । त्यसैगरी नेपालको संविधानको धारा ५७ को उपधारा (६) र (७) मा स्थानीय कानून बनाउँदा सङ्घीय कानून र प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था रहेको छ । उक्त संवैधानिक व्यवस्था बमोजिम सङ्घीय कानून र प्रदेश कानूनसँग बाझिने गरी स्थानीय कानून बनाउनु हुँदैन ।

नेपालको संविधानको धारा १३३ को उपधारा (१) मा यस संविधानद्धारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएकोमा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेशसभाले बनाएको कुनै कानून सङ्घीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगरसभा वा गाउँसभाले बनाएको कानून सङ्घीय संसद वा प्रदेशसभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली

नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ । सोअनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था रहेको छ ।

त्यस्तै नेपालको संविधानको धारा २३६ मा एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन भन्ने व्यवस्था र धारा २३२ को उपधारा (१) मा सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ ।

**५.२ सङ्घीय कानूनमा रहेको व्यवस्थाः**

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ को दफा ३ को उपदफा (१) मा संविधानमा भएको व्यवस्थाका अतिरिक्त सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका अन्य आधारहरूलाई उल्लेख गरेको र ती आधारहरूलाई देहाय बमोजिम रहेका छन्ः

(क) राष्ट्रिय हितका आधारभूत विषय,
(ख) राष्ट्रिय गौरव र एकताको संरक्षण,
(ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन,
(घ) मौलिक हकको कार्यान्वयन,
(ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,
(च) संविधानका व्यवस्थाहरुको समग्रता र सामञ्जस्यता,
(छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,
(ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,
(झ) नेपाली नागरिकबीच समान व्यवहार र सुरक्षा,
(ञ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदान प्रदान,
(ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,
(ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,
(ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्धन,
(ढ) पारस्परिक सहयोग र सहकार्य,
(ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,
(त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,
(थ) व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय,
(द) सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएका अन्य विषय।

सोही दफाको उपदफा (२) मा प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको विषयमा कानून बनाउँदा उपदफा (१) मा उल्लिखित विषयलाई समेत आधार मान्नु पर्ने भन्ने उल्लेख छ ।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ को दफा ४ को उपदफा (३) मा स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारको विषयमा कानून वा नीति बनाउँदा संविधान तथा यस ऐनबमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरूलाई विचार गर्नु पर्ने गरी व्यवस्था गरिएको छः

(क) सङ्घ वा प्रदेशको एकल अधिकारको अतिक्रमण नगर्ने,
(ख) सङ्घीय र प्रदेश कानून बाझिन नहुने,
(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,
(घ) प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने । सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ को दफा ४ को उपदफा (४) मा स्थानीय तहले कानून बनाउँदा देहाय बमोजिम हुने गरी बनाउन नसकिने गरी व्यवस्था गरिएको छः

(क) मौलिक हक, संवैधानिक हक वा सङ्घीय कानून प्रदत्त हकमा प्रतिबन्ध लगाउने वा त्यस्तो हकको प्रयोगमा सीमा तोक्ने,

(ख) सङ्घीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न नपाउने वा सङ्घीय कानूनले कुनै काम कसैले गर्न नपाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न पाउने

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ को दफा ५ को उपदफा (३) मा एक भन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा कानून बनाउँदा स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्ने गरी व्यवस्था गरिएको छ ।

**५.३ प्रदेश कानूनमा रहेका व्यवस्थाः**

लुम्बिनी प्रदेशमा रहेका गाउँपालिका र नगरपालिकाका गाउँसभा र नगरसभाले कानून निर्माण गर्ने प्रक्रियाका सम्बन्धमा लुम्बिनी प्रदेशसभाले बनाएको गाउँसभा नगरसभाको कानून निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५ बनाएको र सो ऐनले स्थानीय कानून निर्माण गर्दा विचार गर्नपर्ने कुरा सोहि ऐनको दफा ४ को उपदफा (१) मा रहेको र उक्त ऐनले कानून बनाउनु आवश्यक रहे नरहेको सम्बन्धमा आवश्यकता पहिचान, समिति गठन, सुझाव सङ्कलनलगायतका प्रक्रिया सम्बन्धमा विस्तृत कानून निर्माणको प्रक्रिया चरणको व्यवस्था गरेको छ ।

साथै उक्त ऐनमा कानून निर्माण सम्बन्धमा कार्यपालिकाको चरण, सभाको चरण र पुन कानून सभाबाट पारित भएपछि प्रमाणित गरी प्रकाशनको समेत कानुनी व्यवस्था गरेको छ । त्यसैगरी गाउँसभा र नगरसभाको कार्य सञ्चालन, बैठकको कार्यविधि, सभामा रहने समितिको गठनलगायतका कानूनी व्यवस्था गरी लुम्बिनी प्रदेशसभाले गाउँसभा नगरसभा (कार्यसञ्चालन) कार्यविधि ऐन, २०७६ बनाएको छ । लुम्बिनी प्रदेशभित्रका स्थानीय तहले कानून निर्माण गर्दा अपनाउनु पर्ने प्रक्रिया र विचार पुऱ्याउनु पर्ने विषय उल्लिखित ऐनमा रहेका छन् ।

**६. स्थानीय कानून निर्माण गर्दा विचार गर्नुपर्ने अन्य विषयः**

स्थानीय तहले कानून बनाउँदा देहायका विषयमा समेत विचार गर्नु पर्ने हुन्छ :

(क) स्थानीय तहको अधिकारको विषय रहे, नरहेको,

(ख) उपलब्ध श्रोत साधनले कानून कार्यान्वयन गर्ने अवस्था,

(ग) सीमाना जोडिएको अर्को स्थानीय तहको साझा चासो र हितको विषय,

(घ) अर्को स्थानीय तह वा प्रदेशको क्षेत्रमा व्यापार सेवा वा वस्तुमा पर्ने प्रभाव,

(ङ) सम्बन्धित स्थानीय तहले निर्माण गरेको अन्य स्थानीय कानूनहरूसँग अनुकूलता,

(च) स्थानीय कानून एक आपसमा बाझिने गरी स्थानीय कानून निर्माण गर्न नहुने

(छ) कानूनको स्वच्छता, न्यायपूर्ण र तर्कसङ्गतता,

(ज) कानून र न्यायका मान्य सिद्धान्तको परिपालना,

(झ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा भएको आदेश,

(ञ) सङघीय संसद वा प्रदेश सभाले त्यस्तै विषयमा गरेको आधारभूत कानूनको व्यवस्था,

(ट) नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धता,

(ठ) कानून व्याख्यासम्बन्धी सिद्धान्त र सोसम्बन्धी कानूनको ज्ञान,

(ड) स्पष्टता, शुद्धता, सुनिश्चितता, सार आउने, एकरूपता, प्रभावकारीता र विषयवस्तुको सिलसिलेवार प्रस्तुति,

(ढ) लैङ्गिक तटस्थता तथा लैङ्गिक मैत्री भाषा कायम गर्नु पर्ने,

(ण) समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्ने,

(त) प्रत्यायोजित विधायनअन्तर्गत कानून बनाउँदा मूल कानूनसँग बाझिने गरी बनाउन नहुने,

(थ) कानून निर्माण प्रक्रियाको अवलम्बन तथा पूर्ण पालना ।

**७. निष्कर्षः**

नेपालको संविधान बमोजिम कानून निर्माण गर्ने अधिकार स्थानीय तहमा निहीत रहेको हुँदा स्थानीय तहले कानून निमार्ण गर्दा नेपालको संविधान, सङ्घीय कानून र प्रदेश कानूनको अनुकूल हुनेगरी कानून निर्माण गर्नु पर्ने हुन्छ र स्थानीय तहले कानून निर्माण गर्दा विधि निर्माण सुत्रको प्रयोगमा एकरूपता, स्थानीय तहको विधायिकी अधिकार गाउँसभा वा नगरसभाबाटै प्रयोग हुनु पर्ने गरी कानून निर्माण प्रक्रियाको अवलम्बन, गाउँसभा वा नगरसभाले ऐनबाट प्रत्यायोजन गरेको अधिकार प्रयोग गरेर मात्र प्रत्यायोजित विधायन गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्माण गर्ने अभ्यासको विकास, स्थानीय कानूनको प्रकाशन गर्दा सभा वा कार्यपालिका कसले त्यस्तो कानून बनाएको हो खुल्ने गरी प्रकाशन गर्ने व्यवस्था, कानूनको प्रकाशन गर्दा जारी भएको दिनमा नै प्रकाशन गर्नु पर्ने व्यवस्था, ऐनमा हुनुपर्ने सारवान प्रकृतिका विषयलाई नियम, निर्देशिका, कार्यविधि वा मापदण्डमा व्यवस्था नगर्ने, कैद सजाय हुने गरी कानूनी व्यवस्था गर्न नहुने, अदालतको सुरु अधिकारक्षेत्र सिर्जना हुने गरी कानून निर्माण गर्न नहुने, कानून तर्जुमाका सिद्धान्त (स्पष्टता, शुद्धता, सुनिश्चितता, एकरूपता र प्रभावकारिता आदिलाई) अनुसरण गरी कानून निर्माण प्रक्रियाको अवलम्बन तथा परिपालना गरेमा स्थानीय तहको कानूनको गुणस्तरमा अभिवृद्धि भई नेपालको संविधानको कार्यान्वयन तथा कानूनी शासनको विकासमा टेवा पुग्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीः**


- *नेपालको संविधान,*
- *कानून व्याख्या सम्बन्धी ऐन, २०१०,*
- *स्थानीय सरकार संचालन ऐन, २०७४,*
- *संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तर सम्बन्ध) ऐन, २०७७,*
- *लुम्बिनी प्रदेशको गाउँ सभा, नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५,*
- *लुम्बिनी प्रदेशको गाउँ सभा, नगर सभा कार्यसंचालन कार्यविधि ऐन, २०७६,*
- *https://www.moljpa.gov.np*
- *https://lawcommission.gov.np*
- *jhttps://ocmcm.lumbini.gov.np*

# प्रदेश सभामा स्वास्थ्य सेवाको आवश्यकता, अभ्यास र अनुभव

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै नेपालको लागि नेपाली जनताद्वारा निर्मित नेपालको संविधान २०७२ को धारा १७५ अनुसार प्रत्येक प्रदेशमा एक सदनात्मक व्यवस्थापिका रहने प्रावधानअनुरूप ७ वटै प्रदेशमा प्रदेशसभा स्थापनासँगै लुम्बिनी प्रदेश सभाको स्थापना भयो । जहाँ लुम्बिनी प्रदेशका १२ जिल्लाका विभिन्न राजनैतिक दल तथा स्वतन्त्र रूपमा जनमत प्राप्त गरी प्रत्यक्षरूपमा निर्वाचित ५२ जना तथा समानुपातिक प्रणालीबाट निर्वाचित ३५ जना गरी जम्मा ८७ जना माननीय सदस्यज्यूहरु रहनुहुन्छ । यस लुम्बिनी प्रदेशसभा सञ्चालनका लागि आधारभूतरूपमा सभाहल, सचिवालय, संसदीय दलका कार्यालयहरु, विषयगत समितिका कार्यालय, पुस्तकालय, मर्यादापालन तथा सुरक्षा शाखा पनि रहेको छ । प्रदेश सभा सचिवालयमा प्रशासन महाशाखाअन्तर्गत आर्थिक प्रशासन तथा सुविधा शाखामा स्वास्थ्य इकाईको रूपमा स्वास्थ्य सेवा सञ्चालनमा रहेको छ।

स्वास्थ्य भन्ने वित्तिकै कुनै पनि व्यक्ति निरोगी रहनु, पूर्णरूपमा स्वस्थ रहनु, तन्दुरूस्त रहनु, कुनै रोग तथा दुर्बलता नहुनु अर्थात् स्वस्थ रहनुलाई स्वास्थ्य भनिन्छ । "स्वास्थ्य भन्नाले कुनै पनि व्यक्ति शारीरिक, मानसिक तथा सामाजिकरूपमा पूर्ण तन्दुरूस्त हुनुलाई स्वास्थ्य भनिन्छ ।" मानिस स्वस्थ नभएमा उसका हरेक क्रियाकलापमा नकरात्मक प्रभाव परिरहेको हुन्छ यसर्थ मानिस स्वस्थ रहनु आवश्यक छ । मानिस स्वस्थ रहन शारीरिक, सामाजिक, भावनात्मक, आध्यात्मिक बौद्धिक, वातावरणीय, पेशागत र आर्थिकरूपले प्रभाव पारिरहेको हुन्छ ।

लुम्बिनी प्रदेश सभामा सभामुख, उपसभामुखको निर्वाचन लुम्बिनी प्रदेश सरकार निर्माणका लागि मुख्यमन्त्रीको निर्वाचन, विश्वासको मत लिने, अविश्वासको प्रस्ताव माथिको निर्वाचन, विभिन्न संसदीय समितिहरुको निर्वाचनजस्ता महत्वपूर्ण कार्यहरूको साथै सरकारले दर्ता गराएका



डिलाराम भुसाल
जनस्वास्थ्य निरिक्षक
लुम्बिनी प्रदेश सभा सचिवालय

विधेयकहरूमाथि छलफल गर्दै आवश्यक कानून निर्माण गर्ने, सरकारको नीति तथा कार्यक्रम बजेट माथिको छलफल तथा पारित गर्ने कार्य प्रदेश सभामार्फत सम्पन्न हुने गर्दछ । यी महत्वपूर्ण कार्यहरु सम्पन्न गरी समुन्नत प्रदेश निर्माणका लागि आफ्नो स्वास्थ्यको प्रवाह नगरी अहोरात्र खटिनुहुने प्रदेश सभाका माननीय सदस्यज्यूहरु, सचिवालयका कर्मचारी, सुरक्षाकर्मी, मर्यादापालक, संसदीय दलका कर्मचारी, स्वकीय कर्मचारीहरूको लागि आधारभूत तथा आपतकालिन स्वास्थ्य सेवाका लागि सचिवालयमा स्वास्थ्य इकाइले स्वास्थ्य सेवा दिइरहेको छ । पहिला एक जना नर्सिङ्गले सेवा दिइरहनु भएकोमा वि.सं. २०७६ माघ पश्चात हेल्थ असिष्टेन्टको रूपमा ज.स्वा. नि. डिलाराम भुसाल र नर्सिङमा सि.अ.न.मी. रिता भुसाल पाठक रहनु भएको छ । सेवालाई विस्तार गरी सदन सञ्चालनको समयमा एक जना डाक्टरको प्रबन्ध गरी सेवा दिइरहेकोमा राजधानी सरे पश्चात केही असहजता भए पनि निरन्तरता रहेको छ । सभामा स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था लुम्बिनी प्रदेश सभामा मात्र नभई संसदीय अभ्यास भएको हरेक सभाहरूमा सञ्चालन भएको पाइन्छ । नेपालको सङ्घीय संसद सचिवालयमा पनि डाक्टरसहित ४ जना स्वास्थ्यकर्मीलाई काजमा खटाई सेवा दिइएको छ । नेपालको ७ वटै प्रदेश सभामा यो सेवा रहेको

छ । जसमा मधेश प्रदेश सभाले आफ्नै दरबन्दीमा २ जना स्वास्थ्यकर्मी तथा सदनको समयमा डाक्टरको प्रबन्ध गरी सेवा दिइएको छ । अन्य प्रदेशमा भने लुम्बिनी प्रदेशको जस्तै रहेको छ । अन्य मुलुकहरूमा भने आफ्नै सेवाअन्तर्गत स्वास्थ्यकर्मी राखी सेवा दिएको पाइन्छ । भारतको पश्चिम बंगाल विधायन सभामा डाक्टर, फार्मेसी अधिकृत, इसिजी. टेक्निसियन र नर्सिङ अधिकृतको दरवन्दी नै राखी निरन्तर सेवा दिएको र आवश्यकताअनुसार विशेषज्ञ डाक्टरको प्रबन्ध गर्ने व्यवस्था रहेको छ । यसैगरी विकसित राष्ट्रहरूमा फिजिसियन डाक्टरद्वारा सेवा प्रवाह गरेको पाइन्छ ।

लुम्बिनी प्रदेशमा प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा (११) मा प्रदेश सभा सचिवालयमा एक छुट्टै उपचार कोष रहने कानूनी व्यवस्था भएको हुँदा सोही दफाको उपदफा (३) बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६ बनाई संचालनमा रहेको छ । सो कार्यविधि अनुसार उपचार खर्च लिन चाहाने माननीयज्यूहरूले आफुँ बिरामी परी नेपालका विभिन्न अस्पतालहरूमा उपचार गरेको अवस्थामा उपचार खर्च लिने व्यवस्था छ । सो को लागि स्वास्थ्य शाखाले आवश्यक सहजिकरण गर्ने गर्दछ ।

विगतलाई हेर्दा २०७६ सालमा कोभिड १९ महामारीको अवस्थामा माननीय सदस्यज्यूहरु सक्रियपूर्वक आफ्नो कार्यलाई निरन्तरता दिदैं जनताको स्वास्थ्यमा चासो दिइरहँदा आफूबाट अन्य नागरिकलाई रोग नसरोस् भन्ने उद्देश्यका साथ २०७७ जेष्ठ ८ गते प्रदेशसभा बुटवलमा माननीय सभामुख, उपसभामुख, मुख्यमन्त्री, मन्त्रीज्यूहरु, उहाँको सचिवालय, प्रदेशसभा सचिवालयका कर्मचारी, मर्यादापालक, सुरक्षाकर्मी, पत्रकार गरी ४२५ जनाको आर.डि.टी. परीक्षण गरियो ११ जनाको पोजेटिभ रिपोर्ट आएकाले क्यारेन्टाइनको व्यवस्था मिलाई तत्काल नमूना सङ्कलन गरी पी.सी.आर. जाँचको लागि पठाई रिपोर्ट प्राप्त भएपश्चात बैठक सञ्चालन भएको थियो । स्वास्थ्य मापदण्ड अपनाउँदा अपनाउँदै पनि धेरैजसो माननीय सदस्यज्यूहरु कोभिड १९ बाट सङ्क्रमित हुनु भयो भने सचिवालयका कर्मचारी एकै पटक ३८ जना सङ्क्रमित हुन पुगियो तर सबैको स्वास्थ्य अवस्था भने सामान्य नै रह्यो । माननीयज्यूहरूलाई कोभिड १९ विरूद्धको भ्याक्सिन लगाउने व्यवस्था सचिवालयमै गरी सङ्क्रमितको सङ्ख्या घटाउने र जनतामा भ्याक्सिन प्रतिको गलत धारणालाई समेत हटाउने कार्य गऱ्यो ।

विभिन्न समयमा प्रदेश सभामा माननीयज्यूहरूको स्वास्थ्य परीक्षणमा खटिने डा. वसन्त ज्ञवाली, डा. सुमन खत्री डा. नवीन दर्नाल लुम्बिनी प्रादेशिक अस्पतालका तत्कालिन मे. सु. राजेन्द्रप्रसाद खनालल‍गायतले सहयोग पुऱ्याउनु भएको थियो । अन्त्यमा संसदमा स्वास्थ्य सेवालाई प्राथमिकताका साथ हेरिनु पर्दछ । यो एक महत्वपूर्ण स्थल हो । हाम्रो अनुभवलाई हेर्ने हो भने सदनमा अति महत्वपूर्ण निर्णयको दिनमा माननीयज्यूहरु आकस्मिकरूपमा अस्वस्थ भई बेडमा नै राखेर उपचार गरी निर्णय प्रक्रियामा भाग लिएको अनुभव स्वास्थ्य शाखालाई छ । नेपालको संविधान २०७२ को धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यावस्था छ जसमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने प्रावधान अनुरूप गाउँ गाउँमा स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप क्लिनिक प्रत्येक पालिकामा ५, १० र १५ बेड तथा जिल्लामा ५० बेडका अस्पतालहरूबाट सेवा प्रवाह कतै भइरहेको र कतै हुने तयारीमा छन् विभिन्न मेला, सभा, समारोह, सम्मेलनमा समेत हेल्थ डेक्समार्फत आकस्मिक आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको हुन्छ भने प्रदेश सभामा पनि स्वास्थ्य सेवालाई अझै व्यवस्थित तवरले सञ्चालन गर्न आवश्यक छ ।

# संसदीय पत्रकारिता र प्रदेश सभामा पहुँच

**परिचयः** बेलायतमा १३ औं शताव्दीको अन्तदेखि नै संसदको उत्पति भएको हो । त्यसैले संसदीय व्यवस्थाको जननी बेलायतलाई मानिन्छ । बेलायतमा १०६६ इ. भन्दा पहिले एग्लो सेक्सन राजघरानाको शासनमा विटेनागेमो र पछि नर्मन वंशीय राजाहरूका पालामा सामन्त, सरदार तथा भारदारहरूको भेला गरिन्थ्यो, जसलाई म्याग्नम कान्सिलियम अर्थात् महासम्मेलन भनिन्थ्यो । राजा स्वयं यसका अध्यक्ष हुन्थे । त्यस्तै १३ औं शताब्दीदेखि स्पेनमा कार्टेश स्पेनको संसदको अभ्यास पनि हुन थालेको इतिहासकारहरूको भनाइ छ ।

नेपालको संसदीय व्यवस्थाको इतिहास धेरै लामो छैन । वि.सं. २००७ सालमा राणाशासनको अन्त्य भएपछि स्थापना भएको प्रजातन्त्रमा संसदको निर्वाचन हुन करिब आठ वर्ष नै कुर्नु पऱ्यो । २०१५ सालमा भएको आम निर्वाचनपछि गठन भएको दुईतिहाइ मत प्राप्त नेपाली काग्रेसको सरकार गठनको डेढ वर्षमै राजा महेन्द्रको कोपभाजनको शिकार भयो । अर्को ३० वर्ष नेपाली जनता निर्दलीय शासन व्यवस्थाबाट शासित भए । २०४६ साल यता नेपालको कुनै पनि संसद्ले आफ्नो पूर्णअवधि काम गर्न पाएनन् । संसद्लाई पूर्ण अवधि काम गर्न नदिन राजादेखि लिएर राजनैतिक दलहरु नै उद्यत देखिए । बहुमत प्राप्त सरकार पूर्ण अवधि टिकेनन् । संसद्ले आफ्नो भूमिका निर्वाह गर्न अवरोधहरु कायम गरिए । दश वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्यसँगै भएको शान्ति सम्झौताले २०६३ सालमा नेकपा माओवादीलाई एउटा ठूलो राजनैतिक शक्तिका रूपमा पुर्नःस्थापित संसदमा प्रवेश गरायो । माओवादीको संसद प्रवेशसँगै संसदमा देखिएका बेथितिहरूको अन्त्य हुने विश्वास थियो । यस विचमा संसद भङ्गको प्रयास पनि भयो । नेकपा (माओवादी केन्द्र) ,नेपाली कांग्रेससहित अग्रगामी परिवर्तनकारी राजनैतिक दलको पहलकदमीले संसद भङ्ग हुन पाएन ।

दलका प्रतिनिधि सम्मिलित संविधानसभाबाट निर्मित संविधानमा संसदको अवधि पाँच वर्ष हुने लेखियो । सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्थाका रुपमा संसदलाई लिइन्छ । शासन प्रणालीमा नीति निर्धारण तथा कानून निर्माण गर्नेजस्तो महत्वपूर्ण कार्य व्यवस्थापन कार्यविधिका माध्यमबाट संसदले सुनिश्चित गर्दछ । नेपाललाई जनसङ्ख्या/भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा १ सय ५६ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक/एक जना रहने गरी पहिलो हुन निर्वाचन प्रणालीबमोजिम निर्वाचित भएका १ सय ६५ जना र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित भएका १ सय १० जना गरी कुल २ सय ७५ सदस्य रहेको प्रतिनिधि सभाको निर्माण भयो ।



रुद्रलाल कुँवर
प्रेस संयोजक
माननीय सभामुख

नेपालको संविधानको भाग १४ को धारा १७३, १७४ र १७५ मा प्रदेश सभाको व्यवस्थापकीय अधिकार, प्रदेश व्यवस्थापिका र प्रदेश सभा गठनको व्यवस्था छ । संविधानअनुसार सातै प्रदेशहरूका लागि एक सदनात्मक व्यवस्थापिकाको सिद्धान्तअनुसार प्रत्येक प्रदेशमा प्रदेश सभाको व्यवस्था गरिएको छ ।

लुम्बिनी प्रदेशमा पनि संविधानको धारा १७५ बमोजिम ६० प्रतिशत पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीबाट र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेश सभा सदस्यहरु निर्वाचित हुने व्यवस्था छ । सोहीबमोजिम निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७३ को दफा १२ बमोजिम निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि मिति २०७४ भाद्र १५ गतेको नेपाल राजपत्रको भाग ३ खण्ड ६७ (अतिरिक्ताङ्क १५क)मा प्रकाशित

सूचनाअनुसार यस प्रदेशका ५२ वटा प्रदेश सभा सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रहरु निर्धारण भएको छ । लुम्बिनी प्रदेशमा संविधानबमोजिमको उक्त ५२ सिटलाई ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशत सिटमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ३५ जना गरी जम्मा ८७ जना सदस्य रहेको प्रदेश सभा गठन भएको छ ।

**संसदीय पत्रकारिताः**

राणा शासनको अन्तिम कालखण्डबाट मुलुकमा संसदीय अभ्यास आरम्भ भएदेखि नै नेपाली मिडियाले यसका कामकारवाही जनतालाई सुसूचित गर्ने भूमिका खेल्दै आएका छन् । शासकको हुकुम नै कानून मान्नु पर्ने अवस्थामा गोरखापत्रले जनतालाई सुसूचित गराउने भूमिका निर्वाह गऱ्यो ।

२००७ सालको क्रान्तिबाट राणा शासन अन्त्य भएर मुलुकमा प्रजातन्त्र स्थापना भएपछि मिडियामैत्री वातावरण बन्यो । त्यस यता वि.सं. २००७ देखि २०८० को अवधिमा सल्लाहकार सभा, प्रतिनिधिसभा र महासभा, राष्ट्रिय पञ्चायत फेरि प्रतिनिधिसभा र राष्ट्रियसभा, पुनर्स्थापित प्रतिनिधिसभा, व्यवस्थापिका संसद, संविधानसभा हुँदै नेपालमा सङ्घीय संसद र प्रादेशिक संसदको अभ्यास भैरहेको छ ।

२०७४ सालमा भएको प्रदेश सभाको निर्वाचनबाट निर्वाचित सदस्यहरूबाट गठित प्रदेश सभाको पहिलो बैठक माघ २१ मा बसेको थियो । पहिलो सभाको पहिलो बैठक बसेको दिनलाई प्रदेश सभा स्थापना दिवसको रूपमा मनाइँदै आएको छ । लुम्बिनी प्रदेशको हकमा प्रदेशको संसदीय पत्रकारिताको सुरूवात भएको पनि ६ वर्ष पूरा भएको छ ।

नेपाली मिडियाले जनप्रतिनिधिहरूका काम कारवाही जनतालाई सत्य, तथ्य, विश्वसनीय सूचना प्रवाह गर्दै देश र जनताको पक्षमा काम गर्न सचेत गराउने, संसदका महत्वपूर्ण मुद्दाहरूमा बहस चलाएर संसद र संसदीय दलहरूलाई जनताप्रति उत्तदायी वनाउने भूमिका निर्वाह गर्दै आफुलाई संसदको अभिन्न अङ्गका रूपमा स्थापित गर्न सफल भएको छ । पछिल्लो समय संसद र मिडिया एक अर्काका परिपूकका रूपमा रहेका छन् । संसदले मिडियालाई आमन्त्रित सदस्यका रूपमा महत्व दिँदै संसद र संसदीय समितिका बैठकमा समेत सम्मानजनक स्थान दिने गरेको छ । संसदीय पत्रकारितालाई सबैभन्दा माथिल्लो तहको पत्रकारिताका रूपमा लिने गरिन्छ । नीति निर्माणसँग बढी सम्बन्धित हुने र अनुभवी तथा दक्ष पत्रकारले संसदीय रिपोर्टिङ गर्ने भएकाले अरू खालको पत्रकारिताभन्दा संसदीय पत्रकारिताको महत्व बढी भएको हो ।

जसका कारण संसदीय पत्रकारिता एउटा सम्मानित र प्रतिष्ठित बीट पत्रकारिताको रूपमा विकास भएको छ । नेपालमा सङ्घीय शासन व्यवस्थाले यसको दायरा अझै बढाएको छ । सङ्घीय संरचनाले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह सिर्जना गरेको छ । तीन तहमा नै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको छ ।

व्यवस्थापिका (संसद्)सँग जोडिएका विषयमा सूचना सङ्कलन, समाचार लेखन, सम्पादन, प्रकाशन/प्रसारण गर्नु संसदीय पत्रकारिता हो । त्यस अतिरिक्त फिचर, विश्लेषण, अन्तर्वार्ता, कार्यक्रम उत्पादन, लेख तथा सम्पादकीयलगायतका सामग्री तयार पारी प्रकाशन/प्रसारण गर्न सकिन्छ । संसदीय पत्रकारिता मूलतः प्रदेशसभा र त्यसको वरिपरी बढी केन्द्रित भएपनि त्यसको क्षेत्र व्यापक छ । व्यवस्थापिकासँग जोडिएका कुनै पनि विषय र कुनै पनि ठाउँबाट गरिने पत्रकारितालाई संसदीय पत्रकारिताका रूपमा लिन सकिन्छ ।

प्रदेशसभाको रिपोर्टिङ हाम्रो लागी नयाँ विषय हो । प्रदेशसभामा एउटै विषयमा मात्र केन्द्रित हुँदैन । त्यहाँ जुनसुकै क्षेत्रका कुरा पनि उठ्न सक्छन् । त्यसैले सबै विषयमा चासो राख्ने र विषयलाई बुझ्न सक्ने पत्रकारले रिपोर्टिङ गर्दा राम्रो हुन्छ । संसदीय प्रक्रिया लामो र झन्झटिलो समेत हुने गर्छ । यो प्रक्रियाबारे अभ्यस्त हुन समय लाग्छ ।

अहिलेसम्मको अभ्यास हेर्दा प्रदेशतहमा बीट रिपोर्टिङ संस्थागतरूपमा अघि बढ्न समस्या छ । तथापि सम्भावना प्रवल छ । एउटा पत्रकारले आइपरेका सबै विषयमा रिपोर्टिङ गर्नुपरेको अवस्था छ । तर, प्रदेशसभाले पत्रकारका लागि नयाँ बीट सिर्जना

गरेको छ । प्रदेशसभामा रिपोर्टिङ गर्दा पत्रकारितामा राम्रो भविष्य बन्ने सम्भावना पनि त्यत्तिकै छ । विषयमा दक्षता भएको र राम्रो प्रस्तुति भएको पत्रकार प्रदेश तहमा मात्र होइन, केन्द्रमा समेत कमै छन् । यस सन्दर्भमा प्रदेशसभाको राम्रो रिपोर्टिङ गर्ने पत्रकारको नाम मात्र होइन, सञ्चार उद्योगमा माग बढ्ने सम्भावना प्रवल छ ।

पत्रकारले संसदीय रिपोटिङ्ग गर्दा संविधान र कार्यविधिअन्तर्गत रहेका प्रदेशसभाको बैठकको आह्वान र अन्त्य, प्रदेशसभा सदस्यको शपथ, बैठक सञ्चालन, मुख्यमन्त्रीको चयन र भूमिका प्रदेश प्रमुखको भूमिका, मुख्यमन्त्रीको भूमिका, मन्त्रीहरूको भूमिका, सभामुख तथा उपसभामुखको चयन र भूमिका, सभासद्हरूको भूमिका, प्रदेशसभाको कार्यकाल, प्रदेशसभामा सङ्कटकाल लागेको अवस्था, प्रदेशसभा सदस्यको स्थान रिक्त हुने अवस्था, प्रदेशसभा सदस्यको अयोग्यतासम्बन्धी निर्णय, प्रदेशसभाको गणपूरक सङ्ख्याबारे जानकारी राख्नुपर्छ । प्रदेशसभामा मतदान, मुख्यमन्त्रीको विश्वासको मत, अविश्वासको मत, बैठकमा बहसमा बन्देज, प्रदेश सरकारको गठन, नीति तथा कार्यक्रम पेश गर्ने तरिका, बजेट पेश गर्ने तरिका, विधेयक पेश हुने तरिका, विधेयक अघि बढने प्रक्रिया, छलफलमा भाग लिने तरिका, विधेयक फिर्ता, दैनिक कार्यसूची, निर्णय प्रक्रियालगायतबारे पनि जानकारी राख्नुपर्छ । विधेयक प्रमाणीकरण, अध्यादेश, उपनिर्वाचन हुने अवस्थालगायतबारे पनि जानकारी राख्नुपर्छ ।

प्रदेशसभाको व्यवस्थापिकामा दलीय उपस्थिति, सभामुखको विशेषाधिकार, दलको नाम, सभासद्हरूको नाम, सत्ता पक्ष र प्रतिपक्षी दलहरूको भूमिका, मर्यादाक्रम, सरकार गठनको संरचना, राजनैतिक दलहरूको नीति तथा सिद्धान्त, चुनावी घोषणापत्र, विशेष सम्बोधन, प्रदेशसभा सचिवालयको भूमिकाबारे पनि जानकारी हासिल हुन आवश्यक छ । त्यस अतिरिक्त कार्यपालिका, न्यायपालिका र व्यवस्थाकिाको क्षेत्राधिकारबारे पनि जानकारी राख्नुपर्छ । किनकि यी तीन निकायबीच एकअर्काले क्षेत्राधिकार बिर्सने र मिच्ने समेत हुन सक्छ । सङ्घ, प्रदेश र स्थानीय तहको सम्बन्ध, अन्तर परिषद्, अन्तरप्रदेश व्यापार, सङ्घको अधिकार, सङ्घ र प्रदेशको साझा अधिकार, स्थानीय तहको अधिकार, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारबारे पनि पत्रकारले जानकारी राख्नुपर्छ । किनकि यी तीन निकायबीच पनि अधिकारको लागि शक्ति सङ्घर्ष हुन सक्छ । त्यस्तै गरी केही शब्दहरूको अर्थबारे पनि जानकारी राख्नुपर्छ । रोष्टम, कार्य व्यवस्था परामर्श समिति, वेल, विधेयक, विशेषाधिकार, अपहेलना, अल्पमत, वहुमत, दुईतिहाई, शून्य समय, विशेष समय, ध्वनी मत, मत विभाजन, रो लगायतका शब्दको अर्थ पनि जान्न जरूरी हुन्छ ।

संसद्का कामकारबाहीलाई व्यवस्थित गर्न बनेका ऐन, कानून, नियमावलीका बारेमा न्यूनतम जानकारी हुनुपर्छ । एउटै विधेयक वा प्रस्ताव संसदमा किन पटक-पटक पेस हुन्छ र पटक-पटक पारित हुन्छ भन्ने कुराको मेसो पाइएन भने संसद प्रवेश गर्न अनुमति पाएको विधेयकलाई पारित भएको भनेर लेख्ने गल्ती हुनपुग्छ । विगतमा राष्ट्रिय मिडियाहरूबाटै यस्ता गल्ती पटक-पटक भएका छन । यस विधालाई अब्बल र मिडियालाई विश्वसनीय बनाउन विगतका गल्तीबाट पाठ सिक्नै पर्छ ।

संसदीय प्रणाली संविधान, कानून र नियमबाट मात्रै निर्देशित हुँदैन । यसका कतिपय कामकारबाहीमा परम्परालाई पनि हेर्ने गरिन्छ । संसदीय प्रणालीमा यसका असल अभ्यास र परम्पराहरू कानून, नियमसरह मानेर तिनको पालना गरिन्छ । पत्रकारले संविधान, कानून र नियमले स्पष्ट नतोकेका विषयवस्तु र प्रक्रियाका बारेमा आफ्नै र अन्यत्र अवलम्बन गरिएका असल अभ्यासहरू के के छन् भन्ने बारेमा पनि जानकारी राख्नु पर्ने हुन्छ ।

**प्रदेश सभामा मिडियाको पहुँचः**

प्रदेशसभा र प्रदेशसभा सचिवालयले पत्रकारितालाई राज्यको चौंथो अङ्गका रूपमा स्वीकार गर्दै प्रदेश सभामा पत्रकारलाई पहुँच दिदै आएको छ । सभा सञ्चालन भएको अवस्थामा पत्रकारलाई छुट्टै दिर्घा र मिडिया डेक्सको व्यवस्था छ । संसदीय मान्यता र व्यवस्थालाई स्वीकार गरी पत्रकारले पनि

प्रदेशसभाको मर्यादा र पत्रकारको आचारसंहितालाई आत्मसाथ गर्नु पर्ने हुन्छ । लुम्बिनी प्रदेश सभाले रिपोटिङको सवालको लागी मात्र होइन पत्रकारको क्षमता अभिवृद्धिको लागि समेत सहकार्य र समन्वय गरी काम गरेको छ । संसदीय मामिला पत्रकार समाज लुम्विनी लगायतका पत्रकार सम्वद्ध संघसंस्थासंग संस्थागत रूपमा सहकार्य गरी संसदीय पत्रकारिताको प्रवर्धनमा गरिरहेको छ । संसदीय रिपोटिङको लागी पत्रकारहरूलाई सहज हुने गरी प्रदेश सभालाई मिडियामैत्री बनाउने प्रयास भएको छ । प्रदेश सभा र मिडियाबाट अलग्गै राख्नै सकिदैन र राखिनु पनि हुँदैन । प्रदेश सभाले सभामा भएका गतिविधिलाई पारदर्शी बनाउन प्रत्यक्ष प्रशारण र कार्यक्रम उत्पादन गरी रेडियो, टेलिभिजनमार्फत प्रकाशन, प्रशारण गर्दै आएको छ । प्रदेश सभा परिधि टिभि कार्यक्रम र प्रदेश सभा सेरोफेरो रेडियो कार्यक्रम यसका उदाहरण हुन् ।

संसदमा मूलतः जनताबाट निर्वाचित सभासद्ले जनताको प्रतिनिधित्व गर्छन् । सांसदमार्फत जनताका कुरा संसद र मिडियामार्फत ती कुरा जनतामा पुग्छन् । मिडियाले जनता र संसदबीचको पुलको भूमिका पनि निर्वाह गर्छन् । तलदेखि माथि र माथिदेखि तलसम्म सूचना प्रवाह तथा संवाद हुने भएकाले लोकतान्त्रिक पद्धति स्थापित गर्न मिडियाले भूमिका खेलेको हुन्छ । यस मान्यताका आधारमा संसदलाई मिडियामैत्री बनाउनु जरूरी छ ।

सामान्यतया संसद्मा मिडियाको पहुँचबाट नै सर्वसाधारणले संसदीय गतिविधि जानकारी पाउँछन् । त्यसैले संसद्मा मिडियाको पहुँच भनेकै जनताको पहुँच हो भन्न सकिन्छ । मिडियाको खुला, निर्वाध र पारदर्शी प्रवेश प्रणालीबाट नै हामी यो लक्ष्य प्राप्त गर्न सक्छौं । तर यसो भन्नुको अर्थ संसद्मा मिडियाले प्रवेश पाउनु उसले मनपरी गर्न पाउनु भन्ने होइन । मिडिया प्रवेशको आधार, तह, स्थान र प्रक्रियालाई संसद्का नियम र सभामुखको आदेशले व्यवस्थित गर्न सक्छ ।

सांसदका गतिविधि, संसद्को निर्णय र निर्णय प्रक्रियामा सहभागिताका बारेमा समाचार, कार्यक्रम वा सम्पादकीय टिप्पणी प्रकाशन वा प्रसारण गर्दा त्यस्तो समाचार, कार्यक्रम वा सम्पादकीय टिप्पणी स्वतन्त्र, वस्तुनिष्ठ, तथ्यपरक र सन्तुलित छ भन्नेमा पत्रकार विश्वस्त हुनुपर्छ । अन्यथा हाम्रा समाचार, कार्यक्रम र सम्पादकीय टिप्पणीहरू विश्वसनीय हुँदैनन् । संसदमा मिडियाको पहुँचलाई जनताको पहुँच भनेर बुझ्न छाड्ने अवस्था सिर्जना हुनपुग्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचनाले राजधानी बाहिरका पत्रकारलाई संसदीय पत्रकारिता गर्ने नयाँ अवसर सिर्जना गरेको छ । स्थानीय तह र प्रदेशसभासम्बन्धी सवालहरूमा गरिने सही पत्रकारिताले प्रभावकारी सूचना प्रवाह त गर्छ नै, दोहोरो संवाद र विचार निर्माणसहित लोकतन्त्रलाई संस्थागत गर्न समेत सहयोग पुऱ्याउनेछ ।

**निष्कर्ष:**

जनताले जान्न पाउने उस्को नैसर्गिक अधिकार नै हो । सूचनाको हक सम्वन्धी ऐन, २०६४ ले नागरिकलाई जान्न पाउने हक अधिकारको सुनिश्चितता प्रदान गरेको छ । प्रदेश सभाको गतिविधि र काम कारवाहीबारे नागरिकलाई सुसूचित गराउने दायित्व मिडिया जगतको पनि हो ।

नेपालले संसदीय अभ्यास थालेको आठ दशकको अवधिमा सूचना प्रविधिका क्षेत्रमा भएको क्रान्ति, मिडियामा वढ्दो लगानी, दक्ष जनशक्तिले प्रवेश, सचेत मिडिया उपभोक्ता र बजारको विस्तारका कारण पत्रकारिताको पहुँच र प्रभाव सशक्त र प्रभावकारी बनेको छ । संसदका पलपलका सूचना जनतासमक्ष पुगिरहेको अवस्था छ । जसलाई सञ्चारको क्षेत्रमा भएको ठूलो क्रान्ति नै मान्नु पर्छ । यद्यपि राज्यको चौथो अङ्ग कहलिएको मिडियाले संसदका राम्रा कामलाई साथ दिने, संसदीय अभ्यासलाई बलियो बनाउन उसका काम कारवाही माथि निगरानी गर्ने, कमीकमजोरी सच्याउन सचेत गराउने भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ ।

कानून, नीति निर्माण गर्ने निकाय प्रदेश सभा एउटा स्वायत्त संस्था हो । तथापि यो सरकार नियन्त्रित जस्तो देखिन्छ । संसदको गरिमा, यसको महत्व, र यसको औचित्यताको परिभाषित मान्यतालाई स्थापित

गर्न पनि मिडिया जगतको महत्वपूर्ण भूमिका छ । प्रचलित संसदीय अभ्यासअनुरूप नै प्रदेश सभाले पनि प्रदेशस्तरमा प्रदेश सरकार गठन गर्ने, प्रदेश कानूनहरूको विधेयक पारित गर्ने, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गर्ने, सरकार तथा सरकारी निकायहरूको संसदीय निगरानी तथा नियमन जस्ता कार्यहरू गर्दछ ।

संसदका यी कार्यलाई पारदर्शी र जवाफदेही बनाउन संसद र मिडियाको अन्तरसम्बन्ध स्थापित हुनै पर्छ । संसदीय दल, सांसद, संसद पदाधिकारी र पत्रकारबीचको सम्बन्ध पेसागत निष्ठामा आधारित हुनुपर्छ । अन्यथा पत्रकारिता मात्रै व्यावसायिक हुन नसक्ने होइन कि जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने संसद् पनि प्रभावकारी हुन सक्दैन । संसदीय पत्रकारितालाई प्रोत्साहन र प्रवर्धन गर्न पनि प्रदेशसभा र मिडियाबीचको सहकार्यतालाई अझै कसिलो बनाउनु पर्छ ।

**<u>सन्दर्भ सामग्री सूची</u>**


१) वीकिपिडिया

२) नेपाली संसद र संसदीय पत्रकारिताको आठ वर्ष (Historical journal) जगत नेपाल

३) नेपालको संविधान २०७२

४) संसदीय पत्रकारिता संसदीय मामिला पत्रकार समाज ।

# सचिवालयको रेडियो तथा टेलिभिजन कार्यक्रमः जनप्रतिनिधि र जनताबीचको संवाद

सुशासनको गतिशील परिदृश्यमा लुम्बिनी प्रदेशसभा सचिवालयले आफ्ना नागरिकहरूसँग जोड्न, जानकारी दिन र समृद्ध समाज निर्माण गर्न रेडियो तथा टेलिभिजन कार्यक्रमहरूमार्फत सञ्चारको शक्तिलाई अङ्गालेको छ । जानकारीमूलक र आकर्षक दुबै हुने गरी डिजाइन गरिएका यी कार्यक्रमहरूले प्रदेशका विभिन्न पक्षहरूमा दूरगामी प्रभाव पार्ने देखिन्छ ।

**नागरिक चेतना र सहभागिताः**

लुम्बिनी प्रदेशसभा सचिवालयको रेडियो तथा टेलिभिजन कार्यक्रमहरूले जनतामाझ नागरिक चेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । सभाको बैठक, नीतिगत छलफल सचिवालय र विषयगत समितिका कार्यक्रमहरूलाई प्रसारण गरेर प्रदेश सभाको काम कारवाहीबारे नागरिकहरूलाई राम्ररी जानकारी गराउने गर्दछ । यसले जनचेतना बढाउँछ, फलस्वरूप नागरिक जिम्मेवारीको भावनालाई बढावा दिन्छ र लोकतान्त्रिक प्रक्रियाहरूमा सक्रिय सहभागितालाई प्रोत्साहन गर्दछ ।

**पारदर्शिता र जवाफदेहिता अभिवृद्धिः**

रेडियो तथा टेलिभिजन कार्यक्रम सरकारी कामकाजको पारदर्शिता स्वस्थ लोकतन्त्रको आधारशिला बन्नेछ । रेडियो तथा टेलिभिजन च्यानलहरूमा सभा, सचिवालय तथा समितिका काम, कर्तव्य तथा बैठकहरूलाई कार्यक्रम र प्रत्यक्ष प्रसारण गर्ने कार्यले सरकारी पारदर्शितामा महत्वपूर्ण योगदान पुऱ्याउँछ । निर्वाचित जनप्रतिनिधिहरु उत्तरदायित्वको लागि के कस्ता कार्यहरु गरेका छन् भनी आम नागरिकहरूले बहस, निर्णय प्रक्रिया र छलफलहरु प्रत्यक्ष देख्न र सुन्न सक्नेछन् ।

**सार्वजनिक संलग्नताको सुविधाः**

अन्तरक्रियात्मक मञ्चको रूपमा रेडियो तथा टेलिभिजनको प्रयोगले नागरिकहरूलाई आफ्ना प्रतिनिधिहरूसँग प्रत्यक्षरूपमा संलग्न हुने अवसर प्रदान गर्दछ । छलफल र अन्तर्वार्ताहरूले जनप्रतिनिधिहरु र जनताबीचको संवाद सिर्जना गर्दछ । यस स्तरको अन्तरक्रियाले नागरिक र उनीहरूका निर्वाचित जनप्रतिनिधिहरु बीचको सम्बन्धलाई अझ बलियो बनाउँछ । जसले शासनलाई समुदायका आवश्यकताहरूप्रति थप उत्तरदायी बनाउँछ ।



**विजय पोखरेल**
**माईक अपरेटर**

**शैक्षिक प्रभावः**

सूचना प्रवाहमात्र होइन, कार्यक्रमहरूले शैक्षिक उद्देश्यसमेत पूरा गर्छन् । विधायिकी प्रक्रियाका जटिलताहरु, सभाको भूमिका र नागरिक अधिकारहरु व्याख्या गरेर यी कार्यक्रमहरुले अझ बढी राजनैतिकरूपमा जनतालाई साक्षर र सचेत बनाउन योगदान पुऱ्याउँछन् । रेडियो, टेलिभिजन र अनलाइनजस्ता पहुँचयोग्य माध्यमहरूमार्फत प्रदान गरिएको यो कार्यक्रमले व्यक्तिहरूलाई निर्णय सूचित गर्न र सार्वजनिक जीवनमा सक्रियरूपमा सहभागी हुन सशक्त बनाउँछ ।

**सांस्कृतिक प्रवर्धन र सामाजिक एकताः**

यो कार्यक्रमले सांस्कृतिक प्रवर्धनका लागि प्रभावकारी औजार बन्छन् । स्थानीय कला, परम्परा र भाषाहरु संरक्षन गर्दछ । यसले प्रदेशको सांस्कृतिक भाषिक पहिचानको संरक्षणमात्र गर्दैन साझा मूल्य मान्यतालाई प्रवर्धन गर्दै समुदायको भावनालाई बढावा दिँदै सामुहिक भावनाको विकास गर्दछ ।

**सङ्कट, सञ्चार र सूचना प्रसारः**

सङ्कट वा आपतकालिन अवस्थामा लुम्बिनी प्रदेशसभा सचिवालयका कार्यक्रमहरु समयमै र सही सूचना प्रवाह गर्ने माध्यम बन्छन् ।

सार्वजनिक स्वास्थ्य आपतकालिन, प्राकृतिक प्रकोप वा अन्य सङ्कटहरु सम्बोधन गर्न, रेडियो, टेलिभिजन र अनलाइनले नागरिकहरूलाई सूचित राख्न र



रेडियो तथा टेलिभिजन कार्यक्रम निर्देशक समितिको मिति २०८०/०८/०४ मा बसेको पहिलो बैठक ।

चुनौतीपूर्ण समयमा तिनीहरूलाई मार्गदर्शन गर्न भरपर्दो प्लेटफर्मको रूपमा काम गर्दछ । लुम्बिनी प्रदेशसभा सचिवालयका रेडियो र टेलिभिजन कार्यक्रमहरु थप जानकारी, संलग्न र जोडिएको समाजलाई आकार दिन परिवर्तनकारी साधन साबित हुनेछन् । यस्ता कार्यक्रमहरूमार्फत प्रदेशसभा सचिवालयले अधिक पारदर्शी, जवाफदेही र सहभागितामूलक लोकतान्त्रिक ढाँचा सिर्जना गर्दै जनप्रतिनिधि र जनताबीचको खाडललाई सफलतापूर्वक पार गर्नेछ । यी कार्यक्रमहरु विकसित हुँदै जाँदा तिनीहरूको प्रभावले प्रदेशको राजनैतिक र सामाजिक परिदृश्यमा दिगो विरासत छोड्न सक्छ । रेडियो तथा टेलिभिजनको प्रयोग गरेर प्रदेशसभा सचिवालयले लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गरी समाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक विकासमा योगदान पुऱ्याउन सक्छ ।

# संसदमा कृत्रिम बौद्धिकता (AI) को प्रयोग

के प्रविधिले मानिसले जस्तै सोच्न सक्छ ? अवश्य सक्दैन तर सोच्न भने सक्छ । कसरी ? आफूसँग भएका तथ्याङ्कको विश्लेषण गरेर । यही प्रविधिको नयाँ आयामलाई आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) भनिन्छ । आर्टिफिसियल इन्टेलिजेन्सलाई छोटो रूपमा AI भनिन्छ । AI लाई प्रविधिको क्षेत्रमा पछिल्लो क्रान्ति नै मान्न सकिन्छ । यसले प्रविधिमा प्राण भर्ने काम गरेको छ । यन्त्र मानवको बारेमा त हामी धेरैलाई थाहा नै छ । यही यन्त्रमानवलाई AI ले दिमाग दिएको छ । AI को खोज अनुसन्धान र प्रयोग पछिल्लो दशकमा जोडतोडका साथ चलिरहेको थियो तर जब AI सफ्टवयेर र वेवसाइटमा प्रयोग हुन थाल्यो यसको चर्चा थप चुलियो । अहिले Open AI को Chat GPT, गुगलको Bard जस्ता AI tools चर्चामा छन् । AI ले Google Search मार्फत प्राप्त तथ्याङ्क अध्ययन गरी सही जवाफ खोज्नु पर्ने अवस्थाबाट हामीलाई सिधै प्रश्नको उत्तरसम्म पुऱ्याएको छ । तथ्याङ्क विश्लेषण गरी लामो समय खोज अनुसन्धानमा समय बिताउनुको साटो AI लाई सही निर्देशन दिन सकियो भने सटिक जवाफ पाउन सकिन्छ ।

संसदको मुख्य काम कानून निर्माण हो । कानून निर्माण प्रक्रियामा गहिरो खोज अनुसन्धानको आवश्यकता पर्छ । यही समयमा AI काममा आउँछ । संसदमा AI को प्रयोगले कानून निर्माण प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाउन सहयोग गर्न सक्छ । कानून निर्माणमा प्रविधिको प्रयोगलाई जोड दिँदै आएकोमा अब भने थप मजबुत प्रविधि AI को प्रयोगमा जोड दिने समय आएको छ ।

नेपाल सङ्घीय प्रणालीमा गएपश्चात सङ्घ, प्रदेश र स्थानीयतहमा थुप्रै कानून निर्माणको आवश्यकता छ । केही अत्यावश्यक कानून बन्न लामो समय लागेको छ भने केही कानून बनेता पनि कार्यान्वयनमा जटिलता छ । यही सन्दर्भमा जनताको आवश्यकता पूर्ति गर्न र प्रभावकारी कानून निर्माण गर्न AI को प्रयोग हुन सक्छ । संसदमा कुन कुन कार्यमा AI को प्रयोग गर्न सकिन्छ त ? केही क्षेत्रहरु यसप्रकार छन् ।



विजय कुमार के.सी.
माईक अपरेटर

**१. अनुसन्धान र विश्लेषण गर्नः**
यदि विधायकहरूसँग विधायिकी तथ्याङ्कको डिजिटल भण्डारण भयो भने उनीहरूलाई कानूनको अध्ययन गर्न सजिलो हुन्छ । त्यस्तो भण्डारणबाट AI प्रविधिमार्फत तथ्याङ्कको विश्लेषण गरी आवश्यक जानकारी मात्र प्राप्त गर्न सकिन्छ । जस्तै जटिल कानूनी कागजातहरूको स्वचालितरूपमा संक्षेपीकरण, विद्यमान कानूनहरूका जटिलताहरु पहिचान गर्ने र अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन गरी सान्दर्भिक अभ्यास पहिचान गर्ने आदि कार्य AI प्रविधिले गर्न सक्छ । यसले नेपालको सन्दर्भमा आवश्यक र प्रभावकारी कानूनको मस्यौदा बनाउन सहयोग पुग्छ ।

**२. जनताको आकाङ्क्षा र भावना बुझ्नः**
लोकतन्त्रमा जनताको आकाङ्क्षा र भावना नै सर्वोपरि हुन्छ । AI ले सामाजिक सञ्जालमा भएका पोष्टहरु, सञ्चार माध्यममा आएका समाचार, लेख, रचनाहरु, विभिन्न फोरममा व्यक्त विचारहरूको तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरेर संसद र जनताबीचको खाडल पुर्न सहयोग गर्न सक्छ । यसले जनताका आवश्यकता सम्बोधन हुने गरी नीतिहरु तर्जुमा गर्न सांसदहरूलाई मार्गदर्शन हुन्छ ।

**३. संसद सचिवालयको दक्षता वृद्धि र पारदर्शिताः**
संसदीय प्रक्रियाहरु बोझिलो हुनुको साथै निकै धेरै समय खपत हुन्छ । AI ले यी प्रक्रियाहरूलाई स्वचालित प्रक्रियामार्फत सहयोग गर्न सक्छ । जस्तै अडियो भिडियो रेकर्डिङ, संसदीय बहसहरूको सारांश तयार गर्ने, भर्वेटिम निकाल्ने र मत विभाजन प्रक्रियामा मत गणना र नतिजा निर्माण गरी संसद

सचिवालयका कार्यहरूलाई त्रुटिरहित बनाई सुव्यवस्थित गर्न सक्छ । AI सञ्चालित च्याटबटहरूले जनताबाट बारम्बार सोधिने प्रश्नहरूको जवाफ दिन सक्छन् । जसको प्रयोग अहिले संसारका धेरै संघसंस्थाहरूमा हुने गरेको छ । स्वचालित अभिलेख राख्ने माध्यमबाट पारदर्शितामा वृद्धि र संसदीय तथ्याङ्कमा सार्वजनिक पहुँचले संसदप्रति जनताको विश्वासलाई अझ बलियो बनाउन सक्छ ।

**४. बहुभाषिक सञ्चार र पहुँचलाई बढावा दिनः** नेपाल विविध जातजाति र भाषाभाषीहरूको देश हो । सांसदहरूले मातृभाषामा राखेको विचारलाई अन्य भाषाभाषीको पहुँचमा पुऱ्याई विधायिका प्रक्रियामा योगदान पुऱ्याउन AI को प्रयोग हुन सक्छ । AI ले संसद बैठक र समिति बैठकहरूमा भएका सम्बोधन तथा छलफलको विभिन्न भाषामा अनुवाद गर्न सक्छ । जसको कारण संसदज्यूहरूले मातृभाषामा निर्धक्क आफ्नो विचार राख्न सक्छन् ।

**५. गलत सूचना विरूद्ध लड्नः**
आजको डिजिटल युगमा गलत सूचनाहरु भुसको आगो जस्तै फैलिन्छन् । जसले सर्वसाधारणमा भ्रम पैदा हुन सक्छ । भ्रमपूर्ण विषयहरूमा तथ्य जाँच गर्न AI को सहयोग लिन सकिन्छ । गलत सूचनाको स्रोत पत्ता लगाउनेदेखि सही सूचना आमसर्वसाधारण व्यक्तिसम्म पुऱ्याउन AI को प्रयोग गर्न सकिन्छ ।

**६. कानूनी जिज्ञासाको जवाफ खोज्नः**
कानूनको अज्ञानता क्षम्य हुँदैन । तर कानूनका किताब पढेर मात्र पनि सबै कुरा बुझ्न सकिँदैन । यस्तो अवस्था AI मार्फत जिज्ञासा मेटाउन सकिन्छ । AI को जवाफ पक्षपातपूर्ण हुँदैन बरू कानूनको ठोस जानकारी प्राप्त हुन्छ । वास्तवमा अहिले AI लाई मानिसको प्रतिस्पर्धीको रूपमा बुझिएको छ । यसको कारण सिर्जनात्मकता धरापमा परेको विश्लेषण हुन्छ तर AI भनेको मानव बुद्धिलाई प्रतिस्थापन गर्ने नभई यसलाई बढाउनु हो । चाहने हो भने जनप्रतिनिधिहरूले AI को शक्ति प्रयोग गरेर जनताको आकाङ्क्षालाई मूर्त रूप दिने र आफ्नो सपना पुरा गर्न सक्छन् । यस परिवर्तनकारी प्रविधिलाई अङ्गाली AI को माध्यमबाट कानून निर्माण तथा कार्यान्वनको नयाँ युगमा प्रवेश गर्न सकिन्छ । *-AI को सहयोगमा ।*



# प्रदेश सभा सचिवालयमा विद्युतीय शासनको प्रयोग र अभ्यास



विवश बोहरा
कम्प्यूटर अपरेटर

**१. परिचयः**

सरकारले विद्युतीय संयन्त्रमार्फत आफ्नो कार्य गर्ने पद्धति तथा सरकारद्धारा जनतालाई पुऱ्याइने सेवा सुविधा विद्युतीय माध्यमद्धारा उपलब्ध गराइने कार्यलाई विद्युतीय शासन भनिन्छ । यस शासन प्रणालीमा सेवा प्रदायक र सेवाग्राही बीच विद्युतीय माध्यमबाट सम्पर्क राखी सूचना प्रविधिमा आधारित भई शासन सञ्चालनका प्रक्रिया अवलम्बन गरिन्छ । यो प्रणाली विद्युतीय प्रविधिमा आधारित भएकोले सार्वजनिक सेवा सूचना तथा सञ्चार प्रविधिको साधनको प्रयोग गरी सेवा प्रवाह गरिन्छ । सूचना प्रवधिको क्षेत्रमा भएको विकासको उपलब्धीबाट सार्वजनिक निकायले न्यूनतम श्रम, समय र साधनमा उच्चतम प्रतिफल प्राप्त गर्नु यसको उद्देश्य रहन्छ । न्यूनतम सरकारी संयन्त्रले अधिकतम शासन गर्ने तथा राज्य र नागरिक बीचको भौगोलिक दुरी कम गरी मितव्ययी, दक्ष र प्रभावकारी बनाई कागजबिहीन शासनको लक्ष्य यसले लिएको छ । जसलाई विद्युतिय शासन प्रणाली भनिन्छ ।

**२. विद्युतीय शासनको विकासक्रमः**

सर्वप्रथम अमेरीकी उपराष्ट्रपति एल गोरले सन् १९९३ मा सार्वजनिक सेवालाई बढी प्रभावकारी र पारदर्शी बनाउनको लागि "इ-गभर्नेन्स" शब्दको सुरूवात गरेसँगै विद्युतीय शासनको विकासको अवधारणा सुरू भएको मानिन्छ । नेपालमा विद्युतीय शासन अवधारणाको प्रयोग सन २००० पछि प्रयोग भएको देखिन्छ । विश्वव्यापी रूपमा सञ्चार प्रविधिको क्षेत्रमा भएको नवीनतम विकास, नेपालमा भएको मोबाइल फोन र इन्टरनेट सञ्चाल तथा सेवाको विस्तारले नेपालमा विद्युतीय शासनको अवधारणालाई अगाडि बढाउन नीतिगत तथा कानूनी संयन्त्रको विकास हुने क्रम शुरु भई नेपालमा विद्युतीय शासनको अवधारणाको विकासमा नेपाल सरकारबाट स्वीकृत विद्युतीय सरकार गुरूयोजना (e-Governance Master Plan, 2006), विद्युतीय कारोबार ऐन, २०६३, सूचना प्रविधि नीति, २०६७, तीन वर्षीय अन्तरिम योजना (२०६४-२०६७) सूचना प्रविधि नीति, सुशासन ऐन, २०६४ लगायतका कानूनी तथा नीतिगत संयन्त्रले विद्युतीय शासनको विकासक्रममा महत्वपूर्ण योगदान दिएको देखिन्छ । विद्युतीय माध्यमबाट सञ्चालन गरिने सेवालाई सरकारले नागरिकलाई दिने सेवाहरु, सरकारले उद्योग व्यवसायको उन्नतीको लागि दिने सेवाहरु र सरकारले आफ्नै कार्यालयहरूलाई दिने सेवाहरु गरी तीन भागमा बाँडने गरिएको देखिन्छ । साथै विद्युतीय शासनमा पहिलो चरणमा सूचना प्रवाह सेवा, दोस्रोमा संचार सेवा, तेस्रोमा अनलाइन कारोबार र चौथोमा सबै प्रकारका सेवालाई एकीकृत सेवाको रूपमा गराइने हुन्छ ।

**३. विद्युतीय शासनमा लुम्बिनी प्रदेश सरकारबाट भएका प्रयासः**

लुम्बिनी प्रदेश सरकारले विद्युतीय शासन सम्बन्धमा प्रदेश सुशासन ऐन, २०७६ को दफा ४१ मा प्रत्येक मन्त्रालय, सरकारी निकाय, एवं कार्यालयले आफ्नो स्रोत र साधनको उपलब्धताको आधारमा विद्युतीय सूचना तथा सञ्चार प्रविधिलाई व्यवहारमा ल्याउनु पर्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको र सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा सवल र सक्षम बनाउन तथा यस क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्ने उद्देश्यका लागि सूचना तथा सञ्चार प्रविधि ऐन, २०७६ प्रचलनमा रहेको छ । त्यसैगरी सञ्चार माध्यम ऐन, २०७९ मा सञ्चार माध्यम सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । प्रदेश प्रसारणलाई व्यवस्थित गर्न प्रदेश प्रसारण ऐन, २०७५ र प्रदेश प्रसारण

नियमावली, २०७६ मा प्रसारण सम्बन्धी विषयमा कानूनी व्यवस्था गरिएको छ । लुम्बिनी प्रदेशमा सूचना तथा सञ्चार विषय हेर्ने सम्बन्धमा सञ्चार शाखा गृह मन्त्रालय अन्तर्गत रहेको तथा सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान संस्थागत रूपमा गठन भएको छ र प्रदेश सरकारका मन्त्रालयमा अफिस अटोमेसन प्रणालीबाट काम हुने गरेको छ ।

**४. विद्युतीय शासनको प्रयोगमा प्रदेश सभा सचिवालय:**

प्रदेश सभाको स्थापना काल देखि नै प्रदेश सभा सचिवालयले विद्युतीय शासन प्रणालीको प्रयोग गर्दै आईरहेको छ । सुरूवाती चरणमा सचिवालयले आफ्नो वेवसाईट र फेसबुक पेज मार्फत विद्युतिय शासनको अभ्यास गरेको थियो । प्रविधिको बढ्दो प्रयोग र बहु उपयोगका कारण यसलाई परिष्कृत गर्दै प्रदेश सभाले प्रविधिको भरपुर मात्रामा प्रयोग गर्दै आईरहेको छ । प्रदेश सभा सचिवालयले विद्युतिय शासन प्राणालीको अवलम्बन गरि प्रयोगमा ल्याएका विद्युतिय माध्यमहरूको निम्न बमोजिम रहेका छन्:

**(क) वेवसाईट (Web site):**

प्रदेश सभा सचिवालयले https://assembly. lumbini. gov.np नामक वेव साईट निर्माण गरी अधिक मात्रामा सूचना सम्प्रेशन गरिरहेको छ । यस वेव साईटमा प्रदेश सभाका र सचिवालयका सम्पूर्ण गतिविधिका बारेमा जानकारी लिन सकिन्छ । मुख्यतया यसमा लुम्बिनी प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सदस्यहरूको विवरण, विषयगत समिति र सदस्यहरूको विवरण, सचिवालयमा दर्ता भएका विधेयकहरू, सभामा पेश भएका विधेयकहरू, सभाबाट पारित भई प्रदेश प्रमुखको कार्यालयबाट प्रमाणीकरण भई आएका विधेयकहरूको जानकारी राखिएको छ । यसको साथै सरोकारवालासँग प्रत्यक्ष सरोकार राख्ने प्रदेश सभा सचिवालयका महत्पूर्ण सूचनाहरू, प्रकाशित पुस्तकहरू, प्रतिवेदनहरू डाउनलोड गर्ने व्यवस्थाका साथै, माननीय सभामुख, उपसभामुख, प्रदेश सभा सचिवज्यूको सम्पर्क नम्बर सहितको व्यक्तिगत विवरण र सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको विवरण राखिएको छ ।












जसको माध्यमबाट आफ्नो क्षेत्रका जनप्रतिनिधिहरूसँग सजिलै सम्पर्क स्थापित गर्न र लुम्बिनी प्रदेश सभाको बारेमा अध्ययन/अनुसन्धान गर्न सकिन्छ ।

**(ख) फेसबुक पेज (Face book Page):**

प्रविधिको भरपुर प्रयोग गर्ने क्रममा प्रदेश सभा सचिवालयले आफ्नो फेसबुक पेज https://www. facebook.com/spa.lumbini मार्फत सूचना सम्प्रेशन गरिरहेको छ । यस पेजबाट प्रदेश सभा बैठकको प्रत्यक्ष (Live) का साथै सदन, समिति र सचिवालयबाट

भए गरेका महत्पूर्ण सूचनाहरू राखिएको हुन्छ ।

**(ग) युटुव च्यानल (You Tube Channel):**

प्रविधिको प्रयोग गर्ने अधिकांश प्रयोग कर्ताको रोजाईमा युटुव च्यानल पर्ने गर्दछ । छिनछिनमा हुने देश विदेशका घटनाक्रमहरूको प्रत्यक्ष जानकारी, कला, साहित्य, मनोरञ्जन, विज्ञान प्रविधि र सिप सिकाउने महत्वपूर्ण भिडियो सहितको जानकारी युटुवबाट प्राप्त गर्न सकिन्छ ।

सचिवालयको https://www.youtube.com/LumbiniPradeshSabha युटुव च्यानलबाट प्रदेश सभा बैठकको पत्यक्ष लाईभ प्रसारण (Live Broadcasting) गर्ने गरिन्छ । यस च्यानलमा प्रदेश सभा र समिति बैठकका सम्पूर्ण भिडियोहरू, सभा र सचिवालयको गतिविधि समेटिएको रेडियो टि.भी. कार्यक्रम "प्रदेश सभा सेरोफेरो" लगायतका महत्वपूर्ण भिडियोहरू राखिएको छ । जसको माध्यमबाट आफूले निर्वाचित गरि पठाएका जनप्रतिनिधिहरूले सभाको बैठकमा के कस्ता समस्याहरूको उठान गर्नु भएको छ र उठान गरेका विषयहरूमाथि सम्बन्धित मन्त्रालय वा मन्त्रीज्यूले के कस्तो जवाफ दिनु भएको थियो । त्यसको सम्पूर्ण जानकारी घरमै बसेर प्रदेश सभाको युटुव च्यानल मार्फत हेर्न र सुन्न सकिन्छ ।

**(घ) बल्क एसएमएस सिस्टम (Bulk SMS System):**

प्रदेश सरकारको सिफारिसमा मा. प्रदेश प्रमुखज्यूबाट प्रदेश सभा बैठकको आह्वान र अन्त्यको सूचना लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम ३ को उपनियम (४) बमोजिम माननीय सदस्यज्यूहरूको जानकारी लागि सचिवले दिनु पर्ने व्यवस्था रहेको छ । अधिवेशन अन्त्य भएको अवस्थामा समेत प्रदेशमा हुने आकस्मिक घटनाक्रमहरूका कारण तत्काल विशेष अधिवेशनको आह्वान हुने गर्छ । यसको सूचना माननीय सदस्यज्यूहरू छिटो र सहज रूपमा उपलब्ध गराउनका लागि प्रदेश सभा सचिवालयले Bulk SMS System को प्रयोग गरेको छ । अधिवेशन आह्वान र अन्त्यको सूचना, प्रदेश सभाको बैठक र बैठकको कार्यसूचीको जानकारी, विषयगत समितिको बैठक र बैठक स्थगित भएमा सो को जानकारी समेत यसै SMS System बाट माननीय पदाधिकारी र सदस्यज्यूहरूलाई प्रदेश सभा सचिवालयले दिने गर्दछ । यसको साथै लुम्बिनी प्रदेश सरकारका विभिन्न मन्त्रालय र मातहतका कार्यालय तथा स्थानीय तहहरूले ठूलो मात्रामा सूचना सम्प्रेशन गर्नु परेमा सूचना सम्प्रेशनका लागि सचिवालयलाई अनुरोध गरेका बखत सचिवालयले समेत त्यस्तो सूचनालाई रूपमा सम्प्रेशन गरिदिने कार्य समेत यसै सिस्टमबाट गर्दै आइरहेको छ ।

**(ङ) मोबाईल एप (Mobile App):**

पदाधिकारी तथा माननीय सदस्यहरूको व्यस्ततालाई मध्यनजर गर्दै सचिवालयले मोबाईल एपको विकास गरेको छ ।

यस एपमा बैठकको कार्यसूची, सूचनापत्र, विधेयकहरू, प्रदेश सभाका ८७ वटै माननीय सदस्य, पदाधिकारी, विषयगत समिति र सचिवालयका कर्मचारीहरूको सम्पर्क नम्बर सहितको विवरण राखिएको छ । जसको माध्यमबाट माननीय प्रदेश सभा सदस्यहरूले प्रदेश सभाको बैठकको कार्यसूची हेरी शुन्य समय, विशेष समय वा अन्य समयमा आफ्ना कुरा राख्न समय माग गर्न सक्ने व्यवस्था रहेको छ ।

**(च) इलेजिस्लेशन सफ्टवेयर (e-Legislation System):**

विद्युतिय शासन प्रणाली अर्न्तगत सार्वजनिक निकायले न्यूनतम श्रम, समय र साधनमा उच्चतम प्रतिफल प्राप्त गर्नका लागि मितव्ययी, दक्ष र प्रभावकारी सेवा दिन कागजविहीन शासनको लक्ष्य लिएको छ । त्यसैको कार्यान्वयनका लागि प्रदेश सभा सचिवालयले आफ्नो दैनिक कामकारवाहीलाई कागज विहिन (Paper Less) बनाउनका लागि यो सफ्टवेयरको विकास गरेको छ । सचिवालयमा दर्ता हुने, पेश हुने, समितिबाट प्रतिवेदन सहित सभामा पेश हुने र सभाबाट पारित भई प्रमाणीकरण भएका विधेयकहरू, माननीय सदस्यहरूले मोबाईल एपबाट माग गरेको समय, मन्त्रीज्यूहरूले गर्ने सम्बोधन आदीलाई समेटेर कार्यसूची तथा रिडिङ पेपर (मा. सभामुखज्यूको वाचनपत्र) कम्प्यूटर टाईप गरी तयार गर्दा अधिक समय लाग्ने र जनशक्तिको पनि धेरै खर्च हुने हुँदा

यसको विकल्पमा प्रदेश सभा सचिवालयले यो सफ्टवेयरको विकास गरि प्रयोगमा ल्याएको छ । जसको माध्यमबाट प्रदेश सभा बैठकको कार्यसूची र रिडिङ पेपर सफ्टवेयरमा राखेका डाटाका आधारमा छिनभरमै अटोमेटिक तयार हुने गर्दछु । यसले समय र जनशक्ति व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेको छ ।

**(छ) अनलाइन सर्भेक्षण प्रणाली (e-Poll):**
प्रदेश सभाबाट पारित हुन जटिल देखिएका कतिपय विषयहरूमा सुझाव संकलन गर्नु पर्ने हुन्छ । तत्कालिन जनशक्ति र आर्थिक व्ययभारलाई कम गर्न यस एप (e-Poll) को विकास गरिएको छ ।

**(ज) डिजिटल लाईब्रेरी (Digital Library):**
प्रदेश सभा आफैमा अध्ययन र बौद्धिकता प्रस्तुत गर्ने थलोका रूपमा समेत परिचित रहेको छ । अध्ययन विना कुनै पनि क्षेत्रको ज्ञान हासिल गर्न कठिन हुन्छ । प्रविधिको विकाससँगै अहिले पढाईको स्तर पुस्तकमा मात्रनभएर प्रविधिमा आधारित रहेको छ । हाल प्रदेश सभा सचिवालयले आफ्नो शाखाका रूपमा पुस्तकालय तथा संवाद केन्द्रको







प्रदेश नं. ५ को स्थायी राजधानी र नामाकरणको निर्णय गर्न कठिन परिरहेको अवस्थामा प्रदेश सभाले माननीय दिपेन्द्र कुमार पुन मगरज्यूको संयोजकत्वमा विशेष समितिको गठन गरि लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा सुझाव संकलनका लागि विशेष समितिले समितिका माननीय सदस्यज्यूहरू सहित सचिवालयका अधिकृत र सहायक कर्मचारीहरूको समूह बनाई सुझाव संकलनमा खटाएको थियो । यसबाट ठूलो मात्रामा जनशक्ति परिचालन भई आर्थिक खर्च समेत बढेको थियो ।

प्रदेश सभामा पेश भएका सबै विधेयक र प्रतिवेदनहरू सजिलै पास नहुने अवस्था आएमा सम्बन्धित विषय विज्ञ, सरोकारवाला, विभिन्न क्षेत्र, समूदाय, संघ, संगठन र आम सर्वसाधारणबाट सुझाव संकलन गर्नु पर्ने हुन्छ । सुझाव संकलन गर्दा परिचालन गर्नु पर्ने

स्थापना गरेको छ । जसमा एकै पटक ३० जना भन्दा बढी भौतिक रूपमा बसेर पढ्न मिल्न सक्ने गरी विविध विधाका ५ हजार भन्दा बढी पुस्तहरू सहितको पुस्तकालयको स्थापना गरेको छ । यसको साथै ३ हजार २ सय ५० भन्दा बढी पुस्तकहरू डिजिटल लाईब्रेरीमा दर्ता गरी डिजिटमाध्यमबाट पढ्न मिल्ने गरी डिजिटल लाईब्रेरी समेतको स्थापना गरेको छ ।

**(झ) डिजिटल डिस्पले (Digital Display):**
लुम्बिनी प्रदेश सभा सचिवालयमा आउनु हुने महानुभावहरूको अधिक भन्दा अधिक जानकारीको लागि प्रदेश सभा सचिवालयले डिजिटल डिस्पले (Digital Display) राखेको छ । यसमा प्रदेश सभा र सचिवालयको जानकारी डिजिटल रूपमा हेर्न, पढ्न र देख्न सकिन्छ ।

**(ञ) सचिवालय र विषयगत समितिका फेसबुक ग्रुपः** निःशुल्क रूपमा सूचनाको आदान प्रदान गर्ने उद्देश्यका साथ सचिवालयले सचिवालयका कर्मचारी र विषयगत समितिहरूका छुट्टाछुट्टै फेस बुक म्यासेन्जर ग्रुप (Face Book Messanger Group) बनाई सूचना आदान प्रदान गर्ने गरेको छ । यो नै सबै भन्दा सरल, सहज र सबैले सजिलै उपयोग गर्ने सूचनाको साधन बन्न पुगेको छ ।

**(ट) विद्युतिय हाजिरी (e-attendance):**

विद्युतीय हाजिरको सुरूवात धेरै कार्यालयहरूले गरेतापनि यसको पूर्ण रूपमा कार्यान्वयन भने थोरै मात्र कार्यालयहरूले गरेका छन् । सेवाग्राहीलाई देखाउनकै लागि कतिपय कार्यालयहरूले विद्युतीय हाजिरी मेसिन जडान गरेतापनि यसलाई भित्तामा ठड्याउने बाहेक व्यवहारमा लागु गरेको पाईदैन । लुम्बिनी प्रदेश सभा सचिवालयले विद्युतीय हाजिरी (e-attdence) प्रयोग स्थापना काल देखि गर्दै आईरहेको छ ।

कोरोना महामारीका कारण करिब १ वर्ष रोकिएको विद्युतीय हाजिरी त्यसपछिका वर्षहरू देखि लगातार रूपमा सचिवालयले गर्दै आईरहेको छ । देशका सम्पूर्ण कार्यालयहरूले विद्युतीय हाजिरीको प्रयोग गरेमा कर्मचारीहरू थप अनुसाशित भई समयमा कार्यालयमा उपस्थित हुने र आफ्नो काम, कर्तव्य र जिम्मेवारीप्रति सदा इमान्दार हुने वातावरणको विकास हुने देखिन्छ ।

**(ठ) कार्यक्रम उत्पादन तथा प्रसारण स्टुडियोः** प्रदेश सभा सचिवालयले आफ्नै जनशक्ति परिचालन गर्ने गरी लुम्बिनी प्रदेश सभाको रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण स्टुडियोको स्थापना गरेको छ । सचिवालयले "लुम्बिनी प्रदेश सभाको रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण कार्यविधि,२०८०" बनाई यो कार्यक्रम लागु गरेको छ । श्रीमान् प्रदेश सभा सचिव दुर्लभ कुमार पुन मगरज्यू संयोजक रहेको "रेडियो तथा टेलिभिजन कार्यक्रम निर्देशक समिति" को मिति २०८०/०८/०४ गते पहिलो बैठक बसी सचिवालय आफैले ३० मिनेटको "प्रदेश सभा सेरोफेरो" कार्यक्रम उत्पादन गर्ने ऐतिहासिक निर्णय गरेको थियो । सोहि बमोजिम हाल यस स्टुडियोबाट प्रदेश सभा र सचिवालयको गतिविधि समेटेर तयार पारिएको "प्रदेश सभा सेरोफेरो" कार्यक्रमको उत्पादन गरी प्रदेशका विभिन्न टेलिभिजन मार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार, लुम्बिनी प्रदेशको पूर्वी भागबाट राज्य टेलिभिजन बुटवल, मध्यभाबाट सप्तरङ्गी टेलिभिजन, दाङ र पश्चिम भागबाट जि. नेपाल फोर के टिलिभिजन नेपालगन्जबाट यसको प्रसारण हुँदै आइरहेको छ ।

रेडियोबाट रेडियो टाइगर एफएम बर्दिया, बागेश्वरी एफएम बाँके, स्वर्गदारी एफएम दाङ, माण्डवी एफएम प्यूठान, बाणगंगा एफएम कपिलवस्तु, देउराली एफएम, अर्घाखाँची, टाईम्पस एफएम रूपन्देही, मुक्तिनाथ एफएम, पाल्पा, रेसुङ्गा एफएम, गुल्मी र मालाश्री एफएम, रोल्पबाट प्रसारण हुँदै आईरहेको छ ।

**५. अन्तमा,**

लुम्बिनी प्रदेश सभा सचिवालयले विद्युतीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न गरेको कार्य सह्रानिय छ । यसका लागि दक्ष जनशक्ति र प्रविधिको आवश्यकता रहेको छ ।

सचिवालयमा जनशक्ति व्यवस्थापनको कमीका कारण सचिवालयले हाल प्रयोग गर्दै आईरहेको जनशक्तिलाई थप दक्ष र प्रविधिमैत्री बनाउन क्षमता अभिवृद्धिका कार्यक्रममा पठाउनु पर्ने देखिन्छ । प्रदेश सभा सचिवालयमा विद्युतीय शासनको विकासको लागि दक्ष जनशक्तिको पदपूर्ति, नवीनतम प्रविधिको प्रयोगमा जनप्रतिनिधि र सचिवालयका कर्मचारीको क्षमता अभिवृद्धि गर्न सकियो भने प्रदेश सभा सचिवालयले गर्दै आईरहेको विद्युतीय शासन प्रणालीको अभिवृद्धिमा टेवा पुग्नेछ। अस्तु ।



स्थानीय तहहरूसँग कानून निर्माण तथा सभा संचालन सम्बन्धी अन्तरक्रिया कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु हुँदै मा. सभामुखज्यू ।



विद्यार्थीसँग प्रदेश सभा पहुँच कार्यक्रममा सहभागी भएका श्री सत्य माध्यमिक विद्यालय, प्यूठानका विद्यार्थी तथा शिक्षकसँग ।



गण्डकी प्रदेश सभा पोखराबाट अन्तर प्रदेश भ्रमणमा आउनु भएका मा. सभामुखज्यू र लुम्बिनी प्रदेशका मा. सभामुखज्यू सहित सहभागीहरु ।


प्रदेश सभा दर्पणको चौथो अंकको तयारी गर्दै सचिवालयका कर्मचारीहरु ।



मा. सभामुखज्यूबाट दोस्रो कार्यकालको लागि प्रदेश सभा सचिव पदको शपथ ग्रहण गर्नु हुँदै श्रीमान् सचिवज्यू ।


लुम्बिनी प्रदेश सभा सचिवालयको नियमित बैठकमा श्रीमान् सचिवज्यू सहित कर्मचारीहरु ।



तीज मिलन तथा शुभकामना आदान प्रदान कार्यक्रमको संचालन गर्नुहुँदै कानून अधिकृत श्री राधा रोक्काज्यू ।


माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यू सहित पुर्नताजगी तालिममा सहभागी सचिवालयका कर्मचारीहरु ।

